सहिद तथा वेपत्ता योद्धाहरुको रचना सङ्ग्रह

अजम्वरी हस्ताक्षर

अनेरास्ववियू (क्रान्तिकारी)

केन्द्रीय प्रकाशन विभाग

सहिद तथा बेपत्ता योद्धाहरुको रचनासङ्ग्रह

अजम्वरी हस्ताक्षर

प्रकाशकः अनेरास्ववियू (क्रान्तिकारी), केन्द्रीय प्रकाशन विभाग
प्रकाशन मिति : फागुन २०६४ प्रकाशित प्रति : पाँच हजार
सम्पर्क ठेगाना : केन्द्रीय कार्यालय वागवजार, काठमाडौं
फोन : ००९७७-१-२००१४०१, फ्याक्स : ००९७७-१-४२४३१०८
इमेल : sangeen_2040@yahoo.co.in, sangeen_2040@hotmail.com
website : www.akhilr.org

मूल्य : संस्थागत रु. ३००।-
व्यक्तिगत रु. ८०।-

मन्तव्य

विश्वमा आजसम्म भएका र हुने पनि जुनसुकै महान् क्रान्ति र परिवर्तनहरु जनताका असीम साहस, सौर्य, त्याग र वलिदानको जगमा नै खडा भएका छन् । त्यस अर्थमा वलिदानलाई क्रान्तिको उर्जाको रुपमा वुझिने, व्याख्या गर्ने गरिन्छ । यतिवेला एक्काइशौं शताव्दीको क्रान्तिको एउटा नयाँ मोडलको रुपमा विकास भइरहेको नेपाली जनक्रान्तिको अत्यन्त उर्जाशील दस वर्षे महान् जनयुद्ध र यसले प्राप्त गरेको वैचारिक राजनैतिक उचाइको प्रमुख आधार पनि दशौं हजार वीर शहीदहरु, हजारौं वेपत्ता र घाइते अपाङ्ग योद्धाहरुद्वारा युद्धका विभिन्न मोर्चाहरुमा अग्रिम पंक्तिमा रही गर्नुभएको त्याग र वलिदान हो । जसले नेपाली सर्वहारावर्ग र श्रमजीवी उत्पीडित जनसमुदाय मात्र होइन विश्वसर्वहारावर्ग र उत्पीडित जनसमुदायलाई समेत प्रेरित र प्रतिवद्ध वनाइरहेको छ ।

उसो त यो भौतिक जगत वस्तुहरुको विकास र विनासको अनन्त प्रक्रिया हो र मानिस आफैमा वस्तु भएकोले जन्मनु र मर्नु प्रकृतिको सामान्य नियमभित्रै पर्दछन् । मृत्युलाई जीवनको अनिवार्य तत्त्वको रुपमा परिभाषित गर्नुको मूल अर्थ पनि यसै कारण हो । जीवन र मृत्युको द्वन्द्वात्मक सम्वन्धका वारेमा विश्वकम्युनिष्ट आन्दोलनका महान् नेता क.एंगेल्सले भन्नुभएको छ- "जीवनको निषेध अनिवार्य रुपले स्वयम् जीवनमा नै निहीत हुन्छ । यसर्थ जीवनलाई यसको अनिवार्य नतिजा मृत्युको सम्वन्धमा सोंच्ने गरिन्छ, जुन अंकुरको रुपमा सधैं यसमा निहीत हुन्छ । यस अर्थमा जीवन र मृत्यु सामान्य प्रक्रिया हो । यसो हुँदाहुँदै पनि कस्तो र कस्का लागि जीवन र कस्तो र कस्का लागि मृत्यु भन्नेबारेमा सचेत र विकसित प्राणीको नाताले मानिस आफैले रोज्न सक्दछ। मृत्युको महत्त्वबारे प्राचीन चीनियाँ लेखकको भनाइलाई उद्धृत गर्दै क. माओले भन्नुभएको छ 'केही मानिसको मृत्यु शायछेयान पर्वतभन्दा पनि भारी महत्त्व राख्ने हुन्छ भने केही मानिसको मृत्यु प्वाँख झैं हल्का ।" देश र जनताको लागि ज्यान दिनु थाएशान पर्वतभन्दा पनि भारी महत्त्व राख्दछ । जवकि फासिष्टको लागि काम गर्नु तथा शोषक उत्पीडकहरुका लागि ज्यान दिनु प्वाँखभन्दा पनि हल्का महत्त्व राख्दछ । करिव २५० वर्षदेखि विद्यमान राजतन्त्रात्मक सामन्ती दलाल तथा नोकरशाही पुंजीपति वर्ग सत्ताविरुद्ध भएका समग्र क्रान्तिकारी आन्दोलन र मुख्यत: महान् जनयुद्धमा मृत्युवरण गर्ने महान् शहीदहरुको अर्थ र महत्त्व विश्वको सर्वोच्च शिखर सगरमाथाभन्दा पनि उच्च र ओजिलो बनेको छ, जसले राष्ट्रिय र अन्तर्राष्ट्रिय मुक्ति र प्रगतिकामी जनतालाई निरन्तर क्रान्ति र परिवर्तनको मार्गमा अघि वढ्न उर्जा र उत्प्रेरणा प्रदान गरिरहने छ ।

देश र जनताको मुक्ति र प्रगतिका साहसिक अग्रज, ती महान् सहिदप्रतिको सम्झना र सम्मान औपचारिक आत्मतुष्टि होइन, हाम्रा लागि निरन्तर क्रान्ति र परिवर्तनको अविराम यात्रामा सचेतन र दृढतापूर्वक अघि वढिरहने प्रेरणा र प्रतिवद्धता वन्नु पर्दछ। उहाँहरुको सम्झना र सम्मान भनेको जुन सिद्धान्त, विचार र राजनैतिक लक्ष्य तथा उद्देश्यका लागि उहाँहरुले आफ्नो प्राणोत्सर्ग गर्नुभयो र त्यसको दृढता, इमान्दारिता र सिर्जनात्मक ढंगले निरन्तर अनुशरण गर्नु हो। आत्महीनता, कुण्ठा, निरासा तथा संकुचित सोंच, स्वच्छन्दता र श्वेच्छाचारी आचरणजस्ता सवै प्रकारका विकृति र विसंगतिविरुद्ध निरन्तर संघर्ष गर्दै र क्रान्तिकारी आशावादसहित अविचल क्रान्तिपथमा अघि वढिरहनु हो।

यसका लागि आफ्नो क्रान्तिकारी जीवनका महत्त्वपूर्ण क्षणहरुमा उहाँहरुले प्रदर्शन गर्नु भएका उदात्त व्यवहार विचारहरु हाम्रा लागि महत्त्वपूर्ण उत्प्रेरणा र उर्जा वन्दछन्। यतिमात्र होइन, महान् सहिदहरु हाम्रा गौरवपूर्ण विभूति हुन् भने उहाँहरुका विचारधारात्मक रचनाहरु गौरवपूर्ण ग्रन्थ। नेपाली जनक्रान्तिको एउटा अभिन्न र महत्त्वपूर्ण मोर्चाको भूमिका निर्वाह गर्दै आएको विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय प्रकाशन विभागद्वारा नेपाली जनक्रान्ति मुख्यतः महान् जनयुद्धका क्रममा उच्च शहादत प्राप्त गर्ने महान् शहीद तथा वेपत्ता योद्धाहरुको रचना संग्रह **अजम्वरी हस्ताक्षर** प्रकाशित गरेको छ, यसले निश्चय नै क्रान्तिका सवै सहयात्री मुक्ति र प्रगतिकामी जनसमुदायलाई हर्षित, गर्वित वनाएको छ। यो गौरव ग्रन्थमा समेटिएका ती विभूतिहरुका अनुभव, भनुभूतिसहितका विचारोत्तेजक रचनाहरुले उहाँहरुप्रति श्रद्धा सम्मान मात्र व्यक्त गरेको छैन, अपितु अझै पूर्ण हुन वाँकी महान् नेपाली जनक्रान्तिलाई अगाडि वढाउन हामी सवैलाई निरन्तर प्रेरित र प्रतिवद्ध बनाइरहने छ।

अन्त्यमा, यो ऐतिहासिक गौरव ग्रन्थको मन्तव्य लेख्ने अवसर प्रदान गर्नु भएकोमा अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय प्रकाशन विभागप्रति जनक्रान्तिका महान् सहिद परिवार समाज, सहिद प्रतिष्ठान नेपाल र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद व्यक्त गर्दछु।

पोष्टबहादुर बोगटी (दिवाकर)
अध्यक्ष
सहिद परिवार समाज

मन्तव्य

नेपाली जनवादी क्रान्तिलाई उचाइमा पुऱ्याउन महान् उद्देश्यका साथ २०५२ फागुनवाट सुरु भएको महान् जनयुद्धको क्रममा हजारौं जनताले त्याग, वलिदान र जीवनलाई उत्सर्ग गरेका छन्। जुन श्रृङ्खलामा हजारौं हजार वेपत्ता, त्यतिनै संख्यामा सहिद, यातना र वलात्कारका वास्तविकता छन्। उहाँहरुका त्याग, वलिदान र उत्सर्गका आधारस्तम्भमा नै देश आज युगान्तकारी परिवर्तनको संघारमा उभिएको छ। देशमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने र अग्रगामी आर्थिक, सामाजिक परिवर्तनलाई सुनिश्चित गर्दै जनवादी क्रान्तिको अभिष्ट पुरा गर्ने महान् र विशिष्ट चरणको यात्रामा लामवद्ध भएका छौं। जसको त्याग, वलिदानी उत्सर्गको आलोकमा हामी यो परिवेशमा आएका छौं। उहाँहरुको क्रान्तिकारी आस्था, इतिहास, त्याग र उत्सर्गलाई स्मरण गराउने अभिष्ट बोकेर अखिल (क्रान्तिकारी) केन्द्रीय समितिले सहिद, वेपत्ता क्रान्तिकारी विद्यार्थी नेताहरुको व्यक्तित्व र रचनाहरु समेटेर प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्तै खुशी लागेको छ। अखिल (क्रान्तिकारी) को यो कार्य अत्यन्तै प्रशंसनीय छ। यसले महान् जनयुद्धको क्रममा सहिद तथा वेपत्ता हुनेप्रति सम्मान व्यक्त गरेको छ। क्रान्तिकारी व्यक्तित्वहरूको त्याग, समर्पण र जीवन इतिहासलाई अमर (आम जनतासामु थप स्पष्ट) वनाएको छ।

अन्त्यमा प्रकाशित **अजम्वरी हस्ताक्षर** पुस्तकले उपरोक्त महान् उद्देश्य पुरा गर्न सकोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु।

क्रान्तिकारी अभिवादनसहित !

शर्मिला त्रिपाठी
संयोजक
राज्यद्वारा वेपत्ता पारिएका नागरिकका परिवार समाज
(वेपत्ता परिवार समाज)

भूमिका

रगतले लेखिएका दुर्लभ रचनाहरू

विद्यार्थी आन्दोलन समग्र राजनीतिक आन्दोलन (कम्युनिष्ट आन्दोलन) नभए तापनि नेपाली विद्यार्थी आन्दोलन मुख्यतः वामपन्थी विद्यार्थी आन्दोलन समग्र राजनीतिक आन्दोलनको पर्याय वन्न सफल भएको इतिहाससिद्ध विषय हो। स्थापनाकालको समय-सन्दर्भदेखि कम्युनिष्ट आन्दोलनभित्र घुसेको शाही चिन्तन एवं खुश्चोवी संशोधनवाद विरुद्ध लड्ने सन्दर्भसम्म होस् या पञ्चायती कालमा एकातिर पार्टीहरु प्रतिवन्धित हुनु र अर्कोतिर त्यतिवेलाको सवभन्दा ठूलो कम्युनिष्ट पार्टी 'चौथो महाधिवेशन'ले कम्युनिष्ट विचारलाई व्यवहारसँग जोडेर उपयुक्त कार्यनीति निर्माण गर्न असमर्थ भएको पृष्ठभूमिमा वामपन्थी विद्यार्थी आन्दोलनले आफूलाई विचारधारात्मक संघर्षमा खरो ढङ्गले प्रस्तुत गर्‍यो। एकातिर जनताको राजनीतिक भावनाको प्रतिनिधित्व विद्यार्थी आन्दोलनले गर्‍यो भने अर्कोतिर संशोधनवादका विरुद्ध क्रान्तिकारी विद्रोहको झण्डा उठाउँदै आफूलाई दृढताकासाथ सङ्घर्षमा होम्यो। यतिमा मात्र विद्यार्थी आन्दोलन सीमित भएन कि सामाजिक रुपान्तरणको राजनीतिक संघर्ष चाहे त्यो सशस्त्र होस् चाहे निःशस्त्र दुवै प्रकारको आन्दोलनको अग्रभागमा आफूलाई दृढतापूर्वक उभ्याउन समेत सफल रह्यो। त्यसैले इतिहासमा मुख्यतः जनयुद्धकालमा फौजी संगठन (जनमुक्ति सेना) पछि सवभन्दा वढी सहिद र वेपत्ता नेता कार्यकर्ताहरुको गाथा वोकेको संगठन क्रान्तिकारी विद्यार्थी आन्दोलन वन्न पुग्यो। राणा शासनका विरुद्ध संगठित विद्रोह वोल्ने प्रथम विद्यार्थी सहिद गंगालाल श्रेष्ठ जन्माउने विद्यार्थी आन्दोलनले राष्ट्रियताको आन्दोलनको प्रथम सहिद चीनियाकाजी श्रेष्ठलाई समेत जन्मायो। वलिदानी गाथा यतिमा मात्रै सीमित रहेन। पञ्चायतका विरुद्ध लड्ने क्रममा मित्रमणि आचार्यलाई विद्यार्थी आन्दोलनले गुमायो भने जनयुद्धका प्रथम सहिद (दिलवहादुर रम्तेल) जन्माउने गौरवपूर्ण अवसर पनि विद्यार्थी आन्दोलनले नै प्राप्त गर्‍यो। उपरोक्त तथ्यहरुको आधारमा हामी किटानी गरेर भन्न सक्छौं कि विद्यार्थी आन्दोलन राष्ट्रियता र प्रजातन्त्र (गणतन्त्र) को आन्दोलन हो। विद्यार्थी आन्दोलन संशोधनवादका विरुद्ध मार्क्सवादी विचारको रक्षा, प्रयोग र विकास गर्ने क्रान्तिकारी विचारधाराको आन्दोलन हो। अझ यसो भनौं विद्यार्थी आन्दोलन गंगालाल श्रेष्ठ (१९९७) देखि सरस्वती उप्रेती (गौर हत्याकाण्डमा सहिद वन्नु भएको हाम्रो संगठन रौतहट जिल्ला सदस्य) सम्मको वलिदानको सगरमाथा हो साथै पूर्ण पौडेल (वेपत्ता) लगायत हजारौं हजार योद्धहरुको दृढ वर्गपक्षधरताको अर्को सगरमाथा हो। उहाँहरुले सिञ्चित गर्नु भएको रगत

पसिनाको कारण समाज परिवर्तनको महान् अभियान यो स्तरमा विकसित सम्भव भयो । यसै अभियानको एउटा सुन्दर तर दुर्लभ तिनै साहसिक वीरहरुको आत्मा वोकेको संग्रह **अजम्वरी हस्ताक्षर** हो ।

विचार, युद्ध र वन्दुकलाई वुझ्ने र अभिव्यक्त गर्ने दुई विपरित धारहरु समकालीन दुनियाँमा प्रष्टसँग देख्न सकिन्छ । 'विचार केही पनि होइन, इतिहाससँग वर्तमानको कुनै साइनो छैन र वलिदानको कुनै मूल्य हुँदैन वरु वाँच, खाऊ, पिऊ र मोजमस्तीसँग जीवन जिऊ' भन्ने उत्तरआधुनिकतावादी चिन्तनधारा जससँग हाम्रो घृणावाहेक अर्को कुनै सम्वन्ध छैन एउटा ध्रुवमा उभिएको छ भने अर्को ध्रुवमा मुख्य चीज विचार वा दृष्टिकोण हो । विचारको जगमा हुने वलिदानको मुल्यवोध असीमित छ भन्ने एक्काइसौं शताव्दीका मार्क्सवादीहरु छन् । मान्छे कुन ध्रुवमा उभिएको छ भन्ने निर्क्योल उसले समाज, दुनियाँ र आफ्नोवारेमा कसरी सोंच्दछ भन्ने तरिकाले गर्दछ । यसको सार भनेको दृष्टिकोण सही या गलत, युद्ध न्यायपूर्ण या अन्यायपूर्ण र वन्दुक कसले के उद्देश्यका लागि वोक्छ भन्ने विषयको फैसला या ध्रुविकरण हो । हाम्रो समाजको सामन्ती चरित्र ध्वंस गरी नयाँमा रुपान्तरण सम्भव छ तर यसको लागि आजको जनचेतना अनिवार्य हुन्छ । यो चेतना शान्तिपूर्ण पनि मुख्यतः वलप्रयोगविना सही निस्कर्षमा पुऱ्याउन सकिदैन भन्ने मार्क्सवादको गुदी कुराको प्रयोगको प्रयोगमा हामी प्रवेश गऱ्यौं । जसलाई न्यायपूर्ण युद्धको रुपमा अथवा जनयुद्धको स्वरुपमा अभिव्यक्त गरियो । यो युद्धमा विचारले फौज जन्मायो र फौजले वन्दुक चलायो । विचारद्वारा चलाइएको वन्दुकको उद्देश्य सामन्तवादी समाजको समूल ध्वंस गर्दै न्यायपूर्ण समाजवादी समाजको निर्माण गर्नु हो । उपरोक्त उद्देश्य प्राप्त गर्ने महाअभियानमा सवभन्दा माथिल्लो स्तरको योगदान सहिद, वेपत्ता र घाइते योद्धाहरुले गर्नुभएको यथार्थ जसले जे भने पनि सिद्ध भइसकेको छ । तिनै भव्यतम् आदर्शहरु, आस्थाका सगरमाथाहरु र नयाँ इतिहास रच्ने योद्धाहरुको रगत र पसिनाले लेखिएको रक्तिम रचनाहरुको संग्रह **अजम्वरी हस्ताक्षर** हो ।

दश वर्षे सशस्त्र युद्धले निर्माण गरेको शक्तिसन्तुलनमा टेक्दै शान्तिपूर्ण ढङ्गवाट हाम्रो समाज रुपान्तरणको सम्भावनालाई अन्तिम सम्वोधन गर्ने चरणमा न्यायपूर्ण सङ्घर्ष जारी छ । समाज परिवर्तन रक्तपातविहीन आन्दोनलवाट सम्भव देखिदासम्म त्यसलाई सचेततापूर्वक सञ्चालन गर्नु र उद्देश्यमा पुग्ने कोशिस गर्नु हरेक क्रान्तिकारी कम्युनिष्ट पार्टीको नीति हुने गर्छ । नेपाली कम्युनष्टि आन्दोलनले ०४८ देखि ०५२ सम्म संसदीय चुनावभित्र छिरेर शान्तिपूर्ण समाज परिवर्तनको सम्भावनाको अधिकतम खोजी गऱ्यो । तर, पाखण्डी प्रतिक्रियावादी सत्ताधारीहरु अलिकति पनि वुद्ध वन्न सकेनन् । त्यसैले वन्दुककै वलमा मुठ्ठीभर मान्छेहरुको पक्षमा शासन चलाउने उनीहरुको परम्परालाई निरन्तरता दिए । वाध्यता, त्यसपछि कम्युनिष्ट आन्दोलन रक्तपातपूर्ण युद्धको वाटोवाट अघि वढ्यो । आज दश वर्षपछि नेपाली कम्युनिष्ट आन्दोलन नयाँ शक्ति र सम्भावनाका साथ शान्तिपूर्ण समाज रूपान्तरणको आन्दोनलमा केन्द्रित छ । तर फेरि पनि विदेशी मालिकको आशिर्वादमा यहाँका प्रतिक्रियावादी सत्ताधारीहरु

वन्दुककै भाषा वोल्न थालेका छन् । वुद्धहरुको हत्या गरेर शान्तिपूर्ण रूपान्तरणको वाटो अन्त्य भएको घोषणा गर्ने घिनलाग्दो षड्यन्त्र समेत गर्दैछन् । यदि स्थुल वुद्धि भएका शासकहरुले उनीहरुकै काल वोलाए भने हाम्रो आन्दोलन उनीहरुको काल वन्नै पर्छ । त्यसको लागि हाम्रो सामू नयाँ गंगालालहरु बन्नु पर्ने स्थिति अवश्य आउने छ । नयाँ चीनियाकाजी भएर राष्ट्रियताको लडाईं लड्नु पर्ने निश्चित हुन्छ अथवा नयाँ दिलबहादुर, वेनोज वा पूर्ण पौडेलहरुको वाटो पछ्याउँदै अगाडि वढ्नु पर्ने जरुरी हाम्रो अगाडि उभिनेछ । त्यसकारण सबै नेपालीको पहिचान अट्ने नयाँ नेपाल निर्माणका लागि सवै प्रकारका चुनौतिपूर्ण पहाडहरुसँग सचेततापूर्वक तर वहादुरीका साथ लड्ने तयारी हामीले गर्नेपर्ने हुन्छ । तयारीको यसै क्रममा इतहिासका ती अजम्वरी कीर्तिमानहरु, ती गौरवपूर्ण वलिदानहरु र ती अदम्य साहसका गाथाहरु एकै ठाउँमा जम्मा गर्दैछौं, पढ्ने र पढाउने अभियानमा संलग्न गराउँछौं र सहिद कहिल्यै मर्दैनन् बरु युगयुग बाँचिरहन्छन्, वेपत्ता कहिल्यै हराउँदैनन् बरु सधैं आदर्श वनेर वस्तीहरुमा उभिन्छन् भन्ने मूल्यवोध संस्थागत गर्दैछौं । यसैको एउटा आयम आदरणीय सहिद र वेपत्ता योद्धाहरुको आफ्नै हस्ताक्षर संग्रह **अजम्वरी हस्ताक्षर** हो ।

हाम्रो संगठन अखिल (क्रान्तिकारी) विचारमा सबैभन्दा अग्रगामी, प्रभावमा सवै विश्वविद्यालय, क्याम्पस र विद्यालयहरुमा संगठित भएको, आकारमा सबैभन्दा विशाल र स्वभावमा सवैभन्दा लडाकु हुनुको नाताले वलिदानका अभिवार्य कोटा चुक्ता गर्ने सन्दर्भमा पनि सबैभन्दा अग्रपंक्तिमा उभिन सक्षम भएको छ । सचेत नौजवानहरुको रगतले धर्ती सिञ्चित नगरिकन नयाँ इतिहास कहाँ रचिएको छ र ? ठूलाठूला वलिदानका कीर्तिमानविना राजनीतिक, आर्थिक क्रान्ति कहाँ सम्पन्न भएको छ र ? सचेत युवाहरुले जीवनको कुर्वानी नगरिकन घोडावाट बादशाहहरु खसालेको इतिहास संसारभरि कहाँ छ र ? सवै चीज गुमाउन राजी छौं तर आत्मासम्मानको जीवन बाँच्ने स्वतन्त्र राष्ट्र वनाई छाड्छौं भन्ने युगीन उद्घोष हामीले गऱ्यौं । त्यसैकारण जनताले हामीवाट निकै ठूलो आशापूर्ण अपेक्षा राखेका छन् र दर्विलो भरोसा गरेका छन् । जनताको अपेक्षा र विश्वासको तागतले एकपटक मात्र प्राप्त हुने सुन्दर जीवनको कुनै मूल्य नखोजी उत्सर्ग गर्ने तिनै महान् मान्छेहरु सहिद हुन राजी भए । आफ्नो वर्गको झण्डा फहराउँदै आस्थाप्रति दृढ भएकै कारण वेनामी सुरुङ्गहरुमा वेपत्ता हुन मञ्जुर भए । सहिद त सहिद वनिसके, तर वेपत्ता साथीहरुलाई आन्दोलनले जिउँदै भेटाउन सक्छ या सक्दैन, अझै टुंगो लागेको छैन । निराश भएका त छैनौं तर आशा गर्ने ठाउँ पनि कत्ति हो कुन्नि ? उहाँहरुले पुऱ्याउने योगदानको उकालो सकियो र योगदानको शिखर भेटियो । तिनै योगदानका शिखरहरुलाई स्थापित गर्दै संस्थागत गर्नु हामी बाँचेकाहरुको अनिवार्य दायित्व बन्नै पर्छ अन्यथा बाँच्नुमा प्रश्न चिन्ह अवश्य लाग्नेछ । त्यसैले सहिदहरुको नाम, सम्मान र सम्झनामा सहिद गेट, धारा, पाटी र चौताराहरु निर्माण भएका छन् । उहाँहरुकै योगदानको व्याख्या गर्दै क्यालेण्डर, अभ्यास पुस्तिका र पुस्तकहरु छापिएका छन् । उहाँहरुकै मूल्य, मान्यता र स्थापनामा खेलकुद र साहित्यिक कार्यक्रमहरु आयोजना हुने गरेका छन् । यिनै सिर्जनात्मक कार्यको निरन्तरता

यो सङ्ग्रहको प्रकाशन हो। हाम्रो संगठनका भूतपूर्व र तत्कालीन नेतृत्वहरु जसले वन्दुकमा वल भर्नका लागि जीवनकालमा कलम चलाउनु भयो, उहाँहरुको मूल्यवान् परिभाषा यो रचना सङ्ग्रहभित्र अन्तरनिहीत छ । यसभित्र विचारप्रधान र भावनाप्रधान दुवै प्रकृतिका सिर्जनाहरु छन्। अजम्वरी हस्ताक्षर कुनै एक खास विधाको सङ्ग्रहभन्दा पनि सहिद र वेपत्ता योद्धाहरुले त्यो समय र सन्दर्भमा जे कोर्नु भयो, आज हामीले त्यही प्राप्त गर्न सक्यौं र यो सङ्ग्रहमा सङ्ग्रहित गर्ने कोशिस गरेका छौं। जुनसुकै विषय र विधाको सामाग्री भए पनि यी निकै दुर्लभ रचनाहरु हुन्। यस्ता दुर्लभ रचनाहरुको सचेत ढङ्गवाट केन्द्रित गरेर संस्थागत गरेनौं भने अझै दुर्लभ मात्रै होइन प्राप्त नै नहुने गरी नष्ट हुन थाल्दछन्। कतिपय कमरेडहरुका रचनाहरु हामीले वेलैमा संकलन गर्न नसक्दा नष्ट भएका छन्, जसलाई यहाँ समावेस गर्न सकेनौं र हामीलाई मर्माहित वनाएको छ। त्यसैकारण हाम्रो संगठनले विचार, राजनीति, संगठन, सङ्घर्ष, साहित्य, रिपोर्ट, चिठी आदि जे प्राप्त भयो त्यही केन्द्रित गरेर पुस्तकाकारमा संस्थागत गर्ने निर्णय गऱ्यो र कार्यान्वयनको मूर्त जिम्मा प्रकाशन विभागले लियो। यो पुस्तक भावी पुस्ताका लागि इतिहास अध्ययन सामाग्री मात्रै होइन उहाँहरुले कोर्नु भएको वलिदानको बाटो पछ्याउने चेतना समेत दिनेछ। यसवाट महान् मान्छेहरुको सम्मान हुने छ भन्ने अपेक्षा हामी गर्दछौं।

तर दुर्भाग्य हामीले हजार कोशिस गर्दा पनि कयौं सहिद र वेपत्ता कमरेडहरुका कुनै पनि प्रकारका हस्ताक्षर प्राप्त गर्न सकेनौं। एकातिर युद्धको जटिलताले रचनाहरु सुरक्षित हुन नसकेको पीडा थियो भने अर्कोतिर माथिदेखि तलसम्म हाम्रा सवै संगठनहरु यस्ता विषयमा गम्भीर र सिर्जनात्मक वन्न नसक्ने समस्या मात्रै होइन जिम्मेवारीलाई औपचारिकतामा बुझ्ने परम्परागत समस्या बन्न थालेको गहिरो अनुभूति भयो। यसैको पनि कारण समेत हाम्रो संगठनका भूतपूर्व नेतृत्वहरु जो सहिद हुनु भयो राममणि भट्टराई, महेन्द्र श्रेष्ठ, ठुलकुमार श्रेष्ठ, केशव पाण्डे, सुनिता सापकोटा, लेखनाथ पौडेल, उमाकान्त खनाल, अजवलाल यादव, कमल भुजेल, सुजित यादव, पसिन्द्र पटेल, प्रीतकुमार मोक्तान, नारायण शर्मा, ऋषि घिमिरेलगायत थुप्रै जिल्ला नेतृत्वका रचना थिए या थिएनन्? थिए भने कहाँ गए? केही पत्तो लगाउन सकिएन? त्यसैगरी वेपत्ता केन्द्रीय नेतृत्वहरु कृष्ण चौधरी, जानकी चौधरी, कटक राई, निर्दल शाह, गोकुल निरौला, दिपेन्द्र पन्त, सिएन ढुंगानालगायत कयौं कार्यकर्ताहरुको रचनाको स्थिति पनि वेखवर हुन बाध्य जस्ता भयौं। तर हाम्रो संस्थागत अभियान जारी रहने छ। राम्रो र धेरै गर्न खोज्दा नराम्रो र थोरै पनि गुम्ने डरले सम्भव भएका जति रचना यो खण्डमा समावेश गऱ्यौं। यसबाट सन्तुष्ट त नभनौं तर गर्व गर्नलायक एउटा कामको सुरुवात गऱ्यौं भन्ने नै लाग्छ। यसका प्रकाशनका लागि सहयोग पुऱ्याउनु हुने उद्धव के.सी. लगायत मेहनत गर्ने प्रकाशन विभाग विशेष धन्यवादको हकदार भएको छ। दुर्लभ रचनाहरुको सङ्ग्रह अध्ययन गर्नु र सिक्नुबाहेक अर्को उद्देश्य हामीसँग हुने छैन। पुस्तक वा रचनाहरुको आलोचना, समीक्षा वा सुझाव दिने ठाउँ समेत हामीसँग छैन किनकि रचनाकार कमरेडहरु सहिद बनिसक्नु भएको छ वा वेपत्ताको स्थितिमा

हुनुहुन्छ । त्यसकारण हाम्रो संगठन धेरै पाठकको हातमा पुस्तक पुऱ्याउन, पुस्तकभित्रका रचनाहरु पढेर सिक्न र प्राप्त हुन नसकेका यस्तै रचनाहरुको खोजी गरी हाम्रो संगठनको केन्द्रीय समितिसम्म प्रेषित गरी सहयोग गर्ने हाम्रा सबै नेता, कार्यकर्ता र सहिद एवं वेपत्ताका परिवारजनमा विनम्र अनुरोध गर्दछ । यो अभियानलाई सबैले साझा सरोकार र कर्तव्यको विषय वनाइयो भने हामीले यस्तै सङ्ग्रहको दोस्रो खण्ड निकाल्ने जिम्मा पूरा गर्न पाउने थियौं ।

अन्त्यमा सहिदहरु रक्तवीज हुन् भने वेपत्ताहरु आस्था नढाल्ने सतिशालहरु । त्यसैले सबै सबै सहिद र वेपत्ताहरु आदरणीय कमरेडहरु हाम्रो आन्दोलनका अजम्वरी निधिहरु हुन् । जसले आन्दोलन र आन्दोलनमा सहभागी हामी बाँचेकाहरुलाई निरन्तर मार्गनिर्देशन गरिरहने छन् ।

२५ माघ ०६४, कपन, काठमाडौं

लेखनाथ न्यौपाने
अध्यक्ष
अनेरास्ववियू (क्रान्तिकारी)
केन्द्रीय समिति

विषय सूची


खण्ड-१

खण्ड-२

खण्ड-१

सहिद योद्धाहरूका रचनाहरू

कृष्ण सेन 'इच्छुक' (समर)



सराङ्कोट, प्यूठान पुर्ख्यौली घर भएका कृष्ण सेनको जन्म वि.सं. २०१३ कार्तिक ३ गते भारतको देहरादुनमा भएको हो । बुबा यमबहादुर सेन र आमा भीमकुमारी सेनको कोखबाट जन्मनुभएका सेनकी श्रीमती तक्मा के.सी. र एक छोरी समीक्षा हुनुहुन्छ । साहित्य र विद्यार्थी राजनीतिको एकैसाथ यात्रा थाल्नुभएका सेनको पहिलो कविता 'भोलिप्रति' मातृभूमि साप्ताहिक २०३२ सालमा प्रकाशित भएको थियो । क. सेन उच्च शिक्षाको सुरुवातसँगै ०३५/०३६ सालमा विद्यार्थी आन्दोलनमा सक्रिय भई दाङ जिल्लामा विद्यार्थी आन्दोलनको नेतृत्व गर्नुभयो । अनेरास्ववियु (हालको क्रान्तिकार ी)का दशौं राष्ट्रिय सम्मेलन आयोजक समितिको संयोजक भएर सिङ्गो क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्व गर्नुभएका सेन पछिल्लो अवधिमा समृद्ध कवि, पत्रकार एवम् सम्पादकको रूपमा स्थापित हुनुभयो । सङ्घर्षशील यात्राको क्रममा जेलबाटै एमए गर्नुभएका इच्छुकले पटक-पटक गरेर लामो अवधि प्रतिक्रियावादी शासकहरूको पञ्जाभित्र बन्दी जीवन विताउनुपर्‍यो । यतिमात्र होइन, जनताको कुशल योद्धा, प्रखर कवि र सम्पादक भएकै कारण ०५९ जेठ ६ गते पुनः गिरफ्तार गरी खुनी शासकहरूले बर्बर यातनाकाबीच ०५९ जेठ १३ गते हिरासतमा नै कुटीकुटी हत्या गरे । यसरी एउटा अमूल्य निधि हाम्रो सामु हुनुहुन्न तर दुनियाँका दिल-दिलमा पल-पल बाँचिरहने अमर व्यक्तित्व कृष्ण सेनका अमर कृतिहरू शोकाञ्जली (२०४६) खण्डकाव्य, इतिहासको यस घडीमा (२०५६) कविता सङ्ग्रह, बन्दी र चन्द्रागिरि (२०५८) रहेका छन् । यसैगरी उहाँले सम्पादन गर्नुभएका जनादेश साप्ताहिक, जनदिशा दैनिक, कलम साहित्यिक त्रैमासिक उहाँका नासोको रूपमा निरन्तर प्रकाशित भइराखेका छन् ।

हामी यात्रामा फेरि सँगसँगै कलम उठाउनेछौं*

O अनिश्चितकालीन जेल-जीवन कसरी बिताइरहनुभएको छ ?

मैले जेलजीवनलाई मेरो जीवनको एउटा महत्त्वपूर्ण घटना र अनुभूतिको रूपमा लिएको छु। पञ्चायती कालमा पनि सामान्य रूपबाट विद्यार्थीका हक-हित र अधिकारका निमित्त सङ्गठित हुँदाहुँदै मैले पाँच-छ वर्षसम्म दाङमा वन्दी जीवन बिताउनु परेको थियो। अहिले कानुनीराज, प्रजातन्त्र र मानवअधिकारको वकालत गर्दै नागरिक सुरक्षाको ग्यारेण्टी गर्ने भनिएको बहुदलीय व्यवस्थामा पनि पुनः झुट्टा मुद्दामा फसाएर विगत दुई वर्षयता वन्दी जीवन बिताउँदै आएको छु, यो बन्दी जीवनको समयलाई सकेसम्म रचनात्मक र सार्थक बनाउनका निम्ति लेखन, अध्ययन र चिन्तनमननतिर लगाइरहेको छु।

O जेल जीवनका क्रममा तपाईंले लेख्नुभएको 'बन्दी र चन्द्रगिरि' विशेष चर्चाको विषय बन्दा तपाईंलाई कस्तो लागेको छ ?

जेलको समयलाई वढीभन्दा वढी सदुपयोग गर्ने सिलसिलामा नै बन्दी र चन्द्रगिरि काव्यको रचना गरेको थिएँ। उक्त काव्य प्रकाशित भएपछि साहित्यिक मित्र तथा पाठकहरूले त्यसलाई निकै माया गर्नुभएको पाएँ। बन्दी अवस्थामा सिर्जित काव्य भएकाले अघिल्ला रचनाहरूभन्दा यो बढी चर्चित भएको होला। आफ्नो कृति चर्चा परिचर्चामा आउँदा आफूलाई खुसी लाग्नु स्वभाविक नै हो।

O यस काव्यलाई कतिपय समालोचकहरूले यस देशकै उत्कृष्ट काव्य भनेकोमा नि ?

एउटा स्रष्टाले आफ्ना रचनाहरू सिर्जना गर्दा सबै लोकप्रिय र महत्त्वपूर्ण बनून्, तिनले साहित्यिक तथा वैचारिक आन्दोलनमा योगदान पुऱ्याऊन् भन्ने चाहना राखेको हुन्छ। कतिपय रचनाहरू सफल र लोकप्रिय हुन्छन् र कतिपय हुन्नन्। वन्दी र चन्द्रागिरि साहित्यिक दृष्टिले सुन्दर र सफल बनोस्, कलात्मक बनोस् तथा वैचारिक दृष्टिले समकालीन यथार्थ र समयको प्रतिनिधि रचना बनोस् भन्नेसम्मको मेरो कामना थियो। यो यस किसिमको बन्यो कि बनेन भन्ने कुराको मूल्याङ्कन गर्ने त समालोचक र पाठकहरूको नै हो नि त।

**जनदेश साप्ताहिकका पत्रकार दीपेन्द्र रोकायाले सेन राजविराज कारागारमा रहेकोबेला गरेको संक्षिप्त कुराकानी।*

कसको प्रेरणाले साहित्यतर्फ तपाईलाई उन्मुख गरायो ?

मलाई सवभन्दा पहिले साहित्यमा प्रेरित गर्ने कुनै व्यक्ति विशेष नभएर म पढ्ने देउखुरीको लालामटिया स्कुलको साहित्यिक वातावरण र मलाई पढाउने शिक्षकहरू नै मेरा प्रेरणाका स्रोत हुनुहुन्छ। जहाँसम्म व्यक्ति विशेषको कुरो छ, मलाई सचेत रूपले साहित्यमा लाग्न, अघि वढ्न मेरा रचनाहरू प्रकाशित गरेर प्रगतिशील साहित्यिक फाँटमा मलाई उभिन लगाउने व्यक्तिको कुरो छ, नाम लिनुपर्दा म नारायणप्रसाद शर्माको नाम लिन्छु, जसलाई हामी नारायण गुरु पनि भन्ने गर्दछौं। उहाँवाट नै म व्यक्तिगत रूपमा मेरो साहित्यिक यात्रामा प्रभावित र अभिप्रेरित हुन पुगेको छु।

कहिलेदेखि कविता लेख्न आरम्भ गर्नुभयो ?

कवितामा सानैदेखि रुची थियो। उमेरका दृष्टिले पन्ध्र-सोह्र वर्षको उमेरदेखि नै मैले कविता लेख्न आरम्भ गरेको हुं। यस क्रममा २०३२ सालतिर काठमाडौंवाट प्रकाशित हुने मातृभूमि साप्ताहिकमा मेरो पहिलो कविता 'भोलिप्रति' प्रकाशित भएको हो। खासगरी ०३५ ०३६ सालको आन्दोलनपछि कविता लेखनमा म वढी सचेत र सक्रिय भई लाग्न थालें। त्यसपछि म क्रमिक रूपमा लेखिरहेको छु।

तपाई गद्य कविताको स्रष्टा हुनुहुन्छ। तर तपाईका कविता पढ्दा पद्य कविताको झैं किन बोध हुन्छ ?

मेरा कतिता गद्य कविता हुन्। म गद्य कवितामा पनि पद्यको लयात्मकता दिन चाहन्छु। लयात्मकता, सङ्गीतात्मकता तथा अनुप्राशयुक्त गीतिमयता दिएर पाठकमा एक किसिमको पद्यात्मक वोध गराई सम्प्रेषणका पक्षमा जोड दिन चाहन्छु। लय कविताको एउटा विशिष्ट तत्व हो। यसको अभावमा कविता कविता वन्न सक्तैन। कवितालाई सामान्य गद्यवाट छुट्याउने र त्यसलाई सपाटपनवाट जोगाउने प्रमुख तत्व नै लयचेतना हो। म लयचेतनाप्रति एकदमै सचेत छु। त्यसैले मेरा कविता गद्यात्मक हुँदाहुँदै पनि पद्यमय वोध हुन्छन् होला।

कविता विधाबाहेक अन्य विधामा कलम चलाउनुभएको छ कि छैन ?

साहित्यका विविध विधाहरूमध्ये मलाई वढी प्रिय लाग्ने विधा कविता नै भएकाले सुरुदेखि म कविता लेखनतर्फ वढी क्रियाशील भएको हुं। सुरुसुरुमा फुटकर कथा तथा निवन्धहरू पनि लेखें तर मेरो निरन्तरता र साधना वढीभन्दा वढी कविता विधामै रह्यो।

अहिले यतिखेर के लेख्नमा व्यस्त रहनुभएको छ ?

यतिखेर म फुटकर कविता लेखनमा वढी लागेको छु। तराईको जेलमा वस्न थालेपछि यहाँको आन्चलिक जीवन तथा साँस्कृतिक परिवेशसित नजिकिंदै प्राप्त अनुभूतिलाई कवितात्मक रूप दिन म क्रियाशील छु। त्यसैले हालसम्म मेरा कविताहरू यसै पक्षसँग सम्वद्ध छन्। साथै जेलभित्रका अनुभवहरूलाई म वाह्य जीवनसँग तादाम्य लगाउँदै सामाजीकृत तथा सामान्यीकृत गरिरहेको छु। दिनप्रतिदिन ऊर्ध्वगामी वन्दै गएको जनताको मुक्तियुद्धको प्रभावलाई पनि म आफ्ना कवितामार्फत् अभिव्यक्त गरिरहेको छु। यस्तै सेरोफेरो र परिवेशमा लेखिएका मेरा फुटकर कविताहरूको सङ्कलन नयाँ वर्षमा प्रकाशित गर्ने मेरो सोचाइ रहेको छ।

○ जेल जीवन भोग्दा तराईको र काठमाडौंको जेलबीच के फरक पाउनुभयो ?

काठमाडौं र तराईका जेलहरूमा बसाइका दृष्टिले त्यस्तो खासै भिन्नता बोध भएको छैन । जेल आखिर जहाँको भए पनि जेल नै हो । जेलका अनुभूतिहरू जहाँ पनि उस्तै हुन्छन् । ठाउँअनुसार जेल र जेलका मान्छेहरूको स्थिति फरक-फरक भए पनि अनुभूतिमा भने खासै फरक हुन्न । समष्टिमा भन्दा जेलका अनुभूतिहरू, पीडा र संवेदनाहरू अनि भोगाइहरूमा खास भिन्नता हुन्नन् ।

○ जेलभित्रैबाट एम.ए. को तयारी गर्दै हुनुहुन्थ्यो नि ?

जेलवाटै जाँच दिनको लागि फर्म भरेको थिएँ । पञ्चायतकालमा पनि वन्दीहरूले निर्वाध रूपमा जाँच दिन पाउँथे । अनि मैले झन् यो प्रजातान्त्रिक भनिने व्यवस्थामा त पाऊँला नै भन्ने लागेको थियो । तर वर्तामान काङ्ग्रेसी सरकार मप्रति अत्यन्तै पूर्वाग्रही बनेर जँच दिन पाउने सामान्य अधिकारवाट मलाई वञ्चित गरायो । मैले वन्दीहरूले पाउनुपर्ने नैसर्गिक अधिकारका लागि तीन दिनसम्म मुखमा कालोपट्टी बाँधेर विरोध जनाएँ । यो यस्तो विषय हो, जसका वारेमा सबै पत्रकारजगत्, मानवअधिकारवादी सङ्घसंस्था र नागरिक स्वतन्त्रताका पक्षधरहरूले आवाज उठाउन जरुरी छ ।

○ तपाईलाई झुटा मुद्दा लगाएर गायब पार्ने शैलीमा काठमाडौंबाट सिराहा ल्याइयो । अहिले तपाईलाई के मुद्दा लगाएको छ र मुद्दाको स्थिति के छ ?

मलाई नौ महिनासम्म काठमाडौंमा शान्तिसुरक्षाको नाममा राखियो । त्यसपछि रातारात विभिन्न प्रहरी चौकी गर्दै मलाई आतङ्कित पार्दै सिराहमा ल्याइयो र हातहतियार तथा खरखजानाको झुट्टा मुद्दामा फसाएर अहिले सिराहाबाट यस राजविराज जेलमा राखिएको छ । झुट्टा मुद्दामा फसाएर यसरी राखिएकोमा सर्वोच्चमा रिट चलिरहेको छ । तीन सदस्यीय फुल वेञ्चले मेरो मुद्दालाई सात सदस्यीय फुल बेञ्चमा पठाएको छ । न्याय मिल्नेछ भन्ने विश्वासका साथ प्रतीक्षारत छु ।

○ सम्मानित अदालतले बेकसुर भनी फैसला गरे पनि अदालत परिसरबाटै प्रहरीले पुनः पक्राउ गरेका घटनाहरू छन् । तपाईका बारेमा पनि ....?

अदालतबाट रिहाइ गरेकाहरूलाई पुनः गिरफ्तार नगर्ने भन्नेजस्ता भनाइहरू सरकारका प्रमुख व्यक्तिहरूवाट भन्ने गरिएको छ । यो पक्ष व्यवहारमा हेर्नुपर्नेछ म पत्रकारिता तथा साहित्यिक क्षेत्रमा स्वतन्त्र रूपमा काम गरिरहेको कलमजीवी भएको हुनाले मलाई विश्वास छ, सर्वोच्चले रिहा गरेपछि मलाई पुनः गिरफ्तार गरिने छैन । मलाई पुनः गिरफ्तार गरेर सरकारले आफूलाई उपहासको पात्र बनाउने छैन । झुट्टा मुद्दामा मलाई फसाएर सर्वत्र आलोचित भएको सरकारले सर्वोच्चको आदेश उल्लङ्घन गरेर पुनः आलोचित हुने स्थितिमा आफूलाई नपुऱ्याउला भन्ने मलाई लाग्छ ।

○ आफ्नो बारेमा रिहाइको सर्वत्र आवाज उठेको प्रसङ्गप्रति तपाईलाई कस्तो अनुभूत हुन्छ ?

मलाई जेलमा वन्दी वनाएपछि विभिन्न मित्र तथा संस्थाहरूले मेरो रिहाइका निमित्त विभिन्न किसिमले आवाज उठाउँदै आउनु भएको छ । खास गरेर पत्रकार, लेखक, साहित्यकार, वकिल तथा मानवअधिकारवादी मित्रहरूले मेरा पक्षमा

गम्भीरताका साथ चासो देखाई रिहाइको निमित्त जुन पहल र प्रयास भइरहेको छ, यसप्रति म अन्यन्तै आभारी छु। यसको लागि म मेरो रिहाइको लागि आवाज उठाउने सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

○ तपाई अखिल नेपाल जनसाँस्कृतिक सङ्घको केन्द्रीय अध्यक्ष हुनुहुन्छ। आफू जेल परेपछि जनसाँस्कृतिक आन्दोलन कसरी बढिरहेको छ जस्तो लाग्छ ?

मेरो गिरफ्तारीपछि पनि थुप्रै लेखक-कलाकार साथीहरूको हत्या भएको छ। थुप्रैलाई वेपत्ता पारिएको छ। कयौंलाई जेलनेलमा कठोर यातना दिइएको छ र पनि जनमुक्तिको यात्रासँगसँगै एकाकार हुँदै हाम्रा साथीहरू साँस्कृतिक योद्धाका रूपमा अविचल भएर अघि वढिरहनु भएको छ। त्यसैले हाम्रो जनसाँस्कृतिक सङ्घको साँस्कृतिक अभियानमा मेरो गिरफ्तारीले कुनै अवरोध तथा व्यवधान पुऱ्याएको छैन। व्यक्तिहरू थुनिन्छन्, छुट्छन्, अगाडि वढ्छन्, पछि हट्छन् तर यात्रा भने निरन्तर रूपमा अगाडि वढिरहन्छ। जनताको सङ्घर्षको अन्य फाँटभैँ हाम्रो साँस्कृतिक फाँट पनि दिनप्रतिदिन उर्वर वन्दै अग्रगामी मार्गमा गतिवान् छ। लेखन, सिर्जन, प्रकाशन सवै पक्ष समृद्ध बन्दै गएका छन्। त्याग र समर्पणको महागाथा निर्माण भैरहेको छ।

○ आफ्ना समकालीन तथा नवोदित स्रष्टाहरूलाई के सल्लाह दिनुहुन्छ ?

साहित्यका क्षेत्रमा समर्पित भइरहनुभएका तथा यसै मार्गमा अग्रसर हुन थाल्नुभएका नयाँ-पुराना, मेरा समकालीन तथा नवोदित साथीहरूलाई म हाम्रो युग, समाज, देश र जनताप्रति, आमूल परिवर्तन र मुक्तिप्रति सधैं निष्ठावान वनौं भन्ने सल्लाह दिन्छु। सधैं इमान्दार र प्रतिवद्ध वनौं, शब्द र कर्मप्रति आदर्श र व्यवहारप्रति निष्ठावान् वनौं भन्छु। साथै हाम्रो लेखन र सिर्जनाअनुरूप हाम्रो जीवनशैली वनोस् र हामी हाम्रो यात्रामा अविराम, अथक र निरन्तर रूपमा अघि वढिरहौं, भन्दछु।

○ जनादेश साप्ताहिक र कलम त्रैमासिक सम्पादन गरिरहेको बेलामा काङ्ग्रेसी सरकारले तपाईलाई भुट्टा मुद्दामा फसाई तपाईको हातमा हत्कडी लगाएर पनि कलम र जनादेश प्रकाशित भइरहेका छन्। यस्तो अवस्थामा तपाई सहयोद्धा साथीहरूलाई के सन्देश दिनुहुन्छ ?

म वन्दी वने पनि जनादेश र कलम परिवारसित सम्वद्ध साथीहरूले कष्टसाध्य रूपमा रहेर पनि प्रकाशनलाई निरन्तरता दिइरहनुभएको छ। तमाम किसिमका विघ्नवाधा, अप्ठेरा र चुनौतीहरूको सामना गर्दै पत्रकारिताका क्षेत्रमा साथीहरू जनांदेशलाई अगाडि वढाउँदै हुनुहुन्छ। त्यसैगरी साथीहरू कलमका माध्यमवाट आफ्नो दायित्व पूरा गरिरहनुभएको छ। यसले आफू जेलभित्र रहेर पनि मलाई हर्ष र गर्वको अनुभूति गराइरहेको छ। मेरो हातवाट मेरो कलम खोसेर मलाई हतकडी पहिराइए पनि हामीहरू यात्रामा फेरि सँगसँगै कलम उठाउनेछौं। जनतासँगको मुक्तियात्रामा होस्टे र हैंसे गर्दै साथसाथै अघि वढ्नेछौं भन्ने विश्वास मैले लिएको छु र साथीहरूलाई पनि यही विश्वासले दृढ, निर्भीक र अविचलित हुन अनुरोध गर्दछु।

२०५७।१०।१

कलम, वर्ष ९, पूर्णाङ्क-२८

बन्दी र चन्द्रागिरि

विजयको अन्तिम दिनसम्म
सवै रहौंला नरहौंला पछि हामी
र, सायद यो खुसीको हर्षित क्षण
हाम्रो सुखद मिलनको अन्तिम क्षण पनि हुन सक्छ।
र, म पनि रहिनँ भने
यस काव्यको अन्तिम अध्याय पनि
लेखिदा लेखिँदै भोलि अपूर्ण रहन सक्छ।
तर गेष्टापोको ग्याँस च्याम्बर जस्तो
यस सन्त्रासमय समयमा जस्ले
गद्दारी होइन मृत्यु रोजेका छन्
वास्तवमा यी सच्चा जीवन बाँचेका छन्।
तिनको नश्वर शरीर कायम नरहे पनि
तिनका महान् आशा र अभिलाषाहरू
सधैं सधैं जीवित रहनेछन्।
जीवनको अन्तिम दिनसम्म,
जो कन्चन र इमान रहे
तिनका सहज स्मृतिहरू पनि
सधैं-सधैं जीवित रहनेछन्
किनकि ती जति बाँचे
र तिनका असल स्मृतिहरू पनि
सधैं-सधैं जीवित रहनेछन्
वास्तविक जीवनमा
को मर्नेछन् र को बाँचिरहने छन्
त्यसको अन्तिम फैसला समयले गर्नेछ,
र भन्नेछ-
जो देश र जनताको लागि बाँचे
ती मातृभूमिका सच्चा सपूत हुन्
र तिनका पवित्र स्मृतिहरू पनि
सधैं-सधैं जीवित रहनेछन्।


ooo ooo ooo

मैले मेरो राष्ट्रलाई मुटुमा राखेर
मनखुसी जिन्दावाद ! भन्न किन नपाउनू ?
मैले मेरो राष्ट्रका कुलङ्गारहरूको विरुद्ध
मुट्ठी उठाएर मूर्दावाद ! भन्न किन नपाउनू ?
लुकेर देशको छातीमा तीर चलाउने
ए मेरै देशका शिखण्डीहरू हो
तिम्रो पाखण्डीपनको विरुद्ध
मैले तिमीलाई घृणाले धिकार्न किन नपाउनू ?
डम्पिङ साइटका फोहोरजस्तै
राष्ट्रका घीनलाग्दा कसिङ्गरहरूलाई
बुल्डोजर लगाएर
देशले किन आज मनखुसी बढार्न नपाउनू ?

वन्दी र चन्द्रागिरि, (पेज ५३-५४)



बेनोज अधिकारी (प्रशान्त)



बुबा रामबाबु अधिकारी र आमा हरिमाया अधिकारीका पहिलो सन्तानको रूपमा क. बेनोज अधिकारीको जन्म २०३० साउन २० गते तनहुँ जिल्लाको क्यामिन गाउँमा भएको थियो । काठमाडौंको लैनचौर स्थित हरिपूर्व प्राविबाट प्राथमिक शिक्षा सुरुवात गर्नुभएका बेनोजले गाउँकै क्यामिन माविबाट २०४७ मा एस.एल.सी. उत्तीर्ण गर्नुभयो । २०५० सालमा सरस्वती बहुमुखी क्याम्पस ठमेल काठमाडौंबाट आइकम उत्तीर्ण गरी नेपाल कमर्श क्याम्पस मिनभवन प्रवेशसँगै उहाँले सक्रिय विद्यार्थी राजनीति सुरुवात गर्नुभयो । २०५१ मा मिनभवन क्याम्पस इकाई अध्यक्ष हुँदै ०५३ मा काठमाडौ जिल्ला सचिव हुनुभयो । २०५३ सालमै बिबिएस् उत्तीर्ण गरी औपचारिक शिक्षालाई भन्दा सङ्गठनलाई प्रमुख बनाई अगाडि बढ्नुभएका बेनोज २०५४ मा काठमाडौं जिल्ला अध्यक्ष हुँदै १४ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय समितिमा चुनिनुभयो । २०५६ मा केन्द्रीय सचिव हुँदै पूर्वी उप-केन्द्रको इञ्चार्जका रूपमा खटिनुभयो र २०५८ को १५ औं राष्ट्रिय सम्मेलनबाट उहाँ उपाध्यक्षमा निर्वाचित हुनुभयो । उहाँले राजनीतिक यात्राको क्रममा २०५४ जेठमा गिरफ्तार भई पाँच महिना खुनी शासकहरूको पञ्जाभित्र बन्दी जीवन बिताउँदै असोज १२ गते केन्द्रीय कारागारबाट मुक्त हुनुभयो । देश र दुनियाँको स्वतन्त्रता र मुक्तिका लागि सम्पूर्ण जीवन आन्दोलनमा समर्पण गरेर अघि बढ्ने क्रममा उहाँलाई ०५८ साल फागुन २२ गते विराटनगरबाट शाही जल्लादहरूले गिरफ्तार गरी दुई दिनसम्मको चरम यातनापश्चात् २४ गते हिरासतमा गोली हानी हत्या गरेको थियो ।

विज्ञानका विद्यार्थी साथीहरुसँग एक छलफल

नेपाली विद्यार्थी आन्दोलनको साथसाथै अन्तर्राष्ट्रिय विद्यार्थी आन्दोलनमा मात्र होइन, हरेक न्यायपूर्ण आन्दोलन र युद्धहरूमा सम्पूर्ण विद्यार्थी र विशेषतः विज्ञान र प्रविधिका विद्यार्थीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको इतिहास हामीसँग साक्षी छ। विज्ञान (Science) अन्धविश्वास, रूढिवादको विपक्षमा र भौतिकवादको पक्षमा रहेको हुन्छ। जुन वैज्ञानिक तथ्यहरूमा आधारित हुन्छ। त्यसैले त्यो शिक्षा प्राप्त गर्ने विद्यार्थीहरू स्वभावत यथास्थितवादको विपक्षमा, क्रान्ति, परिवर्तन र विकासको पक्षमा रहने गर्दछन्। यो पहिलो विशेषता हो। कुनै पनि नवीन चीजलाई सबैभन्दा छिटो ग्रहण गर्न सक्ने क्षमता पनि उनीहरूमा रहेको हुन्छ। यो दोस्रो विशेषता हो। उच, नीच, धनी, गरिवजस्ता सामाजिक विभेदवाट केही हदमा मुक्त रहेका हुन्छन् र सामूहिक प्रकारका शिक्षा प्राप्त गर्ने भएकाले सामूहिकताको भावनाको पनि विकास भएको हुन्छ। यसरी सामाजिक विभेद र कुरीतिहरूवाट मुक्त र सामूहिकता उनीहरूको तेस्रो विशेषता हो। यिनै विशेषताको कारणले अन्य क्षेत्रका विद्यार्थीको तुलनामा विचार-चेतनाको हिसावले क्रान्तिकारी ज्ञान, सीप र क्षमताको हिसावले सक्षम रहेका हुन्छन्।

अहिले राष्ट्र काङ्ग्रसी फासीवादवाट ग्रस्त छ। कसैले सुरक्षानुभूति गरेको छैन। को कहाँ मर्ने हो ? को कहाँ वेपत्ता हुने हो ? कसले यातना खप्नुपर्ने हो ? कुन आमा, दिदी वहिनी बलात्कृत हुनुपर्ने हो ? यसको कुनै ग्यारेण्टी छैन। सिङ्गो बस्तीहरू राज्यआतङ्कद्वारा प्रताडित छन्। गाउँका गाउँ भारतीय विस्तारवादद्वारा सीमा अतिक्रमण भइरहेको छ। कालापानीमा भारतीय फौज अड्डा जमाएर बसिरहेको छ। महाकालीमा लागेको राष्ट्रघातको घाउले आज राजधानीलाई चच्याइरहेको छ। काठमाडौको विमानस्थलमा भारतीय सुरक्षाकर्मी आएर बस्दै छ। महङ्गी जनताको जीवनस्तर भन्दा धेरैमाथि आकाशिएको छ। सरकार सत्तास्वार्थमा चुर्लम्म डुवेको छ। जनताप्रति अलिकति पनि उत्तरदायी छैन। पजेरो, महल र सुरासुन्दरी संस्कृतिको विकास भइरहेको छ। जनप्रतिनिधि भनौदा सांसद् खसी, वाखा भएका छन्। सिङ्गो वजेटको आधा हिस्सा विकास-निर्माणमा होइन, जनदमनमा खर्च गरिरहेको छ। देश विस्तारै गृहयुद्धतर्फ धकेलिरहेको छ। यी र यस्तै यावत् समस्याहरूवाट देश आक्रान्त वनिरहेको छ। जनताहरू स्वाधीनता, स्वतन्त्रता र मुक्तिका निम्ति जुर्मुराइरहेका छन्। समाजका यी अँध्यारा मोडहरूलाई पार गर्दै आज क्रान्तिकारी आन्दोलन अघि बढिरहेको छ। जुन

न्याय, स्वतन्त्रता र समानताप्रेमी जनताको लागि आशाको दीयो वनेको छ, यहीनेर तपाईं हाम्रो भूमिकालाई नयाँ ढङ्गवाट परिभाषित गर्न आवश्यक छ ।

नेपाली वर्गसङ्घर्षले जनयुद्धको विकास गरी गुणात्मक उचाइ हासिल गर्दै आधारइलाका निर्माणको दिशामा अघि वढिरहेको छ । क्रान्तिकारी नेता, कार्यकर्ता, योद्धा र जनसमुदायको अभूतपूर्व त्याग, वलिदान, शौर्य र अथाह दुःखकष्टबाट नयाँ जनसत्ताको विकास भइरहेको छ । जनता स्थानीय स्तरको र प्रारम्भिक चरणकै भए पनि जनसत्ताको अभ्यासमा जुटिरहेका छन् र आफ्नो भाग्यको फैसला आफैँ गर्न सक्ने स्थितिमा पुगिरहेका छन् । इतिहासका वास्तविक निर्माता भनेको जनता हुन् भन्ने कुरा त्यस इलाकामा पुग्दा सहज अनुभूत हुन्छ । 'नयाँ जनवादी शिक्षा हाम्रो अभीष्ट हो' भन्दै आएको आज वर्षौं भइसकेको छ । खुसीको कुरा हो आज ती इलाकाहरूमा जनवादी शिक्षाका ढोकाहरू खुलिरहेका छन् । वास्तविक विश्वविद्यालय आज तिनै इलाकाहरू भइरहेका छन् । जहाँवाट तपाई हामीले धेरै सिक्नु पर्ने कुराहरू छन् । ठीक यही स्थितिमा तपाई हामी उच्च शिक्षा हासिल गर्न सहरको विश्वविद्यालयहरूमा धाइरहेका छौं । जहाँवाट डाक्टर, इन्जिनियर वन्ने उत्कृष्ट अभिलाषा हामीहरूमा छ । जवकि तपाईं हामीजस्ता हजारौं साथीहरू युद्धमोर्चामा डटिरहनुभएको छ । नेपाली समाज विकास क्रमको यस स्थितिमा तपाईं हाम्रा अगाडि केही प्रश्नहरू खडा भएका छन् । जुन हाम्रा छलफलका विषय वनाइनु छन् ।

सरकारको गलत शिक्षा नीतिका कारण सरकारी विद्यालयवाट अध्ययन गरेर आएका र निम्न आय भएका जनताका छोराछोरीहरू विस्तारै प्राविधिक शिक्षावाट वञ्चित हुँदै गइरहेका छन् । कुनै पनि विद्यार्थीको क्षमतालाई पैसामा नापिने गरेको छ । निजी क्षेत्रका Institute हरूमा र निजी विश्वविद्यालयहरूमा लाखौंको Donation गरेर मात्र पढ्न पाइन्छ । अझ विडम्वना त कहाँ छ भन्दा सरकारी विश्वविद्यालयको रूपमा रहेको त्रि.वि.मा समेत पूर्ण शुल्कीय (Full fee paying) प्रणालीअन्तर्गत ५० ६० हजार Dontaiton र ४ ५ हजार फी तिरेर मात्र पढ्न पाइने व्यवस्था रहेको छ । जुन तपाई हाम्रो क्षमताभन्दा वाहिरको विषय भएको छ । यसरी शिक्षा क्षेत्रबाट हामी वाहिरिरहेका छौं । अर्कोतर्फ क्रान्तिकारी आन्दोलनले तपाई हाम्रो सहभागिताको माग गरिरहेको छ । विरामीको उपचार गर्ने डाक्टर र भौतिक आधार निर्माण गर्ने इन्जिनियर होइन, समाजभित्रका विकृति र विसङ्गतिको चिरफार गर्ने डाक्टरको आवश्यकता छ । पहिलो समाजको चिरफार गरेर शोषणरूपी रोगको निदान गर्न आवश्यक छ । समाज र देश ठीक भयो भने मात्र सवै चीज ठीक हुन्छ । हैन भने सवै चीज विग्रँदो अवस्थामा हुन्छ । भोक, रोग, गरिवी र अशिक्षाले उत्पन्न हैजा जस्ता महामारीको कारणवाट हुने वाल मृत्यु, कुपोषण र अधिक मृत्युदर, पर्यावरणीय क्षयीकरणले पैदा भएको वाढी पहिरो रोक्न हाँगा छिमलेर पात टिपेर केही हुनेवाला छैन । मूल जरो नै सडिसकेको छ । पहिले त्यसलाई अप्रेसन गरी फ्याँकेर नयाँवाट रोप्नु आवश्यक छ । कलकत्ता विश्वविद्यालयवाट हजारौं विद्यार्थी नक्सालवादी आन्दोलनमा सहभागी भएको छिमेकी राष्ट्रको उदाहरणवाट हामीले सिक्न आवश्यक छ । जो साथीहरू आफ्नो शिक्षाको अन्तिम अवस्थामा पुग्नुभएको छ अथवा डाक्टर, इन्जिनियर

वनिसक्नुभएको वा वनेरै पैसा कमाउने अभिलाषा बोक्नुभएको छ, उहाँहरू सहरिया डाक्टर, इन्जिनियर होइन कि ती ग्रामीण वस्तीमा गएर जनताको डाक्टर हुन आवश्यक छ। त्यसैले नयाँ विद्यार्थी साथीहरूले समाजको चिरफार गर्ने डाक्टर (राजनैतिक कार्यकर्ता) को रूपमा आफूलाई विकास गर्न र पुराना साथीहरूले डा.नर्मनजस्तै जनताको डाक्टर वनेर मोर्चामा डट्न आवश्यक छ। वर्तमानको आवश्यकता र माग यही हो। यही बाटोवाट मात्र हामी एउटा सचेत नागरिकको हैसियतले राष्ट्र र जनताप्रतिको जिम्मेवारी पूरा गर्न सक्नेछौं।

"तपाई विश्वविद्यालयवाट डाक्टर, इन्जिनियर वनेर देशको सेवा गर्छु र सम्पूर्ण समस्याको हल गर्दछु भन्ठान्नुहोला तर यो वर्गविभाजित समाजमा विद्यमान समस्याहरूको समाधान डाक्टर, इन्जिनियर ...... वनेर हटाउन सकिँदैन। किनकि यो वर्गअन्तर्विरोधवाट सिर्जित समस्या हो। त्यसैले यसको सामाधान डाक्टर, इन्जिनियर... वाट होइन कि वर्गसङ्घर्षवाट हुने गर्दछ। तपाई वकिल, डाक्टर जेसुकै वन्नोस् तपाईले काम गर्ने क्षेत्रमा पनि वर्गअन्तर्विरोध विद्यमान छ। जुन तपाईको पैसाले हल गर्न सक्तैन, त्यसैले तपाई अन्तिममा असल कम्युनिष्ट अथवा क्रान्तिकारी राजनैतिक कार्यकर्ता वन्नैपर्दछ। त्यो वस्तुगत परिस्थितिले तपाईलाई त्यहाँ पुऱ्याएर छाड्छ।" भन्ने रसियन क्रान्तिको समयमा त्यहाँका विश्वविद्यालयहरूमा व्यापक छलफलको विषय वनेको यस भनाइलाई यहाँका विद्यार्थीहरूले पनि आत्मसात् गर्न आवश्यक छ।



ज्ञामप्रसाद चालिसे (आयाम)



गोला गाविस, ज्योतीपुर बर्दियामा बुबा छबिलाल चालिसे र आमा टीकादेवी चालिसेको कोखबाट क. ज्ञामप्रसाद चालिसेको जन्म ०२७ चैत्रमा भएको हो । बिएलसम्मको औपचारिक अध्ययन गर्नु भएका क. चालिसे ०४७ सालमा अनेरास्ववियू बर्दिया जिल्ला अध्यक्ष हुँदै ०४८ सालमा केन्द्रीय सदस्य हुनुभयो । विद्यार्थी आन्दोलनको नेतृत्व गर्ने क्रममै उहाँ ०५२ सालमा अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय कोषाध्यक्ष र ०५४ को १४ राष्ट्रिय सम्मेलनबाट उपाध्यक्षमा चुनिनुभयो । ०४४ सालमा नेकपा (मशाल)का पार्टी सदस्य हुनुभएका क. चालिसे ०४७ सालबाट पूर्णकालीन भई काम गर्दै जाने क्रममा ०४९ मा पार्टी बर्दिया जिल्ला सदस्य र ०५५ मा माओवादी बाँके/बर्दिया जिल्ला सचिवालय सदस्य हुनुका साथै ०५६ मा जिल्ला सेक्रेटरी हुनुभयो । ०५६ सालमै क्षेत्रीय व्यूरो सदस्य र ०५७ मा बाँके/बर्दिया इन्चार्जसमेत हुनुभएका क. चालिसे ०५२ मा गिरफ्तार परी दस महिना जेल पनि पर्नु भएको थियो । पार्टी कामको सिलसिलामा ०५८ मङ्सिर २६ गते बाँकेको कोहलपुर, प्रेमनगरबाट उहाँलाई शाहीसेनाले गिरफ्तार गरी बर्दिया राष्ट्रिय निकुञ्ज, चिसापानीमा लगी चर्को यातनाका साथ राखियो । उहाँले यातनाको क्रममा दृढताकासाथ प्रतिकार गर्दै भन्नुभएको थियो, "मेरो शरीर टुक्राटुक्रा पारेपनि म कदापि झुक्दिनँ, जे गर्न सक्दछौ गर, मान्छेको रगत खान पल्किएकाहरु, आफैँले बनाएको कानुन त पालना गर । मेरो भौतिक शरीर ढाले पनि त्यसको बदला बाँचेकाहरूले लिएरै छाड्नेछन् ।" उहाँलाई माघ २८ गते दुश्मनको रेडियोले दोहोरो भिडन्तमा मृत्यु भएको भनी प्रचार गरेको थियो । ०५४ सालमा सरला रेग्मीसँग बिवाह गर्नुभएका चालिसेको हाल आठ वर्षका छोरा ओजोनसहित एक दाइ, तीन भाइ, आमा र बुबा हुनुहुन्छ ।

जेठ सात गतेको बन्दको औचित्यबारे केही कुरा

ने.क.पा. (माओवादी) बाँके वर्दियाले जेठ ७ गते जनयुद्धका बाँके वर्दियाली प्रथम सहिद क. जुना चौधरी (जसले जनकारवाहीको क्रममा जेठ ७ गते नै शहादत प्राप्त गरेकी थिइन्)ले शहादत प्राप्त गरेको दिनलाई बाँके वर्दिया जिल्लाले सहिद स्मृति दिवसको रूपमा मनाउने र सोही दिन प्रतिरोधात्मक सङ्घर्षका रूपमा बाँके वर्दिया वन्दको आयोजना गरेको कुरा सार्वजनिक भइसकेको छ। सहिद स्मृति दिवस मनाउँदा किन बाँके वर्दिया नै वन्द गर्नुपऱ्यो भन्नेखालका जिज्ञासाहरू पैदा हुनु स्वभाविकै हो। र आ-आफ्नै कोणवाट व्याख्या विश्लेषणहरू अनि अनुमानहरू पनि सुरु भइसकेका छन्। त्यसैले यहाँ सङ्क्षिप्त रूपमा चर्चा गर्नु सान्दार्भिक नै हुनेछ। हुन त मुलुकको आजको भयावह स्थितिमा सङ्घर्षद्वारा आमूल परिवर्तनविना' देशको उन्नति र प्रगति असम्भवप्राय: देखापरिरहेको यो स्थितिलाई कायमै राखी मुलुकभरि शोषक, सामन्त, दलाल नोकरशाही पूँजीपति वर्गले वहुसङ्ख्यक जनताको पसिना र आँसुवाट मोजमस्ती गर्दै तिनै पसिना र आँसु दिने अत्याधिक उत्पीडित, उपेक्षितवर्ग, समुदाय, जाति र क्षेत्रका जनतामाथि राज्यआतङ्क थोपरी फासिस्ट शासन चलाउने दुस्प्रयास गरिरहेको छ। जसका विरुद्ध जुनसुकै तरिकाले सङ्घर्ष गर्ने आफैंमा औचित्यपूर्ण छ। त्यसमा पनि वर्तमान हत्यारो गिरिजा (जसले जनतामाथि सैनिक शासन लादेर मुलुकभर शोषक सामन्तहरूको शासन सत्ता बचाइराख्ने कुचेष्टा गरिरहेको छ) का विरुद्ध जुनसुकै सङ्घर्ष वा आन्दोलनका कार्यक्रमहरू आउनु जनभावना अनुकुल हुने कुरामा दुईमत हुनै सक्दैन।

त्यसो त देशमा आमूल परिवर्तनका लागि राणा शासन, पञ्चायती शासनका विरुद्ध लड्ने वीर सहिदहरू अनि सहिदहरूको वलिदानवाट प्राप्त वहुदलीय व्यवस्थामा उही राणा शासन, पञ्चायती शासनलाई माथ गर्दै नेपाली जनतामाथि लादिएको संसदीय फासीवादी शासनका विरुद्ध योजनावद्धरूपमा नेपाली उत्पीडित जनताद्वारा माओवादी पार्टीको नेतृत्वमा विगत चार वर्षदेखि सञ्चालित जनयुद्धका क्रममा करीव १२०० नेपाली आमाका सर्वोत्कृष्ट छोराछोरीहरूले शहादत प्राप्त गरिसकेको आजको सन्दर्भमा सहिदहरूको सम्मान केवल प्रतिक्रियावादी सत्ताको ध्वंसका खातिर सङ्घर्षद्वारा गरिनु माओवादी पार्टीका लागि स्वभाविकै हो। तथापि बाँके वर्दियाको सन्दर्भमा जेठ सात गते नै बाँके बर्दिया बन्द किन गर्नुपऱ्यो भन्ने सवालमा माओवादी पार्टीले अगाडि

सारेका धारणाहरूवारे आमूल परिवर्तनको एक शुभेच्छुकको हैसियतले सामान्य टिप्पणी गर्नु असान्दर्भिक नहोला ।

पहिलो कुरा वाँके वर्दियाको माओवादी पार्टीले वाँके वर्दियाली लगायत सम्पूर्ण वीर सहिदहरूको उच्च सम्मान गर्न जेठ सात गते वाँके वर्दिया वन्दको मुख्य मुद्दा वनाएको छ । २०५५ सालको जेठ सात गते वर्दियाको नामुद सामन्त, वलात्कारी, खैरी चन्दनपुर वस्ने युवराज उपाध्याय (जसलाई वहुदलीय व्यवस्था आगमनसँगै व्यापक जनसमुदायले कालो मोसो र जुत्ताको माला लगाएर घुमाएका थिए) लाई आफ्ना कर्तुत रोक्न चेतवानी दिँदै उसमाथि जनकार्वाही गर्ने क्रममा लडाइँको मैदानमा नै वर्दिया पशुपतिनगर पथौरिया निवासी एक नौजवान युवती जुगन चौधरी (क.जुना)ले शहादत प्राप्त गरेको कुरा सवैलाई सर्वविदितै छ । वाँके वर्दियाली पहिलो सहिद, त्यसमा पनि सामन्तमाथिको कार्वाहीमा युद्धमैदानमै शहादत प्राप्त गरेको थारु जनजातिको एक महिला क्रान्तिकारी सहिद भएको दिनलाई वाँके वर्दियामा सहिद स्मृति दिवस मान्नु र वाँके वर्दियाका आदरणीय वीर सहिदहरू एवम् जनताका सम्पूर्ण अमर सहिदहरूको उच्च सम्मान गर्नु अत्यन्त सान्दर्भिक र समसामयिक छ । यसो त २०५५ साल जेठ २८ गते घरवाट गिरफ्तार गरी लोकप्रिय समाजसेवी वामपन्थी नेताद्वय कमरेड विष्णु पोखरेल र कमरेड अनिराम चौधरीलाई नृशंस ढङ्गले हत्या गरिंदा दुनियाँका आँखावाट वगेका आँसुहरू कहिलेकाँही उहाँहरूको आकृति हाम्रो अगाडि आउँदा आँखाहरू नपिलपिलाउने शायदै कमै होलान् । त्यो नृशंस हत्याको विरोध गर्ने नेपाली काङ्ग्रेसका दिनेश श्रेष्ठजस्ता मान्छेहरूले आफ्नो पार्टीवाट निष्काशन हुनुपरेको यथार्थहरू हामीसामु ताजै छ । त्यसैले पनि यो वन्दको औचित्य वढिरहेको छ । घरवाटै गिरफ्तार गरिएका सामान्य किसान गुरुप्रसाद कठरिया (थारु) अनि देश जनताको सेवामा समर्पित वाँके वर्दियाका लोकप्रिय शिक्षक कमरेड ढकराम पाठकलाई गिरफ्तार गरी गोली हानी हत्या गरेका घटनाहरू कस्ले पो विर्सेको होला र , त्यति मात्र होइन, घरमै वसिरहेका मोतीलाल थारु अनि तथाकथित आत्मसमर्पण गरी नेकाका सांसद् खेमराज मायालुबाट नेकाका टिकट लिएका किसानद्वय टेकनाथ योगी र साँखुराम थारुलाई वहुला वसन्त कुँवरले हत्या गर्दा कसले पो आक्रोश पोखेनन् ?

यो वन्दले फेरि एकपटक हामीलाई ती दर्दनाक घटनाहरूको स्मरण मात्र गराउँदैन, जनताको हत्या गरेर नै शोषक सामन्तहरूले शासन वचाउने हत्यारा सरकारलाई ती महान् सहिदहरूले जुन चुनौती दिए, उनीहरूको वाटो अनुशरण गर्न तमाम क्रान्तिकारीहरूलाई थप प्रेरणा दिनुमा सार्थक नै हुनेछ ।

दोस्रो मुद्दाको रूपमा माओवादी पार्टीले गिरफ्तार गरी वेपत्ता पारिएका नागरिकहरूको सार्वजनिक गर्ने कुरा उठाएको छ । तपाई हामीलाई थाहै छ कि देशभरिवाट करिव १०० जना नागरिकहरू वेपत्ता पारिएका छन् । वाँकेवाट मात्र शिक्षक मोहन वलीलगायत युवा विद्यार्थी जनवीर पुन, प्रेम वि.क., मानवहादुर घर्ती, पवित्रा वली, कमान सिंह, प्रेम वि.क., मानवहादुर घर्ती गरी सात-सात जना अनि वर्दियावाट किसान नेताद्वय वेदप्रसाद थारु, कृष्ण थारु र मजदुर सिताराम थारुलाई वाँकेको स्थानीय प्रशासनले हालसम्म वेपत्ता पारेको छ । वेपत्ता पारिएकाका परिवारहरूले आ-आफ्नो आफन्तको

खोजविन गर्न अपील गर्नुकासाथै सवैपक्षलाई दवाव सिर्जना गरिदिनुहुन आह्वान गरेको स्थितिमा सरकारलाई अरू दवाव दिन स्वयंसिद्ध हुने नै देखिन्छ। आज देशभरि नै जनताका नेता-कार्यकर्ता र सर्वसाधारणलाई गिरफ्तार गरी वेपत्ता पार्ने क्रममा सायद अरू जिल्लाका अनुपातमा यी दुई जिल्लावाट वढी नागरिकहरू वेपत्ता पारिएका हुन सक्छन्।

तेस्रो मुद्दा माओवादी पार्टीले आस्थाका वन्दीहरूलाई रिहाई गरिनुपर्ने र झुट्टा मुद्दाहरू खारेज गरिनुपर्ने कुरा अगाडि सारेको छ। देशभरिको त कुरै छाडिदिऊँ वाँके वर्दियामा मात्र पनि हाम्रै सङ्गठनका केन्द्रीय सदस्य ऋषिराज घिमिरे भू.पू. जिल्ला अध्यक्ष डम्मर रानाभाटलगायत वाँकेकै लोकप्रिय तथा समाजसेवी व्यक्तिहरू तिलक परियार, वलराम काफ्ले, जीतवहादुर पुन तथा वर्दियावाट विद्यार्थी तथा किसानहरू शिव चौधरी, रत्न चौधरी, विन्तीराम चौधरी, भोजलाल चौधरी, चन्द्रवहादुर थारु, प्रकाश पुनलगायत वाहिरी जिल्लावाट सरुवा गरी ल्याएका दर्जनौं आस्थाका वन्दीहरू वाँके वर्दियाका जेलमा वस्न वाध्य पारिएको छ। उहाँहरूलगायत देशभरका आस्थाका वन्दीहरूको रिहाइको माग गर्नु अत्यन्त सान्दर्भिक छ। २०५४ सालको चैत्र २४ गते जनआन्दोलन दिवस मनाउने क्रममा मञ्चवाट वोल्दावोल्दै गिरफ्तार गरिएका व्यक्तिहरू विनाकारण अहिलेसम्म पनि जेलमै राख्नु अत्यन्त निन्दनीय कुरा मात्र होइन, वर्तमान संविधान २०४७ को खुलमखुल्ला उपहास हो। त्यसैले आफूले वनाएको कानुनलाई आफैले ठाडो उल्लङ्घन गर्ने सरकारलाई कानुनको पाठ सिकाउन आज नेपाली जनता कानुनको उल्लङ्घन गर्न वाध्य छन्।

चौथो मुद्दा दलाल नोकरशाही पुंजीका विरुद्ध राष्ट्रिय पुंजीको उत्थान गर्न रहेको देखिन्छ। देशमा दलाल पुंजीको प्रभुत्व वढ्दै जानु र राष्ट्रिय पुंजी र राष्ट्रिय पुंजीपतिवर्ग ओझेलमा पर्दै गएको वास्तविकता आज कसैवाट पनि छिपेको छैन। सरकारका विभिन्न संस्थानहरू निजीकरण गर्ने नीतिले यस प्रवृत्तिलाई अझै वढुवा दिएको छ। भारतका सीमावर्ती वाँके वर्दियाजस्तो जिल्लामा दलाल पुंजीपतिहरूको निकै दवदवा हुनुले राष्ट्रिय पुंजीपति र राष्ट्रिय पुंजी फस्टाउने कुनै गुञ्जायस नै छैन। यसमा पनि प्रहरी तथा जिल्ला प्रशासनवाट निर्माण गरिएका काला व्यापारका लाइनहरू प्रशासन नगर प्रहरीहरूले व्यापारीहरूमाथि लादेको शोषण, अनावश्यकरूपमा लाग्ने भ्याट अनि यतिवेला नैं दलाल पुंजीपतिहरूले ट्रक व्यवसायीहरूमाथि गरेको दवदवाले यस वन्दको आयोजनालाई अरू महत्त्वपूर्ण वनाइदिएको छ। दलाल पुंजीपतिहरूको भ्रममा परी नेपालगञ्ज उद्योग व्यापार सङ्घले ट्रक व्यवसायीहरूले लागू गर्न खोजेको चक्र प्रणालीको विरोध गर्न उचित छैन। वरु प्रशासनिक रूपवाट व्यापारीमाथि भएको शोषणका विरुद्ध सङ्घर्ष गर्नु नै व्यापार सङ्घको प्रमुख दायित्व हुन्छ। यद्यपि ट्रक व्यवसायीहरूले पनि भाडा दर तोक्ने सवाललाई वैज्ञानिक वनाउन अन्य सवै रुटहरूसँग समानता कायम गर्न भने ध्यान दिनैपर्छ।

पाँचौं मुद्दाको रूपमा वाँके वर्दियाजस्ता जिल्लाहरूमा रहेका किसान, सुकुम्वासी, कमैया, मोही आदि समस्याहरू समाधान गर्ने उत्पीडित जनसमुदायलाई आन्दोलित गर्न प्रेरित गर्नुपरेको छ। हुन त यी समस्या देशभरिकै समस्या हुन् तर पनि वाँके

वर्दियामा यो वढी विकराल देखिन्छ । यसको लागि सम्वन्धित सबै पक्षलाई आन्दोलित गर्नु आजको आवश्यकता हो । बन्दद्वारा यो सन्देश फैलाउने उद्देश्य राख्नु स्वभाविकै देखिन्छ ।

समग्रमा भन्नुपर्दा आज देशव्यापी रूपमा फासिष्ट गिरिजा गुट र सरकारका विरुद्ध विविध पक्षवाट सञ्चालित राज्यआतङ्क, राष्ट्रघात विरुद्धको सङ्घर्षमा ऐक्यवद्धता जनाउँदै सहयोग र समर्थन गर्ने अनि यही राष्ट्रव्यापी आन्दोलनसँगै माथि उल्लेखित मुद्दाहरू विभिन्न धर्म, जाति, समुदाय र जनतामाथि भएको थिचोमिचो र नक्कली माओवादीहरूद्वारा सिर्जना गर्न खोजिएको भ्रम तथा लुटपाटका विरुद्ध सङ्घर्षलाई जोडेर लैजान जनतालाई जागृत पार्नुका साथै आन्दोलनमा अगाडि वढ्न प्रेरित गर्ने सवालहरूलाई जोडदार ढङ्गले माओवादी पार्टी बाँके वर्दियाले उठाएको देखिन्छ ।

त्यसकारण पनि अत्यन्तै समसामयिक विषयहरूलाई उठाई देश र जनताको लागि आफ्नो ज्यान अर्पण गर्ने महान् सहिदहरूको सम्मान गर्न आयोजित जेठ ७ गतेको बन्द नितान्त सान्दर्भिक र जनभावनाअनुकुल भएकाले तपाई हामी सबै देशभक्त, प्रजातान्त्रिक शक्तिहरू आ-आफ्नो ठाउँबाट बन्द सफल पार्न सहयोग समर्थन प्रदान गर्नु नैतिक दायित्व नै हो । देशको उन्नति, प्रगति गर्न, राष्ट्रिय अस्मिता जोगाउन आज तपाई हामी सवैले आवश्यक पहल गर्नु देश अनि जनताको भावनाको कदर गर्नु वास्तविक कर्तव्य नै होइन र ?

बाँके-बर्दियाका वीर सहिदहरु लालसलाम !

जनयुद्धको सुरुवात भैसकेपश्चात् करीब आठ महिनाको दुश्मनका पर्खालभित्रको वसाइपछि असोज २० गते सङ्गठनको सम्पर्कमा पुगेको थिएँ । सौभाग्य भनौं वा संयोग नै सोही दिन बाँके वर्दियाका केही युवाहरूको सहिद अभियानमा लामबद्ध हुन जानुभन्दा पहिले माओवादी पार्टीले विदाइ कार्यक्रम गर्दै रहेछ । सो कार्यक्रममा म पनि प्रवेश गर्ने अनुमति पाएँ । सम्पूर्ण साथीहरूले खुसीका दह्रिला हातहरू मिलाउँदै स्वागत गर्नुभयो । मेरो लागि सो दिन र कार्यक्रम विशेष स्मरणीय रहेको छ । किनकि पहिलो कुरा त त्यहाँ सवै परिचित पुराना, नयाँ युवा कमरेडहरू सहिद अभियानमा जान लाग्नुभएको रहेछ । त्यहाँ विशिष्ट कमरेड हुनुहन्थ्यो । जनसहभागिता पनि थियो । त्यसकारण सहिद अभियानमा लामवद्ध हुन कस्सिएकी एक महिला क्रान्तिकारी (जो उमेरको हिसावले १४ १५ वर्षकी थिइन् होला)ले ममा विशेष छाप छाडेकी थिइन् । यसको मलतव सहिद अभियानमा लामवद्ध हुनु भएका अन्य योद्धाहरूको शौर्यतालाई मैले कम आँक्न भने अवश्य खोजेको होइन । उहाँहरूको शौर्यताका कारण पनि बन्द पर्खालभित्र सेलाएका जस्ता भएका मेरा नशाहरू तातिएका मात्र होइनन्, ममा एकखालको साहस र उत्साहको रक्तसञ्चार भएको थियो । म जेल पर्नुभन्दा अगाडि एक सामान्य कलाकार वहिनी यति छोटो समयमा प्रौढ कम्युनिष्टजस्तो हँसिलो पाराले दह्रा हातहरू मिलाएको अनि म वर्दियाको पहिलो सहिद हुन चाहन्छु भनेका उनका अभिव्यक्तिहरूले आन्दोलनले एक फड्को अघि हानिसकेको अनुभूति मलाई गराउँथ्यो ।

कहिलेकाही संयोग नै यस्तो हुँदोरहेछ । संयोगवश ती सहिद अभियानमा विदाइ गरिएका कमरेडहरू जिल्ला फर्कदा आयोजित स्वागत कार्यक्रममा पनि मलाई सहभागी हुने अवसर मिल्यो । त्यहाँ पनि उनै वहिनीले 'म वर्दियाको प्रथम सहिद हुन तयार छु' भन्ने वाक्य पुनः दोहोऱ्याइरहनुभएको थियो । ती वहिनीलगायत अन्य सम्पूर्ण सहिद अभियानमा लामवद्ध कमरेडहरूको अभिव्यक्तिले त्यतिवेला मलाई पढेरभन्दा परेर मान्छेले वढी सिक्छ भन्ने कुरा प्रमाणित भएको अनुभूति गराएको थियो ।

जेठ १० गतेको कुरो हो युवा साथीहरूसँग मैले आफ्नौ भनाइ राख्दै थिएँ । अझै मलाई सम्झना छ, मैले भनिरहेको थिएँ कि "जनयुद्धको क्रममा अहिलेसम्म हामीले अरू जिल्लाहरूमा सहिद भएको सुनेका छौं र टाढावाट अनुभूति गरेका छौं । भोलि हामीले हाम्रासामु हाम्रै जिल्लामा सहिद हुनुभएको देख्न र सुन्न नपर्ला भन्न सकिदैन ।" यी शव्दहरू अलि वढी दोहोऱ्याएपछि कार्यक्रम सुरु भएको केही समयपछि प्रवेश गर्नुभएका एक विद्यार्थी मित्र उकुसमुकुस भइरहनुभएको थियो । त्यतिवेला त्यहाँ भन्न उचित नदेख्दा नदेख्दै पनि त्यसलाई रोक्न नसकेर मेरो कपीको छेउमा "तपाईले भोलि सहिद जन्मन सक्छ भन्नुभयो तर यहाँ त सहिदहरूको जन्म अहिले नै भैसकेको छ, क. जुना" भन्ने शव्द वाक्य लेखिदिनुभयो । म छाँगावाट खसेजस्तो भएँ मेरो आँखाहरू आँसुले भरिए तर मेरो त्यो अवस्थालाई जवरजस्ती रोक्दै मेरा भनाइहरू छोट्याएर वाहिर निस्किएँ । वुझ्दा जेठ ७ गते वर्दियाको नामुद फटाह खैरीचन्द्रपुर वस्ने युवराज उपाध्यायमाथि जनकार्वाही गर्दागर्दै त्यही कमरेड जुनाले अग्रपङ्क्तिमा रहेर सहादत प्राप्त गर्नुभयो भन्ने कुरा स्पष्ट भयो । मलाई माथि उल्लेखित उहाँको विगतको उद्गार मनमनै सम्झना भैरह्यो र मैले सोचेँ- 'आखिर तिमीले आफूलाई वर्दियाली जनयुद्धकी पहिलो सहिद भएर छाड्ने प्रतिवद्धता पूरा गऱ्यौ ।' हामीलाई पीडा त अवश्य भयो तर दुश्मनलाई चुनौती दिंदै जनयुद्धमा वाँके वर्दियाकी पहिलो सहिदका रूपमा आफूलाई दर्ता गराएकोमा हामीलाई गर्वानुभूति हुनु पनि स्वभाविक नै हो । शायद तिमी सहिद नभएको भए इतिहासमा तिम्रा ती भनाइहरू दर्ज हुने थिएनन् होला । अन्ततः वलिदानको मूल्य कहाँ छैन र ? आज जुना सम्पूर्ण मुक्तिकामी जनताको लागि चम्किलो तारा वनेकी छन् ।

२०५५ जेठ २८ गते कुनै वेला राप्तिको क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्ने अनि सीज अभियानमा त्यही रोल्पा-रुकुमको भूमिमा वसोवास गर्ने उत्पीडित जनताको केन्द्रीय युवा र ०३६ सालको थुम्कीकाण्डका एक योद्धा क. विष्णु पोखरेल तथा क. धनिराम थारुलाई घरैवाट दिनदहाडै गिरफ्तार गरी रानीजरुवाको जङ्गलमा हत्या गरी क्षतविक्षत रूपमा गुलरिया अस्पतालमा राखिएको समाचार २९ गते दिउँसो हामी केही साथीहरू वसेको ठाउँमा विद्यार्थी साथी विष्णुप्रसादले गराउनुभयो । हामी स्तव्ध भयौं । उहाँहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको हत्याको वदला लिने प्रतिवद्धताकासाथ हामी सम्पूर्ण कमरेडहरू आ-आफ्नो जिम्माको काम पूरा गर्न सहिदको सपना साकार पार्ने काममा लाग्यौं । काखीमा व्याग च्यापेर आन्दोलनमा लागिरहने कमरेड विष्णु पोखरेलसँग म जनयुद्धमा पूर्वी गुलरियामा केही समयसम्म सँगै वसेर जनताको कामहरू गर्ने मौका पाएको थिएँ । कत्ति पनि नआत्तिने, सहनशील, सादा जीवन

बिताउने, दुश्मनसँग कहिल्यै नझुक्ने एक जुझारु स्वभावका धनी क. विष्णु पोखरेलले शहादत प्राप्त गर्नुभन्दा पहिलाको सबैभन्दा पछिल्लो विशिष्ट कार्यक्रममा निःस्वार्थ ढङ्गले जीवन पर्यन्त आन्दोलनमा अघि बढिरहन गर्नुभएको आग्रह आज मेरा लागि एक क्रान्तिकारी अभिवावक बनेर प्रेरणाको स्रोत बनिरहनुभएको छ। जनताको कामबाट कहिल्यै पनि फुर्सद नपाउने समाजसेवी अत्यन्त पिछडिएको थारु जातिमा जन्मनुभएका क. धनीराम चौधरीले कक्षा १० सम्म पढ्ने अवसर पाउनुभएको थियो। छोटो हेलमेलबाट ममा गहीरो छाप डोड्नुहुने क. धनीराम थारु राजनीतिप्रति पनि उत्तिकै चासो लिने र परिवारलाई राजनीतिकरण गर्न निक्कै चिन्तित देखिनुहुन्थ्यो। २०३७ सालको थुम्कीकाण्डमा सहभागी एक योद्धा क. धनीराम थारु पनि लगनशील र निडर स्वभावका धनी हुनुहुन्थ्यो।

जब म बसाइँ सराइपछि बर्दिया आएँ, त्यतिबेला नै मैले एक राष्ट्रिय खेलाडी अनि त्यसमा पनि कम्युनिष्ट पार्टीसँग सम्बद्ध ढाकाराम पाठक भन्ने व्यक्ति बर्दियामा छन् रे भन्ने सुनेको थिएँ। मलाई यस्तो ज्याबलिङ थ्रोका च्याम्पियन कम्युनिष्ट ढाकाराम पाठकसँग भेट हुने इच्छा हुनु स्वभाविक नै थियो। म त्यो प्रतीक्षामा मात्र होइन, आतुर पनि थिएँ। तर पनि मेरा लागि धेरै वर्षहरू पर्खनु नै पर्‍यो। नेपालमा बहुदलीय व्यवस्था स्थापना भएपछि म अ.ने.रा.स्व.वि.यू.मा क्रियाशील हुँदै जाँदा करीब २०४९ सालतिर बाँकेको सातौं जिल्ला सम्मेलनमा सहभागी हुने अवसर मिल्यो। त्यो जिल्ला सम्मेलन बाँकेको बैजापुर कुम्भर भन्ने ठाउँमा एक प्राबि स्कुलमा आयोजना गरिएको रहेछ। त्यही सम्मेलनका क्रममा त्यस ठाउँमा पुगेर एउटा घरमा खाना खान के थालिएको थियो, एकजना चुस्स नाक, झस्स दाह्री भएका अधबैसे देखिने तर दुब्लो पातलो अग्लो मान्छेसँग एकाएक म हात मिलाउन पुगेँ र परिचय गर्ने क्रममा उहाँले म ढाकाराम पाठक भनेपछि म अचम्मित भएँ। लामो समयदेखि प्रतीक्षारत व्यक्तिसँग भेट हुँदा आफूलाई धेरै गौरवान्वित भएको महसुस गरें। किनकि ढाकाराम पाठक बर्दियाबाट बाँके बसाई सरी अध्यापन गरिरहेको कुरा त थाहा पाएको थिएँ तर बाँकेको कुन ठाउँमा कुन विद्यालयमा पढाउनुहुन्छ भन्ने मलाई थाहा थिएन। उहाँ त्यस क्षेत्रको जनप्रिय शिक्षक पनि हुनुहुँदो रहेछ। उहाँ २०५४ साल बैशाख १ देखि प्रतिक्रियावादी सरकारको नुन खाएर जीवन बिताउनुभन्दा आफ्नो सम्पूर्ण स्वार्थलाई त्याग्दै देश र जनता अनि विश्वसर्वहाराको सेवामा आफूलाई पूर्ण रूपमा समर्पित गर्दै नेपालमा अगाडि बढिरहेको जनयुद्धमा पूर्णकालीन कार्यकर्ताको रूपमा संलग्न गराएर अगाडि बढ्नुभयो।

जतिबेला उहाँ पार्टी बाहिर र पार्टीभित्रका आत्मसमर्पणवादका विरुद्ध कडा सङ्घर्ष गर्दै हुनुहुन्थ्यो, त्यही समय २०५६ बैशाख ३ गते हाम्रो बीचबाट दुश्मनले चुँडेर लगिदियो। बैशाख ६ गतेका दिन मैले उहाँको हत्याको खबर सुनें र त्यति हँसिलो मान्छे गुम्दा ने.क.पा. (माओवादी) पार्टीका महामन्त्री क. प्रचण्डले 'हामी हाँस्दा-हाँस्दै रोएका छौं र रुँदा-रुँदै हाँसेका छौं' भन्ने महान् भनाई सम्झन पुगें। आत्मसमर्पणवादी लगायत सम्पूर्ण दुश्मनहरूलाई चुनौती दिँदै दुश्मनका अगाडि कत्ति पनि नझुकी क्रान्ति र पार्टीलाई एकदम माथि उठाउनुहुने क. अनिल (ढाकाराम पाठक) २०५२ साल फागुन १ गते जनयुद्धको सुरुवातमा रोल्पाको होलेरी चौकी कारवाहीमा प्रत्यक्ष

उपस्थिति हुनुभएको थियो। एक होनाहार हँसिला निर्भिक वीर योद्धाले हामीलाई निरन्तर अघि वढ्न प्रेरित गर्नुभएको छ।

क. जुनाको श्रद्धाञ्जलि कार्यक्रममा आफ्नो मन्तव्य व्यक्त गर्दै 'वर्दियावाट पहिला सहिद हुने सौभाग्य कमरेड जुनाले पाउनुभयो। अव हाम्रो जिल्लामा पहिलो सहिद हुने सौभाग्य कसले पाउने हो' भन्ने वाँके ढकेरी स्कुलका लोकप्रिय शिक्षक कमरेड मोहन वली साँच्चिकै आफैं नै त्यो सौभाग्य ग्रहण गर्नुभयो। हुन त कमरेड मोहन वलीको हत्या भइसकेको भए पनि उहाँको खोजविन कार्य भइराखेको छ। तर पनि वाँके वर्दियाको माओवादी पार्टीले उहाँलाई सहिद घोषणा गरिसकेकाले मैले पनि सहिदकै रूपमा चित्रण गरेको छु। यो श्रद्धाञ्जलि कार्यक्रम हुनुभन्दा केही समयअघि मात्र उहासँग मेरो परिचय भएको थियो। सहनशील, कम वोल्ने, दृढ स्वभावका लोकप्रिय शिक्षक मोहन वली सामन्तहरूको विरुद्ध भने खरो हुनुहुन्थ्यो। हुन पनि उहाँको त्यही स्वभावका कारण सामन्त फटाहा शङ्कर शाहको तारो मात्र वन्नुभएन, शिकारसमेत वन्नुभयो।

मलाई अझै पनि ताजै याद छ, छ महिनासम्म सहिद अभियानमा सहभागी भै सफलतापूर्वक फर्कनुभएका कमरेड स्यानुले माओवादी पार्टीद्वारा आयोजित उहाँहरूको स्वागत समारोहमा अव हामीले यहाँ पनि सामन्त, जाली, फटाहहरूको विरुद्ध कारवाही गर्नुपर्छ भनेका कुराहरू। सहिद अभियानवाट फर्केपछि माओवादी पार्टीको छापामार दलमा कार्यरत रहनुभएका कमरेड स्यानु दुश्मनको घेरा तोडेर पनि पुनः १३ दिनपछि कव्जामा पर्नुभयो र वीरतापूर्वक लड्दा-लड्दै शहादत प्राप्त गर्नुभयो, अर्का छापामार दलको सदस्य शारदा चौधरी जो आन्दोलनमा प्रवेश गर्नासाथ छापामार दलमा भर्ना हुनुभएको थियो र उहाँसँग मेरो विशेष कार्यक्रममा पहिलो भेट भएको थियो। जुन भेट मेरो लागि अन्तिम वन्न गयो। १० दिनको कार्यक्रममा विशिष्ट छाप छोड्न सफल कमरेड शारदा चौधरीमा मैले अत्यन्त पिछडिएका वर्दियाका ११ गाविसको टापुलाई मुक्त गर्नुसिवाय अरू कुनै सोंचाइ नरहेको प्रत्यक्ष अनुभव गरेको थिएँ। विगतमा गलत प्रवृत्तिका विरुद्ध डट्नुहुने भुवनेश्वर पण्डितको नाम त मैले धेरै अगाडिदेखि नै सुनेको थिएँ तर मलाई उहाँसँग भेट भएको याद भएन। जनयुद्धको प्रवाहसँगै जीवनको उत्तरार्द्धमा जनमुक्ति आन्दोलनमा लामवद्ध हुँदै त्यसमा पनि वर्दियाको भवरामा गरिव शोषित वस्तीहरूलाई व्युँझाउन कम्मर कसी हिंड्नुभएका कमरेड भुवनेश्वर पण्डितलाई प्रतिक्रियावादी सरकारले आफ्नो शिकार वनाएर आफ्नो कायरतालाई प्रस्तुत गऱ्यो। त्यतिमात्र कहाँ हो र ? उहाँ सँगसँगै रहनुभएकी ६ महिनाकी गर्भवती वर्दियाली प्रथम सहिद क. जुनाकी वहिनी सीमा चौधरीलाई पनि गिरफ्तार गरी गोली हानी हत्या गऱ्यो। उहाँहरू आन्दोलनको लागि ठूलो प्रेरणाको स्रोत वनेर वाँचिरहनुहुनेछ।

जनयुद्धको समर्थन गरेकै आधारमा सामान्य किसानद्वय गुरुप्रसाद कठरिया थारु र मोतिलाल थारु जो पिछडिएको थारु परिवारमा जन्मेर पनि दुश्मनसँग कत्ति पनि झुक्नुभएन। फासिष्ट प्रतिक्रियावादी सत्ताका भरौटेले घरमा नै गोली हानी हत्या गरे। जुन हत्यामा भरत शाहको मुख्य हात छ। उहाँहरूको दरिलो आस्थाकै कारणले दुश्मन यति थर्कन पुग्यो र विनाकारण हत्या गरी आत्मरती लिने कुचेष्टा गऱ्यो।

कमरेड गुरुप्रसाद बर्दियाली प्रथम सहिद कमरेड जुनाका भिनाजु पर्नुहुन्छ। कमरेड मोतिलाल थारु बोल्न भने सक्नुहुन्थेन । उहाँहरू दुवै आन्दोलनको प्रेरणाको स्रोत बनिरहनुहुनेछ ।

जनयुद्ध भन्दापूर्व मेरो राम्रो परिचय भएका टेकनाथ योगी र अलि हाँसो ठट्टा गर्ने साँखुराम थारुलाई पनि प्रतिक्रियावादी कुत्ताहरूले जनताको बीचवाट चुँडेर लगे। जबकि उहाँहरूलाई तथाकथित आत्मसमर्पण गर्न वाध्य पारिएको थियो । उहाँहरूसँग भएको हेलमेल अनि अझ टेकनाथ योगीको कान्छो भाइ गोपाल जो अति सानो थिए, उनलाई कहिल्यै बिर्सन सकिंदैन । जनयुद्धको यो प्रवाह प्रतिक्रियावादीद्वारा भएको यो हत्याले हामी स्तब्ध मात्र छैनौं, हामी आक्रोशित पनि छौं । उहाँहरूलाई उच्च सम्मान गर्दै उहाँहरूको रगतको बदला लिन हामी पछि पर्न सक्दैनैं ।

बर्दियाली प्रथम सहिद जुनाको शहादत भएको दिन पारेर माओवादीले आयोजना गरेको जेठ ७ गते बाँके-बर्दिया बन्द भव्य रूपमा सम्पन्न भएको छ। सहिदहरूको सम्झनामा आयोजित आन्दोलनसहितको "सहिद स्मृति दिवस" को यस अवसरमा उहाँहरूको स्मृति गर्दा कता-कता मेरा शरीरका अङ्ग-अङ्गहरूमा झंकारित भएजस्तो अनुभूति हुन्छ। तथापि उहाँहरूले जनताका दुश्मनहरूलाई मात्र होइन, हामीभित्रैको घीनलाग्दो आत्मसमर्पणवादी फोहोर मैलाका विरुद्ध जुन चुनौती दिनुभएको छ, त्यसले हामीलाई उहाँहरूको सपनालाई साकार पार्न हजारौं हजार जनसमुदायहरू लामबद्ध हुँदै जानुभएको छ। अझ कतिपय सहिदहरूका परिवारले आफ्ना आफन्तहरूले वगाउनुभएको रगतको मूल्यलाई कदर गर्न त्यसको बदला लिन सम्पूर्ण परिवारहरू जनयुद्धमा दुश्मनका विरुद्ध हरेक स्थानवाट सशक्त भएर अगाडि वढ्न जरुरी छ। सामान्य कारवाहीको माग गर्ने सानो असफलतामा आत्मरति गर्ने जुन प्रवृत्ति छ, त्यो सिङ्गो आन्दोलनको लागि निकै हानिकारक प्रवृत्ति हो । यस प्रवृत्तिले वीर सहिदहरूको अपमान हुने भएकाले सम्पूर्ण परिवारलगायत हामीहरू सिङ्गो उद्देश्यका लागि कटिबद्ध भएर पार्टी र क्रान्तिले दिएको जिम्मालाई पूरा गरौं । यसैवाट मात्र महान् सहिदहरूको सपना पूरा हुन सक्छ। केवल यसरी मात्र हामीहरूले सहिदको सपना, जनवाद र समाजवाद हुँदै साम्यवादको लक्ष्य पूरा गर्न सक्नेछौं । हाम्रा आदरणीय सहिदहरूका आफन्तहरू लगायत सम्पूर्ण देश र जनताको भलो चाहने जनसमुदायहरूले माओवादी पार्टीका महामन्त्री क. प्रचण्डको 'जनताका दुश्मनहरू जनयुद्धकै क्रममा सफाया हुँदै जानेछन्' भन्ने महान् भनाइलाई आत्मासात् गर्दै जनयुद्धमा सहभागी भै साम्यवादसम्म निरन्तर लडिराख्नु नै उहाँहरूको सपनाको कदरमात्र होइन, उहाँप्रति सच्चा श्रदाञ्जलि हुनेछ। सहिद स्मृति दिवसको अवसरमा बाँके बर्दियाली सहिदहरूलगायत देश र जनताको पक्षमा लड्दालड्दै सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति उहाँहरूको सपना साकार पार्ने प्रतिबद्धताकासाथ भावपूर्ण श्रदाञ्जलि अर्पण गर्दछौं ।



मित्रमणि आचार्य



बुबा रेश्मीराज आचार्य र आमा पीताम्वरादेवी आचार्यको कोखबाट प्यूठानको रम्दी गाविसस्थित रूद्रपुर गाउँमा २०१९ असार ३ गते क. मित्रमणि आचार्यको जन्म भएको हो । २०३६ सालमा एसएलसी उत्तीर्णसँगै अनेरास्ववियू (छैठौं)को सदस्यका रूपमा राजनीतिक यात्रा प्रारम्भ गर्नुभएका आचार्य ०३६ मा कृषि क्याम्पस पक्लीहवाका इकाई अध्यक्ष, २०३७ मा स्ववियू सभापति तथा रूपन्देही जिल्ला सचिव हुनुभयो । अध्ययनको सिलसिलामा केन्द्रीय कृषि क्याम्पस रामपुर चितवनमा जोडिनु भएपश्चात् वहाँ चितवन जिल्ला कोषाध्यक्ष हुँदै २०४० मा जिल्ला उपाध्यक्ष तथा ८ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । ०४१ मा रामपुर क्याम्पस स्ववियू सभापतिसमेत हुनुभएको आचार्य आफ्नो जिम्मेवारीलाई पूरा गर्दै अघि बढ्दै गर्दा शोषितपीडित विद्यार्थी एवम् जनतामाझ आँखाको नानी बन्दै जानुभएको थियो भने केही मुठ्ठीभर जनविरोधीहरूका लागि आँखाको कसिङ्गर । यही प्रक्रियामा २०४२ बैशाख १८ गते चितवनको मेघौली माविमा आयोजित कार्यक्रममा जाँदै गर्दा चीतवनको पर्साढाप भन्ने ठाउँमा नेविसङ्घका गुण्डाहरूले खुकुरी, चेन, चुप्पीसहित आक्रमण गरेर मरणाशन्न अवस्थामा फालेर गएपछि त्यहाँका गाउँलेहरूले भरतपुर अस्पतालमा पुऱ्याएर उपचार गर्दै गर्दा १८ गते राति १२ बजे वहाँको शहादत भयो ।

भारतीय विस्तारवाद र नेपाल

पूर्व-पश्चिम, दक्षिण सीमानाको करीब १२०० कि.मी. लामो क्षेत्रमा आफूभन्दा २२ गुणा ठूलो क्षेत्रफल भएको देश, भारत र उत्तरी सीमानामा आफूभन्दा ६६ गुणा ठूलो क्षेत्रफल भएको चीनको बीचमा वसेको छ- नेपाल। जनसङ्ख्याको दृष्टिकोणमा पनि भारत ५० गुणा र चीन ७० गुणा वढी छ। समुद्र सतहदेखि करीव १५० मिटरदेखि लिएर विश्वको सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको यो देशमा धेरै किसिमको हावापानी पाइन्छ। यही कारणले गर्दा नै संसारका साम्राज्यवादी, सामाजिक साम्राज्यवादी, उपनिवेशवादी, नवउपनिवेशवादी र विस्तारवादीहरूको गिद्दे दृष्टि परिरहेको छ। वास्तवमा केलाएर हेर्ने हो भने यसको राजनैतिक, आर्थिक स्वरूप उपनिवेश र नवउपनिवेशमा जकडिएको छ भने सामाजिक स्वरूप सामन्ती व्यवस्था रहेको छ।

हुन त यो देशमा अन्य कुनै देशले आफ्नो झण्डा गाड्न सफल भएका छैनन् तर पनि यहाँको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डतामा प्रत्यक्ष वा परोक्ष रूपमा उपनिवेशको चङ्गुलमा परेको छ। त्यसैले यस देशलाई अर्ध-सामन्ती र अर्ध-औपनिवेशक देश भनिन्छ। यसमा भारतीय विस्तारवादले नेपालको राष्ट्रियता र जनतन्त्रमा अघात परिरहेको छ। यस लेखमा नेपालको राष्ट्रियता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको लागि भारतीय विस्तारवाद खतरा रही आएको छ भन्ने कुरा उल्लेख गर्न खोजिएको छ।

नेपालमा भारतीय विस्तारवादको चर्चा गर्नुअघि विस्तारवाद के हो भन्ने कुरा उल्लेख गर्नु प्रासङ्गिक हुनेछ। राजनैतिक, आर्थिक, सैनिक, कुटनैतिक, सांस्कृतिक वा अन्य कुनै कारणले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साम्राज्यवादी देशहरूले आफूभन्दा कमजोर देशमा नवउपनिवेश वा उपनिवेश कायम गर्ने छलपूर्ण नीति नै विस्तारवाद (Expansionism) हो। विस्तारवाद साम्राज्यवादको अर्को रूप हो। आफूभन्दा कमजोर देशको सार्वभौमसत्ता आफ्नो हातमा लिन खोज्नु नै विस्तारवादी नीति हो। विश्वका दुई अति महाशक्ति साम्राज्यवादीहरूले केही देशलाई उक्साएर आफ्ना छिमेकी देशहरूलाई 'क्षेत्रीय विस्तारवाद' को नीति अपनाई देशको अस्तित्व नै गुमाइदिन खोज्छन्। यसका प्रत्यक्ष उदाहरणहरूमध्ये प्यालेष्टाइनी जनताको बाँच्ने अधिकारसमेत इजरायलले अमेरीकी साम्राज्यवादको वुइ चढेर (संरक्षणमा) हनन् गरिरहेको छ। यसैगरी रुसी सामाजिक साम्राज्यवादीको संरक्षण पाएर भारतले पाकिस्तानलाई फुटाएर वंगलादेश वनायो, सिक्किमलाई भारतीय भूमिमा विलय गरायो। श्रीलङ्का, नेपाल, वङ्गलादेश, पाकिस्तानलाई भारतमा गाभ्ने षड्यन्त्र गर्दै छ।

यसैगरी भियतनामले कम्पुचिया र लाओसको आन्तरिक मामिलामा हस्तक्षेप गरिरहेको छ। लिवियाले उगाण्डा र चाडको आन्तरिक मामिलामा हस्तक्षेप र सैनिक कारवाही गरिरहेको छ। यी भए विश्वका विस्तारवादीहरूका घृणित अनुहारहरू। अव भारतीय विस्तारवादले नेपालको सार्वभौमसत्तामा, क्षेत्रीय अखण्डतामा अपनाएको व्यवहारवारे चर्चा गरौं।

राजनैतिक क्षेत्रमा भारतीय विस्तारवाद

नेपालप्रति भारतको दृष्टिकोण आदिकालदेखि नै विस्तारवादी रहेको थियो भन्ने कुरा प्राचीन नेपालको इतिहासवाट थाहा पाउन सकिन्छ। यद्यपि त्यतिवेला यो नीति त्यति विकसित भएको थिएन। प्राचीन नेपालको इतिहासमा भनिएको छ 'लिच्छवी राजा शीवदेव प्रथमको मृत्यु भएपछि भारतीय राजा विक्रमादित्य (चन्द्रगुप्त) नेपाल आई शासन गरेका थिए।' जसको शासनकालदेखि नै हाल नेपालमा चलिरहेको संवत (विक्रम संवत्) चलेको हो भनिन्छ। चौधौं शताव्दीको मध्यमा वंगालको सुल्तान समसुद्दिनले पूर्वतिरवाट तिनै सहरहरूलाई ध्वस्त पारी ठूलो लुटपाट र काटमार मच्चाएको थियो। राजा महेन्द्र मल्लले मुद्रा प्रचलनमा ल्याउन भारतीय तत्कालीन सम्राटको स्वीकृति लिनुपरेको थियो भनिन्छ। "उनले नेपालका अनेक चराचुरूङ्गीको कोसेली लिई मुगल सम्राटलाई भेट्न दिल्ली गए। दिल्लीवाट फर्केपछि सम्राटको आज्ञाले नेपालमा सन् १५६६ तिर चाँदीको आफ्नो टक छपाई मोहरको चलन पैला चलाएका हुन्।" *(नेपालको सरल इतिहास पृष्ठ ४४)*

सन् १८१६ को सुगौली सन्धि

यो समयमा भारत पनि ब्रिटिस साम्रज्यवादको अधीनमा पर्दछ। भारतमा ब्रिटिश साम्राज्यवादले जरा गाडेपछि त्यसको नेपालप्रतिको दृष्टिकोण पनि गिद्दे पाराको नै हुन्छ। उनीहरूले समय समयमा नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न पुग्छन्। सन् १८१४ को बेला सीमा अतिक्रमण गरी नेपाललाई नै निल्न खोजेकोले वलभद्र, अमरसिंजस्ता वीर नेपालीहरूले वीरतापूर्वक देशभक्तपूर्ण युद्ध लड्नुपरेको थियो। तर, उनीहरूको कपटपूर्ण चालले चारैतिर व्यापक आक्रमण गरेको र तत्कालीन सामन्ती शासकवर्गको आत्मसमर्पण र घुंडा टेकाइको नीतिले गर्दा सन् १८१६ मा नेपाली जनताको इच्छाविपरीत असमान र अवैधानिक सुगौली सन्धि गर्नुपरेको थियो। यसवाट नेपालका राजनैतिक सीमासमेत खुम्चन गई प्रस्ट रूपमा अर्धऔपनिवेशीक राष्ट्रमा परिणत भयो। यही युद्धको असरवाट नेपाली वीरता र सरल ह्दयवाट प्रभावित भएर 'उक्त वीरतालाई आफ्नो हितमा प्रयोग गर्न पाए फाइदा हुने विचार' गर्न थाले। पश्चिममा विविध परिस्थितिको वाध्यताले गर्दा अमरसिंहले शस्त्र समर्पण गर्नासाथ युद्धबन्दी वनाइएका ३०० जवान गोर्खालीलाई लिएर सन् १८१५ अप्रिल २४ तारिखका दिन जनरल अक्टरलोनीले ब्रिटिससेनाकै मातहतमा "विधिवत"एक नयाँ पल्टन खडा गरे। *(झिल्को अङ्क २)*

राणा शासनलाई सघाउन ब्रिटिस साम्राज्यवाद (भारत)

सन् १८४७ मा कुवँर खलक जङ्गवहादुरले चलाएको कोतपर्व आफ्नो दलालको कार्यक्रममा साथ दिन अन्य देशभक्तहरूलाई दवाई जङ्गवहादुरलाई सत्तामा ल्याउन ब्रिटिश साम्राज्यवाद (भारतीय)को ठूलो हात थियो । सन् १८८५ मा रणोद्दीप सिंहको पालामा 'गोर्खा भर्ती' गर्न पाउनुपर्ने अप्रत्यक्ष सहुलियत लिई नेपालका विरुद्ध नेपालीलाई प्रयोग गरी आफ्नो विस्तारवादी मुकुण्डोलाई झन् उदाङ्गो पाऱ्यो । १८८० (वि.सं. १९२३) मा चन्द्र शमसेरको पालामा नेपालमाथि ७ सूत्रीय सन्धि थोपरिदियो । यसको मूल उद्देश्य १८१६ को सुगौली सन्धि झन् दृढ पार्नु, नेपालको जनआन्दोलनलाई पारस्पारिक रूपले दमन गर्नु र नेपालमा पुँजीवादको स्वतन्त्र आर्थिक कार्यक्रमको विकासलाई रोक्नु थियो । यसैगरी पहिलो र दोस्रो विश्वयुद्धमा ब्रिटिस साम्राज्यवादी (भारतीय) ले नेपालका लक्का जवानहरूलाई तोपका चारा वनाएकोमा केही चारा तत्कालीन श्री ३ लाई दिएका थिए र त्यसरी नै अन्य काममा लगाउन खोज्दथे ।

(सौजन्य: नेपालको सरल इतिहास पृष्ठ १९ (क))

सन् १९५० को सन्धि र भारतीय विस्तारवाद

जव भारत ब्रिटिस साम्राज्यवादवाट आत्तिएर भारतीय जनताले मुक्तिको लागि सङ्घर्ष गरे, त्यति बेलासम्म नेपालप्रति सोंच्ने तिनीहरूलाई त्यति फुर्सद भएन । जब भारत ब्रिटिश साम्राज्यवाद मुक्त भयो, त्यति वेला सत्तामा पुगेका भारतीय शासकहरूको नेपालप्रतिको दृष्टिकोणमा फरक आएन, त्यसपछि उनीहरूले १९५० जुलाई ३१ का दिन 'नेपाल र भारत शान्ति र मैत्री सन्धि' भनेर गोप्य सन्धि गरे । उक्त सन्धिको केही अंश मात्र १५५९ मा वल्ल वाहिर प्रकाशमा आयो, जसमा भएको पत्राचारमा लेखिएको थियो । "दुवैमध्ये कसैलाई विदेशी सुरक्षामा खतरा आइपरेमा एक अर्को सरकारले सहने छैन । यो खतरालाई सामना गर्न दुई सरकारकावीच प्रभावकारी पाइला चाल्न परामर्श गरिनेछ ।" *(नेपाल-भारत सम्बन्ध, हिरण्यलाल श्रेष्ठ)*।

यसरी नेपालप्रति भारतीय शासकहरूले प्रत्यक्ष रूपमा नेपालको सार्वभौमिकतामा हात हाल्न थाले । जब २००७ मा एक सामन्तवाट अर्को सामन्तमा सत्ता गयो । त्यतिवेला २००४ मा आफ्ना इमान्दार कुकुर राणा शासकलाई बचाउन वैधानिक सल्लाहकार मण्डललाई पठाई कथित सुधारको ढ्वाङ रची आफ्ना दलाल नेपाली राष्ट्रिय काङ्ग्रेसलाई समर्थन गर्न लगाई राणा शासनलाई बचाउन खोजेको थियो ।

भारतीय विस्तारवाद र नेपाली काङ्ग्रेस

२००७ सालपछि भारतीय प्रधानमन्त्री नेहरूले भनेका थिए "......हामीले नेपाललाई स्वतन्त्र मुलुकको रूपमा मान्यता दिएका छौं र हामीले नेपालको भलाई चाहान्छौं । तर, वच्चालाई पनि थाहा छ कि भारत नभै नेपाल पस्न सकिदैन । त्यसकारण हाम्रो जस्तो अरू मुलुकको नेपालसँग घनिष्ट सम्वन्ध हुन सक्तैन हामी भारत र नेपालवीच भएको भौगोलिक र सांस्कृतिक सम्वन्धलाई अरू मुलुकले वुझी दिएको मन पराउँदछौं ।" *(नेपाल राजनैतिक दर्पण)*। नेहरूजीले नेपाललाई 'मुट्ठीको माखो' बनाई त्यसको अस्तित्व लोप हुँदै जान सक्ने चेतावनी दिनुभएको कुरा एउटा खुल्ला चुनौती हो ।

'नेपालभित्र पस्न भारत नै चाहिन्छ' भन्नुको अभिप्राय के हो ? २००७ मा जब आफ्नो सत्ता पल्टिने छाँट आयो तव भारतले डिसेम्वर ८ मा काठमाडौंलाई दिएको एक स्मृतिपत्रमा संविधान परिवर्तनको माग, विधानसभाको निर्वाचन गराउने जनप्रतिनिधिसमेत समावेश भएको आन्तरिक सरकार गठन गर्ने, राजा त्रिभुवनलाई नै राजगद्दी दिने कुरा स्पष्ट उल्लेख भएको थियो । यो माथिको कुरालाई मान्न हिचकिचाउँदा नेहरूले यसरी धम्की दिएका थिए- "यो हाम्रो दृढ धारणा छ कि दीर्घकालीन राजनैतिक सुधार र सन्तोषजनक समाधान निकाल्न ढिलो भएमा नेपालको सुरक्षा र आन्तरिक स्थितिलाई ठूलो खतरा हुनेछ ।" *(नेपाल भारत सम्वन्ध पृष्ठ १६)*

भारतीय विस्तारवादको निर्देशनमा स्थापना भएको नेपाली राष्ट्रिय काङ्ग्रेसले नेपालमा भारतीय विस्तारवादलाई प्रत्यक्षरूपमा प्रश्रय दिन थल्यो । आफ्नो पार्टीको स्थापनाको उद्देश्यमा भनिएको थियो- "......नेपाल वास्तवमा भारतसित भिन्न छैन, ...नेपाललाई नक्कली ढङ्गले शेष भारतदेखि स्वतन्त्र र भिन्न घोषित गर्नमा अङ्ग्रेजहरूको र हाम्रो वर्तमान स्वार्थी शासकवर्गको जुन स्वार्थसिद्ध हुन्छ त्यो सवैमा विदितै छ ।" *(नेपालको राजनैतिक दर्पण पृष्ठ १०)* २००३ सालमा कलकत्तामा भएको ने.का.को सम्मेलनमा जे.वी. कृपालिनीको सन्देशमा- "......नेपाललाई भारत सरकारको अधीनमा नरहे तापनि स्वतन्त्रता मिलेको छ, तैपनि नेपालीहरूले कदापि विर्सनुहुन्न कि उनीहरूको देश सदासर्वदा भारतकै अभिच्छेद अङ्ग रहेको छ ।" त्यसै सम्मेलनमा भनिएको थियो "नेपाल एक स्वतन्त्र राष्ट्र मानिए तापनि वस्तुतः स्वतन्त्र मानिन सक्तैन ।" *(उही पृष्ठ १०)* यसरी नेपालको अस्तित्वलाई नै नराख्ने गरी आफ्नो पार्टी स्थापनाको उद्देश्य राख्नु, राष्ट्रियतालाई सौदावाजी गर्न खोज्नु, नेपाली जनताप्रतिको वेवास्ताले उनीहरू भारतीय विस्तारवादका इमान्दार एजेण्ट (Agent) थिए भन्न मिल्दैन र ?

यी भारतीय विस्तारवादका इमान्दार एजेण्टहरूको सङ्गठनको नाइके (भारतीय) सरदार वल्लभ भाइ पटेल हो । किनभने यिनीहरूको सङ्गठन नेपाली काङ्ग्रेस र नेपाल डेमोक्र्याटिक काङ्ग्रेस (२००५ मा राणाहरू हट्ने छाँट आएपछि पुनः सत्तामा आउने लक्ष्य राखेको सङ्गठनलाई उक्त नाइकेको निर्देशनमा एउटै पार्टी गराएर जसको नाम नेपाली काङ्ग्रेस राखे ।) त्यसपछि त झन् खुलेआम नेपालको राष्ट्रिय अस्तित्वप्रति खतरा भित्र्याउन थाले । उक्त प्रमुख नाइके पटेलले "भारतीय सेना पठाएर नेपालमाथि अधिकार गरी काश्मिर र हैदरावादझैं भारतीय सङ्घमा स्वतन्त्र सदस्य मान्नुपर्छ।" सम्म भनेको थियो । *(उही)*

२००४ साल फागुण ८ गते पदम शमसेर नेपालबाट भागेर (आन्तरिक कारणहरू) भारत पुगेपछि भारतीय विस्तारवादी शासकहरूले उसलाई 'तिमी यही बसेर हुकुम चलाऊ, हामी तिमीलाई मद्दत गर्दछौं ।' भनी उसलाई कठपुतली बनाई सिक्किमको लेण्डुप दोर्जेझैं बनाउने सुनियोजित चाल थियो भन्न सकिन्छ ।

संयुक्त राष्ट्रसङ्घमा नेपालको सदस्यता प्राप्त गर्न खोज्दा नेपाली काङ्ग्रेसको नेता वी.पी. कोइरालाले आफ्ना गुरुहरूको निर्देशनमा- "नेपाल एक स्वाधीन राष्ट्रको हैसियतले सं.रा.सं.मा सदस्यता प्राप्त गर्न सक्दैन" भनी तार पठाउनुको साथै 'भारतीय

संसद्मा नेपालले दुई सीट पाउनुपर्दछ' भनी वक्तव्यसमेत निकालेर आफ्ना मालिकहरूको सच्चा भक्त र नेपाली जनताको ज्यानी दुश्मनको मुकुण्डो उतारेको थियो ।

२००७ सालमा ढल्न लागेको राणा शासनलाई थमाउनभन्दा काङ्ग्रेसलाई सत्तामा पुऱ्याई आफ्नो स्वार्थसिद्धि गर्ने र आफूले चाहेअनुसारको "प्रजातान्त्रिक" शासन स्थापना गर्ने नीति भारतीय विस्तारवादीहरूले लिए । तत्कालीन सामन्तले आफ्नो गुमेको शक्ति फिर्ता चाहन्थ्यो, नेपाली काङ्ग्रेस सामन्त र दलाल पुँजीपतिवर्गको सत्ता कायम गराउन नेपाललाई भारतको नवउपनिवेश वनाई उसैको तावेदारी गर्न चाहन्थ्यो । यिनीहरूको प्रहारको केन्द्र विन्दु राणा रहे पनि पछि आफ्नै वर्गीय चरित्र ठानेर 'मित्र'मा वदलियो र यिनीहरूले आफ्नो लिनेदिने हिसावकिताव मिलाए । भन्नुको मतलब सामन्तवर्गको अधिकार फिर्ता हुने, भारतले आफ्नो दलाल (ने.का.) लाई सरकारमा भर्ना गर्न पाउने र राणाहरूको केही (आधा भाग) पाउने गरी जनताको विद्रोहलाई दमन गरी एउटा सम्झौता गरे । त्यो नै कुख्यात 'दिल्ली सम्झौता' हो । जनता जिल्लिए । कुनै-कुनै ठाउँमा यसको विरोध गर्नेलाई प्रत्यक्ष रूपमा भारतीय सशस्त्र सैन्य ल्याई दमन र हस्तक्षेप गरियो । यसरी भारतीय विस्तारवादले नेपालभित्र अझ राम्ररी जरो गाड्न सफल भयो ।

२००८ सालमा 'सैनिक मिसन' नेपालका सैनिकलाई तालिम दिने नाममा नेपाल भित्र्याइयो । अव भारतीय विस्तावादीहरूले नेपालभित्र सैनिक घुसाइ जासुस गर्न र परिआएमा सुरक्षाको नाममा आक्रमण गर्नसमेत पछि नपर्ने गरी आफ्नो प्रभुत्व जमाउन सफल भएको थियो । पछि नेपाली जनताले उक्त कारवाहीलाई विरोध गरेकोले यस कार्यक्रमतर्फ विविधीकरण गर्न खोजिएको थियो ।

२००८।१।२५ का दिन अर्थमन्त्री सुवर्ण शमसेर र गृहमन्त्री वी.पी. कोइराला हवाइजहाजद्वारा दिल्ली प्रस्थान गरे । जाने बखतमा गृहमन्त्रीले भनेका थिए "हामी पं. नेहरूको राष्ट्रिय अन्तर्राष्ट्रिय मामिलामा परामर्श गर्न गइरहेका छौं । हामी नेपालमा एकै विचारका सदस्यहरू भएको मन्त्री मण्डल चाहन्छौं ।" *(जनजागरण १३ मार्च २०४०)* यसवाट के स्पष्ट हुन आउँदछ भने उता नेहरूले बेलाबेलामा नेपाललाई भारतमा मिलाउने धम्की, चुनौती दिनु यता एकै विचारका मन्त्रीमण्डल चाहानु नै देशको राष्ट्रियतालाई नै सौदावाजी गर्नु हो भन्ने कुरा ठोकेर भन्न सकिन्छ ।

२००९ सालमा काङ्ग्रेसी पक्षको वनमन्त्री भद्रकाली मिश्रले सिंहदरवारको सेक्रेटरीयटमा नेपालको प्रजातन्त्र जोगाउन भारतीय फौजको सहायता लिनुपर्दछ भनेको थियो । यसैगरी तत्कालीन सरकारले नेपालको उत्तरी सीमाको चेकपोष्टमा भारतीय सैनिक राखेर आफ्नो घृणित चालवाजी र कुटनीतिलाई प्रस्ट्याएको थियो । पछि उक्त कुटनीतिलाई नेपाली जनताको विरोध बढ्यो र उक्त चेकपोष्टमा भारतीय सैन्य हटाइएको थियो ।

२०१० सालको भारतीय पशिचमाञ्चलमा भीम दत्तको नेतृत्वमा भएको किसान विद्रोहलाई दवाउन भारतले फौज पठायो र कथित नेपाली सैनिकसँग मिली संयुक्त सैनिक कार्वाहीको नाममा भारतीय फौजले उनको हत्या गर्नसम्म पछि परेन ।

२०१० सालको भारतीय लोकसभाका अध्यक्ष आनन्दन सयमन आयगरले भनेका थिए- " ...... एसियामा प्रजातन्त्र सुदृढ गर्न नेपाललगायत हिमाली राज्यहरूलाई

भारतीय सङ्घमा मिलाउनुपर्दछ ।" *(नेपाल भारत सम्वन्ध पृष्ठ २०)* सरदार भाइ पटेल र नेहरूले वेलावेलामा नेपालको अस्तित्व नै विर्सिदिई आफ्नो सीमाना हिमालय सम्भने, नेपाल हाम्रै देश हो भन्ने गरेकोले नेपालमा उक्त कुराको व्यापक विरोध हुन थाल्यो । वि.सं. २०१० सालमा भारतीय प्र.म. नेहरूले राज्यसभामा यसो भन्नसम्म पछि परेनन् "नेपालको वैदेशिक नीति भारतसँग समन्वय गरिनुपर्दछ ।"-*(उही पृष्ठ २१)*

२०२१ सालमा भारतीय राष्ट्रपति राजेन्द्रप्रसाद नेपाल भ्रमणको रात्री भोजको अवसरमा आफ्नो विषवमन यसरी गरेका थिए- "नेपालको शान्ति सुरक्षामाथिको खतरा भारतको शान्ति सुरक्षामाथिकै खतरा जत्तिकै हुनेछ ।" नेपाली जनता आफ्नो राष्ट्रियताको सुरक्षाको चासो आफैं गर्न सक्छन् । यसमा हस्तक्षेप र छलपूर्ण मित्रताको प्रश्नै उठ्लान् भनेर व्यापक विरोध गरिएको थियो ।

जव पञ्चायती व्यवस्था देशमा ल्याइयो र सम्पूर्ण पार्टीहरूलाई प्रतिवन्ध लगाइयो । त्यसपछि भारतीयहरूले ने.का.लाई उपलव्ध गराई नेपालका सशस्त्र सङ्घर्षको लागि उक्साए । त्यतिवेर राजा महेन्द्रले अराष्ट्रिय तत्वलाई भारतवाट प्रोत्साहन भएको छ, भारतीय वैदेशिक मामिलाका उपमन्त्री श्रीमती लक्ष्मी मेननले लोकसभामा "नेपालका सवै दोषारोपणहरूलाई छानविन गर्दा सवै आधारहीन देखियो" भनेकी थिइन् । यसै गरी प्र.म.नेहरूले "शाहीसेनावाटै खोसेका हतियार विद्रोहीहरूले प्रयोग गरेका हुन्" भनी सफाई दिने प्रयत्न गरेका थिए । 'चोरको खुट्टो भिकेभैं गरेका थिए ।'
प्र.म. नेहरूले सन् १९६२ मा लण्डनको एक प्रेस सम्मेलनमा भनेका थिए 'भारतमा वसेका नेपाली काङ्ग्रेसका नेताहरूलाई शान्तिपूर्ण ढङ्गले आफ्ना विचार प्रचार गर्न रोक्न सकिन्न । सन् १९०५ मा भारतले कुटनीति चाल वलियो गराउन चीनवाहेक अरू मुलुकवाट हातहतियार मगाउन परेमा भारतसँग स्वीकृति लिनुपर्ने गोप्य सम्भौता गरिएको थियो । योपछि प्रकाशमा आएपछि उक्त सप्लाइमा विविधीकरण गर्न खोजिएको थियो तर भारतीय भूमिवाट हुनु पर्ने पारवहन र भारत सरकारको दृष्टिकोणले धेरै कुरामा असजिलो पारेको थियो ।

विविध असन्तुष्टि, तत्कालीन सरकारको अन्याय, अत्याचार र त्यसको समाधानको लागि उक्त कार्यको अकर्मण्यता आदिले गर्दा नेपाली जनआन्दोलन, जुन २०३५।३६ सालमा भयो त्यसमा नेपाली कुनैवाट छिपेको छैन । उक्त जनआन्दोलनमा नेपाली जनताको विद्रोह रोक्न र सैनिक हस्तक्षेप गर्न नेपालका तराइका जिल्लाहरू (भारतीय सीमासँग जोडिएका)का सीमानामा सैनिक गतिविधि वढाइएको थियो । यो षड्यन्त्र निकै सुनियोजित र पहिलेदेखि नै थियो भन्ने कुरा र त्यसमा ने.का.को पूर्ण समर्थन थियो भन्ने कुरा वी.पी. को गोरखपुर प्रेस वक्तव्यवाट छर्लङ्ग हुन्छ । त्यसमा थियो "यदि भारत सरकारले हाम्रो मुक्ति वाहिनीलाई शस्त्र आपूर्ति गर्दछ भने हामीले त्यसको स्वागत गर्नेछौं, वंगलादेशलाई भैं नेपाललाई पनि उसको हक दिलाउन भारत सरकार अगाडि आउनुको उसको कर्तव्य हुनेछ ।" *(वारूद अङ्क १)* यसरी खुला रूपले भारतीय विस्तारवादलाई निम्त्याइरहेको छ, फेरि चीनको हौवा दिदै भारतलाई नेपालको राष्ट्रियतामाथि हस्तक्षेप गर्न यसरी निम्तो दिन्छन् । "यदि भारतले नेपालको प्रजातान्त्रिक शक्तिहरूलाई मजबुत गराउने काम गरेन भने एकदिन विहान उठ्ने वित्तिकै सुन्नेछ कि नेपाललाई चीनले कब्जामा लिएको छ ।" *(उही)*।

यसैगरी नेपाली जनताको इच्छाविपरीत तत्कालीन सरकारले इन्दिरा गान्धीसँग परामर्श लिई 'जनमत सङ्ग्रह' को घोषणा गर्न पुग्छ । "तँ हाने जस्तो गर, म रोए जस्तो गर्छु" भने झैं नेपाली काङ्ग्रेसले जनमत सङ्ग्रह निष्पक्ष हुन्छ, सङ्घर्ष गऱ्यो भने ज.म.सं. विथोलिन्छ, भोलि वन्ने सरकार हाम्रो, वहुदल भन्नु नै नेपाली काङ्ग्रेस हो भनी फूलमालाले स्वागत गर्न पुगे । वक्तव्य दिनु ९५ प्रतिशत मत वहुदलमा ल्याउँछौं भनेर । यही ज.म.सं. को परिप्रेक्ष्यमा वि.पि.ले भारतीय विस्तारवादको इसारामा नेपालमा उर्लिरहेको जनसङ्घर्षलाई रोक्न आफ्नो झुसिलो डकार यसरी ओकलेका थिए- "यस राष्ट्रिय महत्वको जनमत सङ्ग्रहको परिप्रेक्षमा ....देशमा भएका सङ्घर्षका स्थितिहरूलाई समाप्त पार्नुपर्दछ, सङ्घर्ष अहिलेको परिप्रेक्षमा जनहितमा नभई जनविरोधीमा प्रमाणित हुनेछ" । यसरी अङ्ग्रेजहरूले भारतमा शासन गर्दा अङ्ग्रेजहरूको नीति नेपालको परराष्ट्र नीतिलाई आफ्नो हातमा राख्ने र नेपालमा अनुकूल सरकार कायम गर्नेसम्म नै सीमित थियो । भारत सरकारको नीति त्यसभन्दा अगाडि नेपाललाई अधीनस्थ राज्य (Dependensy state) वनाउने भएको छ । १९५४ मा अमेरिकी पत्रकार लुइस फिसरसँग कलकत्तामा नेपालका प्रधानमन्त्री मात्रिकाप्रसाद कोइरालाले नेपाल भारतको अर्ध-अधीनस्थ राज्य (semi-dependensy state) हो भन्ने कुरा स्वीकारेका थिए ।

कोशी मण्डल असमान सन्धि र सीमा समस्या

नेपालको राष्ट्रियता, सार्वभौमिकता र क्षेत्रीय अखण्डतालाई खुल्ला चुनौती दिन विभिन्नखाले असमान सन्धिहरू शताब्दीऔंका लागि तोकिदिएका छन् । नेपालका राष्ट्रिय प्राकृतिक सम्पदाहरू भारतलाई वेचिदिएका छन् । नेपालको भू-भाग सुख्खा र मरुभूमि जस्तो पारी ने.का.को शासनकालमा नेपालका ठूला नदीहरू कोशी, गण्डकी भारतलाई सुम्पेर भारतीयहरूप्रति आफ्नो इमान्दारीता देखाएका छन् । स्वाभिमानी देशभक्त नेपाली नागरिकहरूले यसको विरोध गर्दा ने.का.का नेता वी.पी.कोइरालाले भनेका थिए- "म यहाँसम्म भन्न तयार छु कि यदि यो (कोशी) बाँधले नेपाललाई हानी पुऱ्याई केवल भारतलाई मात्र लाभ हुन्छ भने पनि कोही बुद्धिमान मानिसले यसको विरोध गर्ला ?" भारतीय भूमिमा लाखौं हेक्टर सिन्चाइ हुनु, विद्युत शक्तिको फाइदा लुटेर केवल एउटा पुल, माछा मार्न पाउने व्यावसाय, नेपाली मजदुरलाई काम दिने व्यवस्था, विद्युत शक्ति आधा मात्र पाउने व्यवस्था (त्यो पनि पैसा तिरेर) जस्ता असमान सन्धिमा हस्ताक्षर गर्नु नेपाली जनताको छातीमा लात हानेको ठहर्दैन र ? अझ केही बुँदाहरूमा के पनि स्पष्ट भएको छ भने भारतको स्वीकृतिविना यी नदीहरूबाट कुनै पनि किसिमले यहाँको पानी प्रयोग गर्न पाइनेछैन । यो कुरा चितवनमा नारायणी नदीवाट सिन्चाइ गर्ने कार्यक्रम तर्जुमा गर्दा बाधा आइपरेकोबाट प्रमाणित हुन्छ । यसो हो भने त भोलि हामी एक गाग्री (खाने) पानी लिन पनि भारतको स्वीकृति लिनुपर्ने भयो । यो कुरा कति चुनौतीको विषय छ । यही भारतद्वारा लादिएको असमान सन्धिका वारेमा ने.का. का उचस्थ नेता गणेशमान सिंहले आफ्नो विषवमन यसरी गरेका छन्- "जनआधारमा उभिएको प्रजातान्त्रिक सरकारद्वारा हस्ताक्षरित सन्धिहरू भने वरावरीको आधारमा राष्ट्रिय सम्मान अक्षुण राखेर नै गरिएको छ भन्ने कुरा ठोकेर

भन्न सकिन्छ ।" यसैगरी नेपालका अन्य नदीहरू राप्ती, कर्णाली आदिको पनि गोप्य सन्धि भइसकेको छ । स्पष्ट रूपमा जनसाधारणमा नआए तापनि सूर्यवहादुर थापाको छिनोफानोले नेपालका अन्य प्राकृतिक स्रोतहरू पनि भारतमा गाभ्ने प्रयास हुँदै छ भन्न सकिन्छ । यसरी इच्छाविपरीत असमान सन्धिहरू गरिरहेका छन् । यसको मुख्य दुईवटा कारणहरू छन्, प्रथमतः २००७ देखि २०१७ सालसम्म सरकारमा वसेको आंशिक वा पूरा भारतीय विस्तारवादका इमान्दार एजेण्टहरू जसले आफ्ना मालिकलाई खुसी पार्न राष्ट्रियतालाई सौदावाजी गरे, दोस्रो, वर्तमान सामन्ती व्यवस्थाको भारतीय विस्तारवादप्रतिको आत्मसमर्पण र घुँडा टेकाइको नीति नै हो । यी असमान सन्धिहरू (जसले भारतीय सरकारलाई नै फाइदा पुगिरहेको छ)को पनि वास्ता नगरेर सीमाअतिक्रमणमा वलमिचो प्रयोग गरिरहेका छन् । जस्तो ती सीमा समस्याहरू देखिएका ठाउँहरू महेशपुर, कोइलावास, सुस्ता, काँकडभिट्टा आदिमा सीमा अतिक्रमण भइरहेको छ । सीमा समस्याको चर्को उदाहरण सुस्ता क्षेत्र नै भएको छ । सर्लाही र सुस्ता नारायणी (गण्डक) नदीको भङ्गालोवाट वनेका दुईवटा टापुहरू हुन्, जसलाई १८१६ को सुगौली सन्धिमा पनि यो कुन क्षेत्रको हो भनेर छुट्याइएको थिएन । वर पनि नदी जुन देशवाट निस्किएर वगेको छ त्यसको पार्ट (sprn) त्यही देशको हुनुपर्ने भएकोले परम्परादेखि उक्त क्षेत्र नेपालले उपभोग गर्दै आएको हो । यसअनुसार गण्डक सम्झौता उक्त टापुहरू नेपालको हुनुपर्छ, भनेर आवाज उठाउँदा तत्कालीन सरकारले कानमा तेल हाली वस्यो । *(सत्य साप्ताहिक, कार्तिक, २०४०)* पछि जङ्गल फडानी गरी ६००० विघा जति जग्गामा नेपालका भू.पू. सैनिकहरू (११०० परिवार)लाई बसोवास गराइयो । ती परिवारहरू भारतीय अतिक्रमण सहन नसकी त्यहाँवाट भागेर करिव ४००० विघा जग्गा जति भारतले अतिक्रमण गरिसकेको छ र हाल रहेको २००० विघामा २०० परिवार जति रहन सकेका छन् । *(मातृभूमि, कार्तिक, ०४०)* यिनीहरूको पनि जीउ धनको सुरक्षा नभएको कुरा तलको घटनाले प्रस्ट पार्दछ ।

"यही भाद्र ३० र ३१ गते नेपालको नवलपरासीको सुस्ता क्षेत्रमा भएको भारतीय अतिक्रमणको पूर्ण जानकारी छ । ....यही ३० गतेका दिन दिउँसो ११ वजे मुला खाँको खेत जोतिरहेका ट्र्याक्टर ड्राइभर सर्जुविन, खलासी इसुफ मियाँ, खाना पुऱ्याउन गएका काखीनसमेत ३ जनालाई भारतीय वनपालेले पक्रेर लगे .....८ जना वनपाले र १२ जना शसस्त्र प्रहरीहरू आई सुस्ताभित्र पसी मुला खाँको ज्वाइँ रफी खाँ, जङ्गली मियाँलाई गोली हानी हत्या गरे । ....त्यस दिन ३१ गोली चलेको थियो । ....भोलिपल्ट भारतीयहरूले करीव ८ वजे करीव २०० सशस्त्र दलले त्यस ठाउँमा हमला गरी लुटपाट मच्चायो ।" *(ज्वाला साप्ताहिक अङ्क ३८)* नेपालमा यो कुरा सर्वसाधारणलाई पनि थाहा भयो । अधिकांश पत्र-पत्रिकाहरूमा यो घटना देखापऱ्यो । यो कुरालाई सहन नसकी भारत सरकारले श्री ५ को सरकारलाई उक्त पत्र-पत्रिकालाई कारवाही गर्न दवाव दिइरहेको छ । यसैअनुसार प्रशासनले पनि केही पत्र-पत्रिकाहरूलाई खुनी दृष्टि राखेको पाइन्छ ।

१९५० को सन्धिलाई ठाडै उल्लंघन गरेर भारतले आफ्नो खुनी चर्तीकला काँकडभिट्टा, गोरखा, भैरहवा घटनामा उदाङ्गो पारेको छ । २०४०।५।११ गतेको गोरखापत्रमा लेख्दछ "नेपाली यात्रीहरूलाई हिजोदेखि काँकडभिट्टाको वाटो गरी भारत प्रवेश गर्न अनुमतिविना रोक लगाइएको छ ।" केही दिनपछि (०४०।५।१३) गोरखापत्रमा "भारत

जान लागेका नेपालीहरूलाई भारतीय क्षेत्र पानी टङ्कीमा पक्राउ गरी भारतीय अध्यागमन कार्यालयले कारवाहीको लागि सिलगुढी चलान गरेको छ ।" भनेर लेखिएको थियो । यसरी भारतीयहरू नेपालमा वेरोकतोक आउन पाउने तर उता जान खोज्ने नेपालीहरूलाई 'अनुमति' माग्ने, पक्राउ गर्ने कहाँसम्म न्यायसङ्गत र सन्धिको पालना गरेको हुन सक्छ ? यो नै एउटा टड्क्रारो प्रश्न हो । यसैगरी गोरखामा भारतीय (पुलिस वर्दिमै) ठाडै गएर ठाडै गिरफ्तार गर्दा पनि नेपालको प्रशासन चुप लागेर बसेको थियो, तर पछि त्यहाँका जनताको विरोध भएपछि औपचारिकता पूरा गर्न कारवाही गरेको थियो । भैरहवामा पनि एक विद्यार्थीलाई भारतीय प्रहरीले मरणासन्न हुने गरी पिटेको थियो र अपहरण गर्न खोजेको थियो तर जनताको व्यापक विरोध भएपछि उक्त व्यक्तिलाई नेपाल फिर्ता पठाएको थियो ।

नेपालका प्राकृतिक श्रोत र सम्पदालगायत नेपाली लक्का जवानहरूसमेत वेच्न पछि परेनन् । भारतका न्यायप्रेमी जनतालाई दुःख दिन गोर्खाली फौज प्रयोग गरेका छन् । यस कुरालाई प्रस्ट पार्दै तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भनेका थिए- "यदि नेपालीहरूलाई विदेश जानबाट (बेच्नवाट) रोकियो भने त विदेशी मुद्रा आर्जन गर्ने श्रोत नै वन्द हुन्छ ।" *(चम्किलो तारा अङ्क १)* विदेशी मुद्रा आर्जन जवान विक्री हो भनी सोंच्ने शासकवर्ग स्वयंले र अर्कोतिर यसको विरोध र आलोचना गर्न नपाउने नीतिले सवैलाई आक्रोशित र आन्दोलित पारेको छ ।

आर्थिक क्षेत्रमा भारतीय विस्तारवाद

जसरी राजनैतिक क्षेत्रमा प्रचीनकालदेखि नै भारतीय विस्तारवादको प्रभुत्व थियो, त्यसैगरी आर्थिक क्षेत्रमा पनि प्राचीनकालदेखि नै जरो गाड्न सफल भएको पाइन्छ । किनभने कुनै पनि राजनीतिले आर्थिक कार्यक्रम वोकेको हुन्छ । यी एउटै सिक्काका दुई भागजस्तै सम्वन्धित रहन्छन् । त्यति पुरानो आँकडा प्राप्त नभए पनि बहादुर शाहको पालमा (वि.सं. १८४८ मा) सप्तसूत्री व्यावसायिक सन्धि कायम गरी नेपालको स्वतन्त्र वाणिज्य व्यवसायमा कम्पनी सरकारबाट अङ्कुश लगाएपछि आर्थिक क्षेत्रमा भारतीय विस्तारवादको इतिहास सुरु हुन्छ । यस सन्धिको ठीक १० वर्षपछि १८५८ मा १३ सूत्रीय व्यवसायीक सन्धि गरी नेपालको राष्ट्रियता र आर्थिक क्षेत्रमा कालो दाग लागेको कुरा प्रस्ट हुन्छ । चन्द्र शमशेरको पालामा पनि सात सूत्रीय सन्धि थोपरिदियो । यसको उद्देश्य माथि नै वताइएको छ । यतिवेला नै भारत भोटको परम्परा व्यापार मार्ग वन्द गराई नेपालको आन्तरिक वजारमा आफ्नो एकलौटी अधिकार जमाएको थियो ।

१९६८ अक्टोबरमा नेपालमा आयात गरिने भारतीय चुरोटमा प्रतिवन्ध लागाएपछि भारतले त्यस नीतिप्रति विरोध जनायो । त्यही नीतिमा नेपाल आत्मविश्वास (Self-confidence) प्राप्त गर्न नसकेर "नेपालमा निर्यात हुने" भनी नलेखिएका चुरोट मात्र आउन नदिने भनी खुट्टा सारेको थियो ।

१९७० डिसेम्वरको अन्तमा भारतले एकतर्फी कारवाही गरेर नेपाल आउने सामानहरूलाई सीमानामा ३ दिनसम्म रोकेको थियो । अर्कोतिर विगत सन्धिको म्याद १ वर्ष थप गर्ने कुरामा पनि भारत सरकारले अस्वीकार गरेको थियो । यसरी आफ्नो

दिनुपर्ने सहुलियतलाई १ वर्ष पनि वढाउन नमान्ने र अर्काको लिंदा शताव्दीको गिद्धे दृष्टि प्रस्ट हुँदैन र ?

हालको नेपालमा पनि भारतीय पुँजीपन्थीहरू नेपाल पसी नेपालको अर्थतन्त्रलाई खुला चुनौती दिइरहेको हामी कसैवाट छिपेको छैन। भारतवाट नेपाल पसेका मारवाडीहरूलाई नेपालको व्यापारमा एकलौटी अधिकार प्राप्त गर्न लागाउनु, तस्करी, भ्रष्टाचार, कालोवजारी गर्न वर्तमान सामन्ती सरकारले छुट दिइरहेको छ। सन् १८६० र १८६५ मा भारतद्वारा लादिएका व्यापार तथा पारवहन सन्धिका वुँदाहरूमा 'भारतको एकलौटी वजारको स्थापना' प्रस्ट उल्लेख गरिएको छ। यसैगरी भारतले कोशी र गण्डकीवाट लाखौं हेक्टर भारतीय भूमि सिन्चाइ गर्नुका साथै प्रसस्त विजुली शक्ति अनिश्चित समयको लागि कमाएको छ भने नेपाल त्यही समस्यावाट पीडित छ।

सांस्कृतिक र शैक्षिक क्षेत्रमा भारतीय विस्तारवाद

माथि उल्लेख गरिएका राजनैतिक र आर्थिक क्षेत्र जस्तै शैक्षिक र सांस्कृतिक क्षेत्रमा भारतीय विस्तारवादले प्रत्यक्ष प्रश्रय पाएको छ। यस प्रकारको उपनिवेश राजा जयस्थिति मल्लको 'हिन्दू वर्ण व्यवस्था' (व्राम्हमण, क्षेत्री, वैश्य, शुद्र) वाट सांस्कृतिक क्षेत्रमा आक्रमण भएवाट सुरु हुन्छ।

हिन्दू र वौद्ध धर्मका ठेकेदारहरू (पुरोहित वर्ग) ले आफ्ना यजमानहरूलाई सङ्कल्प गराउँदा "भारत खण्डे, आर्यावर्तार्न्गत नेपाल देशे" भनेर गराउँदछन्। यो नै नेपालको सांस्कृतिक क्षेत्रमा खुला चुनौती हो। प्रताप मल्लको पालामा हातमा वाइवल र कम्मरमा छुरी भिर्ने पादरीहरूको प्रवेशवाट नेपालको सांस्कृतिक गतिविधि पथभ्रष्ट पारिदिएको थियो। सांस्कृतिक क्षेत्रमा आफ्नो प्रभुत्व जगाउन सन्तोषी माता, साइवावा, वालयोगेश्वर महादेव, रजनीशजस्ता कुख्यात डाँकाहरूलाई नेपाल पठाई धर्मको नशा फैलाई सोझा नेपालीहरूलाई पथभ्रष्ट पार्न सांस्कृतिक आक्रमण चलाइरहेको छ। नारी शिक्षामा पनि अवरोध ल्याउन हरितालिका व्रत कथा, एकादशी व्रत, पूर्णिमा व्रत, आइतवारे व्रत, स्वस्थानी व्रतजस्ता अनेक कथा, उपन्यासहरू लेखी नेपाली नारीहरूलाई शिक्षावाट वञ्चित हुनालाई सहयोग भइरहेको छ।

अश्लील सिनेमा, फिल्मी पत्रिका, अश्लील उपन्यास आदिमा छाडा, योगवादी व्यक्तिवादी निराशावादी, कुसंस्कारलाई प्रश्रय दिने साहित्य प्रचार गरेर नेपालीहरूलाई पथभ्रष्ट पारेको कुरा हामी कसैवाट छिपेको छैन। यसै गरी सिनेमा, पत्रिका, विज्ञापनमा देखाइने फेसनवाट नेपालीहरू छुत रहेको कुरालाई अस्वीकार गर्न सकिँदैन।

भारतमा व्रिटिस साम्राज्यवाद रहँदासम्म नेपालीहरूलाई शिक्षावाट वञ्चित राख्न नेपालमा एउटा पनि पाठशाला राख्न दिएनन्। धनीका छोराहरू गुरुकुल वा भारतमा गएर पढ्थे। अरूलाई पढ्ने कुरा नै थाहा हुँदैनथ्यो। वल्लतल्ल वि.सं. १९५८ मा ५७ जति भाषा पाठशाला खोलिएको थियो। पछि चन्द्र शमसेरको पालामा १८ मात्र वाँकी रहेका थिए। पछि वि.सं. २००० मा १०० जति पुगेका थिए। त्यतिबेलाको प्रवेशिका परीक्षा र विद्यालयमा पढाइने पाठचक्रम कलकत्ता विश्वविद्यालय वुलेटिन विशेषाङ्क २०४० लेख्दछ, "नेपालमा कुनै विदेशीको अधिपत्य कहिल्यै नभए तापनि शिक्षाका सम्वन्धमा भने प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट विदेशीको दिशानिर्देश भएको कुरालाई विर्सन सकिँदैन।"

यी माथिका विवरणहरूवाट के स्पष्ट हुन्छ भने भारतीय विस्तारवादीहरू र तिनीहरूका आडमा रहन सकेको तत्कालीन र वर्तमान प्रतिक्रियावादी सरकारले आफूलाई जगेर्ना गर्ने भारतीय विस्तारवादीहरूलाई खुला आश्रय दिएको छ। नेपालका पिछडिएको औद्योगिक अवस्थाले गर्दा नेपालमा विदेशी शोषणको मुख्य स्वरूप व्यापारिक नै छ र त्यसमा भारतीय पुँजीको प्रमुखता छ। यसवाट के प्रस्ट हुन्छ भने भारतीय विस्तारवादीहरूले नेपालमा आफ्नो प्रतिक्रियावादी राजनैतिक र आर्थिक स्वार्थका कारणहरूले आफ्नो स्वार्थअनुकुल राजनैतिक व्यवस्था कायम गर्न चाहन्छन्।

यदि यस्ता किसिमका गम्भीर प्रश्नप्रति हेलचेक्राइँ देखाउने हो भने, आफ्नो स्वतन्त्रताको रक्षा गर्न सजग र सक्षम नहुने हो भने विश्वको वर्तमान मानचित्रवाट कुनै पनि क्षण हाम्रो जस्तो साना कमजोर राष्ट्रहरूको स्वतन्त्र अस्तित्व सदाको लागि लोप हुन सक्तछ भन्ने कटुसत्य, स्वतन्त्रता र मातृभूमिको मायालाई प्राणभन्दा ठूलो सम्झने हामी नेपालीले हृदयङ्गम गरेकै हुनुपर्दछ। आजसम्म नेपाली जनताले मानिआएको भारतप्रतिको धारणालाई उथलपुथल पार्दै इतिहासको गर्भबाट पहिले फाइलभित्र लुकेका तथ्यहरू प्रकाशमा आउँदै छन्। भारतले लादेका असमान सन्धिहरू, आर्थिक राजनैतिक शोषण, शिक्षा र संस्कृतिको शोषण तथा आक्रमण गरेर नेपालको अस्तित्वलाई विलमन गर्न खोज्ने भारतीय विस्तारवादीहरूप्रति जनताका आवाज बुलन्द पारी नेपाली जनतालाई आक्रोशित र आन्दोलित पार्न आजका नेपाली बुद्धिजिवीवर्गको नै मुख्य हात रहन्छ र यो मुख्य आवश्यकता पनि हो। यदि हामीले विश्वमा हिजो आज देखापरेका गम्भीर स्थितिको उचित र वस्तुगत मूल्याङ्कन गरेका छैनौं भने र सम्भावित विश्वयुद्धको खतराको घण्टी सुनेका छैनौं भने युद्धस्तरमा राष्ट्रियता, एकता, सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रताको संरक्षणका निम्ति पूर्ण सजग भई काम गर्न सक्तैनौं भने कालान्तरमा हाम्रो यो भयङ्कर भूल हुन जान्छ।

०४०६८९१७
केन्द्रीय क्याम्पस, रामपुर

<u>**सन्दर्भ सामाग्रीहरू :**</u>

- *नेपालको राजनैतिक दर्पण - गृष्मबहादुर देवकोटा, प्रथमावृत्ति*
- *नेपाल भारत सम्बन्ध - हिरण्यलाल श्रेष्ठ*
- *नेपालको सरल इतिहास - हे.म. ईन्द्रप्रसाद शर्मा*
- *त्रि.वि. वुलेटिन विशेषाङ्क - त्रिभुवन विश्वविद्यालय*
- *चम्किलो तारा वर्ष १ अङ्क १ -स्ववियू, रामपुर क्याम्पस*
- *जनमानस वर्ष ५ अङ्क ५ - अ.भा.ने. विद्यार्थी सङ्घ*
- *मातृभूमि, सत्य, राष्ट्रपुकार, मूल्याङ्कन, ज्वाला, जनचेतना, खसोखास, नवजागरण, छानविन, योजना, छलफल, नयाँ सन्देश आदि साप्ताहिक समाचारपत्रहरू*
- *गोरखापत्र - गोरखापत्र संस्थान*
- *लालकिरण - २०४१ मुखपत्र स्ववियू, रामपुर।*



रामबहादुर रायमाझी



काभ्रे जिल्ला भीमखोरीमा रामबहादुरको जन्म २०३१ भाद्र ३१ मा बुबा पथबहादुर र आमा पुण्यमाया रायमाझीको कोखबाट भएको थियो । जन्मस्थल काभ्रे भए तापनि उहाँको राजनीतिक यात्रा लगभग पूरैजसो सिन्धुली जिल्लामा बित्यो । स्कूले जीवनदेखि नै राजनीतिबाट प्रभावित हुनुभएका रायमाझी सिन्धुली बहुमुखी क्याम्पस इकाई सदस्य हुँदै ०५१ मा जिल्ला अध्यक्ष र २०५२ मा सम्पन्न तेह्रौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य हुनुभयो । साङ्गठनिक कामको सिलसिलामा सिन्धुलीको अमलेबाट ०५३ बैशाख २४ गते अन्य साथीहरूसँगै पुरानो सत्ताका भरौटे पुलिसले गिरफ्तार गरी ३५ दिनसम्म खानसमेत नदिई यातना दिंदै हिरासतमा राख्यो । यातनाका कारण आँखा र टाउकोमा आघात परी मूर्च्छा पर्दा पनि उपचार गराउनुको सट्टा वीरगञ्ज, काठमाडौ, पुनः सिन्धुली घुमाइरह्यो । अवस्था गम्भीर भैसकेपछि अन्तिम अवस्थामा वीर अस्पताल लैजादै गर्दा ०५६ फागुन १७ गते बाटैमा उहाँको शहादत भयो ।

घायल वस्तीहरु

सधैं सधैं उन्नति-प्रगति चाहने
निष्कलङ्क सुन्दर वस्तीहरू
समीपमा मात्र हैन
दूर-दूरसम्म नाता गाँस्ने आकाङ्क्षा वोकेका
वीरहरूका वस्तीहरू
सदा हिलो र धूलोमा रमाउने
किसानहरूका वस्तीहरू
वैरीहरूका निशाना बनेका छन्
महलका काजीहरूको रजाइँ चलेको छ
अत्याचारीहरूका काला किल्ला भएका छन्।

सुन्दै छु,
ती निष्कलङ्क सुन्दर वस्तीहरू
ती वीरहरूका वस्तीहरू
ती किसानहरूका वस्तीहरू
झन् झन् घायल हुँदै छन् रे !
पानी नचुहुने वलेसीमा
रगत चुहुँदै छन् रे !
पराले झुप्राहरू खरानी हुँदै छन् रे !
सुनसान ती वस्तीहरूमा
तोप र गोला वारुदहरूको कोलाहल मच्चिन्छ रे !

यिनै खवरहरू सुन्दैछु घायल वस्तीहरूका
घायल वस्तीका छोरा गुमाउनुपरेका ती आमाहरू
सिन्दुर पुछिएका विधवा भाउजूहरू,
अस्मिता लुटिएका चेलीहरू,

कठोर बुटले कुल्चिएका नानीहरू
कहिल्यै आँसु झारेर बैरीलाई नहँसाउनू
पुर्पुरोमा हात लगाएर सन्तापमा नफस्नू
सोंचाइको सागरमा डुबेर बेर नगर्नू
छिट्टै नै घायल वस्तीहरूलाई मलमपट्टी गर्नू
नयाँ वस्तीहरूको शिलान्यास गर्नू
यही सन्देश छ घायल वस्तीहरूलाई
घायल वस्तीहरूका सन्तानहरूलाई।

२०५३ मङ्सिर ७ गते
सिन्धुली कारागार



जनम बराल (जीवनसंग्राम)



जनम बरालको जन्म कालिकोट जिल्ला मान्मा-३, बाहुनडाँडामा बुवा मेघराज बराल र आमा रत्नकला बरालको कोखबाट ०३६ चैत्र ६ गते भएको हो । हालको पञ्चदेव उच्चमाविबाट प्रारम्भिक शिक्षा सुरु गर्नुभएका बरालको ११ वर्षको बाल्यकालमा नै बाबुको निधन भएकोले अन्य दुई भाइको अविभावक भएर घरव्यवहार चलाउनुपरेको थियो । जनमले घरायसी समस्याकै कारण १४ वर्षको उमेरमा नै गाउँकै पवित्रा अधिकारीसँग सामाजिक विवाह गर्नुभयो । तर आपसी असमझदारीले गर्दा केही वर्षमा नै सम्बन्ध विच्छेदपछि ०५७ सालमा पार्टीभित्र नै दयमन्ती पुन (क. रहर) सँग दोस्रो विवाह गर्नुभयो । हाल उहाँ पनि सहिद भइसक्नु भएको छ ।

उहाँ विद्यालय जीवनबाटै अनेरास्ववियू (क्रान्तिकारी)मा सङ्गठित भएर इकाइ अध्यक्ष हुनुभएको थियो भने ०५० मा एसएलसी उत्तीर्णपछि कर्णाली प्राविधिक शिक्षालय, जुम्लामा अध्ययनसँगै त्यहाँको क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्वमा आउनु भयो । आन्दोलनकै क्रममा उहाँ ०५२ मा कालिकोट जिल्ला अध्यक्ष भएसँगै वाइसियल र विद्यार्थीको दोहोरो भूमिका निभाउँदै अगाडि बढ्नुभयो । ०५६ मा विद्यार्थी केन्द्रीय सदस्य हुँदै ०५८ मा सचिवालय सदस्य तथा सेती-महाकाली संयोजकको रूपमा जिम्मेवारी पूरा गर्दै आउनुभएका जनम सङ्गीतमा पनि उत्तिकै रूचि तथा दखल राख्नुहुन्थ्यो । उहाँले ०५८ मा '१५ औं राष्ट्रिय सम्मेलन हाम्रो' भन्ने देउडा गीती एल्बमसमेत निकाल्नुभएको थियो । ०५३ बाट पूर्णकालीन हुनुभएका क. बराल ०५५ मा पार्टी जिल्ला सदस्य र ०५८ मा उपब्यूरो सदस्य हुनुभयो । उहाँलाई ०५८ साल मंसिर २३ गते कैलालीको बेलादेवीपुर-३ सेहरी भन्ने गाउँमा शाहीसेनाले खाना खाइरहेको अवस्थामा कब्जामा लिई भूपू. केन्द्रीय सदस्य लेखनाथ पौडेल सहित अन्य १० जनालाई गोली हानी हत्या गरेको थियो ।

रगतबाट नयाँ इतिहासको निर्माण भइराखेको छ

❍ *तपाईं अनेरास्ववियू (क्रान्तिकारी) कर्णाली क्षेत्रीय समितिको संयोजकको हैसियतले यो क्षेत्रको अवस्था (विशेष शैक्षिक स्थिति)को बारेमा बताइदिनुहुन्छ कि ?*

सीमित प्रतिक्रियावादीवर्गको हितार्थ प्रतिक्रियावादीहरूवाट सञ्चालित वर्तमान शासन सत्ताभित्र सिङ्गो देशभरिका श्रमजीवी जनसमुदायको जीवन जसरी दिनप्रतिदिन अत्यन्तै कष्टकर बन्दै गइरहेको छ, त्यसवाट भेरी-कर्णालीका श्रमजीवी जनताको जीवन पनि अछुतो रहन सकेको छैन। शदीयौंदेखिवाट वर्गीय, क्षेत्रीय, जातीय, उत्पीडनमा पिल्सिएको कर्णाली क्षेत्रको शैक्षिक अवस्था अत्यन्तै नाजुक तथा दयनीय छ। विद्यालयहरू भौतिक साधनस्रोतविहीन छन्। सत्तापक्षको गुणगान गाउन व्यस्त रहने शिक्षकहरू आफ्नो कर्तव्यप्रति कत्ति पनि सजग छैनन्। सत्ताको आडमा तावेदार शिक्षकहरूलाई जे गर्न पनि छुट छ। विद्यालयहरूमा पठनपाठनको प्रक्रियामा निरन्तरता छैन। विद्यालय प्रशासनको लापर्वाहीका कारण विद्यालयमा विद्यार्थीहरू निरुद्देश्य भौतारिरहेको प्रतीत हुन्छ। शिक्षक दरवन्दी, विषय शिक्षकको अभाव, भौतिक सुविधाको समस्या त छँदैछ, त्यसमा जनताको न्यून चेतनावाट फाइदा उठाई विद्यालय प्रशासन र व्यवस्थापन समितिसमेत भ्रष्टाचारमा डुवेका छन्। माओवादी जनयुद्ध दमनको वहानामा दर्जनौं शिक्षक, विद्यार्थीको हत्या भएको छ। समग्रमा भन्नुपर्दा जनविरोधी शिक्षा नीति, शैक्षिक अराजकता, सत्ता राजनीति, निजीकरण र व्यापारीकरण, सत्ता संरक्षणमा हुने गुण्डागर्दी, भौतिक असुविधा, मातृभाषामा शिक्षाको अभाव, अनिवार्य सँस्कृत, पाठ्यक्रम तथा पाठ्यपुस्तकको अभाव, उच्च शिक्षा र प्राविधिक शिक्षाको अभावलगायतका तमाम समस्याले यो क्षेत्र आक्रान्त छ। यो खुसी र गौरवको कुरा हो कि शैक्षिक विसङ्गति, जनहत्या र राष्ट्रघातका विरुद्धमा यस क्षेत्रका विद्यार्थीहरू जुर्मुराएर उठिरहेका छन् र आन्दोलनलाई नयाँ स्तरमा विकास गरेका छन्। आन्दोलनले यही रफ्तारमा विकास गरेमा छिट्टै जनवादी शिक्षाका अभ्यासका ढोकाहरू खुल्ने दृष्टिक्षितिजमा देखा परेका छन्।

❍ *समग्र राष्ट्रमा हत्या, आतङ्क तीव्र बनिरहेको अवस्थामा यहाँहरूले विशेषत: विद्यार्थी आन्दोलनलाई कसरी अघि बढाउने निर्णय गरिरहनुभएको छ ?*

जव देशभित्र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका साथै शैक्षिक सवालहरू दिनप्रतिदिन जटिल वनी विद्यार्थी तथा जनताको जीवन कष्टप्रद हुन्छ त्यतिबेला

जनसमुदायले आफूले प्रत्यक्ष भोग्न परिरहेका समस्याहरूको समाधानको लागि वैकल्पिक बाटोको खोजी गर्नु स्वाभाविक हुन्छ। जनसमुदायको यस प्रकारको वैकल्पिक कदमलाई सरकारले आफ्नो अक्षमता र कमजोरीका कारण सिर्जित भएको हो भन्ने सम्झी आफ्ना कमीकमजोरीप्रति सजग रहनुको वदला उल्टै बुट, लाठी, सङ्गीन, गोली र जेलनेलका असंख्य श्रृङ्खलाहरू तेर्साउनु झन् ठूलो नालायकीपना, अविवेकी र क्रूरताको पराकाष्ठा सिवाय अरू केही हुनै सक्दैन। यतिवेला देश र जनताको वढ्दो समस्याप्रति चिन्तित र जागरुक सङ्घसंस्था तथा व्यक्तिहरू राज्यआतङ्कको शिकार वनिरहेका छन्। जसमा अनेरास्ववियू (क्रान्तिकारी) पनि अछुतो रहेको छैन। विद्यार्थी हक, हित र अधिकारको साथै देश र जनताको मुक्तिको लागि आमूल परिवर्तनकारी आन्दोलनको मूल प्रवृत्तिमा समाहित हुँदै अगाडि वढिरहेको हाम्रो महान् र गौरवशाली सङ्गठन आन्दोलनको पर्यायवाचीको रूपमा स्थापित छ। यतिवेला विद्यार्थी समुदायको साथै देश र जनताले भोग्नु परिरहेका तमाम् जल्दावल्दा समस्याहरूलाई २९ सूत्रीय मागको रूपमा सरकारसमक्ष प्रस्तुत गरी राष्ट्रिय रूपमा आन्दोलित छौं। यहाँ केन्द्रीय माग र सङ्घर्षका कार्यक्रमको साथमा स्थानीय परिस्थिति र विशेषताअनुरूप तय भएका थप माग र सङ्घर्षका कार्यक्रमहरूलाई ठोस ढङ्गले तालमेल मिलाई जुझारु ढङ्गले अगाडि बढिरहेका छौं। यहाँहरूले देखिरहनुभएको छ, क्रान्तिकारी विद्यार्थी आन्दोलन आफ्नै मौलिक विशेषता र भव्यतासहित अगाडि बढिरहेको छ। सहर केन्द्रित आन्दोलन गाउँ केन्द्रित हुँदै छ। अग्रभागमा रहेका जनयुद्धका तूफानी केन्द्र, त्यसका सहायक क्षेत्र र सहरी क्षेत्रमा आन्दोलनका स्वरूपहरू भिन्न रहेका छन्। तीव्र गतिमा आधारइलाका निर्माणको महान् दिशाामा अगाडि वढिरहेको यस क्षेत्रमा त्यही क्रान्तिकारी आन्दोलन दमन र प्रतिरोधको स्थितिअुनरूप नै हाम्रा विचार सङ्गठन र सङ्घर्षका कार्यक्रमहरूलाई अगाडि वढाइरहेका छौं। सङ्घर्षलाई जुझारु, लडाकु र प्रतिरोधात्मक ढङ्गले अगाडि बढाउन प्रतिबद्ध छौं।

○ ***देशको समस्याप्रति जिम्मेवार चार विद्यार्थी सङ्गठनले सञ्चालन गरेको संयुक्त आन्दोलनलाई त्यस क्षेत्रमा कसरी प्रभावकारी ढङ्गले लैजाने सोँचिरहनुभएको छ ?***

देश अहिले जटिलतम अवस्थावाट गुज्रिरहेको वेला विगत लामो समयदेखि देश र जनताको सामु खडा भएका समस्याहरूप्रति चिन्तित देशका चार विद्यार्थी सङ्गठनहरूले संयुक्त आन्दोलन सञ्चालन गर्दै आइरहेका छौं। यो अत्यन्तै सकारात्मक र वर्तमान परिवेशमा हामीमाथिको जिम्मेवारीबोधको व्यवहारिक पुष्टि हो। यसलाई हामीले दह्रो र मजवुत एकताका साथ समस्याको केन्द्रविन्दुमा रहेको वर्तमान राज्यसत्ताका विरुद्ध आमूल परिवर्तनको दिशामा परिलक्षित भई अत्यन्तै जोश, जाँगर र उत्साहको साथमा घनीभूत ढङ्गवाट इमान्दारीपूर्वक सञ्चालन गर्नुपर्दछ। तवमात्र संयुक्त आन्दोलनले प्रभावकारिता र सार्थकता पाउनेछ। अझै हामीले, सम्पूर्ण वामपन्थी, प्रगतिशील, देशभक्त तथा जनतान्त्रिक विद्यार्थीहरूलाई आन्दोलनमा गोलबन्द गरेर लैजाने कुरामा ध्यान दिनुपर्दछ। केन्द्रीय समझदारीअनुरूप यस क्षेत्रमा क्रियाशील रहेका अन्य सङ्गठनहरूसँग हामीले स्थानीय रूपमा सङ्घर्ष समन्वय समितिको गठन गरी सङ्घर्षलाई व्यवस्थित पार्ने प्रयत्न गरेका छौं। चार सङ्गठनको अलावा अन्य सङ्गठनहरूसँग

स्थानीय रूपमा सम्भव भए कार्यगत एकता, तालमेल र समझदारीको नीतिलाई समेत अवलम्वन गरेका छौं। स्थिति उत्साहजनक रहेको छ।

❍ *कर्णाली क्षेत्रमा जनताको स्थिति कस्तो छ ?*

वास्तवमा कर्णाली क्षेत्र अत्यन्तै उत्पीडित तथा भौगोलिक रूपले विकट छ। त्यसैले पनि यहाँ धेरै ठूला समस्याहरू छन्। जनजीवनको यथार्थ धरातलवाट हेर्दा अत्यन्तै पीडादायी र कहाली लाग्दो अवस्थामा छट्पटाइरहेका छन् यहाँका जनता। विज्ञान र प्रविधिको उच्चतम विकास हुँदै २१ औं शताव्दीमा विश्वले प्रवेश गरिसक्दा पनि कर्णाली र कर्णालीवासी जनता भने अझै मध्ययुगीन सामन्तवादी उत्पीडनमा रहेका छन्। सांस्कृतिक रूपमा पनि त्यही मध्ययुगीन सामन्तवादी सँस्कृतिले जकडेको छ। आर्थिक हिसाबले जीवनस्तर दिनप्रतिदिन खस्कँदो छ। क्षेत्रीय उत्पीडनका कारण राज्यसत्तावाट सौतेनी व्यवहार खेप्नुपरेको छ। जनता र शासकहरूको जीवनस्तरलाई दाँजी हेर्दा अत्यन्तै ठूलो अन्तर्विरोध देखिन्छ। यसको अलावा यहाँका जनता शिक्षा, स्वास्थ्य, रोजगार, विकास निर्माण, यातायतलगायतका थुप्रै कुराहरूवाट बञ्चित छन्। एक छाक खान र एकसरो लाउनसमेत भारतका गल्ली-गल्ली चाहर्न विवश छन्। यो तथ्य जो कसैले पनि आएर वुझ्न र अनुमान गर्न सकिने कुरा हो।

अव जनताले हरेक समस्यालाई राजनैतिक ढङ्गले वुझ्न थालेका छन्। जसको परिणाम यो प्रतिक्रियावादी सत्ता नै आफ्नो दुर्भाग्य वनेको कुरा राम्ररी महसुस गरिरहेका छन्। सत्ताको विरुद्ध विद्रोहात्मक भावनाको विकास भइरहेको छ। कर्णाली क्रमिक रूपमा परिवर्तन हुँदै जनसत्ताको दिशामा अगाडि वढिरहेको छ।

❍ *हालै ने.क.पा.(माओवादी)द्वारा त्यस क्षेत्रमा सञ्चालित "कर्णाली हातेमालो अभियान"मा सङ्गठनको भूमिका कस्तो रह्यो र आम विद्यार्थीहरूको माझ यसले के-कस्तो प्रभाव पार्‍यो ? खुलाइदिनुहुन्छ कि ?*

केन्द्रिकृत सामन्तवादी राज्यसत्ताको उदयपश्चात् लामो समयदेखि प्रतिक्रियावादी राज्यसत्तावाट शासित र उत्पीडित कर्णालीमा सञ्चालित कर्णाली जनहातेमालो अभियान वैकल्पिक सत्ताको स्थापनार्थ सञ्चालित एक वृहत् राजनैतिक अभियान हो भन्ने हाम्रो वुझाई रहेको छ। कर्णालीको दुर्भाग्य बनेर खडा भएको पुरानो सत्ताका विरुद्ध जनताको व्यवस्थित विद्रोह हो। जो यस क्षेत्रको वस्तुस्थितिमा विकसित वर्गसङ्घर्षकै उपज हो। यो महान् अभियानको नेतृत्व ने.क.पा.(माओवादी) कर्णाली उपक्षेत्रले गरेको थियो। परिचालितको हिसावले यस क्षेत्रका आमूल परिवर्तनकारी सम्पूर्ण शक्तिहरू केन्द्रीकृत रूपमा नयाँ कर्णालीको नारासहित सहभागी भएका थिए, जसमध्ये अनेरास्ववियू (क्रान्तिकारी) पनि एक हो। जहाँसम्म अभियानमा हाम्रो सङ्गठनको भूमिकाको कुरा छ "कर्णाली जनहातेमालो अभियान" कर्णाली मुक्तिको निम्ति चालिएको पहिलो पाइला हो भन्ने ठहर हाम्रो सङ्गठनको रहेको छ। कुनै पनि कदमलाई सक्रिय सहयोग गर्नु र सहभागी बन्नु हाम्रो सङ्गठनको ऐतिहासिक परम्परा र कर्तव्य भएकाले हामी अखिल (क्रान्तिकारी)को झण्डा उठाउँदै बलिदानी भावकासाथ यस क्षेत्रका

हजारौं उत्पीडित विद्यार्थीहरूमाझ पुगेका थियौं। अभियानकै क्रममा मदनकुमार चलाउनेलगायतका विद्यार्थी तथा जनसमुदायले सहादत प्राप्त गुर्नभएको छ। अभियानमा सहभागी कतिपय विद्यार्थीहरू गिरफ्तार भई अहिले पनि यो दानवीय राजका कालकोठरीहरूमा अमानवीय यातनाहरू सहिरहनुभएको छ। विद्यार्थीहरूको वीचको प्रभावको कुरामा हामीले यो क्षेत्रमा हजारौं-हजार विद्यार्थीहरूको वीच हाम्रो राजनीति र सङ्गठनलाई स्थापित गर्न सफल भएका छौं। अहिले यो क्षेत्रमा अखिल (क्रान्तिकारी) विचार, राजनीति, सङ्गठन र सङ्घर्षका हिसावले विद्यार्थी जगत्मा मूलप्रवाह वनिरहेको छ।

○ *कर्णाली जनहातेमालो अभियानलाई जनताले कसरी बुझेको पाउनुभएको छ ?*

कर्णाली जनहातेमालो अभियान सिङ्गो कर्णालीको इतिहासमा एउटा महत्त्वपूर्ण र ऐतिहासिक घटना भएर उभिएको छ। इतिहासमा कर्णालीवासीको आफ्नो हातवाट गुमिसकेको कर्णाली लामो समयदेखि प्रतिक्रियावादी केन्द्रीय शासन सत्ताद्वारा शाषित वन्दै आइरहेको छ। यो कर्णालीको दुर्भाग्यपूर्ण समयावधिभित्र कर्णालीवासीहरूले हजारौं ठाउँमा धोका खाँदै आइरहेका छन्। मौलिकता, स्वतन्त्रता सवै खोसिएपछि केवल पराधीनताको कालो पर्दाभित्र जिउन वाध्य भइरहेका छन्। छाक र वासको समस्यामा तड्पिरहेका छन्। यी सवै प्रतिक्रियावादीहरूका कर्णालीवासीमाथिका काला करतुतहरूका विरुद्ध कर्णालीवासीहरूले दुर्भाग्य ठानेको प्रतिक्रियावादी सत्तालाई प्रहारको केन्द्रविन्दुमा राखेर सम्पूर्ण कर्णालीवासीहरूलाई आफ्नो पूर्ण मुक्तिको निम्ति लड्नुपर्ने आवश्यकता बोध गराउँदै जनताको घर-आँगनमा पहिलो पटक पुग्न सफल भएको छ अभियान। त्यसैले यो अभियान कर्णाली र कर्णालीवासीहरूको मुक्तिको निम्ति इतिहासमै पहिलो पटक सञ्चालित ऐतिहासिक कदम हो। अहिले जनताले अभियानलाई यसरी नै वुझिरहेका छन्।

○ *यो अभियान सम्बन्धमा सरकारी रवैया कस्तो रह्यो ?*

जतिवेला कर्णालीमा कर्णाली जनहातेमालो अभियान सञ्चालित भइरहेको थियो, ठीक त्यहीवेला मृत्यु उन्मादले मात्तिरहेको प्रतिक्रियावादी सत्ता, फासिष्ट काङ्ग्रेसी सरकारले आफ्नो अन्यायपूर्ण वन्दुकलाई नरसंहारकारी [illegible] जङ्गल सँच अप्रेसनका नामबाट निरन्तरता दिइरहेको थियो, त्यो अहिले पनि छ। तथापि त्यो अहिले कर्णालीमा बेकम्मा सावित भइसकेको छ। कर्णाली जनहातेमालो अभियान एउटा केन्द्रिकृत अभियान थियो, जसले राजनैतिक र फौजी ढङ्गले दुश्मनको जनताविरुद्धको सुनियोजित ध्वंसात्मक रणनीतिलाई उच्चतर रूपमा काउण्टर गर्न सफल भएको छ। अन्य प्रतिक्रियावादी शक्तिहरू हेरक हिसावले रक्षात्मक स्थितिमा छन् भने अवसरवादी तथा संशोधनवादीहरू अस्तित्व सङ्कटमा छट्पटाइरहेका छन्। उनीहरू नचाहेर पनि यो कुरा स्वीकार्न वाध्य छन् कि अवको कर्णाली जनताकै हातमा जाँदै छ र जान्छ पनि।

❍ *फेरि विद्यार्थी अरू आन्दोलनतर्फ फर्कौं, चैत्र २०/२१ गतेको देशव्यापी शिक्षण संस्था हड्तालको तयारी कस्तो रहेको छ ?*

सिङ्गो देशका साथै यस क्षेत्रमा विद्यार्थी तथा जनसमुदायले भोग्नु परिरहेका जनहत्या, शैक्षिक विसङ्गति, राष्ट्रघात, महङ्गी, भ्रष्टाचार, लूट, वलात्कार, आतङ्कलगायतका विविध समस्यालाई लिएर हामीले विविध ढङ्गले सम्वन्धित निकायको ध्यानाकर्षण गऱ्यौं तर फासिष्ट काङ्ग्रेसी सरकारले कुनै वास्ता नगरेकोले उच्च सङ्घर्षको महसुस गरी चैत्र २० गते क्षेत्रीय समितिकै आह्वानमा यस क्षेत्रमा शिक्षण संस्था हड्तालको तयारी गरिरहेको स्थितिमा चार सङ्गठनहरूवाट राष्ट्रिय रूपमा हड्तालको आह्वान भयो। यो यस क्षेत्रका विद्यार्थीको लागि धेरै नै खुसी र गौरवको कुरा हो। यो हड्ताल सानदार रूपले सफल हुनेछ। त्यसको लागि हाम्रो सङ्गठन पूर्ण शक्तिका साथ क्रियाशील रहेको छ।

❍ *सरकारले दमन गऱ्यो भने के गर्नुहुन्छ ?*

सङ्घर्ष हाम्रो रहर होइन वाध्यता हो। संवैधानिक अधिकारलाई उपभोग गरी हड्ताल जस्तो कार्यक्रम आह्वान गर्दा सरकार दमनमा आउँछ भने व्यापक विद्यार्थी तथा जनसमुदायको साथमा प्रतिरोध गरिनेछ। त्यसवाट निस्कने परिणामको जिम्मेवार सरकार नै हुनुपर्नेछ।

❍ *आन्दोलनका कार्यक्रमप्रति सरकारले अझै पनि बेवास्ता गरेमा तपाईंहरूले कुन किसिमको कदम चाल्नुहुन्छ ?*

'विद्यार्थीहरू चेतनाका वाहक मात्र होइनन् क्रान्तिका ऊर्जा पनि हुन्' भन्ने कुरालाई सरकारले राम्ररी बुझे हुन्छ। नेपालकै इतिहासमा पनि २०२१, २०२८, २०३६, २०४६ सालका घटनाक्रमहरू ताजै छन् भने अन्तर्राष्ट्रियस्तरमा पनि विद्यार्थीहरूले मार्कोस, डुमालियर, सुहार्तो जस्ता तानाशाहलाई नराम्ररी पछारेको इतिहास पनि साक्षी छ। यदि सरकारले हाम्रा जायज मागहरूलाई वेवास्ता गर्छ भने हामी अझै सशक्त ढङ्गले आन्दोलनको उठान गर्न बाध्य हुनेछौं। जसको फलस्वरूप राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको सशक्त विद्यार्थी आन्दोलनका ऐतिहासिक घटनाक्रमको पुनरावृत्ति फेरि पनि एक पटक नेपालमा अवश्य हुनेछ।

❍ *भर्खरै भेरी-कर्णाली क्षेत्रीय समितिका दुई जना सदस्यलगायत अन्य विद्यार्थीहरू गिरफ्तार भएको खबर छ, यसप्रति तपाईंको धारणा के छ ?*

मैले माथि पनि भनिसकें, वर्तमान सरकार आफैं निर्माण गरेको संविधान, नियम र कानुनलाई एक-एक गरी धुजा-धुजा पारिरहेको छ। प्रजातान्त्रिक व्यवस्थाभित्र सङ्घ सङ्गठन खोल्न पाउने तथा आस्थाको राजनीति गर्न पाउने संविधान प्रदत्त अधिकारलाई समेत दिनदहाडै खोसी दिउँसै रात पारिरहेको छ। हालै फागुन ३ गते सुर्खेतको विद्यार्थी तथा महिला जिल्ला सम्मेलनको तयारीमा जुटिरहेको स्थितिमा विनोदलाल वि.क.को हत्या र शान्ता पोखरेलको वेपत्ताको घटना सेलाउन नपाउँदै यही फागुन १८ गते साङ्गठनिक कामको सिलसिलामा सुर्खेत पुगी विद्यार्थीहरूको


कोठामा बसिरहनुभएका अखिल (क्रान्तिकारी) भेरी-कर्णाली क्षेत्रीय समितिका सदस्यद्वय लोकजङ्ग शाही, देवीराम देवकोटा र अखिल (क्रान्तिकारी) सुर्खेतका जिल्ला उपाध्यक्ष गणेश भण्डारी, सहसचिव कृष्ण बडुवाल तथा अखिल (क्रान्तिकारी) एरिया समिति सुर्खेतका अध्यक्ष अक्कल रावललाई गैरकानुनी ढङ्गबाट गिरफ्तार गरी चर्को यातनासहित मुद्दा लगाउने तयारी गर्दै सुर्खेत हिरासतमा राखिएको छ। यस्तो गैरकानुनी तथा निन्दनीय सरकारी रवैयाको घोर भत्सर्ना गर्दछौं। गिरफ्तार सम्पूर्ण विद्यार्थीहरूलाई विनाशर्त अविलम्ब रिहाइको माग गर्दछौं।

○ *अरू केही भन्न चाहनुहुन्छ कि ?*

कर्णाली हिजोको स्थितिमा छैन र आज वैचारिक राजनैतिक, साङ्गठनिक, सांस्कृतिक हेरक हिसाबले बदलिएको छ। जनता इतिहासका निर्माता हुन् भन्ने कुरा व्यवहारिक रूपमा अभिव्यक्त भइरहेको छ। लाखौंलाख जनसमुदायहरूको अपूर्व त्याग, बलिदान र उत्सर्गको साथमा नयाँ जनवादी राज्यव्यवस्था स्थापनाको लागि लामबद्ध भइरहेका छन्। रगतबाट नयाँ इतिहासको निर्माण भइरहेको छ। त्यसलाई सबैले गहिरिएर बुझी रक्षा, विकास र विस्तारको निम्ति सबै क्षेत्रबाट जनमुक्ति आन्दोलनलाई सहयोग समर्थन गर्न कर्णाली क्षेत्रका जनसमुदायसँग ऐक्यबद्धता जनाउनको लागि हार्दिक अपील गर्दछौं।



गणेश ढकाल (रक्तदीप)



बागलुङ जिल्लाको मेला, अमलाचौरमा बुबा रेशमप्रसाद ढकाल तथा आमा प्रभालक्ष्मी ढकालबाट ०३७ साल आश्विन ५ गते गणेश ढकालको जन्म भएको थियो । उहाँले ०४१ सालमा पृथ्वी मावि अमलाचौरबाट औपचारिक अध्ययन प्रारम्भ गर्नुभएको थियो । उहाँले बुटवलस्थित कान्ती मावि, न्यू लाइट, अक्सफोर्डहुँदै लुम्बिनी बोर्डिङ्गबाट माध्यामिक शिक्षा पूरा गर्नुभयो ।

०५३ सालमा एसएलसी परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएपछि उहाँ बुटबलकै बुहमुखी क्याम्पसमा विज्ञान विषय लिएर पढ्न थाल्नुभयो । पछि पाल्पा क्याम्पसमा गई अनेरास्ववियू (छैठौं) मा संगठित भई विद्यार्थी आन्दोलनमा लाग्नुभयो । मोहनविक्रमको सङ्कीर्ण जडसूत्रीय संसोधनवादबाट क्रान्ति र जनतको मुक्तिको इच्छामाथि तुषारापात हुँदै गएपछि उहाँले ०५७ सालमा कमरेड दिनानाथ शर्मासँगै विद्रोह गरेपश्चात अनेरास्ववियू (छैठौं विद्रोही)को केन्द्रीय महासचिवमा निर्वाचित हुनुभयो । वर्गयुद्धको अत्यन्तै पेचिलो मोडमा नेकपा (माओवादी) र विद्रोही मसालबीच एकता सम्पन्न भएपछि अनेरास्ववियू (छैठौं विद्रोही) पनि अखिल (क्रान्तिकारी) मा एकीकृत हुन पुग्यो ।

०५८ मा १५ औं राष्ट्रिय सम्मेलनबाट पुनः केन्द्रीय सदस्यमा निर्वाचित भएपछि उहाँ अझ दायित्वबोध गर्दै आफ्नो कार्यक्षेत्रमा क्रियाशील हुनुभयो । यसैक्रममा अर्का केन्द्रीय सदस्य कमरेड टीकाराम गौतमसहित रूपन्देहीको बेलबारिया भन्ने ठाउँमा हिंडिरहेको अवस्थामा शाहीसेनाको घेरामा पर्नुभयो र त्यहाँबाट उम्कन प्रयत्न गर्दा उहाँको दायाँ घुँडामा गोली लागेर ढल्नुभयो । त्यसपछि गिरफ्तार गरी घाइते अवस्थामै निर्मतापूर्वक यातना दिएर उहाँको हत्या गऱ्यो ।

वर्तमान शिक्षा प्रणाली र जनवादी शिक्षाको बारेमा एक चर्चा

कुनै एउटा अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक देशको शिक्षा त्यसैअनुरूपको हुन्छ। अर्थात् अर्ध-सामन्ती र अर्ध-औपनिवेशिक प्रकृतिको हुन्छ। मूलत : हाम्रो देशको शिक्षाको प्रकृतिको स्थिति पनि यही हो। यहाँ शिक्षाको पाठ्यक्रम तयार पार्दा विदेशी सन्दर्भ सामग्रीहरूलाई प्रधानता दिने गरिएको छ, अर्थात् यहाँको शिक्षाको मूल स्वरूप आयातीत छ। यसले मुलुकको सामरिक विकासमा अत्यन्तै नकारात्मक भूमिका खेलिरहेको छ। यो पाठ्यक्रम माध्यमिक तहसम्म अध्ययन गरेर जति पनि विद्यार्थीहरू मेट्रिक पास गर्दछन् र क्याम्पस जान्छन् वास्तवमा उनीहरूसँग व्यावहारिक ज्ञान अलिकति पनि हुँदैन। कृषि शिक्षा पढेको एउटा विद्यार्थीलाई गहुँ, धान, मकै, कोदोको गुणस्तर के कस्तो छ, कस्तो ठाउँमा, कस्तो हावापानीमा यी बालीहरू सही ढङ्गले उब्जाउन सकिन्छ भन्नेवारेमा कृषि शिक्षाका सैद्धान्तिकरण गरिएका हरफहरू (Theorized lines) मात्र थाहा हुन्छ तर यसको व्यावहारिक पाटो थाहा हुँदैन। तसर्थ शिक्षा अत्यन्तै अव्यावहारिक, अनुत्पादक र अवैज्ञानिक छ। कुनै पनि मुलुकको अर्थव्यवस्था त्यहाँको शैक्षिक प्रणालीमा खडा भएको हुन्छ। अर्थात शिक्षा क्षेत्र अर्थतन्त्रको जग हो। सही, गुणस्तरीय, वैज्ञानिक, व्यवहारिक र उत्पादनमूलक शिक्षाले सबल जनशक्ति (Manpower) को उत्पादन गर्दछ र त्यही सबल जनशक्ति अर्थतन्त्रको एउटा हिस्सा बन्दछ, मुलुकको सर्वाङ्गीण विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछ। तर हाम्रो देशको अवस्था साह्रै नै तल्लो स्तरको छ। यहाँ शिक्षालाई 'खाए खा नखाए घिच'को पूरकका रूपमा औपचारिकतामा मात्र सीमित गराइएको छ। सञ्चार माध्यमहरूबाट नानाथरी विज्ञापनहरू, समाचारहरू प्रकाशित गरेर शिक्षा हरेकका लागि भन्ने भ्रम फिजाइएको छ तर वास्तविक अर्थमा यसमा केही पनि छैन, यो खोक्रो छ।

प्रथमत : हामी एक्काईसौं शताब्दीका नागरिक हौं। हामी अहिले अत्यन्तै साँघुरो विश्व विज्ञान, प्रविधि र सञ्चारका क्षेत्रमा भइरहेको उच्च विकासको समयमा छौं। हाम्रासामु विश्वका औद्योगिक राष्ट्रहरू तीव्ररूपमा विज्ञान र प्रविधिको क्षेत्रमा वेगवान् गतिले अगाडि बढिरहेका छन्। नौला-नौला अचम्मलाग्दा र पत्यार नै गर्न नसकिने अद्भूत आविष्कारहरू गरिरहेका छन्। त्यहाँको त्यो गति र विकासलाई हेर्दा, हामी आफैंलाई सोह्रौ शताव्दीमा रहेछौं कि भन्ने भान हुनु अनौठो नलाग्नुपर्दछ। यस्तो किन भयो त ? यसको वास्तविक कारण के हो त ? भन्नेवारेमा चिन्तन, मनन, र अध्ययन

गर्दा हामी यहाँको शैक्षिक प्रणालीलाई दोष दिनुपर्ने हुन्छ र अझ त्यसभन्दा पनि अघि शिक्षा जस्तो संवेदनशील र सर्वव्यापी विकासको आधारभूत पाटोलाई खेलवाड सम्झेर सत्तास्वार्थमा रम्ने प्रतिक्रियावादी व्यवस्था, उपल्ला निकायका व्यूरोक्र्याट्स नै मुख्य दोषी छन् । निरङ्कुश राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको अन्त्य र सीमित वहुदलीय प्रजातन्त्र एघार वर्ष वितिसक्दा पनि 'यही व्यवस्था नै अत्यन्तै सर्वोत्तम व्यवस्था हो, हरेक क्षेत्रमा विकास हुन्छ' भनेर भ्रम फिजाउँदै आइरहेका प्रतिक्रियावादी, संशोधनवादी, गुट-उपगुटहरूले अझ पनि नेपाली जनतालाई गुमराहमा पारिरहेका छन्, नेपाली विद्यार्थीहरूलाई अल्मलाउने प्रयास गरिरहेका छन् कि यही व्यवस्थामा शिक्षा सर्वव्यापी, व्यावहारिक, रोजगारमूलक हुन्छ, वैज्ञानिक हुन्छ । यदि त्यसो हो भने यी एघार वर्षलाई नियालेर हेरौं । के यो शिक्षाले हरेक विद्यार्थीलाई व्यावहारिक रूपमै रोजगार दियो त ? के यो शिक्षा विज्ञानसम्मत छ त ? के यो शिक्षाले चलाख, वैज्ञानिक, जेहेन्दार विकासमुखी नागरिक पैदा गऱ्यो त ? के सवल जनशक्तिको उत्पादन गऱ्यो त ? पटक्कै गरेन । किन गरेन, गर्न सकेन र कसरी गर्न सकिन्छ ? यसवारे थोरै चर्चा गरौं ।

वास्तवमा सीमित वहुदलीय प्रजातन्त्र प्राप्तिका एघार वर्ष सत्तामा रमाउने, संसद्मा रमाउने र आर्थिक भ्रष्टीकरणमा रमाउनेहरूका लागि ज्यादै नै फलदायी भयो । उनीहरू मोटाउँदै गए । सामाजिक, सांस्कृतिक र आर्थिक भ्रष्टीकरणले राष्ट्रका अत्यन्तै संवेदनशील (Very Sensitive) क्षेत्रहरू जस्तै कृषि, शिक्षा, (Technical) प्रविधि विकास आदिको विकास र पूर्वाधारका लागि प्रत्यक्ष असर पाऱ्यो । सान्है नै नकारात्मक असर पाऱ्यो । विश्व वैंक (World Bank) अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund) लगायतका साम्राज्यवादी एजेण्टहरू (संस्थाहरू) उनीहरूकै निर्देशनमा नीति तय गर्न र उनीहरूवाट लिएको ऋण व्यक्तिगत सम्पत्तिको रूपमा कुम्ल्याउने जनविरोधी शासकवर्गले आफ्नो छोराछोरीहरू विदेशमा पढ्न पठाउने र श्रमजीवी जनताका छोराछोरीहरूलाई पुरानै, थोत्रो, टालटुल पारेको शिक्षा देखाइदिने, निःशुल्क भनेर चर्को शुल्क लिने, अझ अधिकांश ग्रामीण इलाकाहरूमा त साधारण कलिला बालबालिकाहरूलाई शिक्षावाट नै वञ्चित गराउने कार्य गरिरहेको छ । अन्तर्राष्ट्रिय मञ्चहरूमा शिक्षा सवैको लागि भनेर गुड्डी हाँके पनि व्यावहारिक रूपमा शिक्षा हुने खानेको लागि मात्र र अभिजात्यवर्गको लागि मात्र भन्ने नीति क्रियान्वयन गरिरहेको छ । यस्तो अवस्थामा शिक्षा सर्वसुलभ, व्यावहारिक र सहभागीमूलक कसरी बनाउन सकिन्छ ? सकिंदैन नि । तसर्थ हामीले शिक्षामा आमूल रूपमा परिवर्तन गर्नु अत्यन्तै आवश्यक र अपरिहार्य छ । यो शिक्षा पद्धति वुर्जुवा शिक्षा पद्धति हो, हामीहरूले यसलाई आमूल रूपमा परिवर्तन गर्नुपर्ने कुरालाई आत्मसात् गर्दै विगत लामो समयदेखि नै हाम्रो सङ्गठन अनेरास्ववियू (क्रान्तिकारी)ले आन्दोलनहरू सशक्त रूपमा उठाउँदै आएको छ । यो हाम्रो रणनीतिक कार्यक्रम हो अर्थात् शिक्षामा आमूल परिवर्तन हाम्रो रणनीतिक लक्ष्य हो । तर पनि यही वुर्जुवा व्यवस्थाको शिक्षा प्रणालीमा पनि सुधार गर्दै तात्कालीन रूपमा सुधारवादी आन्दोलनको उठान गर्नु पनि अत्यन्तै जरुरी हुन्छ र हाम्रो सङ्गठनले तत्कालीन रूपमा पनि शैक्षिक क्षेत्रमा सुधार गर्नुपर्दछ भनेर सशक्त सङ्घर्षहरूको उठान र नेतृत्व गर्दै आइरहेको छ। एकलरूपमा र

संयुक्तरूपमा कुनै पनि रणनीति (दीर्घकालीन) लक्ष्य प्राप्त गर्नको लागि कार्यनीतिक रूपमा थुप्रै सङ्घर्ष र आन्दोलनहरूबाट गुज्रनुपर्नेहुन्छ। जसले फेरि पनि रणनीतिक लक्ष्य प्राप्तिमा अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ। हाम्रो सङ्गठनले अहिले ल्याएका सङ्घर्षका कार्यक्रमहरूको पनि यस्तै महत्व छ। हामीले तत्कालका लागि सार्वजनिक विद्यालयहरूलाई सुविधा सम्पन्न र गुणस्तरीय बनाउन, निजी तथा आवासीय विद्यालयहरूलाई सरकारीकरण गर्न विभिन्न मागहरू राखेर सरकारलाई अल्टिमेटम दिएका छौं। हामीले उच्चपदस्थ कर्मचारीहरू, संसद्, मन्त्री आदिका छोराछोरीहरूलाई अनिवार्यरूपमै सरकारी विद्यालयमा पढाउनुपर्दछ भनेर आम जनसमुदायको मानसपटलमा एउटा खालको सुखद र जनप्रिय तरङ्ग पैदा गरेर त्यसको व्यावहारिक कार्यान्वयनमा अगाडि बढेका छौं र सम्पूर्ण न्यायप्रेमी जनसमुदायले यो मागप्रति अत्यन्तै उत्साहजनक रूपमा समर्थन अभिव्यक्त गरिरहेका छन्। साँच्चै नै भन्ने हो भने जनता, शासकवर्ग उच्चपदस्थ कर्मचारीले पनि सामान्य जनताका छोराछोरीले पढ्ने विद्यालयमा आफ्नो छोराछोरी पढाउन पठाउनुपर्छ भन्ने किन चाहन्छन्? किनकि जनताकै कर पसिनाबाट जनताकै शोषणबाट उनीहरूले छोराछोरी पढाउन नपाउने केहीले पढाउन पाए पनि सीपमूलक र सबल शिक्षाको सट्टा बेरोजगारीपूर्ण डुकुलन्ठु शिक्षा पाउने। त्यसैकारण अहिले जनता ब्यूरोक्र्याट्सबाट रुष्ट छन्। यो शिक्षा पद्धतिबाट रुष्ट छन्। समग्र प्रतिक्रियावादी राज्ययन्त्रबाट रुष्ट छन्। यो चीज भनेको फेरि गएर रणनीतिक लक्ष्य अर्थात् प्राप्तिको सहयोगी पाटो हो। हामी व्यावहारिकरूपमै जनवादी शिक्षा प्राप्तिको दिशामा अग्रगामी छलाङ्ग (Forward leap) हानिरहेका छौं। आम जनसमुदायको आशाको पुञ्ज बनेको महान् जनयुद्धको तीव्रतर विकास सँगसँगै अखिल (क्रान्तिकारी)ले पनि गुणात्मक रूपमा उच्च छलाङ्गको प्रक्रिया पार गरेको छ, त्यसको क्रममा पनि छ, योजनामा पनि छ।

त्यसको सफलीभूत प्रयोगसँगसँगै जनवादी सत्ताका भ्रूणहरूको पनि उदय भइरहेको छ। प्रतिक्रियावादी राज्यसत्तालाई चुनौती दिँदै र निषेध गर्दै सदीयौंदेखि उत्पीडित जनताले आफ्नै नेतृत्वमा नयाँ जनवादी सत्ता सञ्चालन सुरु गरिसकेका छन्। भौगोलिक (Gegraphical) विशिष्टतालाई ख्याल गर्दै त्यहाँको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक संरचनालाई जनवादी रूपान्तरण गर्न त्यति सहज त छैन तर पनि मार्क्सवाद, लेलिनवाद, माओवाद र प्रचण्डपथको वैचारिक हतियारले निर्देशित र प्रदान गरेको ज्ञानले यो कार्यलाइ पक्कै पनि सहज बनाउनेछ।

हामी अब स्थानीय जनवादी सत्ता स्थापना भएका ठाउँमा हामीले शैक्षिक संयन्त्र (Machinary) अर्थात पद्दतिमा आमूल परिवर्तन गरेर जनवादी शिक्षाको खाका तयार पार्दै व्यावहारिक, वैज्ञानिक र सीपयुक्त शिक्षाका लागि व्यावहारिक रूपमा अगाडि वढ्ने समय आएको छ। हामीले परनिर्भर, आयातीत, अवैज्ञानिक खोक्रो डुकुलन्ठु शिक्षाको सट्टामा आत्मनिर्भर, मौलिक, वैज्ञानिक र व्यावहारिक शिक्षाका पाठ्यक्रम तयार गर्ने समय भइसकेको छ र यसको पहल र तयारी पनि भइरहेको छ।

हाम्रो शिक्षा प्रणाली अर्थात् जनवादी शिक्षा प्रणालीको मूल स्वरूप कस्तो हुन्छ त? यसवारेमा सामान्य चर्चा उपयुक्त हुन्छ। समाज विकासक्रम सँगसँगै मानवजाति

पनि विकसित र शिक्षित वन्दै आइरहेको छ । अहिले जति पनि वैज्ञानिक गुणात्मकताहरू अर्थात् निधिहरू आर्जित र सिर्जित भएका छन् यसमा शिक्षाको महत्त्वपूर्ण भूमिका छ अथवा भनौं, शिक्षाले गर्दा आज हामीहरू यो प्राविधिक र वैज्ञानिक (Technical & Scientific) दुनियाँमा छौं । तर वर्गीय दृष्टिकोणले हेर्ने हो भने हाम्रो वर्ग अर्थात् सर्वहारावर्ग (Proleterian class) शिक्षालगायतका सम्पूर्ण क्षेत्रमा सहभागी हुनबाट वञ्चित छ । इतिहासकालदेखि सर्वहारावर्ग र पुँजीपतिवर्गका वीचमा रहेको द्वन्द्व र टक्कर जारी छ, क्रान्ति जारी छ । मूलतः मुट्ठीभर पुँजीपतिवर्ग, (जसले कर्मचारीतन्त्र (Bureaucracy) चलाएको छ) ले आफ्नै स्वार्थ, आफ्नै पद्धति, आफ्नै अनुकूलता हेरेर त्यसैअनुरूपको संयन्त्रको निर्माण गरेर विश्वभरका सर्वहारावर्ग (जो संसारका असली हकदार हुन्) लाई नितान्त पृथक र छुट्टै राखेर अगाडि वढेका छन्, अन्तर्राष्ट्रिय परिवेशमा ।

हाम्रो विशिष्टतामा हेर्ने हो भने नेपाली जनयुद्धले अन्तर्राष्ट्रिय साम्राज्यवादी शक्तिहरू, विस्तारवादी शक्ति र राष्ट्रियरूपमा यहाँका सामन्ती सत्ताका रक्षाकवचवीच प्रतिक्रियावादीहरू, दलाल पुँजीपति र नोकरशाहहरूलाई चक्मा दिंदै स्थानीय स्तरमा जनवादी लालसत्ता जन्माएको छ, जहाँ अव हामीहरू निर्माणको प्रक्रियामा छौं । शैक्षिक जगत्लाई केन्द्रमा राखेर हेर्दा सर्वप्रथम हामीले यहाँको शैक्षिक प्रणाली (जुन वुर्जुवा (Bourgeois) खालको छ) लाई जनवादी रूपान्तरण गर्नुपर्ने आवश्यकता छ । भौगोलिक, सांस्कृतिक, सामाजिक र उत्पादन प्रणालीसँग प्रत्यक्ष सम्वन्ध राख्ने वैज्ञानिक र व्यावहारिक शिक्षाको पाठ्यक्रम (Curricullum) तयार पारेर प्रत्येक नागरिकलाई प्राविधिक शिक्षा (Technical education) दिनुपर्ने पक्ष आधारभूत चीज हो भने उत्पादनका व्यावहारिक रूपहरूको सैद्धान्तीकरण गर्दै त्यसैलाई नै विद्यालयस्तर र क्याम्पसस्तरमा लागू गर्नु हाम्रो प्रधान काम हो । अर्थात हरेक विद्यार्थीले सैद्धान्तिक (Theory) कक्षा लिनु र ऊ स्वयं नै व्यावहारिक रूपमा उत्पादनमा क्रियाशील हुनु हाम्रो शिक्षाको लक्ष्य हो र हुनुपर्छ ।

यो त भयो तत्कालका लागि स्थानीयस्तरमा जनवादी शिक्षाको सानो उदाहारण । समग्र नेपाली विशिष्टतामा हेर्ने हो भने हामीले हाम्रो देश कृषिप्रधान भएकोले यसलाई प्रधान बनाएर नीति तर्जुमा गर्नुपर्ने हुन्छ । यसका अलावा जलसम्पदा, वनसम्पदा आदि पनि शिक्षाको व्यावहारिक पाटोमा समेट्नुपर्ने आवश्यकता छ । जुन राष्ट्रिय अर्थतन्त्रको लागि नितान्त आवश्यक स्रोत हो । अहिले जसरी आयातीत शिक्षा विद्यार्थीलाई घोकाएर पढाउने गरिन्छ र उसलाई केवल कितावका अक्षरहरू मात्र मगजमा घुसाउन प्रयत्न गरिन्छ । यसले नै विद्यार्थीको विकास सीपमूलक र वैज्ञानिक हुन पाइरहेको छैन । तसर्थ विद्यार्थीलाई श्रमको महत्व र उत्पादन प्रणालीका वारेमा व्यावहारिक रूपमा फिल्डमा खटाएर त्यसैको सैद्धान्तिक ज्ञान प्रदान गर्नु जनवादी शिक्षाको पहिलो कार्यक्रम हुनेछ ।

जनवादी शिक्षाको अभ्यासको क्रममा सन् १९५८ मा चीनमा थुप्रै श्रमिक कलेज (Labour College) हरू खोलिए, जहाँ विद्यार्थी डिग्री र सर्टिफिकेटका आधारमा होइन, उसको क्षमताका, श्रम वर्ग (Class) आदिका आधारमा भर्ना भएर शिक्षाको

महत्व वुझ्न र अनुभूति गर्न पाए। वुर्जुवा खेमा र सर्वहारावर्गको जीत भयो र सर्वहारावर्ग अनुकूलको व्यावहारिक शिक्षाको सिर्जना भयो। सम्पूर्ण गरिव विद्यार्थीहरू प्रत्यक्ष शिक्षा, उत्पादन, श्रममा सहभागी वने जुन पछि आएर चीनको अर्थतन्त्र र विकासको लागि महत्त्वपूर्ण भयो।

यिनै इतिहासका पाठहरूवाट, अनुभवहरूवाट सिक्दै हामीले नेपालका प्रतिक्रियावादी शासकवर्ग अनुकूलको शिक्षा लागू गर्ने, सर्वहारावर्गको राजनीतिलाई सेवा गर्ने उत्पादनमूलक र श्रमसँग जोडिएको शिक्षालाई कडाइपूर्वक लागू गर्ने, विद्यार्थीलाई सर्वहारा चेतनाले लैस भएको श्रमिक वनाउने, पढाइको अलावा विद्यार्थीलाई औद्योगिक कार्य, खेतीपातीको कार्य तथा फौजी मामलासम्वन्धी विषयहरूमा उच्च व्यावहारिक ज्ञान दिनेजस्ता अपरिहार्य पाटाहरू (Parts) समेट्ने जनवादी शिक्षा लागू गर्ने उच्च लक्ष्य वोकेर सङ्घर्षमा निरन्तर रूपमा होमिदै आइरहेका छौं। यहाँका प्रतिक्रियावादी शासकवर्गका विरुद्धमा यो व्यूरोक्रेसी (Bureaucracy) का विरुद्धमा, यो समग्र शासन व्यवस्थाको विरुद्धमा लड्दै आइरहेका छौं र सम्पूर्ण न्यायप्रेमी विद्यार्थी साथीहरूलाई पनि यो सङ्घर्षको आँधीवेहोरीमा सामेल र ध्रुवीकृत हुन हार्दिक आग्रह गर्दछौं।

२०५८ जेठ १०



ईश्वर दुङ्गाना (प्रभात)



०३७ असार ७ गते भारतको आसामस्थित उत्तरपाटी बान्दरपुरी भन्ने ठाँउमा बुबा भगीरथ ढुंगाना र आमा देवमाया ढुंगानाको कोखबाट क. ईश्वरको जन्म भएको थियो । गाउँकै प्राथमिक विद्यालयबाट प्रारम्भिक शिक्षा हाँसिल गर्नुभएपछि कक्षा छसम्मको शिक्षा मोरङस्थित शान्ति मावि लेटाङहुँदै लेटाङ आवासीय माविबाट ०५६ मा प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गर्नुभएको थियो ।

स्कूल जीवनदेखि एमाले अखिलको इकाइमा रहेर काम गर्दै राजनीति सुरुवात गर्नुभएका क. ढुंगाना जनयुद्धको विचारबाट प्रभावितहुँदै ०५४ मा अखिल (क्रान्तिकारी)को सदस्य, ०५८ सालमा सङ्गठनको मोरङ जिल्ला सचिव, अध्यक्षहुँदै ०६० अषाढमा भएको अनेरास्ववियू (क्रान्तिकारी)को १६ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय समिति सदस्य बन्नुभयो । यसैक्रममा ०६१ श्रावणमा नेकपा (माओवादी)का मेची-कोशी क्षेत्रीय ब्यूरो सदस्यहुँदै मोरङ-सुनसरी संयुक्त जिल्लाको सेक्रेटरीको जिम्मेवारी सम्हाल्नुभयो । साहित्यिक क्षेत्रमा पनि विशेष रूची राख्नुहुने क. ईश्वरले ०६० मंसिरबाट जनप्रतिरोध पाक्षिक पत्रिकाको प्रकाशन तथा सम्पादनसमेत गर्नु भएको थियो । जनताको प्रतिरोध युद्धबाट आतंकित शासक र उसका भरौटे शाहीसेनाले ०६० सालमा मोरङ्को शनिश्चरेमा विद्यार्थीको बैठकमा घेरा हालेर पाँच जना सहयोद्धाहरूको हत्या गरी ईश्वर दुङ्गानासहितको हत्या गरेको प्रचार गरेर आत्मरती लिने काम गरेको थियो तर ०६२ साल जेठ २ गते बिहान ८:३० बजे सुनसरी जिल्लाको चाँदबेला गाविसमा उहाँलाई गिरफ्तारपछि चरमयातना दिएर निर्ममतापूर्वक हत्या गऱ्यो ।

जनआन्दोलन दिवस (चैत्र २४)को ऐतिहासिक पाटो

२०१७ साल पुष १ गते राजा महेन्द्रले निर्वाचित प्रधानमन्त्री वी.पी. कोइरालालाई गिरफ्तार गर्न लगाई वहुदलीय व्यवस्थामाथि प्रतिबन्ध लगाए। पुष १ गतेको राजा महेन्द्रको उक्त कदमले देशको राजनैतिक वृत्तलाई महेन्द्रको कदम ठीक र बेठीक भन्ने दुई खेमामा विभाजित गर्‍यो। बेठिक भन्नेहरूले पनि तत्काल केही गर्न सकेनन्। तत्कालीन अवस्थाको ठूलो पार्टी नेपाली काङ्ग्रेस वी.पी.कोइरालाको गिरफ्तारका कारण निरीह र अकर्मण्य वन्यो। अर्कातर्फ ने.क.पा.आफ्नै डम्फु बजाउन व्यस्त रह्यो। ने.क.पा. भने २०११ सालमा वैधानिकता हासिल गर्न राजा महेन्द्रको पाउमा छाँद हाल्ने मनमोहन अधिकारी, दरवारिया षड्यन्त्रका खेलाडी डा. केशरजङ्ग रायमाझी र तत्कालीन क्रान्तिकारी नेता क. पुष्पलाल गरी तीन गुटमा विभाजित थियो। २०११ सालमा राजा महेन्द्रसमक्ष वैधानिकताको सिफारिस गरेर मनमोहन अधिकारीले गद्दारी गरे भने। रायमाझी २०१९ चैत २० गते राजपरिषद् सदस्य वनेर राजदरबार छिरे। २०१९ सालमा नै पी.एल.हरूको तुलसीलाल अमात्य महासचिव भएको छुट्टै पार्टी गठन गरे। फुटमा व्यस्त तत्कालीन कम्युनिष्ट पार्टीले निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध कुनै ठोस र प्रभावकारी कदम चाल्न सक्ने कुरै थिएन।

राजधानीसम्म पहुँच भएका तत्कालीन पार्टीहरूले निरङ्कुश पञ्चायत विरुद्ध कुनै ठोस कदम चाल्न नसकेका भए पनि २०२८ सालमा झापाका युवाहरूले नेपाली कम्युनिष्ट आन्दोलनमा नवीन आयाम थपे। वर्गदुश्मन 'सखाप' पार्ने उनीहरूको कदम विचारमा रहेको जडसूत्रवाद र अन्धानुकरण, चिन्तनमा रहेको निम्नपुँजीवादी सोंचको प्रभावका कारण झापा विद्रोहले दीर्घकालीन जनयुद्धको रूप लिन सकेन। यद्यपि निरङ्कुश पञ्चायती व्यवस्थाविरोधी आन्दोलनहरू वेला-बेला तात्ने, पुनः सेलाउने भइरहे। २०३६ सालको विद्यार्थी आन्दोलन निरङ्कुश पञ्चायती तानाशाहीको अन्त्यका निम्ति एक कदम आगाडि रहेको पाइन्छ। जसको जगमा २०३७ सालको जनमत सङ्ग्रह सम्भव भएको थियो।

जेहोस् आफ्नै सुस्त गतिमा पञ्चायत विरोधी आन्दोलन चलिरह्यो। २०४६ सालसम्म आइपुग्दा सवैको ठहर संयुक्त जनआन्दोलनद्वारा नै पञ्चायतको अन्त्य सम्भव छ भन्ने हुन पुग्यो। त्यस्तै क्रममा एकातर्फ नेपाली काङ्ग्रेस र वाममोर्चाले वहुदलीय संसदीय व्यवस्थाका निम्ति आन्दोलन गर्ने ठहर गरे भने अर्कातर्फ तत्कालीन

ने.क.पा. (मसाल), सर्वहारावादी श्रमिक सङ्गठन नेपाल, नेपाल मार्क्सवादी-लेनिनवादी पार्टी शम्भुराम श्रेष्ठ समूह र स्वतन्त्र वामपन्थीहरू सम्मिलित छुट्टै 'संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समिति' २०४६ पुष २९ गते गठन गरियो । उक्त संयुक्त राष्ट्रिय जनआन्दोलन (United National People's Movement) को गठन गरी डा. वावुराम भट्टराई (हाल ने.क.पा (माओवादी) का स्थायी समिति सदस्य) लाई प्रवक्ता तोकिएपश्चात् माघ १ गते आफ्ना नीति तथा कार्यक्रमहरू सार्वजनिक गरियो । माघ १ गते सार्वजनिक गरिएको आफ्नो नीति तथा कार्यक्रममा "जसरी २९ वर्षपूर्व राजाले संसदीय व्यवस्था अफाप भएको भनि दलीय व्यवस्थामाथि प्रतिवन्ध लगाइयो, त्यसैगरी विगतका २९ वर्षले निर्दलीय पञ्चायती व्यवस्थामाथि अफाप भएको छ । अत : एउटा अफाप व्यवस्थाको विकल्प अर्को अफाप व्यवस्थाको पुनर्स्थापना होइन । वरु जनताको नयाँ जनवादी व्यवस्था कायम गरिनु आजको वास्तविक माग हो भन्ने उल्लेख गरेको थियो । जनताको जनवादी राज्यसत्ता कायम गर्ने उद्देश्यकासाथ संयुक्त राष्ट्रिय जनआन्दोलनको गठन गरिएको भए पनि नेपाली काङ्ग्रेस र वाममोर्चाका पञ्चायत विरोधी कदमहरूमा कुनै असहमति थिएन ।

ने.का.र वाममोर्चाको वहुदलीय संसदीय व्यवस्था प्राप्तिको आन्दोलन प्रभावकारी वन्न नसकिरहेको अवस्थाकै वीचमा फागुन ७, २०४६ मा चरणवद्ध सङ्घर्षका कार्यक्रमको घोषणा गरे । यद्यपि त्यस आन्दोलनले पनि कुनै प्रभाव छाड्न सकेन । उता डा. वावुराम भट्टराई प्रवक्ता रहनुभएको संयुक्त राष्ट्रिय जनआन्दोलनले भने चरणबद्ध सङ्घर्षका कार्यक्रमसहित २०४६ चैत्र २४ का लागि नेपाल वन्दको आह्वान गर्‍यो । चैत्र २४ को नेपाल वन्द नै वहुदलीय व्यवस्था स्थापनाको निम्ति निर्णायक वन्यो ।

चैत्र २४ गतेको उक्त अभूतपूर्व नेपाल वन्दको क्रममा हजारौं जनसमुदाय राजतन्त्र विरोधी नारा लगाउँदै नारायणहिटी दरवार घेर्न अगाडि बढे । यसै क्रममा नारायणहिटी दरवारभन्दा ४०० मिटर अगाडि रहेको राजा महेन्द्रको सालिकमा रहेको राजदण्ड भिक्ने क्रममा एक युवकले आफ्नो अमूल्य जीवन वलिदान गरे । तर, जनसमुदाय महेन्द्रको उक्त शालिक तोडफोड गर्दै अगाडि वढिरहे । त्यसक्रममा १५० भन्दा वढी जनताले सहादत प्राप्त गरे । ५० जनाको शवलाई वीर अस्पताल पुर्‍याइयो भने कयौं घाइते तथा मृत शवहरू सुन्दरीजलमा लगेर कसैलाई थाहा नदिई सामूहिक रूपमा गाडियो । तर पनि जनतामा कुनै भय, आतङ्क देखिएन । २४ गते नै मरिचमान सिंह श्रेष्ठलाई वीरेन्द्रले असक्षम घोषणा गरी लोकेन्द्रवहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरे । चैत्र २५ गते चन्द सपथ ग्रहण गरिरहेका थिए । अर्कातर्फ जनता राजधानीका गल्ली र चोकभरि प्रदर्शन गरिरहेका थिए र संयुक्त राष्ट्रिय जनआन्दोलनले चैत्र २४ गतेका लागि मात्र नेपाल वन्दको आह्वान गरेको भए पनि चैत्र २५ र २६ पनि उपत्यका पूर्णत: बन्द रह्यो र कर्फ्यूका वीच पनि जनताले प्रदर्शन गरिरहे । जनताले दैनिकजसो काठमाडौ र देशैभरि राजतन्त्रका विरुद्ध गरेका प्रदर्शनवाट अत्तालिएर राजा वीरेन्द्रले वाम मोर्चा र ने.का.का नेताहरूलाई चैत्र २६ गते दरवार वोलाई वहुदलीय व्यवस्था दिने सहमति भएपश्चात् आन्दोलन मत्थर वन्यो । यद्यपि चैत्र २६

गते राजाको घोषणा र २०४७ को संविधानले जनताका कुनै पनि आधारभूत समस्याहरू समाधान गर्न सकेन । राजा वीरेन्द्रले वार्तामा आन्दोलनकारी शक्ति संयुक्त राष्ट्रिय जनआन्दोलनलाई पूर्णतः वेवास्ता गर्दै ने.का. र एमालेसँग मात्र वार्ता गरेर षड्यन्त्रपूर्ण ढङ्गवाट वहुदलीय संसदीय व्यवस्थाको घोषणा गरे ।

२०४७ सालको संविधानमा सार्वभौम जनता भनिएको भए पनि त्यो व्यावहारिक रूपमा थिएन । जनताको हातमा सत्ताको प्रमुख अङ्ग सेना थिएन । ०४६ मा जनतामा कुनै अधिकारविना नै गद्दारी एवम् धोकापूर्ण सम्झौता भएकाले नेपाली धर्तीमा आफ्नो पूर्ण मुक्तिका खातिर जनवादी (Democracy) राज्यसत्ता स्थापना गर्ने महान् उद्देश्यकासाथ नेपाली जनताले २०५२ साल फागुन १ गते महान् जनयुद्धको पहल गरे ।

तसर्थ, ने.क.पा. (माओवादी) ले ०४६ साल चैत्र २४ गते जनताले राजतन्त्रविरुद्ध त्याग, तपस्या, वीरता एवम् बलिदानीपूर्ण गरेको सङ्घर्षको सम्मान र उच्च मूल्याङ्कन गर्दै चैत्र २४ गतेलाई जनआन्दोलन दिवसको रूपमा मनाउने गरेको छ । आज पनि जनआन्दोलन दिवस उत्तिकै सार्थक र महत्वको रहेको छ । यसपटकको जनआन्दोलन दिवस चैत्र २४ सहित चैत्र २५ र २६ का लागि ने.क.पा. (माओवादी)ले नेपाल बन्दको आह्वान गरेको छ । आमजनताले ०४६ साल चैत्र २४ गते देखाएको वीरता एवम् बलिदानी र राजतन्त्र विरोधी भावनाको संस्मरण गर्दै वर्तमान हत्यारो ज्ञानेन्द्र शाहीको आततायी तथा फासीवादी सत्ता ध्वस्त गर्दै जनवादी गणतन्त्रको निम्ति अग्रसर बन्नुमा नै जनआन्दोलन दिवसको सार्थकता रहने छ ।

२०६० चैत्र १२

कविता

नरोक तिमी हातहरू पौरख गर्नुछ
नरोक तिमी खुट्टाहरू पाइला चाल्नुछ
नछोप तिमी आँखाहरू संसार हेर्नुछ
दुई थोपा रगत यहीं नै पोख देशले भन्दै छ

बलिदान तिम्रो यो देशले आज माग्दै छ
हँसिया-हथौडा लिएर उठ समाजले भन्दै छ
कलम र कापी लिएर उठ क्रान्ति गर्नलाई
आवाज विद्रोहको लिएर जुट परिवर्तन माग्नलाई

धनी र गरीव, उँच र नीच सवै मिलाई
समान कानुन, समान न्याय वाच्नुछ दिलाई
ठूलो र सानो, जाति र पाति सवै नै तोडेर
मुलुक वनाउन लागौं सवै क्रान्तिमा जुटेर ।



विजय ढकाल (विश्वास)



विजय ढकालको जन्म स्याङ्जा जिल्लाको पुतलीबजार नगरपालीका-८, ढटुवाले गाउँमा पिता घनश्याम ढकाल र माता पारु ढकालको कोखबाट ०३३ साउन ३ गते भएको थियो । उहाँका पिता पृथ्वीनारायण क्यम्पस पोखरामा प्राध्यापक भएकोले पछि उहाँहरूको बसोवास नै पोखरामा भयो । विजयको वाल्यकालदेखि राजनीतिक जीवनको सुरुवात पोखराबाटै भएको थियो । आफ्नै बुवाको राजनीतिक प्रभाव एवं साथीभाइको संगतबाट पिएन क्याम्पस प्रबेशसँगै अखिल (क्रान्तिकारी)मा सक्रिय हुनुभयो । यसक्रममा ०५० सालमा क्याम्पस इकाई सदस्य, ०५१ मा कास्की जिल्ला सदस्य, ०५३ मा जिल्ला सचिव, ०५५ मा जिल्ला अध्यक्ष, ०५६ मा राष्ट्रिय भेलाद्वारा केन्द्रीय सदस्यमा निर्वाचित भई गण्डक क्षेत्रीय संयोजक हुनुभयो । आन्दोलनको क्रममा उहाँले पटक-पटक जेल-हिरासत यातना पाउनु भएको थियो । विएसम्मको औपचारिक अध्ययन पूरा गरी ०५६ मंसिरबाट भूमिगत हुनुभएका क. ढकाल आफ्नो क्रान्तिप्रतिको समर्पण तथा तीब्र क्षमता विकासका कारण छोटो अबधिमा ०५९ मा नेकपा (माओवादी)का नवलपरासी जिल्ला सक्रेटरी हुँदै पछि कास्की जिल्ला सेक्रेटरी समेत हुनु भएको थियो । क्रान्तियात्राकै क्रममा वीरजा अधिकारी (नमुना)सँग ०६१ असोजमा वैबाहिक सम्बन्धमा गाँसिनु भएका क. विजय तीन महिना नपुग्दै खुनी शाहीसेनाको पञ्जामा पर्नु भयो । उहाँलाई ०६१ पौष २९ गते पार्टी कामको सिलसिलामा कास्की जिल्लाको निर्मलपोखरी, साम्मी गाउँमा बाटो हिंडिरहेको बखत गोली हानी घाइते अवस्थामा पक्राउ गरी तीन-चार घण्टाको चरम यातनासहित हत्या गरेको थियो ।

लड्नुभन्दा अर्को विकल्प हामीसँग बाँकी छैन

आमा !

म यहाँसम्म सन्चै छु, बाको खबर के छ ? सन्चो विसन्चोको खबर लिन यतावाट पनि कोशिष गरिरहेको छु । तर, यतिबेला साह्रै गाह्रो छ । अहिले हाम्रो घर भताभुङ्ग भएको अवस्थामा छ । हाम्रो मात्र होइन, लाखौं परिवारहरुको यस्तै अवस्था छ । हामी त अहिलेसम्म सुरक्षित छौं । सयौं साथीहरुले सहादत प्राप्त गरिसक्नु भएको छ । कैयौं जेलमा र वेपत्ता हुनु भएको छ । ती परिवारहरुले पनि आफूलाई धानिरहेका छन् र दुश्मनको अन्तको दिन गनिरहेका छन् । परिस्थिति फेरिन्छ, सधैं यस्तै रहँदैन । त्याग र बलिदानको बाटो हिंडेपछि कहिले सजिलो कहिले अप्ठेरो हुन्छ । युद्धको बेला यस्तै हो, विचार नउठेका वा वर्गचेतना नभएका आफन्त वा नातागोता पनि काम नलाग्न सक्छन् । कसैले सहयोग नगर्न सक्छन् । सबैभन्दा राम्रो कुरा आफ्नै खुट्टामा उभिएर बाँच्न सिक्नु पर्दछ । अन्तिम भरोसा पार्टीकै गर्नु पर्छ । कुनै न कुनै ढंगले साथीहरुले सहयोग गर्नुहुने छ । हाम्रो घर आइरहने मान्छेहरु अवश्य पनि घटेका होलान् वा पनि घर नहुँदा केही अप्ठेरो हुनसक्छ, अलिकति बाको स्वास्थ्यको समस्या हो । ढाडले उकालो-ओरालो सजिलोसित हिंड्न मिल्दैन तर पनि विस्तारै बानी पर्दै जानुहुन्छ । युद्धमा लागेका यत्रा मान्छेहरु सुरक्षित छन् वा मात्र असुरक्षित हुने भन्ने कुरै आउँदैन । धेरै चिन्ता नलिनु होला, धैर्य गर्नुहोला । जति दुःख र कष्ट आइपरे पनि शत्रुका अगाडि आँशु नझार्नु होला । तपाई आत्तिनु भयो भने वैनीहरु अत्तालिन्छन्, बालाई अप्ठेरो पर्छ । कमाई धन्दामा लागेका अरुका छोराछोरी हेरेर मन नखसाल्नु होला । कसैका करवलले होइन, यो मैले रोजेको बाटो हो । त्यसैले यो बाटो अलग छ । म आफ्नै लागि र परिवारको लागि मात्र नभएर देश र जनताको मुक्तिका निम्ति हिंडेको तपाईंहरुलाई थाहै छ । आफ्नै लागि बाँच्नु र अरुका लागि बाँच्नुमा फरक हुन्छ । अन्यायका अगाडि आत्मसमर्पण गरेर बाँच्न मबाट सम्भव छैन । त्यसैले लड्नुभन्दा अर्को विकल्प हामीसँग बाँकी छैन । बैनीहरुले पढ्दै भए पनि पार्टीलाई, युद्धलाई सहयोग गर्नु । युद्धमा सहभागी हुनु । युद्धका धेरै रुपहरु हुन्छन् । वन्दुक लिएर लड्नु मात्र युद्ध हो भन्ने होइन । मौका मिलेसम्म वेलाबेलामा खबर गर्दै गरुँला । त्यतातिर आउने मान्छे पाए चिठ्ठी पनि लेखौंला । शाही जल्लादहरुले धेरै सताउन थाले भने घर नबस्नु नै जाती होला । हत्याराहरुको केही भरोसा हुँदैन । दुईचार महिना अन्तै डेरा खोजेर बस्दा पनि हुन्छ । हाम्रो घर सबैले चिनेको र टार्जेट भएर पनि यस्तो भएको हो । अन्य ठाउँमा त्यस्तो हुँदैन । सबैले नचिनेको ठाउँमा खासै समस्या पर्दैन । पोखरामा मात्र अलिकति समस्या परेको हो ।

मैले संकलन गरेका पुस्तकहरु र फोटाहरु जसरी पनि सुरक्षित राखिदिनुहोला । धेरै साथीहरुका फोटा छन् । ती दुश्मनका हात परे भने उनीहरुलाई चिन्न र खोज्न धेरै सजिलो पर्छ । पुस्तकहरु यतिबेला एकै ठाउँमा राख्दा राख्ने मानिसहरु आतंकित हुन सक्छन् । बरु, दुईचारवटाका दरले धेरै मानिसहरुका घर राख्नुहोला । एकदुई ठाउँमा दुश्मनले फेला पारिहाल्यो भने पनि अरु जोगिन्छन् । आमा ! हतास नहुनुहोला, बाको र वैनीहरुको मन कमजोर वनाउने काम नगर्नुहोला । हाम्रो बाटो अप्ठेरो छ । म जनताको बीचमा सुरक्षित छु । आमा र वैनीहरुले कुनै चिन्ता लिनुपर्दैन । अहिले यति । बाँकी भेटमा ।

तपाईंको छोरा, विजय ढकाल

३० चैत्र ०५८, चितवन

कमल पुन (पवन)



रोल्पा जिल्ला, राङ्सी गाविस वडा नं. नौमा बुबा सुरुवीर र आमा मनसरा पुनका जेठो छोराको रुपमा कमल पुनको जन्म ०३५ सालमा भएको थियो । स्कूले जीवनबाटै विद्यार्थी राजनीतिमा क्रियाशील कमल साहित्य र सङ्गीतका पारखी पनि हुनुहुन्थ्यो । उहाँ ०५१ मा सिज मितेरी साँस्कृतिक अभियानमा सक्रिय रहनुभयो भने, पछि अध्ययनको क्रममा महेन्द्र बहुमुखी क्याम्पस दाङमा इकाई समितिमा जोडिनुभयो । ०५४ मा पूर्णकालीन भएपश्चात् अखिल (क्रान्तिकारी)को दाङ जिल्ला सदस्य, ०५७ मा मिर्मिरे साँस्क्रितिक परिवारको अध्यक्ष, ०५८ मा विद्यार्थीको दाङ अध्यक्ष हुँदै १५ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा चुनिनुभयो । उहाँलाई उपचारको सिलसिलामा भारतको हरियाणाबाट ०५९ जेठ २९ गते गिरफ्तार गरी असार ४ गते कपिलवस्तुको कृष्णनगर एसपी कार्यालयमार्फत् नेपाल सुपुर्दगी गरियो र चन्द्रौटा, भालुवाङ, शमसेरगञ्ज हुँदै नेपालगञ्जको राँझा ब्यारेकमा केही दिन राखी हत्या गरेको पुष्टि भएको छ । ०५६ सालमा निर्मला थापासँग विवाह गर्नुभएका कमलकी एक छोरी दीक्षा पुन रहेकी छिन् ।

आन्दोलन र प्रचण्डपथ

"क्रान्तिको निरन्तरताविना आन्दोलनमा घुसेका वुर्जुवावर्गका प्रतिनिधिहरूलाई नाङ्गेझार पार्न सम्भव छैन भन्ने सन्देश नै सांस्कृतिक क्रान्तिको सन्देश हो।"

- *क.प्रचण्ड*

१. आरम्भ

नेपाली वर्गसङ्घर्षको उच्चताले आन्दोलनमा एउटा सशक्त गतिको माग गरेको छ। आन्दोलनलाई नयाँ उचाई, नयाँ शिक्षाबाट अगाडि बढाउनुपर्ने अवस्था समयको वस्तुस्थितिले खोजिरहेको छ। अर्कोतर्फ नवीन सँस्कृति निर्माण तथा पुरातनको ध्वंसको साथै आन्दोलनभित्र घुसेका वुर्जुवावर्गविरुद्ध निर्मम सङ्घर्षको प्रक्रियाबाट अगाडि बढिरहेको जनसांस्कृतिक आन्दोलन थप नयाँ उचाइबाट अगाडि बढिरहेको छ। यसलाई नयाँ दिशा एवम् गति दिन जरुरी भइरहेको अवस्थामा नेपाली जनमुक्ति आन्दोलनको नेपाली विशिष्टतामा नयाँ वैचारिक संश्लेषण गरी प्रचण्डपथ जन्माएको छ। प्रचण्डपथ राजनैतिक मार्गनिर्देशन मात्र नभएर सांस्कृतिक मार्गनिर्देशन पनि हो। समग्र क्षेत्रको आशापुञ्ज हो र विश्वक्रान्तिको हुङ्कार पनि हो। परिणामतः प्रचण्डपथले सांस्कृतिक आन्दोलनका निम्ति दिएका शिक्षाहरूलाई नयाँ गति, नयाँ दिशा दिन सकिन्छ। प्रस्तुत लेख यिनै विषयमा केन्द्रित रही तयार गर्ने प्रयास गरिएको छ।

२. लेखकीय प्रतिबद्धता

लेखकीय प्रतिबद्धता र प्रतिरोध सांस्कृतिक आन्दोलनको बीच द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ। लेखकीय प्रतिवद्धताविना सांस्कृतिक आन्दोलनले गति प्राप्त गर्न असम्भव छ। प्रतिबद्धताको अर्थ यतिवेला सही राजनीतिलाई आफ्नो कमाण्डमा राख्नु, सर्वहारावर्गीय विचारलाई दह्रोसँग आत्मसात् गर्ने र व्यवहारमा नयाँ ढङ्गले जानु नै हो। यतिखेर प्रतिवद्धता र स्वतन्त्रतावीचको द्वन्द्वात्मक सम्बन्धलाई प्रचण्डपथले नयाँ उचाइबाट विश्लेषण गरेको छ। स्पष्टतः के हो भने प्रतिबद्धताविनाको स्वतन्त्रता व्यक्तिवादी अराजकता हो। जसले व्यक्तिगत स्वार्थ स्वच्छन्दता, सङ्कीर्णता, व्यक्तिवादी प्रवृत्तिको विरुद्ध वहुसंख्यक जनताको चाहना, आकाङ्क्षा, हित तथा क्रान्तिप्रति आफूलाई निडर वनाउँछ। वास्तवमा ऊ नै सांस्कृतिक योद्धा बन्न सक्दछ र रातो लाल्टिनको सांस्कृतिक चेतनालाई समातेर लेखकीय प्रतिवद्धतालाई ठीक ढङ्गले पक्डन सक्दछ। जनता एवम् सर्वहारावर्गीय प्रतिवद्धता प्रगतिवाद भन्नेहरूको निम्ति अपरिहार्य कुरा हो। यस कुरालाई प्रगतिवादीहरूले ठीक ढङ्गले आत्मसात् गर्ने कुरा नै विचारधारात्मक

प्रतिवद्धता अर्को महत्त्वपूर्ण सवाल हो। सार्वजनिक सचेतना, राजनैतिक एवम् विश्वदृष्टिकोणलाई सही ढङ्गले बुझ्ने जसलाई सही ढङ्गले आत्मसात् गर्ने कुरा नै विचारधारात्मक प्रतिवद्धताअन्तर्गत पर्दछन्। नेपाली प्रगतिवादी साहित्यमा लेखकीय प्रतिवद्धता र स्वतन्त्र लेखनको विषयमा प्रशस्त वहस भइसकेका छन्। त्यतिखेर स्वतन्त्र लेखनको पक्षमा उभिएका केही लेखकहरू अहिले आएर एन.जी.ओ. सँस्कृतिमा फसेका छन् र नवीन सँस्कृति निर्माणको खातिर अघि वढेको सांस्कृतिक आन्दोलनको विरुद्ध साम्राज्यवादी विषवमन गरिरहेका छन्। त्यसैले भन्न सकिन्छ- विचारधारात्मक प्रतिवद्धता पनि लेखकीय अनिवार्य सर्त हो। अझ अगाडि वढेर भन्नुपर्दा विचारधाराको घनीभूत अभिव्यक्ति एवम् सङ्घर्षको कला राजनीति हो र सिद्धान्ततः र व्यवहारलाई परस्पर मिलाउने माध्यम सङ्गठन हो। यसर्थ, राजनीतिक र साङ्गठनिक प्रतिवद्धता पनि आजको सांस्कृतिकर्मीहरूको निमित्त अनिवार्य सर्त हुन्। ठीक यहीनेर बुझ्नैपर्ने सवाल के छ भने "जव प्रतिवद्धतालाई धर्मसूत्रको रूपमा ग्रहण गरिन्छ त्यो वेला अनुभववादी खतरा पैदा हुन्छ" *(क. किरण, मार्क्सवादी कला दृष्टि र समीक्षा)*। त्यसैले आजको सांस्कृतिककर्मीहरू यी दुवै अतिवाट वच्न जरुरी छ। तत्कालीन रूपमा भने सांस्कृतिक आन्दोलनमा अनुभववादी खतरा नै वढ्ता छ।

'म'वाट 'हामी'मा रूपान्तरित हुनु र हाम्रो आन्दोलनलाई अगाडि वढाउन क. लेनिनकै शव्दमा मेशिनको पेचकिलाको काम गर्नु नै आजको आवश्यकता हो।

३. प्रतिरोध सांस्कृतिक आन्दोलन

वर्गसङ्घर्ष प्रतिरोधात्मक हुने हुँदा सांस्कृतिक आन्दोलन पनि प्रतिरोधात्मक नै हुने गर्छ। जसले राजनीति र सँस्कृतिलाई फरक-फरक अस्तित्वमा देख्ने गर्दछ। उसको निम्ति यो कुरा ठीक नहुन सक्छ। तर, मार्क्सवाद त्यसो भन्दैन। राजनीति समग्र हो र सँस्कृति त्यसभित्रको एउटा अंश हो। तसर्थ, वर्गङ्घर्षको गतिले सांस्कृतिक आन्दोलनको गतिलाई प्रभाव पार्ने कुरा निश्चित छ। नेपाली वर्गसङ्घर्ष दिनप्रतिदिन विजयतर्फ उन्मुख छ भने नेपाली सर्वहारावर्गीय सांस्कृतिक आन्दोलन प्रतिरोधात्मक ढङ्गले अगाडि बढिरहेको छ। यसको गति र दिशामा नयाँ आयाम दिन जरुरी भएको छ। अनेकोटमा भएको सांस्कृतिककर्मीहरूको हत्या, भावाङ्गमा भएको जनकलाकारहरूको हत्याको विरुद्ध चैत्र ५ गते अनेकोटमा कवि, कलाकारले प्रतिरोधात्मक सभाको आयोजना गरिरहेको बखत फासीवादी सरकारको ठाडो हस्तक्षेपले सांस्कृतिककर्मीहरू (कवि, कलाकार) कत्ति पनि विचलित नभई दमनको विरुद्ध प्रतिरोधमा उत्रिए र फासिष्टको विरुद्धमा लागेका थिए र त्यो प्रतिरोध सांस्कृतिक आन्दोलनको निम्ति महत्त्वपूर्ण शिक्षा हो।

नेपालको सन्दर्भमा विगत लामो समयदेखि नै सांस्कृतिक आन्दोलन प्रतिरोधात्मक ढङ्गले अगाडि बढिरहेको छ। विगतको आन्दोलनको स्वरूप, प्रकृति सामान्यझैं लागे तापनि इतिहासको त्यस्तो कुनै विशिष्ट मोडहरूमा अत्यन्तै महत्त्वपूर्ण भूमिका आन्दोलनले निर्वाह गरेको छ। वि.सं. २०३८ सालमा अखिल नेपाल जनसांस्कृतिक सङ्घको निर्माण हुनु प्रतिरोध सांस्कृतिक आन्दोलनको निम्ति महत्त्वपूर्ण परिघटना थियो। विगतमा

नेपाली कम्युनिष्ट आन्दोलन टुटफुट एवम् विभाजनमा रहँदा पनि सांस्कृतिककर्मीहरू एउटै मोर्चामा रहेर प्रतिक्रियावादी सँस्कृतिको विरुद्ध सङ्घर्ष गरेका थिए। त्यतिमात्र नभएर निरङ्कुशता विरोधी आन्दोलनको क्रममा साँस्कृतिककर्मीहरू कालो पट्टी बाँधेर अभिव्यक्ति स्वतन्त्रताको लागि आन्दोलन गरेका थिए। निरङ्कुशताको विरुद्ध सांस्कृतिककर्मीहरू 'गङ्गालालको चिता' नामक नाटक रूकुममा प्रस्तुत गरी प्रतिरोध सांस्कृतिक आन्दोलनलाई नयाँ नीति दिएका थिए। परिणामतः त्यहाँका सांस्कृतिककर्मीहरूले विगतमा त्यस्ता महत्त्वपूर्ण सांस्कृतिक प्रतिरोधका घटनाहरूलाई संश्लेषण गरी नयाँ ढङ्गले अगाडि वढाउन जरुरी भइसकेको छ। अवको यात्रा गतिमा होइन, छलाङ्गमा हुन जरुरी छ, क्रममा होइन क्रमभङ्गतामा हुन जरुरी छ। सांस्कृतिक आन्दोलनको सन्दर्भमा प्रचण्डपथको शिक्षा यो पनि हो भन्ने अर्थमा सवैले वुझ्नुपर्दछ।

(क) सांस्कृतिक साम्राज्यवादका विरुद्ध

तत्कालीन रूपमा प्रतिरोध सांस्कृतिक आन्दोलन विशेषतः तीन वटा मोर्चाको विरुद्ध चलिरहेको छ- सामन्तवादी, साम्राज्यवादी तथा विस्तारवादी। मोर्चाविरुद्ध साम्राज्यवादी मुलुकहरू विश्वका साना एवम् विपन्नवर्गका राष्ट्रहरूमा आर्थिक, राजनैतिक, सांस्कृतिक शोषण गरिरहेका छन्। विस्तारवाद त्यसरी नै अगाडि आइरहेको छ भने हाम्रो मुलुकमा अझै पनि सामन्तवादी सँस्कृतिका थुप्रै अवशेषहरू छन्। यसका विरुद्ध प्रतिरोध आन्दोलन नयाँ गतिकासाथ चल्नु जरुरी देखिन्छ। अश्लील, छाडा सँस्कृतिलगायतका कुरूप सँस्कृति विकृतिको विरुद्ध जनवादी सँस्कृति निर्माण गर्न वर्गसङ्घर्षको भीषणतासँगै सांस्कृतिक आन्दोलन पनि चलिरहेको छ परन्तु, अवको आवश्यकता भनेको विस्तारवाद विरोधी सांस्कृतिककर्मीहरू एउटै मोर्चामा पङ्क्तिवद्ध भएर प्रतिरोध आन्दोलनमा गुणात्मकता थप्न जरुरी भएको छ।

(ख) साँस्कृतिक संशोधनवादी मोर्चा विरुद्ध

प्रगतिवादीको नाममा मार्क्सवादलाई तोडमोड गर्ने र प्रगतिशील लेखकको रूपमा आफूलाई विश्लेषण गर्ने एउटा ठूलो तप्का सांस्कृतिक क्षेत्रमा रहेको छ। मालेमाको मूलभूत मान्यतालाई तिलाञ्जली दिनु, वर्ग चेतनावाट विमुख हुँदै आत्मसमर्पणवाद तथा रूपलाई प्रधान ठान्ने रूपवादमा आफूलाई लैजानु संशोधनवादीहरूको विशेषता हो। यिनीहरूको अर्को विशेषता सामाजिक यथार्थप्रति कहिल्यै नकारात्मक देखिदैनन्। अहिलेको प्रतिरोध सांस्कृतिक आन्दोलन संशोधनवादी मोर्चाको विरुद्ध पनि केन्द्रित रहेको छ। तत्कालीन अवस्थासम्म आइपुग्दा साम्राज्यवादीहरू र संशोधनवादीहरूबीच गठवन्धन वढ्दै गइरहेको छ र यसका विरुद्ध सांस्कृतिक आन्दोलने यस तप्कालाई नाङ्गेझार पार्दै अगाडि वढेको छ। यसमा थप गति दिन भने आवश्यक नै छ।

(ग) आफूभित्र रहेको गलत चिन्तन र प्रवृत्तिको विरुद्ध

क. माओको शव्दमा 'क्रान्तिको पहिलो निशाना आफैंलाई बनाउनु' तथा क. प्रचण्डको शव्दमा 'आफ्नो टाउकोमा आफैं आगो सल्काउनु' भन्ने उक्तिको मूल

मर्मलाई आत्मसात् गर्दै सांस्कृतिक आन्दोलन अगाडि बढिरहेको छ। चीनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको चेतनालाई आत्मसात् गर्नुको अर्थ आफैंप्रति निर्मम वन्नु हो। माथिका उक्तिहरूले पनि यही कुरा अभिव्यक्त गरिरहेका छन्। नेपाली वर्गसङ्घर्षको विकासक्रमसँगै आलोक सँस्कृतिहरू नाङ्गेभार वन्दै जानु, वुर्जुवावर्ग क्रान्तिको निरन्तरताले नाङ्गेभार वन्दै जानु, वर्गसङ्घर्षभित्र सांस्कृतिक क्रान्ति पनि निरन्तर चलिरहेको छ भन्ने कुरालाई स्पष्ट गर्दछ। आफूभित्र रहेको गलत प्रवृत्ति नै गलत सँस्कृतिका सङ्केत हुन्। यसका विरुद्ध निरन्तर सांस्कृतिक क्रान्तिविना नयाँ सँस्कृति निर्माणको कुरा असम्भव छ। तसर्थ, आफैं विरुद्धको सांस्कृतिक आन्दोलन चलिरहेको छ र यसलाई निरन्तर चलाइरहनुपर्दछ।

४. प्रचण्डपथका शिक्षाहरू

सांस्कृतिक आन्दोलनको क्षेत्रमा प्रचण्डपथको शिक्षाहरू गहन एवम् जोशपूर्ण रहेका छन्। चिनियाँ सर्वहारा सांस्कृतिक क्रान्तिको चेतनालाई ठीक ढङ्गले पकड्न आफ्नो टाउकोमा आफैं आगो सल्काउने महान् कार्यको थालनी गर्ने शिक्षा प्रचण्डपथले दिएको छ। आज वर्गसङ्घर्षको मैदानमा हरक्रान्तिकारीहरू आफैं विरुद्ध निर्मम वन्दै अगाडि बढिरहेका छन्। क्रान्तिको पहिलो निशाना आफैंलाई नवनाउँदासम्म संसार परिवर्तन असम्भव छ। अवको गोर्की, लुसुनहरू महान् सर्वहारा सांस्कृतिक क्रान्तिको जगमा टेकेर मात्र अगाडि आउनेछन् भन्ने शिक्षा प्रचण्डपथले राम्ररी दिएको छ। आजको सांस्कृतिककर्मीहरू गोर्की, लुसुन वन्न प्रचण्डपथको शिक्षालाई ग्रहण गर्नैपर्दछ। अवको सांस्कृतिक पल्टन निरन्तर क्रान्तिको चेतनाको वेगमा उभिएर पूरै प्रतिवद्धताकासाथ अगाडि बढ्ने छन् भन्ने कुराको उद्घाटन प्रचण्डपथले गरेको छ। वैज्ञानिक विचार र जनताको सङ्घर्षशील भावनाले मात्र समाजलाई अग्रगति दिने नयाँ ऊर्जा पैदा हुनेछ भन्ने शिक्षा प्रचण्डपथले दिएको छ। प्रचण्डपथले वन्दुक, मादल तथा कलमको एकीकृत कमाण्डद्वारा सांस्कृतिक आन्दोलन अगाडि बढाउन सकिन्छ भन्ने महत्त्वपूर्ण शिक्षा दिएको छ। व्यवहारको मैदानवाट खारिएका प्रगतिशील लेखक, कलाकारहरूले प्रचण्डपथको यो शिक्षालाई दह्रोसँग आत्मसात् गर्नैपर्दछ। आजको विश्वपरिवेश सांस्कृतिक आन्दोलनको स्थिति सवैलाई अध्ययन गर्दा प्रचण्डपथका शिक्षाहरू समयसापेक्ष रहेका छन्। मालेमावादलाई समृद्धीकरण गर्दै सार्वभौम उन्मुख सम्भावित विज्ञान प्रचण्डपथको जगमा उभिएर मात्रै हामी आजको विश्वलाई अध्ययन गर्न सक्नेछौं, सांस्कृतिक आन्दोलनलाई अध्ययन गर्न सक्नेछौं। वास्तवमा समग्र क्षेत्रमाभैं प्रतिरोध सांस्कृतिक आन्दोलनलाई पनि अगाडि बढाउन प्रचण्डपथको जगमा उभिनैपर्दछ। यो आजको आवश्यकता हो।

५. निष्कर्ष

प्रतिरोध सांस्कृतिक आन्दोलनलाई नयाँ गति दिनुपर्ने आजको आवश्यकता हो। फासीवादी सत्ता सँस्कृति, साम्राज्यवादी, विस्तारवादी सँस्कृतिको विरुद्ध निर्मम सङ्घर्ष गर्दै सांस्कृतिक संशोधनमाथि प्रहार गर्दै त्यतिकै चोटिलो बनाउनु जरुरी छ। 'रातो

लाल्टिन'को सांस्कृतिक चेतनामा उभिएर आफैंविरुद्ध निर्मम वन्न अझै जरुरी छ। जसको निम्ति प्रतिवद्धता (वर्गीय विचारधारात्मक, राजनीतिक, साङ्गठनिक प्रतिवद्धता) का साथ हरचुनौतीमय परिवेशको विरुद्धमा पनि सांस्कृतिककर्मीहरू झुक्नुहुँदैन हरअप्ठ्याराहरूसँग भीषण सङ्घर्ष गर्नुपर्नेछ। यसो नगरिकन नयाँ सँस्कृति निर्माणका कुराहरू असम्भव छन्। तसर्थ, आज हरेक सङ्गीनमय ऋतुहरूसँग जुध्न प्रचण्डपथका शिक्षाहरूलाई आत्मसात् गर्दै व्यवहारको मैदानमा लागू गर्न जरुरी छ। जव प्रतिवद्धता प्रचण्डपथ रहन्छ, जव हरसांस्कृतिककर्मीहरूको विचारमा प्रचण्डपथ रहन्छ विश्वास गरौं- प्रतिरोध सांस्कृतिक आन्दोलनलाई हामी नयाँ गति र स्पिरिटकासाथ अगाडि वढाउन सक्नेछौं।



कमल पौडेल



कमल पौडेलको जन्म स्याङ्जा जिल्ला थुमपोखरामा भएको थियो । सानैदेखि बिद्रोही स्वभावका कमल ०५८ सालमा सम्पन्न अनेरास्ववियू (क्रान्तिकारी)को १५ औं राष्ट्रिय सम्मेलनबाट बैकल्पिक केन्द्रीय सदस्य र ०६० मा सम्पन्न १६ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएको थियो । यसको अलवा नेकपा (माओवादी) जिल्ला सदस्यसमेत हुनुहुन्थ्यो । आफ्नो कार्यक्षेत्र रुपन्देहीमा खट्ने क्रममा उहाँलाई ०६० मंसिर १ गते शाहीसेनाले मोटरसाइकलसहित कब्जा गरी हत्या गरेको थियो ।

आन्दोलन*

अशोक क्याम्पसमा एक प्रखर वक्ताका रुपमा चिनिएका युवक थिए। उनले अति मीठो भाषामा भाषण गर्दथे। सवैजना उनका भाषण सुन्न मन पराउँथे। उनलाई बक्तृत्वकलाको बारेमा राम्रो ज्ञान थियो।

अशोकले आइकम गरेर विकम पढ्न सुरु गर्दैथिए। उनी अन्दाज २५ वर्षका रहरलाग्दा युवक थिए। उनको आर्थिक अवस्था राम्रो थिएन। तैपनि जनतन निर्वाह गरेर राम्ररी मेहनतसाथ उनले पढेका थिए।

---

*कमलद्वारा लिखिल अप्रकाशित उपन्यास 'आन्दोलन' को एक खण्ड ।

अशोकका ती बानी वेहोरावाट मिरा साह्रै प्रशन्न थिइन् । अशोक महंगा कपडा कहिल्यै लगाउँदैन थिए । तर, संधै सुकिला र उज्याला हुन्थे उनका कपडाहरु । मिरा अशोकवाट प्रशन्न हुनुको अर्को कारण थियो । अशोक सधैं गरीवको पक्षमा वोल्थे र आफू थोरै भए पनि माग्नेलाई केही सहयोग गरेरै छाड्थे ।

अशोकले अति राम्रा गीतको रचना गर्थे र अति मिठो भाकामा गाउँथे । उनी भरिलो युवक भए पनि कुनै युवतीसँग प्रेम जालमा फँसेका थिएनन् । उनले सवैभन्दा ठूलो कर्तव्य गरीबका पक्षमा लड्नु मान्थे । उनी कसैसँग मिल्न चाहन्थे भने केवल गरीवको पक्षमा लड्नलाई ।

मिरा पनि त्यस्तै चाहन्थिन जस्तै अशोक चाहन्थे । मिरा धनी परिवारकी केटी थिइन् । उनी आफ्नै वावुलाई घृणा गर्दथिन् । वाउको धनको घृणा गर्दथिन् । कति पटक मिराले वाउको धनको मुठो आगोमा जलाइदिएकी थिइन । तर अचेल भने जलाउनुभन्दा गरीवलाई बाँड्नु ठीक ठान्थिन् ।

मिरालाई त्यस क्याम्पसमा धेरैले आँखा गाडेका थिए । धनी परिवारका केटाहरु उनीसँग बोल्न पाएमा पनि स्वर्ग पुगेको कल्पना गर्दथे । किनकि मिरा सौन्दर्यले भरपुर एक युवती थिइन । उनी सिंगार पटक्कै गर्दैनथिन् । तर पनि साधरण लुगामा पनि उनी सुन्दर थिइन । मिराले त्यो क्याम्पसमा केवल अशोकलाई रुचाउँथिन् ।

अशोक साह्रै राम्रा गीतहरु रच्नें र गाउने हुनाले एक गायक पनि थिए । उनले गरीबकै वारेमा गीतहरु लेख्थे र गाउँथे । उनका गीतहरु सुन्नेहरुले आँखामा आँशु टल्पलाएका नै हुन्थे । मिरालाई पनि उनका गीतहरु साह्रै मन पर्दथे । उनलाई अशोकका गीतहरु सुनिरहन मन लाग्थ्यो ।

एकपटक अशोकले एउटा एल्वम निकालेका थिए । गीत साह्रै मार्मिक थिए । यसमा गरीवमाथि धनीहरुको शोषणका वारेमा बोलेका थिए । एल्बमको नाम 'आँशुको मुहान' थियो । मिराले यो एल्बम एक पटक होइन पाँच सात पटक सुनिन् । एक पटक उनका वावुले ती गीत सुनेको देखेर उनको क्यासेट प्लेयर तोडेर पनि फालिदिए । उनले अर्को किनेर सुनिन् । जति पटक उनी यो सुन्थिन त्यतिपटक आँखाबाट आँशु वर्षन्थे उनका ।

अशोकका गीतहरु सुनिसकेपछि एकदिन मिराले उनलाई एक्लै भेटेर भनिन्-

"अशोक जी तपाईंको आँशुको मुहान एल्वम बजारमा आएको रहेछ ।"

"हो, आएको छ । सुन्नु भयो ?" अशोकले मुस्कुराउँदै भने ।

"सुने ।" छोटो जवाफ दिइन् मिराले ।

"कस्तो लाग्यो त तपाईंलाई ?" अशोकले सोधे ।

"राम्रो लाग्यो, मलाई जस्तो मन पर्थ्यो त्यस्तै नै रहेछ । तपाईं कसरी रच्न सक्नु हुन्छ त्यस्ता मीठा रचनाहरु ?" मिराले मुस्कुराउँदै सोधिन् ।

"खोइ के भनौं मिराजी वास्तविकता नै यस्तै छ । भन्नुस् त तपाई साँच्चै गरीवहरु संधै पिसिएकै हुन्छन् उनीहरुवाट । सायद यो कुरा तपाईंलाई मन पर्दैन होला," अशोकले भने ।

"के तपाईं मलाई विश्वास गर्नुहुन्न ?" केही मधुर स्वरमा भनिन् मिराले ।

"होइन, मिराजी मलाई पनि कहाँ थाहा थियो त तपाईं गरीवलाई माया गर्नु हुन्छ भनेर। तपाईंको वावुले मेरो वुवालाई मार्ने धम्की दिनु हुन्छ रे_" भावपूर्ण मुद्रामा अशोकले भने।

"अशोक जी वुवाको कुरा मसँग नगर्नुहोस्, म वुवालाई घृणा गर्छु। म कहिल्यै वुवासँग मिल्दिन। म तपाईंको वुवासँग पत्रिका मागेर पढिराख्छु। तपाईंले पनि विश्वास नगरे म एक्ली हुन्छु, फगत एक्ली।" उनले मलिन स्वरमा भनिन।

"माफ गर्नुस् मिरा, म तपाईलाई विश्वास गर्छु।"

"म बाँचुन्जेल साथ दिन्छु अशोक, तपाई विना म एक मिनेट पनि बस्न सक्दिन। मलाई तपाईंसँग वस्न मनलाग्छ।"

"मिरा म के गरौं, तपाईंको सल्लाह चाहन्छु। म संधै गरीवको पक्षमा लड्न चाहन्छु, मलाई यस्तै मित्र चाहिएको छ, जस्ले मलाई साथ देउन्। मैले तपाईंलाई नै यस्तो मित्र ठानेर आज विश्वास गरेको छु।"

अचेल मिरा पहिले भन्दा धेरै भिन्न छिन्। प्रत्येक समयमा उसका हातमा कापी र कलम रहेकै हुन्छ। पलपलमै साधारण जीवन विताउँछिन् अचेल उनी। एकान्तमा हुनासाथ अशोकको बारेमा सोंच्दछिन्। साथीहरुसंग पनि अशोकको तारिफ गर्छिन्, मिरा।

अशोकले उनको बानीवेहोरा दिन प्रतिदिन अध्ययन गर्दै छ। शान्त स्वभाव, कम बोल्ने, साधारण पोशाक, मिजासिलोपना जस्ता व्यवहारले गर्दा अशोकको मनमा मिराको सम्झना आउन थाल्यो। उनले सोंचेभन्दा धेरै परिवर्तन मिरामा भएकोमा उनी प्रशन्न पनि। उनी अचेल मिराप्रति आकर्षित हुन थालेका थिए।

एकदिन मिराको घरतर्फबाट अशोक कतै जाँदै थिए। त्यसबखत उनले मिरालाई उनका बुवाले गाली गरिरहेको सुने। उनले अशोकको पक्षमा बोलेर आफ्नो बावुको स्वाभिमान चुकाउन लाग्ने भन्दै गाली गरिरहेका थिए। गाली सुनेर अशोकको मनमा साह्रै नराम्रो लाग्यो। मिराप्रति अझ दह्रो विश्वास उनले गरे। उनले बाउको आँखा छलेर मिरालाई वोलाए।

मिरा बुवाको कुरा नसुनी सरासर आफ्नो कोठामा गएर कपडा फेरेर अशोकतर्फ लागिन्। दुवैजना दुःख-सुखका कुरा गर्दै वजारतर्फ लागे। एउटा होटलमा नास्ता गरिसकेर पाँच दिनपछि सम्मेलनमा भेट्ने सहमतिमा दुवै विदा भए।

अशोक घर पुगेर मिराको बारेमा सोंच्न थाले। मैले मिरालाई धनले मिरा बनेकी भनेको थिएँ तर मिरा साँच्चै नै अशल केटी रहिछन्। गरीवको मर्म बुझ्ने एक भावुक व्यक्ति रहिछन्। म पनि भाग्यमानी नै रहेछु। मिरा जस्ती रुपकी रानी तथा दयाकी धनी युवतीसँग प्रेम गर्न पाउने।

उता मिरा पनि अशोकले आफ्नो कुरा स्वीकारेकोमा गौरवान्वित थिइन्।

पाँच दिनपछि दुवै जना भेट भए। दुवैले पाँच वर्ष विताउनु जस्तो भयो भन्ने गुनासो गरे। त्यो सम्मेलनमा अशोकलाई संगठनको अध्यक्षमा मनोनित गरियो भने मिरा सदस्य। अब दुवै संगठनको तर्फबाट पनि नजिकिन पुगे। तर मिराको यो ठूलो

त्याग थियो । किनकि यो संगठन चन्द्रमानको विरुद्धमा थियो । यसरी मिराले आफ्नो वावुको विरोधमा संगठनमै बसेर एउटा ठूलो भूमिका निभाइन् ।

अशोक यसवाट पनि अति प्रशन्न भए । यसरी दुबै जना प्रेम सम्वन्धमा गाँसिन पुगे ।

मिरालाई थाहा थियो अशोकको गृहस्ती वारेमा । आर्थिक स्थिति नाजुक भएको पनि उनलाई थाहा थियो तर पनि उनले अशोकलाई मनपराएकी थिइन् । उनले धनको कुनै वास्ता गरिनन् । उनी भन्थिन् धन सवैभन्दा ठूलो शत्रु हो । मेरो वुवाको धनको कारण नै म पनि उनको विरोधमा जुट्नु परेको छ । वास्तवमा मिराले अशोकलाई धनको धनी नभए पनि मनको धनी भनी प्रशंसा गर्दथिन् ।

अशोकको पनि यस्तै धारणा थियो । त्यसैले दुबै अति प्रशन्नताका साथ प्रेम सम्वन्धमा कसिदै गए ।



शंकर तमु (सिजन)



गोरखा जिल्लाको केराबारी गाविस, नेपानेमा बुबा भक्तबहादुर तमु र आमा पदमकुमारी तमुका तीन छोरी र दुई छोरामध्येका कान्छो छोरा क. शङ्खर तमुको जन्म विसं २०३६ जेठ १४ गते भएको थियो । उहाँले कक्षा एकदेखि आठसम्म श्री नेपाने मावि केराबारीमा र कक्षा नौ र दश मण्डली मावि छोप्राकमा पढ्नुभएको थियो । वहाँ २०५४ सालमा पूर्णकालीन कार्यकर्ता भएर सङ्गठनमा लाग्नुभयो । पूर्णकालीन भएकै वर्ष उहाँ गिरफ्तार हुनुभयो र चार वर्षको लामो बन्दी जीवनपश्चात् २०५८ सालमा दुश्मनको कालकोठरीबाट मुक्त हुनुभयो । मुक्त भएसँगै मुक्तियात्रामा समर्पित भएर लाग्नुभयो । ०५८ सालमा गोरखा जिल्ला अध्यक्ष भएकै बखत १५ औं राष्ट्रिय सम्मेलनबाट सङ्गठनको केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । कालो शासन फालेर उन्मुक्त संसार निर्माण गर्ने महान् लक्ष्य बोकेर मुक्तियात्रामा अघि बढ्दै गर्दा क. तमुलाई दुश्मनको कब्जामा परेको गद्दार शिव लामिछानेको गुरु योजनामा आ॑नै श्रीमतीसहित२०५८ साल माघ १ गते गोरखाको छोप्राकस्थित कोइलिबासबाट तत्कालीन हत्यारो शाहीसेनाले कब्जामा लिई चरमयातनासहित हत्या गरेको थियो ।

जेल मोर्चादेखि युद्ध मोर्चासम्म

स्वतन्त्रप्रेमीहरूको लागि जेल आखिर जेल नै हो । जहाँबाट महासमरका यात्रीहरूसँग प्रत्यक्ष हातेमालो गर्दै सुनौलो भविष्यलाई सुम्सुम्याउन खोज्न नभेट्दाको क्षण कस्तो पीडा हुन्छ अनुभूत गर्न सकिन्छ । विहानै आँखा मिच्दै उठ्नसाथ सामुन्ने खडा भइदिने भीमकाय पर्खालहरूलाई नै सूर्य उदाउने र अस्ताउने क्षितिज मान्नुपर्ने विवश परिस्थितिमा उषाको लहरलाई अङ्कमाल गर्न खोज्दा हातका हत्कडीहरू कसिन्छन् । फेरि पनि प्रयास निरन्तर जारी रहन्छ । जव युद्धमोर्चाबाट छुट्टिएर लोह जञ्जीरभित्र आफूलाई पाएँ, तवदेखि नै शङ्कल्पको वाटोभरि आस्थाको दीप जलाएर हिंड्न पाइलाहरूलाई निरन्तरता दिई नै रहे । ओहो थाहै नपाइकन निरन्तरताको क्रम पनि चार वर्ष पुगिसके छ । अवैधानिक वाटो खोज्दै जाने क्रममा सफलताको विन्दुतिर पुग्न आँटेको आभास भइरहेकै वखत दुर्भाग्य भनौं, प्रतिक्रियावादीहरूको जेल सरुवा गर्ने खेलका कारण पुनः असफल भयौं । फेरि पनि सम्हालिदै प्रतिकूलताभित्र अनुकूलता खोतल्न लागि परी नै रह्यौं । त्यही वखत जव वाहिरी वर्गसङ्घर्षले उच्चतम सफलता हासिल गर्दै एउटा लाल परिवेश ल्याउन सफल भयो । त्यसकै परिणामस्वरूप हाम्रा हातका हतकडीहरू चुँडालिए, जञ्जीरहरू तोडिए । आखिर निरन्तरको कोषिस सफलतामा नै पुग्यो । अप्रत्यासित ढङ्गले सफलताको क्षण एउटा अभीष्ट प्राप्तिको क्षण नै हुन जान्छ र भयो पनि । त्यतिखेर अनुभूत भयो मलाई लामो समयसम्म सहकार्य गरेपछि कति बस्दोरहेछ । त्यो माया विछोडको घडीमा प्रकट रूपमा देखा पऱ्यो । साँच्चै जेलका हरेक कोठाहरू, पर्खाल र भित्ताहरूसँग पनि माया वस्दोरहेछ । छुट्टिंदाखेरीको क्षण त्यो माया नमीठो ढङ्गले देखापऱ्यो र त्यसलाई सुरक्षित नै रहोस् भनी मनको आँचलमा पोको बनाई थन्काइदिएको छु ।

गोर्खालीहरू तीनजना छुटेकोमा कपिलवस्तु जेलबाट हामी दुई जना, लोकप्रसाद वञ्जारा र म मात्र थियौं । साउने झरीको बेला वलेनीमा पानी चुहिरहेको थियो, बाक्लो कुहिरोले राम्रोसँग देखिने पनि थिएन । एकाविहानै चौकीदारले तपाईंहरू कपडा लगाएर तयारी हुनु भनेर जानकारी गराए । त्यसभन्दा दुईदिन पहिले रेडियोबाट छुटेको जानकारी पाइसके तापनि विश्वास लागेको थिएन । त्यतिखेर पनि वाहिर निस्कँदा शङ्काको घेराभित्रै निस्कियौं । प्रतिक्रियावादीहरूको षड्यन्त्र पनि त हुन सक्छ, अपरिचित भूगोल हामी एकछिन त अन्यौलमै भयौं । केहीबेरपछि फोनमार्फत् एक परिचित शुभचिन्तकलाई बोलाई उहाँकै माध्यमले केही सहयोगीहरूको सहारामा वुटवल जाने जिपसम्म आउन सफल भयौं । वर्षौंसम्म पींजडाभित्र थुनेर राखेको

चरीलाई खुला आकाशमा छोडिदिंदा उसले उड्न विर्सिए जस्तो हुँदो रहेछ । त्यस्तै भयो हामीलाई पनि । साँच्चै नै हामी पींजडाभित्रवाट मुक्त भएकै हो त ? प्रश्न उब्जिरहेको थियो । गाडी आफ्नै गतिमा उडिरहेका थियो, चक्काहरू नियमित घुमिरहेका थिए । त्यस्तै चक्का शून्यता जस्तै आँखा अगाडि गुडिरहेका छन् । विगतमा सँगै खेलेका, हाँसेका, नाचेका सहयात्रीहरूको एक-एक गरी सम्झना आएका छन्, तीव्र वेगले जिज्ञासा वोकेर । लह-लहराई रहेका खोला, खोल्सा, घाँस दाउरा गर्दा लुकामारी खेलेका वनजङ्गल र बुट्टाहरू, गोठाला जाँदा खेलेका गह्रा र कान्लाहरू सवैको तस्वीर आँखा अगाडि गाडीको चक्का घुमेजसरी नै एकपछि अर्को घुमिरहेका थिए । एक्कासी गाडीको चक्का गुड्न छाड्यो । झसङ्ग भएर वाहिर हेरेको त वुटवल पो आइसकेछ । पानी ठूलो परेको हुनाले वाहिर निस्कन सक्ने स्थिति थिएन । तर निस्कन नै पर्‍यो र निस्कियौँ पनि । केहीवेर झरीमा नै उभिरह्यौं । त्यो पनि रहर नै थियो हाम्रो लागि । मीठो अनुभूति नै भयो । मनभित्र कता-कता दुश्मनकै कब्जाभित्र छौं कि भन्ने शङ्का पलाइरहेकै छन् । त्यही शङ्काभित्रै काठमाडौं जाने गाडीमा छिर्‍यौं, भिजेकै शरीर लिएर ।

बसभित्र छिर्दा पनि आँखाले कतै काला वर्दीहरू छन् कि भनी सचेत हुँदै खोजिरहेका थिए । भिडियो कोच गाडी रहेछ । अगाडि फिल्म चलिरहेकै थियो, हिन्दी फिल्म, खोइ नाम के थियो कुन्नि् त्यो पनि याद भएन । तर मेरो आँखामा चैं त्यस्तो फिल्म देखापर्‍यो जहाँ मासुका चोक्टा र रगतका फाल्सामा स्याल र कुकुरहरू लुछालुछ गर्दै लडिरहेका थिए । लासका थुप्राहरूमा गिद्धहरू घुमिरहेका थिए । जहाँवाट एउटा मुस्लो राँको बनेर वस्ती-वस्ती उज्यालो छर्दै झल्लरै वस्ती वनाउँदै थिए सवैलाई । जसभित्र आँसुका धारा पिउँदै अकिञ्चनहरू स्मिथ हाँसो मुस्काइरहेका थिए । जससँग लामो समयपश्चात् पुर्नमिलनका हात मिलाउन आफ्नो हात अगाडि दिइरहेको थिएँ । त्यतिकैमा गाडी रोकियो, हामी झर्ने ठाउँ आइसकेछ र गाडीलाई पनि विदा गरी आफ्नो बाटो लाग्यौं । केहीबेर हिंडेपछि परिचित शुभचिन्तकको घरमा वसी अझ पनि कता-कता पर्खालभित्रै हो कि भन्ने शङ्काकै घेराभित्र खुला आकाशमुनि उन्मुक्तिको स्वास ढुक्कसँग फेर्‍यौं । समय आफ्नै गतिमा बढिरहेको थियो । कल्पनाका तरङ्गित छालहरू त्यसरी नै उर्लिरहेका थिए । "साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्छ" भनेझैं हामी दुवैजना चार वर्ष पहिलेकै जसरी त्यस्तै परिस्थिति सम्झदै बसिरहेका थियौं । जेल मोर्चाबाटै केही समय पहिले इतिहासकै पानामा एउटा नयाँ अध्याय थपी दुश्मनलाई धूलो चटाएर आउनु भएका सहयोद्धा कमरेड एक्कासी अप्रत्यासित ढङ्गले खुसी प्रकट गर्दै झम्टिन आइपुग्नुभयो र पुनः खुसीसँगसँगै दरिला हात मिलाउँदै आ-आफ्नो अनुभव र अनुभूतिहरू साटासाट गर्दै गन्तव्यस्थलतिर अघि बढ्यौं ।

साउनको महिना झरी वादल हटिसकेको छैन, पानी निरन्तर वर्षिरहेको छ । चिप्लो वाटो खेतको डिलैडिल चप्पल हातमा लिएर खोला-खोल्सा, खुट्टा ठोक्काउँदै, कहिले चार पाउ टेक्दै अगाडि वढिरह्यौं । खुट्टा दुखाईभन्दा पनि नयाँ परिवेशमा पाइला टेकेको अनुभवले पुलकित भएको थियो । बेलुकी झिस्मिसेमा सेल्टरमा पुगियो जहाँ जिम्मेवार कमरेडडसँगै थुप्रै सहयोद्धाहरू हाम्रै प्रतीक्षामा वसिरहनुभएको रहेछ । सवै

कमरेडहरूसँग न्यानो अभिवादन साट्दै दरिला हातहरू मिलायौं। खोजीमा नयनहरूलाई चारैतिर विछ्याएँ तर त्यो भीडभित्र भन्दा ठीक माथि भित्तामा अमुक बनी हामीलाई नै हेरिरहेका रहेछन्। जहाँ महान् सहिदहरू लेखिएका थिए। त्यही सहिदको लहरमुनि उभिएर रातो रगतले भिजेको अविर र सपनाले फुलेको माला ग्रहण गर्दै साथीहरूवाट अभिनन्दित भयौं। जहाँवाट पुनः सुन्दर सपना वोकी डढेलोको बीचमा वसेर आगोसँग प्रतिरोध गर्ने सङ्कल्प गऱ्यौं। नयाँ परिस्थितिसँगसँगै आएको चुनौतीसँग सामना गर्न समस्या त पर्दो नै रहेछ। गम्भीर जिम्मेवारी थपिएको छ। सायद त्यही जिम्मेवारीवोधले होला, खुल्ला संसारको उन्मुक्तिमा प्रफुल्लित हाँसो पनि नआएको। अझै पनि कता-कता हातमा हतकडीहरू वजेझैं लाग्छ। फेरि यथार्थको धरातलमा उभिएर साथीहरूसँगै आफूलाई हिंडाउने प्रयत्नलाई जारी राखें। सहयोद्धाहरूको सल्लाह र सुझाव, जनताको असीम मायालाई छातीभरि सजाउँदै क्रान्तिको झण्डालाई पुनः समाउन पाउँदाको गर्भानुभूति एकातिर, आजसम्म भित्री मोर्चामा मात्र सीमित भइरहेको अवस्थावाट एक्कासी वर्गसङ्घर्षको ज्वालामा खारिएका योद्धाहरूसँग प्रत्यक्ष हातेमालो गर्दै दौडन सक्ने कि नसक्ने चुनौती अर्कोतिर दुवैलाई तौलदैं हजारौं जनताहरूको वीचमा आफूलाई समाहित गरें।



बैकुण्ठ पोखरेल (रणदीप)



क. बैकुण्ठको जन्म ०४० साल फाल्गुण ८ गते थानापति गा.वि.स.-८, नुवाकोटमा भएको थियो । उहाँका बुबा बलराम पोखरेल तथा आमा सावित्री पोखरेल हुनुहुन्छ । सङ्गठन तथा पार्टीले लाखौं उत्पीडित जनताको पक्षमा लडिरहेको मर्मलाई बुझेर उहाँ पनि मुक्ति युद्धमा समाहित हुन वि.सं. ०५८ मङ्सिर १५ गतेदेखि एक आदर्श तथा शौर्यवान् पूर्णकालीन कार्यकर्ताको रूपमा सङ्गठनका काम गर्न थाल्नुभयो । साङ्गठनिक जिम्मेवारीको क्रममा उहाँ ०६० सालमा सम्पन्न १६ औं राष्ट्रिय सम्मेलनबाट वैकल्पिक केन्द्रीय सदस्य हुनुभयो । पार्टी जिल्ला सदस्यसमेत रहनु भएको पोखरेललाई लोकप्रिय वाम नेता भरत ढुंगानासँगै ०६१ साल असार ३१ गते शाहीसेनाको जत्थाले गुम्दी गाविस, धादिङ्मा घेरा हाली गोली हानेर हत्या गरेको थियो ।

चिठ्ठी

लेखनाथ दाइ

क्रान्तिकारी अभिवादन

दाइ अराम रही आरामको कामना गर्दछु । हामी उपकेन्द्रको विस्तारित बैठक सकेर फर्केपछि पश्चिम क्षेत्रको बैठक राख्ने योजना मुताबिक आएका थियौं । शमशेर दाइ र देवेन्द्र दाइसँग छलफल गर्दा अहिल्यै खासै बस्नु नपर्ने, पछि (जेठ २०)पछि बसौंला भन्ने सल्लाह भयो । हामीले त्यसैअनुसार गऱ्यौं । हामीले १,२ र ६ नं. जिल्लामा त्यही मुताविकको योजना बनाएर हामीहरू लागिरहेका छौं । 'कमल-पसिन्द्र अभियान',

'सुराउ अभियान' सबै सकिएको छ। यी सबै अभियानहरू ज्यादै उपलब्धिपूर्ण रहे। जिल्ला पार्टीको अभियानदेखि हाम्रो दुवै अभियानलाई हरेक इलाकाले सापेक्षित रूपमा क्रियात्मक र प्रचारात्मक दुवै सञ्चालन गर्ने काम भयो। त्यहाँका उपलब्धि लगायतको बारेमा विस्तृत रिपोर्टिङ्ग पाउन सकिएको छैन। युवराज भट्टराईसँग त्यति जीवन्त खालको सम्पर्क हुन सकेको छैन। तर, हाम्रो जिल्लाको हकमा पार्टीको जनजागरण अभियानसँगै कमल-पसिन्द्र र सुराउ अभियान हामीले सञ्चालन गऱ्यौं। यो ज्यादै उपलब्धिपूर्ण पनि रह्यो। हामीले यी अभियानको समयमा (फागुनदेखिकै) जिल्लाका लगभग सबै स्कुलमा विद्यार्थी परिचालित गऱ्यौं। लगभग ८०-९० वटा नयाँ कमिटी बनेका छन्। १० जना पूर्णकालिन निकाल्न हामी सफल भएका छौं। त्यसैगरी व्यापक रूपमा टोल मिलिसिया बनेको छ। हामीले यही क्रममा जेठ १५ गतेदेखि सङ्घर्षका कार्यक्रमहरूको घोषणा गरेका छौं। यही क्रममा शिक्षा कार्यालयमा १७ सूत्रीय मागपत्र पेस गरी आन्दोलन घोषणा गरेका हौं। यही क्रममा नै १ नं. जिल्लामा जेठ २७, २८ र २९ गते जिल्लाव्यापी शिक्षण संस्था हड्ताल आयोजना गरेका छौं। केन्द्रीय कार्यालयको योजना (२-६ गतेको) सहर, सदरमुकाम र राजधानीमा अनिश्चितकालीन हड्तालको पनि व्यापक प्रचार गरेका छौं।

दाइ, तपाईं हाम्रोतिर आउने भनेको पनि आउनुभएन। किन हो ? शैलेन्द्र घिमिरेजी कार्यक्षेत्रमा जानुभएको जस्तो लागेन किन हो ? त्यो निर्णय उहाँले नमान्नु भएको हो कि ? किन हो थाहा हुन सकेन। यसलाई मैले गम्भीर रूपमा लिएको छु। तपाईंलाई पनि केही मानसिक पीडा परेको होला। उर्मिलाजीले पनि सहादत गरेको खबर रेडियोबाट सुनें साह्रै दुःख लागेको छ। सायद त्यो घटना सत्य नै होला। युद्ध ज्यादै निर्मम रहेछ, त्यसको निर्ममतालाई हामी सबैले सहनुपर्ने नै रहेछ।

दाइ अहिले तपाईंलाई कत्तिको फुर्सद छ। फुर्सद मिलाएर तपाईं पश्चिमतिर आउँदा राम्रो होला जस्तो छ। अहिले अब हामी योजनाविहीन जस्ता भएका छौं। अब आवश्यक छलफल +२ लाई छुने गरी आन्दोलन ल्याउनुपर्छ। अब अझै केही फोर्स सहरमा केन्द्रित बनाउनुपर्छ जस्तो लागेको छ। सायद तपाईंहरूले त्यही योजना बनाउनु भएको होला। नयाँ योजना कस्तो खालको आएको छ ? त्यो थाहा हुन सकेन। हामीले अहिलेसम्म सङ्गीन र सदस्यतापत्र पाउन सकेनौं। त्यसैले हाम्रो जिल्लामा सदस्यता वितरण भदौबाट हुन्छ होला। पत्र पठाउन पनि नभुल्नुहोला। अहिलेलाई यति, बाँकी भेटमा।

बैकुण्ठ पोखरेल
२१ जेठ ०६१



केशरराज राजेश्वर रिमाल(विपीन)



केशर रिमालको जन्म ०३१ साउन १० गते दोलखाको नाम्दुमा आमा मनमाया रिमाल र बुबा राजन रिमालको सन्तानको रुपमा भएको थियो । उहाँले काठमाडौंस्थित महेन्द्ररत्न क्याम्पसख ताहाचलमा उच्च शिक्षा हासिल गर्ने क्रमसँगै अनेरास्ववियू (क्रान्तिकारी)मा सङ्गठित भएर सक्रिय भूमिका निर्वाह गर्नुभयो । स्नातकसम्मको औपचारिक शिक्षालाई थन्क्याएर उहाँ ०५८ साउन ७ गतेबाट पूर्णकालीन भएर आन्दोलनमा होमिनुभयो । यसै क्रममा उहाँ ०५८ सालमा दोलखाको अध्यक्ष हुनुभयो र लगत्तै १५ औं राष्ट्रिय सम्मेलनबाट वैकल्पिक केन्द्रीय सदस्यमा चुनिनुभयो । दुनियाँ बदल्न इतिहासले दिएको जिम्मेवारी पूरा गर्दै जाने क्रममा ०६० मङ्सिर ३० गते लामीडाँडा ५, बञ्चरे भन्ने ठाउँमा शाहीसेनाद्वारा गिरफ्तारपछि उहाँको हत्या गरिएको थियो ।

पढ्दै जाँदा 'क' हरायो

सपना लिई पढ्न आ'थे बनिने करोडपति
पढ्दै जाँदा 'क' हरायो भएछु म रोडपति ।

डिग्री सकें, सिक्री सकें, सकें मैले घरबारी
त्यसैले त आज भोलि तर्किएका होलान् साथी ।

घर जाँदा साहुसँगै बूढा बावा कराउँछन्,
बैंक धितो लिलाम भो, घरी चिठ्ठी पठाउँछन् ।

गाउँमा हलो जोत्न जाउँ पढेको छु लाज लाग्छ,
सहरमा मजदुरी गरूँ पाखे भनी वात लाग्छ ।

निकम्मा यो कस्तो शिक्षा पढेर पो खै के काम,
सबै यसै भन्छन् अरे यो शिक्षा भो बद्नाम ।

गरिबको दु:ख व्यथा बाँच्न धौ-धौ भा'को कथा,
श्रमिकको पसिनाले मोज गर्नेलाई के हुन्थ्यो थाहा ?

हरायो 'क', खुस्क्यो गेडी मक्किएको शिक्षा फाट्यो,
जनवादी नयाँ शिक्षा खोजौं हामी यसको साटो ।



टीका श्रेष्ठ (समीर)



क. टीका श्रेष्ठको जन्म ०२९ भदौ ५ गते सिन्धुली जिल्ला कमलामाई नगरपालिका वार्ड नं. ४ सिलामेमा पिता जयबहादुर र आमा मनकुमारी श्रेष्ठका छैठौं सन्तानका रूपमा भएको थियो । उहाँले गाउँकै स्कुल जनज्योती निमाविबाट अध्ययन आरम्भ गर्नु भई श्री उमावि गौमतीबाट एस्एल्सी र सिन्धुली बहुमुखी क्याम्पसबाट आइए उत्तीर्ण गर्नुभएको थियो । क. टीका क्याम्पस प्रवेशसँगै ०४७ मा अखिल (छैठौं) मा सङ्गठित भएर लाग्नुभयो र ०५२ मा अखिल (क्रान्तिकारी)को सिन्धुली जिल्ला अध्यक्ष हुनुभयो । जनयुद्धकै क्रममा ०५५ सालमा गिरफ्तार भई लामो जेल बसाइपश्चात् ०५८ मा जेलमुक्त हुनुभयो । क्रान्तिको अभिभारा वहन गर्दै जाने सिलसिलामा उहाँ ०५८ मा जिल्ला पार्टी सदस्य र ०६० मा सैन्यब्यूरो सदस्य एवम् जनमुक्ति सेनाका कम्पनी कमिसार हुनुभयो । युद्धको भीषण मोर्चामा अघि बढ्दै गर्दा ०६१ असार १३ गते सर्लाहीको तोरीबारी भन्ने ठाउँमा शाहीसेनासँग भिडन्तको क्रममा उहाँले शहादत प्राप्त गर्नुभयो ।

फागुन एक

अँध्यारो रातको अन्त्य गर्दै
पूर्वी क्षितिजमा प्रभात खुलेझैं
शदीयौं लामो कालो रातलाई चुनौती दिँदै
झुल्कियौ नेपाली धर्तीमा लालसूर्य बनी

नेपाली धर्तीको लालसूर्य

मुक्तियुद्धको प्रतीक
ओ फागुन एक
सलाम छ तिमीलाई दुवै मुठ्ठी उठाएर
तिमी
असङ्ख्य मुक्तिकामीहरूको जीवन हौ ।
मुठ्ठीभर मुक्तिविरोधीहरूको मृत्यु हौ ।
मुक्तिविरोधीहरू मृत्युको चक्रव्यूह रचेर
तिम्रो अवसानको घडी पर्खिरहेछन् ।
असङ्ख्य मुक्तिकामीहरू मान्छे बाँच्न
मृत्युसँग सगौरव जीवन साटिरहेछन् ।
र तिम्रो दीर्घायूको लागि
आफ्नो आयू तिमीलाई सुम्पेर
तिमीलाई अभिवादन गरिरहेछन् ।
ओ मुक्तियुद्धको प्रतीक
ओ नेपाली धर्तीको लालसूर्य
मेरो पनि अभिवादन तिमीलाई शिर झुकाएर
मृत्युको चक्रव्यूह रचेर
तिम्रो अवसानको घडी पर्खनेहरू
आफूले रचेको चक्रव्यूहमा आफैं फस्दै गइरहेका छन् ।
तिमी भने चक्रव्यूहलाई चकनाचुर पार्दै
फैलिरहेछौ भूगोलको सीमालाई मिच्दै
फैलदै जाऊ लालसूर्य फैलदै जाऊ
सीमाहीन आकाशमा सूर्य फैलिए जसरी
तिमीलाई हाम्रो शुभकामना

०५६ फागुन, कारागार शाखा, सिन्धुली



उर्मिला अधिकारी (समीक्षा)



०४० फागुन १९ गते बुबा ईन्द्रप्रसाद अधिकारी र आमा पदममाया अधिकारीको कोखबाट बारा जिल्लाको निजगढ चारघरेमा क. उर्मिलाको जन्म भएको थियो । उहांको नौ वर्षको उमेरमा नै आमाको मृत्यु भएको र बुबाले अर्को विवाह गरेपछि उहाँलगायत तीन बहिनीको बाल्यकाल दुःखपूर्ण अवस्थाबाट गुज्रियो । दुःख र सङ्घर्षको बीचबाट हुर्किएकी उर्मिला विद्यालयबाटै आखिल (क्रान्तिकारी)मा सङ्गठित भएर काम गर्न थाल्नुभयो । एसएलसी दिएपछि उहाँ ०५९ सालदेखि पूर्णकालीन भएर साङ्गठनिक जिम्मेवारी सम्हाल्ने क्रममा ०६० सालमा बारा जिल्ला उपाध्यक्ष हुनुभएको थियो । त्यस्तै ०६० सालमै केन्द्रीय छात्रा विभाग सदस्य एवम् जिल्ला पार्टी सदस्य पनि हुनुभएको थियो । क्रान्तियात्राकै क्रममा ०६० कार्तिक १२ मा सङ्गठनका केन्द्रीय अध्यक्ष लेखनाथ न्यौपानेसँग उहाँको विवाह भयो । विडम्बना ! विवाहको एक वर्ष बित्न नपाउँदै उहाँलाई ०६१ बैशाख १७ गते साङ्गठनिक कामको सिलसिलामा बाराको लालबकैया खोलामा शाहीसेनाले घेरा हाली अन्य चारजना साथीहरूसँगै गोली हानी हत्या गरे ।

चिट्ठी

आदरणीय आमा-बुवा एवम् भाइ-वहिनीहरूमा सदा दिनको सम्झना
जनताको माझमा सन्चो, आरामको साथ रमाइरहेकी छु र स-परिवारमा पूर्ण आरामीको आशा राखेकी छु।

बुवा, तपाईंहरूसँगै घरमा बसौं, आमाले पकाउनुभएको भात सधैं खाइरहूँ र आफ्नो घरको ओछ्यानमा सिरक ओढेर सुतिरहूँ भन्ने इच्छा नभएको होइन र यस्तो इच्छा सवैको हुन्छ होला तर पनि खुला आँखाबाट दुनियाँ नियाल्दा यसरी नै बस्ने र जीवन गुजार्ने स्थिति हामीहरूले देखेनौं। त्यसैले हाम्रा व्यक्तिगत इच्छा, आकाङ्क्षा र चाहना एवम् जीवन र भविष्य दुबै सङ्गठनभित्र खोज्ने र यसैभित्र रमाउने दृढताका साथ वहिनी प्रमिला र म जनयुद्धमा अभिव्यक्त भएको वर्गसङ्घर्षमा हाम्फाल्यौं। हामीले यहीभित्र सुख देख्यौं, यसैभित्र जीवन देख्यौं र यहींभित्र भविष्य पनि देखिरहेका छौं। यसरी वर्गसङ्घर्षमा रमाउने, वर्गबैरीप्रति तीव्र आक्रोश व्यक्त गर्ने र समाज रूपान्तरणका लागि पसिना बगाउने एवम् आवश्यकता पर्दा रगतसमेत बगाउने हिम्मतका साथ आ-आफ्नो जिम्मेवारीहरू वढो सचेतपूर्वक पूरा गरिरहेका छौं। यस अर्थमा तपाईंले पनि गर्व गर्नुहुनेछ र बैरीका अगाडि लत्रेर होइन, शिर उच्च बनाएर शालीन तर दृढ जवाफ दिनसक्नुहुनेछ। हामीहरूले यही अपेक्षा गरेका छौं र पाउँदै आएका पनि छौं।

आ-आफ्ना जिम्मेवारी पूरा गर्ने दौरानमा बहिनी प्रमिला गत कार्तिक पाँच गते दुश्मनको कब्जामा परिन् र हालसम्म बेपत्तामा छिन्। आफ्नो सन्तान दुश्मनको कब्जामा पार्नु, यातनाको विविध रूपहरू बेहोर्न बाध्य हुनु र बेपत्ताको खबर सुन्नु स्वभाविक रूपले त्यति सहज हुँदैन नै। आफ्नो छोरा-छोरी बेपत्ता पारिएपछि सबै आमा-बुवालाई दुःखित तुल्याउनु, पीडा अनुभूति हुनु, छट्पहाट हुनु र टुप्लुक्क आइपुग्छन् कि भन्ने आशाको त्यान्द्रो पाल्नु स्वाभाविकै हो। तर स्वभाविकताको नाममा सधैं आँसु वगाउनु, खाना नखानु र निराशापूर्ण जीवन विताउनु कदापि तपाईंजस्तो दुःखको पहाड छिचोल्ने मान्छेलाई पटक्कै सुहाउँदैन। यदि यसो भयो भने हाम्रा वर्गवैरीहरू हाँस्नेछन्। गरिखाने हाम्रो वर्गप्रति फेरि पनि खिसिटिउरी गर्नेछन् र उनीहरूप्रति हामीले गर्नुपर्ने घृणामा नजानिंदो ढङ्गले कमी आउन सक्दछ। बुवा, सवै जानेर बुझेर हामी हिंडेका थिएनौं र अझै पनि वुझ्ने क्रममा नै छौं। तर हामीलाई के थाहा थियो भने वर्गयुद्धमा थुप्रै क्षतिहरू हुन्छन्। 'विना लगानी र क्षति, उपलब्धिको मात्र चाहना राख्नु पाखण्ड हुन्छ'। कम्युनिष्टहरू पाखण्डी वन्न कहिल्यै सक्दैनन्। जन्मेपछि मर्नुपर्छ तर मरेपछि

पनि जीवन देख्ने साहस भएर कम्युनिष्टहरू सधैं बाँचिरहन्छन् । हामीहरू सधैं बाँच्ने बाटो हिंडेको हुनाले गिरफ्तार हुनु, बेपत्ता पारिनु वा सहादत प्राप्त गर्नु बाँच्ने प्रक्रियाकै विविध श्रृङ्खलाहरू हुन् । बहिनी प्रमिलाको बेपत्तालाई पनि यसरी नै बुझ्नुहुनेछ भन्ने आशा लिएको छु ।

बुवा, भविष्य कसैको पनि ग्यारेन्टी नहुने रहेछ । न तपाईंको, न मेरो वा न अरूहरूको नै । पत्र कोर्दासम्म ठीकै भए पनि एकैछिनमा दुश्मनसँग जम्काभेट भएर भौतिक शरीर सिद्धिन पनि सक्छ । समरका सबै यात्रीहरूको हकमा यस्तै हो । त्यतिबेला पनि तपाईंहरूले हाम्रो वर्ग, हाम्रो वर्गस्वार्थमा चलाइएको वर्गयुद्ध र सबै प्रकारका विभेद अन्त्य गर्ने साम्यवादप्रति अटल आस्था दृढतापूर्वक जाहेर गर्नु नै हुनेछ । बुवा, पत्र अलि उपदेशजस्तो पनि बन्यो । तपाईंलाई उपदेश दिने मेरो उद्देश्य र हैसियत दुवै होइन । सिक्ने अभियानमा जानेका सामान्य कुरा पोखेकी मात्र हुँ । तपाईंहरूसँग भौतिक भेट तत्कालका लागि असम्भवजस्तै लागेर छोटो पत्रमार्फत् भेट्ने कोसिस गरें । परिवार सबैले यसलाई आत्मसात् गर्दै आफूहरूलाई बदल्ने अर्थमा लिनुहुनेछ । यो मेरो अनुरोध हो । अन्त्यमा रेडियो जनगणतन्त्र नेपालमार्फत् यो पत्र सुन्नुहुने र मलाई चिन्नुहुने सबै मित्रहरूमा रातो सलाम भन्दै पत्र टुङ्ग्याउँछु ।

उही तपाईंकी छोरी,
उर्मिला, बारा



रामप्रसाद पाठक (रवि)



रामप्रसाद पाठकको जन्म ०३४ साल असोज २३ गते सुन्दरावती-८, तामे नुवाकोटमा भएको थियो । उहाँका बाबु ईन्द्रप्रसाद पाठक र आमा कृष्णाकुमारी पाठक हुनुहुन्छ । ०४६ सालमा गाउँकै सुन्दरदेवी माविमा अनेरास्ववियू (छैठौं)को इकाई सदस्य हुँदै आफ्नो राजनीतिक यात्रारम्भ गर्नुभएको थियो । उहाँले ०४७ सालमा एसएल्सी उत्तीर्ण गरेर नोकरी गर्न थाल्नुभयो । ०५४ सालदेखि पार्टीको सम्पर्कमा रहेर काम गर्न थाल्नुभएका पाठकले प्रतिक्रियावादी सत्ताको नुन खाएर बाँच्नुभन्दा लाखौं जनताको वीचमा हातेमालो गर्दै मुक्ति युद्धमा समाहित हुने अठोटका साथ उहाँ ०५८ मङ्सिर २० गतेदेखि सङ्गठनको पूर्णकालीन कार्यकर्ताको रुपमा काम गर्न थाल्नुभयो । साङ्गठनिक जिम्मेवारी सम्हाल्ने क्रममा उहाँ ०६० सालमा जिल्ला सचिव हुँदै ०६१ सालमा जिल्ला अध्यक्ष हुनुभयो । नुवाकोट आदर्श बहुमुखी क्याम्पसबाट विकमसम्मको अध्ययन पूरा गर्नुभएका क. रामप्रसाद रसुवा, धादिङ्ग तथा नुवाकोटको साङ्गठनिक प्रकाशन 'छाल' पत्रिकाको सम्पादक पनि हुनुहुन्थ्यो । जनमुक्तिका खातिर कलम बोकेर अघि बढ्ने क्रममा उहाँलाई ०६१ चैत्र ७ गते नुवाकोटको शाली गाविसमा शाहीसेनाले हत्या गरेको थियो ।

विस्तारवादी अस्तक्षेप विरूद्ध प्रतिरोध युद्धमा लामबद्ध बनौं

विश्वसर्वहारावर्गीय उत्पीडित मुक्तिकामी जनताले पुँजीवादी शोषण र उत्पीडनका विरुद्ध लड्न वर्गसङ्घर्षकै क्रममा विकास गरेको वैज्ञानिक विचार मार्क्सवाद-लेनिनवाद र माओवादको पथपदर्शनमा अघि वढिरहेको विश्वकंम्युनिष्ट आन्दोलन सन् १९५३ मा रुसमा स्टालिनको मृत्युपश्चात् नेतृत्व हत्याउन पुगेको खुश्चोवी संशोधनवादी गुटको नेतृत्वमा नांगो पुँजीवादमा पतन भई सामाजिक साम्राज्यवादको चरित्र ग्रहण गर्न पुगेको सोभियत सङ्घको विघटन तथा क.माओको निधनपश्चात् चीनमा भएको पुँजीवाद पुनर्स्थापनाको कारण विश्वपस्थितिको मुलभूत विशेषताहरूमा देखिएको परिवर्तनको फलस्वरूप रक्षात्मक स्थितिमा रहन गएको थियो । शीतयुद्धको समाप्तीसँगै विश्वमा एक ध्रुवीय प्रभुत्व कायम गर्न पुगेको साम्राज्यवादी लुटेराहरूले भूमण्डलीकरण, उदारीकरण तथा निजीकरणको नाममा विश्वका उत्पीडित राष्ट्र र जनताको प्राकृतिक श्रोत साधन, सस्तो श्रम र बजारमाथि कब्जा गरेर सूचना प्रविधिमा भएको अभूतपूर्व विकासलाई आफ्नो कब्जामा लिई अबको विश्वबाट कम्युनिस्ट विचारधाराको अन्त्य भएको, बदलिएको विश्व परिस्थितिमा कम्युनिष्ट सिद्धान्त पुरानो भैसकेको भन्ने जस्ता भ्रम सिर्जना गरेर क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा चौतर्फी हमला गरिरहेका थिए तर पनि मालेमावादी वैज्ञानिक विचारलाई ठोस परिस्थितिको आधारमा ठोस विश्लेषण गर्दै विश्वका सर्वहारावर्गीय जनताहरूले मालेमावादी क्रान्तिकारी कम्युनिष्ट पार्टीको नेतृत्वमा अन्तर्विरोधको सही ढङ्गले पहिचान गर्दै आ-आफ्नो देशहरूवाट आन्दोलनलाई नयाँ शिराबाट उठाउने प्रयत्न त नगरेको होइनन् । यसै बीचमा विजयको नजिक पुगेको पेरुभियाली जनयुद्धले क.गोन्जालोको गिरफ्तारीपश्चात् बेहोर्नुपरेको क्षतिका कारण गम्भीर धक्का खानुपर्‍यो । यही अन्तरराष्ट्रिय प्रतिकूलता तथा राष्ट्रियरूपमा सर्वहारावर्गीय पक्षधरता तथा दुनियाँ बदल्ने मार्क्सवादको क्रान्तिकारी आत्माको गला रेट्दै सामान्तवाद र साम्राज्यवादको दलाली गर्ने दक्षिणपन्थी संशोधनवादी एमाले गुटले आफूलाई कम्युनिष्ट भएको भन्दै जनतामा ठूलो भ्रम सिर्जना गरिरहेको अवस्थामा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरू लिई सामन्तवादी शोषण, दमन तथा साम्राज्यवादी विस्तारवादी हस्तक्षेपबाट नेपाली जनतालाई मुक्त गराई समतामूलक समाज निर्माणार्थ नयाँ जनवादी क्रान्ति हुँदै महान् साम्यवादी लक्ष्यका साथ ने.क.पा. (माओवादी) को नेतृत्वमा सञ्चालित महान् जनयुद्ध नौ वर्षको छोटो अवधिमा नै

देशीय सामन्तवादलाई मात्र होइन, विश्व साम्राज्यवादलाई समेत चुनौती दिन सफल जनमुक्ति सेनाको विकास गर्दै आज रणनैतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरेको छ ।

नेपाली जनयुद्धले विश्वसाम्राज्यवाद तथा सामन्ती निरङ्कुशतावादीको इतिहासको गतिलाई उल्टो दिशातर्फ धकेल्ने मूर्खतापूर्ण हर्कतहरूलाई चकनाचुर पार्दै रणनैतिक रक्षा र सन्तुलनको चरणहरू पार गरिसकेको छ। दशौं हजार महान् सहिदहरूको रगतको डोवमाथि पाइला राख्दै विश्वक्रान्तिसम्मको नेतृत्व गर्ने महान् सम्भावनाका साथ जनयुद्ध अन्तिम र निर्णायक चरण रणनैतिक प्रत्याक्रमणको चरणमा प्रवेश गरेको छ। आज देशमा पुरानो सत्ताको अस्तित्व वैदेशिक साम्राज्यवादी र विस्तारवादी प्रभुहरूको आशीर्वादमा टिकेको छ। वर्गसङ्घर्षको अग्निज्वालामा पिल्सिएर देशको ८० प्रतिशत भू-भागवाट बढारिएको पुरानो सत्ता जनयुद्धको वढ्दो प्रत्याक्रमणको अगाडि अव सहर, सदरमुकाम र राजधानीमा समेत रक्षात्मक वन्दै गइरहेको छ। राजनैतिक रूपमा संविधानसभा र गणतन्त्रको पक्षमा उभिएको जनमतले निरङ्कुश सामन्ती दरवारिया तत्वहरूलाई इतिहासको कुडाकर्कटमा मिल्काइदिने वस्तुगत आधारहरू तयार भइरहेको छ । वैदेशिक प्रतिक्रियावादीहरूको प्रत्यक्ष निर्देशनमा प्रतिगमनविरुद्ध आन्दोलनरत दलहरूमा फुट ल्याई उनीहरूलाई सामन्ती दरवारको फौजी अधिनायकत्व आगाडि घुँडा टेकाउने कुत्सित उद्देश्यका साथ निर्माण गरिएको प्रतिगामीहरूको चुत्थो नोकर शेरवहादुर एमाले गठवन्धन सरकार आमजनताको नजरवाट नराम्ररी तिरस्कृत भइसकेको छ । उता नेपाली जनयुद्धको विरुद्ध दमन गर्न राष्ट्रिय अस्मितालाई वन्धकीमा राखेर भारत, अमेरिका, वेलायतलगायतका देशहरूवाट भित्रियाएको हतियार, प्रविधि र सैन्य विशेषज्ञहरूको वावजुद जनमुक्ति सेनाले भोजपुर, वेनी, धादिङ्गको कृष्णभीर, कैलालीको आमखैया, वाँकेको खैरीखोला तथा कैलालीको पण्डौनजस्ता मोर्चाहरूमा शाहीअमेरिकी सेनाहरूलाई युद्धमोर्चामा धूलो चटाउन थालेवाट फौजी रूपमा समेत दुश्मनहरू रक्षात्मक रूपमा रहन वाध्य भएका छन् । यसरी नेपाली जनयुद्धको नौ वर्षे विकास प्रक्रिया, पार्टीले विकास गरेको फौजी रणनीति र कार्यनीतिको श्रृङ्खला, जनमुक्ति सेनाले विकास गरेको फौजी दक्षता र उत्सर्ग, आक्रामकता र दुश्मनको रक्षात्मकता, पुरानो सत्ता र नयाँ सत्ताको जनधारणाको स्थिति तथा पुरानो सत्तामा विकास भइरहेको अस्थिरता, अराजकता र अन्तरविरोधको स्थितिजस्ता तथ्यहरूले महान् जनयुद्धको रणनैतिक प्रत्याक्रमणको निम्ति आधारहरू खडा गरेका छन् । हालै आफ्नो आधारइलाकाभित्र १० दिनसम्म चलेको पार्टीको केन्द्रीय समितिको वैठकले वस्तुस्थितिको ठोस विश्लेषण गर्दै विस्तारवादीहरूको हस्तक्षेपको विरुद्धको तयारीलाई समेत लक्ष्य वनाएर क्रान्तिकारी रूपान्तरणको प्रक्रियालाई नयाँ उचाइमा उठाउँदै रणनैतिक प्रत्याक्रमणको चरणमा प्रवेश गर्ने भन्ने निर्णयको ऐतिहासिक महत्व रहेको छ । केन्द्रीय समितिले नेपालको भौगोलिक अखण्डता र राष्ट्रिय स्वतन्त्रता तथा नेपाली जनयुद्धको प्रमुख अन्तर्राष्ट्रिय दुश्मनको रूपमा भारतीय विस्तारवादलाई किटान गर्दै रणनैतिक प्रत्याक्रमणको चरणमा हुन सक्ने विस्तारवादी फौजी हस्तक्षेपका विरुद्धसमेत, ऐतिहासिक र योजनावद्ध सङ्घर्षको थालनी गर्नुपर्ने दायित्व क्रान्तिकारी कम्युनिष्टको

काँधमा आएको छ । ३२ लाख सेना भएकोले आफूलाई दक्षिण एसियाको दादा ठान्ने भारतसँगको लडाइँ उसको विरुद्ध विजय प्राप्त गर्नको निम्ति सिङ्गो देशलाई नै युद्धमोर्चामा वदलेर आमजनतालाई नै फौजीकृत गर्दै स्वाधीनता र स्वतन्त्रताको निम्ति राष्ट्रियमुक्ति युद्धको आँधीवेहेरी सृष्टि गर्नु आजको आवश्यकता हो ।

अध्यक्ष क. प्रचण्डले भन्नुभएझैं साम्राज्यवाद र सर्वहाराक्रान्तिको वर्तमान युगमा वैदेशिक साम्राज्यवादी हस्तक्षेप नभएको र साम्राज्यवादको विरुद्ध युद्ध नगरिकन सफल भएको जनक्रान्तिको कल्पना गर्नु कोरा आदर्श मात्र हुनेछ । मालेमावाद र प्रचण्डपथको वैचारिक आलोकमा अघि वढिरहेको जनयुद्धका विरुद्ध भारतीय शासक गुटले आफ्नो सुरक्षामाथिको गम्भीर खतराको रूपमा चित्रित गर्दै नेपालमाथि आफ्नो फौजी हस्तक्षेप कायम गर्न खोज्ने वढ्दो सम्भावनामाथि ध्यान दिँदै विस्तारवादी हित र रक्षाका अखडाहरूका साथै आफू सत्तामा टिकिरहन खुल्ला रूपमा विस्तारवादका सामु हतियार र पैसाको भीख माग्न जाने राष्ट्रघाती आत्मसमर्पणवादी गद्दारहरूका विरुद्ध आजैदेखि आफ्ना निसानाहरू केन्द्रित गर्नुपर्ने आवश्यकता नेपाली क्रान्तिकारीहरूको आजको प्राथमिक कार्य हो । यदि भारतीय विस्तारवादले नेपाली जनयुद्धको विरुद्ध फौजी हस्तक्षेप गरेको खण्डमा वर्गयुद्धलाई राष्ट्रिय मुक्ति युद्धमा वदल्दै सम्पूर्ण स्वाभिमानी देशभक्त नेपालीहरूलाई प्रतिरोध युद्धमा सहभागी गराउँदै भारतीय विस्तारवादको चिहान नेपाल नै वनाउने ऐतिहासिक अवसर नेपाली जनताले प्राप्त गर्नेछ । २१ औं शताव्दीको यो युगमा जनवादी क्रान्ति र राष्ट्रिय मुक्ति युद्धलाई समायोजन गर्दै नेपाल हुँदै दक्षिण एसिया र सर्वहारा विश्वक्रान्तिको नयाँ लहर सृष्टि गर्न राष्ट्रिय आत्मसमर्पणवाद र विस्तारवादी हस्तक्षेपका विरुद्ध प्रतिरोध युद्धमा लामवद्ध वनौं ।



विष्णु बास्कोटा



बिष्णु बास्कोटाको जन्म ०३९ माघ ११ गते बुवा डिल्लीराम बास्कोटा र आमा चन्द्रकुमारी बास्कोटाको कोखबाट ईन्द्रपुर-६ बेलेपुर, मोरङ्मा भएको थियो । ०४४ सालबाट औपचारिक शिक्षाको थालनी गर्नुभएको बिष्णुले ०५५ मा एसएलसी उत्तीर्ण गरेपश्चात सुकुना बहुमुखी क्याम्पसमा आइएको अध्ययनसँगै अखिल (क्रान्तिकारी) मा संगठित भई विद्यार्थी आन्दोलनमा जोडिनु भयो । सांगठनिक जिम्मेवारी बहन गर्ने क्रममा उहाँ अनेरास्ववियू (क्रान्तिकारी) को जिल्ला अध्यक्ष हुँदै नेकपा (माओवादी)का जिल्ला सदस्य हुनुभयो । उहाँलाई ०६१ बैशाख २२ गते शाहीसेनाले गिरफ्तार गरी चार दिनसम्मको चरम यातनापश्चात् गोली हानी हत्या गरेको थियो ।

प्रेम र विवाहबारे

समाज विकास सँगसँगै अन्य प्रक्रियाहरू फेरवदल भइरहेका हुन्छन्। समाजमा विद्यमान अन्तर्विरोधको कारणले र स्वयं आफैंमा भएका अन्तर्विरोधको कारण समाजका अन्तरवस्तुको परिवर्तनले नै सिङ्गो समाजको मुहार फेर्नमा निर्णायक भूमिका खेलिरहेको हुन्छ। सामाजिक संरचनाभित्र मानवीय समवेदनाका कारणले आपसी सद्भाव हुन्छ। साथै सद्भाव नै मानवीय प्रेमको आरम्भ हो। यहाँभित्र पनि जातीय प्रेम, वर्गीय प्रेम, क्षेत्रीयताका आधारमा प्रेम, राष्ट्र प्रेम आदि पाइन्छ। अर्कोतर्फ लिङ्गीय प्रेम, पुरुषले पुरुषप्रति देखाउने सद्भाव वर्गीय चरित्रले निर्धारण गरेको हुन्छ। धनीवर्गले गरिवलाई तिरस्कारको दृष्टिकोणले हेरिरहेको हुन्छ भने गरिवले वैचारिक असक्षमताका कारणले दुःखी भावनाकासाथ सेवामा तल्लीन हुन्छ। यस्तै महिलाहरूमा पनि पाइन्छ। तर वर्गीय स्तर समान भएकावीच केही मात्रामा भए पनि सहयोगको आदान प्रदान, मर्मलाई बुझ्ने, क्रियाकलापका समान रूप आदि वा वर्गीय प्रेम पाइन्छ। अझ सर्वहारावर्गमा निःस्वार्थ प्रेम पाइन्छ। वर्गीय प्रेमपछि नारी र पुरुषवीचको सद्भाव सामिप्यताले भावनात्मक एकरूपताको खोजी गरिरहेको हुन्छ। यहाँ व्यावहारिक कुशलता र वैचारिक सक्षमता नै भानवनाको मूल पक्ष हुँदाहुँदै पनि रूप पक्षको पनि सहायक भूमिका हुन्छ। अर्कोतर्फ मानव संवेदना भएको प्राणी हो। गरिव, असक्त, असाहयहरूमा देखाउने सद्भाव उसको संवेदनशीलताको उपज हो। व्यक्तिगत सद्भावको आधारमा भावनात्मक निकट्ता वा वैवाहिक सम्झौतामा पुगेको पनि उदाहरणहरू पाउँछौं।

वर्तमान नेपाली समाजको चरित्र, सामन्ती संस्कारले ग्रस्त, शिक्षाको कमी, हीनताबोधको मानसिकता, सांस्कृतिक कुरीतिहरूले जकडिएको र पश्चिमी छाडा संस्कृतिको प्रभावले भ्रष्टीकृत भइरहेको छ। समाजमा विद्यमान अन्तर्विरोधहरूको मित्रवत समाधानभन्दा झन् चर्काएर लगेको पाइन्छ। स्वतन्त्रताको नाममा मनपरितन्त्र, यौनको सम्बन्धमा निकृष्ट र व्यभिचार पाउँछैं। अनुहारसँग, छालाको रंगसँग, शारीरिक वनावटसँग, चुरीफुरीसँग र दौलतसँग प्रेम गरेको पाउँछैं। भुत्ते खुकुरीमा जलप लगाएर टल्काएको जस्तो टिलिकटिलिक टल्कने र त्यही हुने आकर्षण नै सम्पूर्ण हो भन्ने चिन्तनले नै ग्रस्त अहिले अरूभन्दा पनि युवा पुस्तामा बढी देखिन्छन्। यसरी रूप पक्षसँगको प्रेम यौन उन्मादी मानसिकताले ग्रस्त भएकाले यो मार्क्सवादी अवधारणाभित्र पर्दैन। पूर्णतः भावनामा बगेर गरिने प्रेम रूप पक्षका आधारमा अघि बढेको हुन्छ भने वैचारिक असक्षमताको कारणले दुर्घटनामा गएर अन्त्य हुन्छ। अर्कोतर्फ यस्तो प्रेममा

दासताको जञ्जीरलाई स्वीकारिरहेको हुन्छ । एउटै वस्तुलाई सबै थोक देख्नु, भविष्यको पर्वाह नगर्नु, प्रेमका आधारहरूको विश्लेषण गर्न नसक्नु, आलोचना खेप्न नसक्नु, कामवासनालाई केन्द्रमा नराख्नु, अनावश्यक फूर्ति देखाउनु आदि यसका विशेषता हुन् । पूर्णतः संवेदनालाई केन्द्रमा राखेर गरिने प्रेम पनि भावनाको शिकार हुन्छन् । आर्थिक बर्चश्वको आधारमा वा धनीको छोरा वा छोरीसँग विवाह गर्ने इच्छा पालेकाहरू पनि भेटिन्छन् । राजनैतिक व्यक्तित्वहरू वा वैचारिक रूपमा सक्षम भएकामा पनि भावनालाई केन्द्रमा राखेर विचारलाई त्यागेको पाउँछौं वा व्यावहारिक किसिमका हिच्किचाहट देखिन्छ वा निजी स्वार्थ केन्द्रमा हुन्छ । अझ महिलाको सम्वन्धमा समाजको धनी व्यक्तिसँग विवाह गर्न घर परिवारले दबाब दिने वा आफै इच्छा राख्ने गरेको देखिन्छ । एकातर्फ दास मानसिकता अर्कोतर्फ पुरुष आधिपत्य वा पितृसत्ताको रूप यसको अर्थ धनीकी छोरीले पुरुषमाथि आधिपत्य कायम गर्छे भन्ने होइन । यहाँ गोत्रीय प्रणालीको रूपले हेर्दा फेरि पनि पुरुष आधिपत्य नै हुन्छ । वैचारिक विकासका लागि आफूभन्दा विचारमा परिपक्वसँग र अरूको विकासकै लागि परिपक्वले अपरिपक्वसँग विवाह गर्न खोज्नु राम्रो कुरो हो । तहगत हैसियत वा वैचारिक उच्चताका आधारमा सम्बन्ध जोड्न खोज्नु दासतालाई स्वीकार्नु वा गुलियो मानसिकताको उपज हो भने आफ्नो क्षमतालाई नै सर्वेसर्वा ठानेर अरूको क्षमतालाई वास्ता नगर्ने प्रवृत्ति अरूको अधिकारमाथि कुठाराघात गर्ने मानसिकताले ग्रस्त भएको देखिन्छ । यहाँ वर्गीय विसमतामा गरिने विवाह दास मनोवृत्ति वा शोषणका लागि निजी स्वार्थ र भावनामा बगेर गरिन्छ । त्यसैले वर्गीय प्रेमको आधारमा भावनात्मक प्रेम नै विवाहको लागि उपयुक्त हुन्छ भन्ने लाग्दछ ।

प्रेम र विवाहबीच आपसी सम्बन्ध रहेको हुन्छ । प्रेम आफैंमा पूर्णताको खोजी गर्ने अन्तरवस्तु लुकेको हुन्छ । पूर्णताको लागि विवाह नै एकमात्र उपाय हो । तथ्यगत आधारवाट इच्छाशक्तिको प्रारम्भ नै प्रेमको सुरुवात हो भने विवाह यिनै आधारबाट गरिने वाचा हो । दुवैको विकास प्रक्रियालाई अझ उत्प्रेरकको भूमिका निभाउन सक्ने अवस्थामा मात्र विवाह उत्पादक हुन्छ । यदि काममा वाधक र वैचारिक क्षय गर्ने परिस्थितिमा पुग्छ भने सम्बन्ध तोड्नु वा सम्बन्धविच्छेद गर्नु नै उपयुक्त हुन्छ । समान अधिकार र कर्तव्यबोध भएको समाजमा नारी र पुरुषबीच उत्पन्न हुने व्यक्तिगत प्रेम र यसैका आधारमा गरिने विवाहले नै बहुआयामिक छवीको विकास र व्यावहारिक प्रतिबद्धता अझ उच्च स्तरमा अघि बढ्दछ भन्ने लाग्दछ ।

"विवाहपछि पति-पत्नीले आपसमा प्रेम गर्नु कर्तव्य हो भने प्रेमीप्रेमीकाले अरू कसैसँग नभएर आपसमा नै विवाह गर्नु अधिकार होइन र ?" - *एङ्गेल्स ।*



विष्णुप्रसाद चौलागाई (अभय)



विष्णु चौलागाईको जन्म ०३७ पौष ८ रामेछाप जिल्ला गुन्सीभदौरे-३, स्वाँरामा बाबु तुल्कप्रसाद चौलागाई र आमा टीकामाया चौलागाईको कोखबाट कान्छो सन्तानको रूपमा भएको थियो । उहाँका दुई दिदी र एक दाजु हुनुहुन्छ । गाउँकै सतलिङ्गेश्वर मावि गुन्सी भदौरेबाट प्रारम्भिक तथा माध्यामिक शिक्षा लिंदै ०५३ सालमा प्रथम श्रेणीमा एसएलसी उत्तीर्णपश्चात् उहाँले ०५४ देखि ०५९ को अवधिमा पाटन संयुक्त क्याम्पसमा स्नातक तेस्रो वर्षसम्म औपचारिक अध्ययन गर्नुभएको थियो । साङ्गठनिक रूपमा उहाँ ०५२ मा विद्यालयमै अखिल (क्रान्तिकारी)को साधारण सदस्य हुँदै ०५४ मा क्याम्पस इकाई सदस्य र ०५६ मा इकाई सचिव हुनुभएको थियो । उहाँ ०५७ मा ललितपुर जिल्ला सदस्य हुँदै कोषाध्यक्षसम्म हुनुभयो । ०५७ देखि पूर्णकालीन भई साङ्गठनिक जिम्मेवारी सम्हाल्ने क्रममै उहाँ ०६० सालमा रामेछाप जिल्ला सचिव हुनुभएको थियो । उहाँले ०५५ देखि ०६० सम्म चार पटक सार्वजनिक अपराध, हातहतियार, खरखजाना, सार्वजनिक सुरक्षा र राज्य विप्लवका मुद्दाहरूमा काभ्रेको धुलिखेल, काठमाडौं नक्खु र सदरखोर जेलमा करीब तीन वर्षसम्म जेलजीवन व्यतीत गर्नुभएको थियो । क. बिष्णुले ०५८ मङ्सिरमा गाउँकै निर्मला गौतमसँग वैवाहिक सम्बन्ध गास्नुभएको थियो । हाल उहाँको एक छोरी नविना हुनुहुन्छ । मृदुभाषी, मिहिनेती, अध्ययनशील क. विष्णु चौलागाई पार्टी एरिया सदस्य हुनुहुन्थ्यो । उहाँ ०६० असार ३१ गते रामेछाप गोस्वारा गाविस शैलुङ्को जंगलमा दोरम्बाबाट आएको दुश्मनको फौजलाई एम्बुसमा पारी फर्कदै गर्दा शैलुङ्को चौरी गोठमा घेराहाली शाहीसेनाको गोली प्रहारबाट घाइते हुनुभयो । करीब दुई घण्टा हिडेपश्चात् अत्याधिक रक्तश्रावका कारण उहाँको शहादत भएको थियो ।

पार्टी व्यवहारबारे

संसारमा रहेका हरेक जीवित वस्तुहरूले आ-आफ्नो प्रकारको व्यवहार गरिरहेका हुन्छन् । एउटा सामान्य जीव-जन्तु पनि आफ्नो अस्तित्व रक्षाको लागि आफूले सकेको वल लगाएर खानपिन, निवास स्थल र सुरक्षाको लागि पनि रक्षा-प्रतिरक्षा गरिरहेको हुन्छ । यही क्रममा कतिपय बेला जीवजन्तुले पनि कतिपय अवस्थामा अन्य सजीव वस्तुहरूलाई नष्ट गर्ने र नसके आफू पनि नष्ट हुने कुरा भनेको चेतनशील, विवेकशील र क्षमतावान प्राणी हो । मानिसको उत्पत्तिकालदेखिको इतिहासलाई हेर्दा नै मानिसले विभिन्न युगमा विभिन्न प्रकारका चरणहरूलाई सङ्घर्षशील तरिकाले पार गर्दै आएको छ । जनावर र अन्य जीवजन्तुहरू भने आ-आफ्नो चेतनशील र वुद्धिमानी भएको नै होला, आफ्नै जातहरूको बीचमा विभिन्न वर्गहरूको विभाजन गरी एउटा वर्गले अर्को वर्गमाथि थिचोमिचो र अमानवीय व्यवहारसमेत गरेको पाइन्छ । मानवजातिको उत्पत्तिकालदेखि नै मानवले यी समस्याहरू झेल्दै आइरहेका छन् । जबदेखि मानव समुदायमा राज्यको अवधारणाको विकास भएको देखिन्छ, त्यही समयदेखि नै टड्कारो रूपले मानवले मानवबीच वर्गहरूको सिर्जना गरी भेदभावपूर्ण व्यवहार गरेको पाइन्छ ।

वर्तमान अवस्थामा आइपुग्दा विश्वले चरम पुँजीवादी व्यवस्थाको उत्कर्षरूप साम्राज्यवादको जटिल अवस्थावाट गुज्रिरहेको छ । यही अवस्थालाई इङ्गित गर्दै लेनिनले भन्नुभएको छ, 'साम्राज्यवाद पुँजीवादको चरम उत्कर्ष रूप हो ।' त्यसैकारण यसको भविष्य पनि चीरस्थायी र दीर्घकालीन छैन, अवश्य पनि यिनीहरूको पतन निकट छ । हाल आएर त्यस्तो प्रकारको साम्राज्यवादलाई अङ्गालेर विश्वस्तरमा नै तहल्का मच्चाइरहेको एउटा प्रमुख राष्ट्रको रूपमा अमेरिकालाई लिन सकिन्छ । एकातर्फ यसरी विश्वलाई हडप्ने हेतुले अगाडि बढेर विश्वमा नै आफ्नो दादागिरि देखाइरहेको छ भने अर्कोतर्फ त्यस्तो प्रकारको अन्तर्राष्ट्रिय राजनैतिक, भौगोलिक र सांस्कृतिक अतिक्रमण विरुद्ध विश्वका उत्पीडित राष्ट्रहरूले कतै प्रभावकारी तरिकाले जनआन्दोलनको सिर्जना गरिरहेका छन् त कतै सुस्त मन्द गतिले त्यसको मौन तरिकाले विरोधमा उनिरहेका छन् । अझ भन्नुपर्दा सहीरूपले मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा सच्चा तरिकाले एकातर्फ देशीय तथा विदेशी सामन्ती दलालको विरुद्धमा आवाज उठाइरहेका छन् भने अर्कोतर्फ फेरि सत्तामा रहेका तिनै साम्राज्यवादका असली नोकरहरूले भने त्यस्ता प्रकारका विद्रोहको दमन गरेर चरमरूपले आफ्नो साम्राज्यवादको पिछलग्गुपनको अनुहारलाई उदाङ्गो बनाइरहेका छन् ।

आज हामीहरूले विश्वका विभिन्न प्रकारका सामन्त तथा फासिष्ट सत्ताको विरोधमा उत्रिरहेका कम्युनिष्ट विद्रोहीहरूको समूहहरूमा नेपालमा पनि विगत सात वर्षदेखि नेपाली भूमिमा समस्त प्रतिक्रियावादी राज्यसत्तालाई हरेक पलमा चुनौती दिँदै सर्वहारावर्गको मुक्तिको सवाल भनेको नै वर्गीय मुक्ति आन्दोलन हो र वर्गीय आन्दोलनविना कुनै पनि प्रकारका जातीय तथा क्षेत्रीय मुक्तिमा लडेका समस्त प्रकारका आन्दोलनहरू सोझो अर्थमा सफलता प्राप्त गर्न सम्भव छैन भन्ने लक्ष्यका साथ वर्गीय मुक्ति आन्दोलन चर्काइरहेको छ। विश्वमा विभिन्न प्रकारले उब्जिएका आन्दोलनका लहरहरूलाई एकछत्ररूपले आतङ्कवादको संज्ञा दिँदै आएका साम्राज्यवादी राष्ट्रहरूकासामु आफ्नो आन्दोलनलाई घनीभूत रूपले अघि बढाउनु सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको दायित्व बनेको छ। नेपाली धर्तीमा विगत सात वर्षदेखि नेकपा (माओवादी)ले चलाएको समग्र वर्गीय मुक्ति आन्दोलनलाई समेत सबै प्रकारका सामन्ती शासकहरूले आतङ्कको संज्ञा दिएका छन्। अहिले चलिरहेको यस्तो अन्तर्राष्ट्रिय परिस्थितिको आङ्कलन गर्दै ज्ञान र व्यवहारबारे कसरी सोच्नु र कार्य गर्नु जरुरी छ भन्ने बारेमा सामान्यतः बुँदागतरूपले केही बुझ्नु आवश्यक ठहर्छ।

१. अन्तरपार्टी व्यवहार

स्वभाविकरूपले वर्तमान अवस्थामा मार्क्सवाद-लेनिनवाद र माओवादको सार्वभौम नियमभन्दा बाहेकका कम्युनिष्टको खोल ओढेका अन्य कम्युनिष्ट नामधारी समूहहरूलाई सच्चा कम्युनिष्ट पार्टी भन्न सकिंदैन। यहाँको सन्दर्भमा नेकपा (एमाले)ले त्यस्तो कम्युनिष्टको खोल आढेर आफूलाई कम्युनिष्ट भन्न रुचाइरहेको छ। वास्तवमा नेपालमा आजको अवस्थामा एकमात्र सही कम्युनिष्ट पार्टी नेकपा (माओवादी)लाई नै लिन सकिन्छ। कम्युनिष्ट पार्टीले सम्पूर्णरूपले आफ्नो वर्गको प्रतिनिधित्व अझ सर्वहारावर्गको प्रत्यक्ष निगरानीको शासन नगरेसम्म विभिन्न प्रकारका समस्या र चुनौतीको शिकार बन्नुपर्ने हुन्छ। आजको अवस्थामा पार्टीले महत्वपूर्णरूपले सोंच विचार गरी व्यवहारमा लागू गर्ने विषय भनेको सामूहिक नेतृत्व प्रणालीको विकास नै हो। पार्टीभित्र हुने गरेको दुई लाइन सङ्घर्षलाई नेतृत्व वर्गले सही निष्कर्ष निकाल्ने र कार्यकर्ताको मनोभावनामा हीनताबोध आउने प्रकारका तथा सीमित पार्टी पङ्क्तिलाई फाइदा हुनेतर्फको व्यवहार नगर्ने, आम र बृहत्तर हितका कुराहरूमा सामूहिक तबरले छलफलको विकास गर्नुपर्ने आवश्यकता हुन्छ। एउटा क्रान्तिकारी पार्टी सङ्गठनको सदस्यहरूको हैसियतले नियमित रूपले बैठकहरू गर्ने, त्यसमा सम्पूर्ण कुराहरूको पारदर्शी निचोड निकाल्ने तथा नेतृत्व तथा कार्यकर्ताले अनुशासन पद्धतिमा रही आलोचना आत्मालोचनाहरू गरी सही प्रकारको निचोड निकाल्नु नेतृत्व वर्गको प्रमुख जिम्मेवारी रहन्छ। त्यस्तै पार्टी पङ्क्तिहरू सम्पूर्ण कार्यकर्ता तथा नेतृत्वले जिम्मेवारीलाई इमान्दारीतापूर्वक पालना गर्नु नै प्रमुख कुरा हो। समग्रमा अन्तरपार्टी व्यवहारको बारेमा भन्नुपर्दा पार्टीको महत्त्वपूर्ण उपलब्धिहरू भनेको केवल एउटा एरिया, जिल्ला वा क्षेत्रलाई मात्र होइन, सम्पूर्ण सर्वहारावर्गको पार्टीको नै उपलब्धि भएको कारण माओवादी पार्टीका सम्पूर्ण गतिविधिहरू एउटा पङ्क्ति, सीमित दल र

कार्यकर्ताको कुरा छोडौं, समग्र सर्वहारावर्गको हितमा हुनुपर्दछ । जनताका लागि एउटा उदाहरणीय पार्टीको रूपमा यसरी नै थप उपलब्धि र तिनीहरूको रक्षा गर्दै अघि बढ्नुपर्दछ ।

२. जनतासँगको व्यवहार

सामन्तवादी सत्ताका जुठोपुरोमा रम्नेहरू पाखा लाग्ने र आत्मीयरूपले क्रान्तिप्रति जगजाहेर गर्ने क्रान्तिप्रेमी र न्यायप्रेमी जनतालाई क्रान्तिकारी भावनाले लैस गराउनु र सही प्रकारको मुक्तिको वाटोको मार्ग प्रशस्त गर्नु नै क्रान्तिकारी सङ्गठनको प्रमुख दायित्व हो । क्रान्तिकारी पार्टीको नेतृत्व कार्यकर्ताहरूले अर्को गर्नुपर्ने प्रमुख कार्यमा माओले प्रतिपादन गर्नुभएको अनुशासनका प्रमुख आठ नियमहरूको कडाइका साथ पालना गर्नु हो । सदा जनताको हित र भलाइका लागि भनेर आफ्नो जीवन नै अर्पण गरेर व्यवहारमा होमिएपछि पनि वास्तविक समस्या सिर्जना हुन्छन् । भनिन्छ सम्पूर्ण कुराहरूको मापदण्डको एकमात्र कसी भनेको नै व्यवहार हो । खुल्ला र सामान्य अवस्थामा समेत अरूको भलाइको लागि काम गर्न गाह्रो हुन्छ भने एउटा सामूहिक भावनाको विकास गरी सदा समस्याहरूलाई आफ्नो ठानेर कार्य गर्न त अवश्य पनि कठिन हुन्छ नै । यही समयमा वैचारिक कमजोरी रहेमा अवश्य पनि त्यहाँ सफलता प्राप्त हुँदैन बरु त्यहाँ वैचारिक कमजोरी र व्यवहारवाट उपलब्ध भएको चुनौतीहरूलाई पाठको अर्को रूपमा लिन नसक्ने हो भने अन्ततः विसर्जन र पलायनको बाटो रोज्नुभन्दा अर्को रहने छैन । त्यसकारण सही अर्थमा अप्ठेरो परिस्थितिको सामना र गल्तीबाट पाठ सिकेपछि मात्र नयाँ विचारको प्रस्फुटन हुन्छ ।



विकास अधिकारी (गोकुल)



विकास अधिकारीको जन्म ०३२ साल साउन १ गते तनहुँ जिल्ला सोतिपसलमा बुबा रामप्रसाद अधिकारी र आमा इच्छामाया अधिकारीको कोखबाट जेष्ठ सन्तानको रुपमा एक निम्नमध्यम वर्गीय परिवारमा भएको थियो । पछि आएर उहाँ भरतपुर नगरपालिका-९, मिलनचौक चितवनमा बस्दै आउनुभएको थियो । औपचारिक शिक्षा बिएड् तृतीय वर्षसम्म अध्ययन गर्नुभएका अधिकारी ०५० मा अनेरास्ववियू तनहुँ जिल्ला सदस्य हुनुहुन्थ्यो । ०५२ सालमा जनयुद्धको सुरुवातसँगै उहाँ अखिल (क्रान्तिकारी)मा प्रवेश गर्नुभयो र लगत्तै उहाँले माओवादी पार्टी सदस्यता पनि प्राप्त गर्नुभयो । उहाँ ०५४ मा चितवन जिल्ला सदस्य हुँदै ०५७ सालमा जिल्ला सचिव तथा सप्तगण्डकी क्याम्पस स्ववियू सभापति हुनुभयो । ०५७ मा पूर्णकालीन कार्यकर्ता हुनुभई सङ्गठनको थप जिम्मेवारी सम्हाल्ने क्रममा ०५८ मा जिल्ला उपाध्यक्ष र ०५९ मा जिल्ला अध्यक्ष हुनुभयो । उहाँलाई सङ्गठनकै कामको सिलसिलामा ०६१ मङ्सिर २५ गते रुपन्देही जिल्लाको देवदह जैबुटीमा साथीहरुसँगै बसिरहेको अवस्थामा घेरा हाली दिउँसो १२ बजे शाहीसेनाले गिरफ्तारपछि निर्मम यातना दिँदै गोली हानी हत्या गरेको थियो ।

गरीबको बिलौना

मनको तरङ्ग
सम्झेर ल्याउँदा हुन्छ भरङ्ग ।
पढ्न गुन्न पाउदैनौं हामीले
भूमिहीन किसान ज्यामीले
मनको तरङ्ग ....

आधा पेट खाएर काम गऱ्यो
ज्यालामाथि साहुले रिस गऱ्यो
मनको तरङ्ग....

गर्ने हुँदा साहुले किचकिच
हिड्नुपर्छ लुकेरै बीचबीच
मनको तरङ्ग....

घर त मेरो तनहुँ सुरमा
लाग्छौं हामी क्रान्तिको कुरामा
मनको तरङ्ग,
सम्झेर ल्याउँदा हुन्छ भरङ्ग ।



प्रेम सापकोटा (सौरभ)



बुवा टिकाप्रसाद सापकोटा र आमा युवमाया सापकोटाको दुई भाइ छोरामध्ये कान्छो छोराको रूपमा जन्मनु भएका प्रेम सापकोटा विद्यार्थी कालदेखि नै निकै गम्भीर, चतुर र दुरदर्शी हुनुहुन्थ्यो । आफ्नै जन्मस्थान श्री सेतीदेवी पञ्चकन्या मावि कुभिण्डेबाट एसएलसि उर्तिण गरेर श्री कृष्ण रत्न गंगा उच्च माविमा १२ कक्षासम्म अध्ययन गर्नु भएको थियो । विद्यार्थी कालदेखि नै राजनीतिमा सक्रिय भएर अनेरास्ववियू (क्रान्तिकारी)को इकाई सदस्य, अध्यक्ष र जिल्ला सचिवको कार्यभार सम्हाल्दै आउने क्रममा ०५३ साल मंसिर २६ गते स्थानीय फटा कृष्णप्रसाद सापकोटालाई पार्टीको योजना मुताबिक भौतिक सफाया गरेपछि प्रहरीले विद्यालयबाटै पक्राउ गरी सेन्टर जेल, विरगंज जेलमा राखियो । तीन वर्षको जेलजीवनबाट मुक्त भएपछि ०५६ असारबाट पूर्णकालीन हुनुभयो । उहाँको कार्य क्षमता र प्रतिबद्धताले पार्टी जिल्ला सदस्य तथा सैन्य प्लाटुन कमाण्डरको महत्वपूर्ण पदभार सम्हाल्दै आउनु भएको थियो । ०५८ मंसिर १० गते सोलुखुम्बुको सल्लेरी कब्जा गर्ने क्रममा लड्दालड्दै शहादत प्राप्त गर्नु भयो । उहाँको एकमात्र दाजु रेवती सापकोटा (क. क्षितिज) पनि सहिद भइसक्नु भएको छ ।

बेइमान न्याय

"ऊ त्यही घर" हिरासतबाट जेलमा गएको भोलिपल्ट त्यो तामाङ लवजको एउटा वुढाले मलाई यसरी परिचय दिए । चौताराको डाँडावाट उसले उत्तरपट्टीको याङलाकोटतिर देखाउँदै आफ्नो घर वतायो । गलाभरी मयल भएको, गाला चाउरिएको र जिउ अलि झुकेको उदास र निन्याउरो अनुहार बोकेको एउटा तामाङ परिचयकै क्रममा भन्यो-

"चौधा वर्ष भायो बसेका बीस वर्षको मूल्दा"

"अनि तपाईंको नाम चाहि ?" मेरो प्रश्न

"मान वहादुर"

"मान बहादुर के ? "

"मानबहादुर पाखिन ।"

यातनाले क्षतविक्षत मेरो शरीर एक क्षण पनि ठाडो रहनेवाला थिएन । सम्हाल्न खोजें, सकिन । अनि दुई जनाले मिलाएको मेरो कोठा नं. २ को वेडमा मलाई राखिदिए । त्यो रात यातनाका ती आला घाउहरु सुम्सुम्याउँदै बिहानीको लाली किरणले मेरो शरीरमा स्पर्श गर्न पुगेछ । पौषको महिना, मध्य जाडो सुकुल घाममा विच्छ्याएर म पल्टिरहेको थिएँ । क्यानभासमा मैले सम्झें त्यतिखेर मेरा सहयात्री कमरेडहरु युद्धमोर्चामा लागिरहेको दृष्य । कता कता छाती चिसो भएर आयो । अनि युद्धमोर्चामा लड्दा लड्दै भनौं या कारवाहीमा सँगै भाग लिएर कार्वाही गर्दागर्दै शहादत प्राप्त गरेका प्रकाश, विपना, सपना, दिपेश ..... थुप्रैको सम्झनाले मेरा आँशुका दाना आँखाबाट गर्जिंदै थिए । लाग्यो जेल र हिरासतको यातनाभन्दा युद्ध मोर्चाको शहादत उच्च थियो र पनि के गर्नु शहादत पनि खोजेर मात्र नहुने रहेछ । लाग्छ मलाई यो सौभाग्य जुरेन । यसरी त्यो सौभाग्य गुमाएर यो जेलको मोर्चामा बस्नु पर्दा एक प्रकारको पश्चाताप जागिरहेको थियो । र, पनि एक पटक इतिहासलाई नियालें, जेल जीवनविनाको आन्दोलन कहीं पनि छैन । त्यसैले यो पनि त युद्धको ट्रेन्च नै हो, क्रान्ति विश्वविद्यालय नै हो । मनमनै सम्झें मेरो भूमिका परिवर्तन भएको छ । मेरो मोर्चा फेरिएको छ । करिब १५ मिनेटको यो मेरो सोंचाई किनकिन म आफैलाई अनौठो लागिरहेको थियो ।

"सुत्नु भएछ"

"अँ सुतेको" मैले जिउ कष्टकासाथ उठाउँदै भनें ।

"पुलिसले कादी पिट्यो बावु ?"

पुलिसको पिटाई के भन्ने र, पुलिसको जात तपाईंलाई थाहा छँदैछ नि होइन र ? मेरो प्रश्न ।

"हो बावु, पुलिसको जाद त राक्षस हो वावु राक्षस ।" उसको उत्तर

"तपाईंको घर याङलाकोट भन्नु भा' होइन ?" मैले उसको धेरै कुरो वुझ्न चाहें ।

"हो ह्याङ्लाकोट वडा नं. साद, पाखिन टोल ।"

"तपाईंको परिवार कति छन् ?"

"एक छोरा छ, श्रीमती दुडा थियो, अस्ति भार्खार जेठी मारेछ । छोरी तीन्डा छा जेठी रा माइलीको विहा भाइसक्यो । कान्छी घारमै छा" उसले सहज तर पीडा मिश्रित उत्तर दियो ।

"तपाईंको छोराको नाम नि ......?"

"मेरो छोराको नाम सुफतसिं पाखिन ।"

उसको छोराको नामले म एकाएक भावुक भएँ । त्यो सुफतसिं मलाई पुलिसको घेरा तोडेर भाग्दा सेल्टर दिएको थियो । वचाएको थियो । भनौं मलाई अर्के जीवन दिएको थियो । घरमा खानेकुरा नभैकन पनि उसले मलाई तीन दिनसम्म खुवाएर सुरक्षा दिएको थियो । उसको नामले किन किन मलाई त्यो बुढो मान्छेप्रति श्रद्धा जागेर आयो, माया लागेर आयो । त्यो वुढो जसको सन्तानले दिनरात हाड घोट्दा पनि खानका लागि छाक छोड्नु पर्छ । त्यस्तो सन्तानको एउटा वृद्ध शरीरले १४ वर्ष बिताउँदा पनि उसले जेलको चार दिवारवाट छुटकारा पाएन ।

"बुवा तपाईंको केस ?" मैले त्यो मयलैमयल गाला चाउरिएको वुढो मान्छेलाई 'बुवा' भनेर सम्वोधन गरें । साँच्चै मलाई त्यो बुढो, त्यो गनाउने बुढो मलाई मेरो जन्म दिने बुवाभन्दा प्यारो छ । किनकि त्यसमा मलाई अर्के जीवन दिन उसको छोरो सुफतसिंको रक्तनाता छ । हो, मलाई त्यो बुढो मेरो बुवाभन्दा पनि प्यारो लाग्छ । श्रद्धाले बुढाको अगाडि झुक्ने गर्दछु ।

"खाई हजुर गाई मारेको केस भान्छ ।"

"कसरी लाग्यो त गाई मारेको केस ?" मेरो यो प्रश्नले बुढोलाई त्यो मेरो बुवाभन्दा पनि प्यारो बुवालाई चोट पुगेको अनुभूति गरें । त्यो बुढो मेरो आदरणीय बुवा एकाएक भावुक भयो ।

"कासारी लाग्यो भन्नु बावु .... चराउन लगेको मेरो गाई भीरवाट खसेर मान्यो, अनि ।" एकाएक बुढाको आँखावाट दुई एनो गुड्यो ।

"अनि ....:. ?" मेरो प्रश्न ।

"अनि त्यो मारेको गाई घारमा ल्यायो । बावु त्यतिखेर मेरो छोरा सानै थियो, चौधा वर्षको । छोरालाई मासु खाने भान्यो, अनि मैले काट्यो अनि खायो ।" कस्तो न्यायालय कस्तो प्रशासन, मरेको गाई- जुन तामाङहरुको जीजु बराजुको पालादेखि खाँदै आएका थिए । त्यो मरेको मासु खान पनि त्यो वुढोको अपराध भयो ?

"कसरी समात्यो त तपाईंलाई ?" मेरो अर्को प्रश्न ।

"भोलि पाल्ट अदाक्ष्यले पुलिस लिएर आयो, अनि समात्यो र माथि ठानामा ल्यायो ।" उसले पाखुराले आँसु पुछ्दै भन्यो ।

"कतिको पिट्यो त पुलिसले ?"

"बेसरी पिट्यो बाबु - बसेरी -"

"अदालतमा के भन्नु भयो त ?" मेरो प्रश्न फेरि दोहोरियो ।

"म सोझो मान्छे हजुर मलाई पार्वते भाषा पनि राम्ररी बोल्न आउँदैन त अदालतमा माऱ्यो अनि काटेर खायो भनें ।" मेरो छाति चरक्क चिरियो, त्यो व्यवस्थाको न्यायलयप्रति घृणा जागेर आयो । मरेको गाईको मासु खायो त के अपराध गऱ्यो त्यो बुढाले ? एउटा अभियुक्तको भाषा पनि नबुझ्ने मुर्तिहरु न्यायधिस - मनमनै मैले व्यवस्था र त्यसको न्यायालयलाई सरापें । त्यो बुढो, चौध वर्ष अगाडिको त्यो बुढाको भाषा, जस्ले 'मऱ्यो' भन्न नजानेर 'माऱ्यो' भन्यो त्यति भाषा छुट्याउन नसक्ने यहाँका शासकहरु र त्यसका पहरेदारहरु - उफ - कति सजिलो छ हगि - एउटा निर्दोष मान्छे फसाउन । त्यो एउटा बुढो जस्ले चौध बसन्त सानो दिवारभित्र कटाइसकेको छ र बाँकी ६ वसन्त सिंगै बाँकी छन् उसका ।

"जम्मा कैदको चालिस प्रतिशत माफी दिन्छ नि "

"दिनादा दिन्छा हाजुर पैसा दिनेलाई .... ।"

उफ् - त्यो यातनाले क्षतविक्षत मेरा घाउहरुमा त्यो पैसासँग अधिकार साट्ने कुराले अर्कोतिर घोच्यो । चालिस प्रतिशतले ऊ दुई वर्ष अगाडि जान पर्ने हो तर माफि पाउने अधिकारलाई पैसामा साटिएपछि के लाग्छ ।

त्यो बुढो बोली, त्यो कालो, मैलो बुढो जोसँग गफ गर्दागर्दै घामले आफ्नो प्रकाशलाई कुम्ल्याएर पश्चिमतिर विलय भयो । साँझ पऱ्यो, ढोका बन्द भए । म अपराधी, उनीहरुको शब्दमा, म त्यो जेलको हकमा ४० जना अपराधीको पनि अपराधी, रातमा मेरो सुताई एक्लै गोलघरमा हुन्थ्यो । त्यो यातनाका आला घाउहरुमा दिउँसो त्यो आदरणीय बुढो बुवाले मसँग गरेका कारुणिक घटनाले घोचिरह्यो, घोचिरह्यो । त्यो रात अनिदो निन्द्रामा काटें । त्यही बुढाकोबारेमा सोंचेर काटें ।

भोलिपल्ट अर्थात् पौष १२ गते सिडिओ र जेलर, जेल निरिक्षणका लागि आए । के निरिक्षण गर्नु थियो र, त्यो सुँगुर राख्ने खोर सरहको खोरमा, ती अगाडिको चोकमा आए र म यो राज्यसत्ता पल्टाउने अपराधी अझ भनौं अपराधी भड्काउने अपराधीलाई सिडिओले बोलायो । म कष्टका साथ उठें । चौकीदारले सिडिओ र जेलरलाई कुर्ची राखिदियो र मलाई बसाल्यो ।

"आरामै हुनुहुन्छ हैन त कमल कमरेड -" उसको त्यो 'कमरेड' शब्दको व्याङ्ग्यले मलाई भित्रभित्र रिस उठेर आयो एकातिर भने अर्कोतिर त्यो बुढो तामाङप्रति गरिएको अन्यायले आक्रोशित पनि पारेको थियो ।

"आरामै त भन्न पऱ्यो नि, तपाईंहरुको उपहारको चोट सुम्सुम्याउँदै छु ।"

"उपहारले पनि चोट लगाउँछ र ?" उसले बुझेर पनि बुझ पचाउँदै व्याङ्ग्य गऱ्यो ।

"जनताले दिएको उपहारले स्पर्श गर्दछ तर हिंस्रकहरुले दिएको उपहारले चोट पुऱ्याउँछ ।" भनौं यो उत्तरले चोट लाग्यो ।

"भनेपछि हामी हिंस्रक भयौं हैन ?" उसको प्रश्न ।

"नितान्त एउटा मानवले दिने उपहार यही हो ?" मैले यातनाका आला घाउहरु देखाउँदै भनें ।

"अरु केही भन्नु छ कि कमल जी ?" सिडिओले विषयवस्तु अन्यत्र लग्न खोज्यो ।

"अँ सिडिओ सा'व, जेलर सा'व यही हुनुहुन्छ । यी वुढा वा (त्यो तामाङ वुढालाई देखाउँदै) जेल वसेको चौध वर्ष भइसकेछ । सरकारले ६० प्रतिशत पुगेका कैदीलाई कार्तिक २३, पौष १४ र फागुन ७ उत्सवमा अझ तपाईंहरुको भाषामा उत्सव माफी दिने चलन छ क्यारे । यी वुढा जो ६० प्रतिशतले दुई वर्ष अगाडि नै जेल मुक्त हुनु पर्ने हो, तर अहिले कार्तिकमा पनि उहाँको नाम परेन, पर्सी १४ गते आउँदैछ, के वुढा अन्यायमा परेनन् र ?" मैले भावुक र कठोरतापूर्वक प्रश्न गरें ।

"कमल जी , तपाईं त नेता मान्छे यो वुझ्न पर्ने हो कि चालचलन, आचरण, व्यवहार सुध्रेकाहरुलाई मात्र माफी दिन्छन् भन्ने कुरा ।" उसका यी कुराले मलाई भित्रभित्र रिस उठेर आयो ।

"महाशय , तपाईंको व्यवस्थाको वारेमा सायद तपाईंलाई भन्दा मलाई वढी नै थाहा होला किनकि म राज्यसत्ता संचालन गर्ने हैसियत भएको एउटा जनताको सच्चा प्रतिनिधि हुँ । अर्को कुरा तपाईंहरुजस्ता निजी स्वार्थका लागि नीच कार्य गर्ने व्यक्ति म होइन । म त देश र जनताको निम्ति समर्पित एउटा मान्छे भएकोले मैले देशलाई र यो व्यवस्थाको विकृतिलाई सुक्ष्म ढंगले अध्ययन गरेको छु ।" "सिडिओ सा'व तपाईंको व्यवस्थाको नज़रमा डिवी लामा, भरत गुरुङहरु सुध्रिए हैन ? तपाईंहरुको व्यवस्थाका नजरमा बाँसखर्कमा बच्चा मार्ने अपराधीहरु सुध्रिए र मुद्दा फिर्ता लिने तपाईंहरुको सरकारले निर्णय गऱ्यो हैन ? त्यही व्यवस्थाले एउटा गरीव वुढो, एउटा निमुखा वुढोले चौध वर्ष जेल जीवन बिताइसकेको हो । ऊ सुध्रिएको छैन, यस अर्थमा कि उसले सुरुदेखि बोकेको जीउको मयल फ्याँक्न सकेको छैन, हो उसले तपाईंहरुले वोल्ने भाषा बोल्न सक्ने भएको छैन, उसले तपाईंहरुले जस्तै मालामाल धन र सम्पत्ती कमाउन सकेको छैन, हो उसले भाषालाई सुधार गर्न सकेन, उसले जीवन सुधार्न सकेन । तर उसको बाध्यता हो, विवशता हो । अझ यो व्यवस्थाको क्रूरतापूर्ण उपज हो वास्तवमा यथार्थ यही ।" त्यो घृणा र आक्रोसमा सिडिओ र जेलरका अगाडि मैले के-के भनें थाहा भएन । जेलर र सिडिओ हेराहेर गर्न थाले र सबै वन्दीहरु खासखुस गर्न थाले । सिडिओ र जेलर कुकुरको हिंडाइको तालमा गए । त्यही दिन दिउँसो पत्रकार आए । पत्रकारहरुलाई मैले त्यो बुढाको अन्यायको बारेमा यथार्थ बताएँ । जेलको समग्र पक्षका बारेमा जानकारी गराएँ । जेलभित्र दिइने यातनाका बारेमा बताएँ, शोषण र अत्याचारको वारेमा बताएँ, बताउनु पर्ने जति सबै बताएँ । जेलको बारेमा केही बोलेपछि यातना वेहोर्नु पर्ने त त्यो जेलको पहिलेदेखिको यथार्थ नै हो । एक हप्ताअगाडि सुवासले सिरक डसनाको बारेमा कुरा उठाउँदा डोरीले बाँधेर खप्परै फुट्ने गरी पिटेको देखेको थिएँ । वरु सिदाको पैसा मागदा दिव्यको खुट्टा भाँचिदिएको अस्ति नै हो । चामल राम्रो भएन भनेर कुरा उठाउँदा रमेशलाई हात भाँचिदिएको कुरा त ताजै थियो, भनौं केही वोलेपछि केही भाँचिदिने त्यहाँको प्रशासनको धर्म नै थियो ।

१५ गते राजाको जन्मोत्सवका अवसरमा त्यहाँबाट ५ जना छुटे, पैसा खुवाएर त्यो पनि दश-दश हजार त्यो बुढो त्यो मेरो वुवाभन्दा पनि प्यारो वुढो छुटेन। बुढो रुँदै, ओच्छ्यानमा पल्टिए दिनभर पल्टिरहे। नछुट्नेहरु दिनभर पल्टिरहे, निराश भए। त्यो दिन न्यायको मृत्यु भयो। कुनै मान्छेको मृत्युको भोलिपल्ट हुने घरजस्तै वेलुका भयो, ढोका बन्द गरिदै गए। त्यो साँझ त्यो वुढो त्यो मैलो र गन्हाउने बुढो मान्छेलाई पनि घिसार्दै गोलघरको मेरो कोठामा ल्याए। दिनभर शान्त रहेको त्यो जेल एकाएक कुनै मान्छेको मृत्युपछि हुने कोलाहलको जस्तै जन्म भयो।

"साला, तै हैनस् जेलको बारेमा पत्रकारहरुलाई बताउने ? जेलभित्र तेरो राजनीति चल्छ ?, साला आतंककारी ˎ" एउटा भुसतिघ्रेले बुटले त्यो यातनाले खाटा वस्न नपाएको घाउमा हिर्कायो। मेरो शरीरबाट रगत ह्वालह्वाल्ती बग्न सुरु गऱ्यो।

"आइयू ऽऽऽऽ....... माऱ्यो बा" बुढाको चिच्याहट।

"साला बुढा त्यो आतंककारीलाई त आफ्नो कथा भन्ने ? अव छुटाउँछ त्यसले। यसलाई यही मारेर माफी दिनु पर्छ।" अर्को भुसतिघ्रेले त्यो बुढालाई पिट्यो कि ऊ नथाकुन्जेल पिटाइको हिसावले त्यो वुढो त्यो मेरो बुवाभन्दा पनि प्यारो आदरणीय बुवालाई वेसरी पिटे। तर हिरासतको यातनाका कारण मेरो शरीरबाट रगत आएको थियो भने बुढाको थिएन। यातनाका कोटीहरुको वर्षा सकियो।


"अव पनि यहाँका कुरा पत्रकार वा अरु कसैलाई बताइस् भने तेरो ज्यान लिन्छु।"

यति भन्दै ती भुसतिघ्रेहरुको करिब ५ ६ जनाको जमात ढोकामा ताला ठोकेर गए। एकछिन अगाडि कोलाहलपूर्ण रहेको त्यो वातावरणमा अब त्यो पाखिन बुढाको घुँक्क-घुँक्क आवाज मात्र प्रतिध्वनित भइरहेको थियो। रक्ताम्य शरीरको मैले पाखिन बुढोलाई मेरो ओछ्यानमा ताने, बुढो कामिरहेको थियो। सिरक ओढाएँ त्यो रगतले लतपतिएको हातले त्यो पाखिन बुढाको मयल गन्हाउने र मयलको खाटा लागेको शरीरलाई अँगालो हालें, अनि प्रेमपूर्वक, श्रद्धापूर्वक त्यो असहाय, अन्यायमा परेको पाखिन बुढालाई पटक-पटक चुमिरहें चुमिरहें।

७ माघ ०५५



हेमप्रसाद घिमिरे (प्रशान्त)



हेम घिमिरेको जन्म ०३१ कार्तिक २ गते कुमरी गाविस-८, नुवाकोटमा भएको थियो । अखिल (क्रान्तिकारी) बाट राजनीतिक यात्राको सुरुवात गर्नुभएका क. हेम ०५३ सालदेखि पूर्णकालीन हुनुभयो र जिल्ला सह-सचिवको जिम्मेवारीमा पुग्नु भयो । उहाँले पटक-पटक जेलजीवन पनि बिताउनु भयो । उहाँलाई साङ्गठनिक कामको सिलसिलामा भद्रपुर-८, तयोगाउँ, नुवाकोटमा शाहीसेनाले घेरा हाली ०६० पौष १४ गते हत्या गरेको थियो । उहाँ नेकपा (माओवादी) जिल्ला सदस्य हुनुहुन्थ्यो ।

सम्झनाका तरेलीहरुमा सहिद बेनोज अधिकारी

जेल जीवन बिताउने क्रममा साउने झरीका दिनहरूमा कुहिरोले गजधुम्म भएको कोठामा काठमाडौं उपत्यकाभित्रको वातावरणलाई चिर्दै एउटा खबर जेलमा आयो । त्यो समाचारले मानौं विद्युतीय झड्का दियो किनकि त्यो समाचार मुटु चुंडाउने समाचार थियो । बिहान सधैंझैं जेलको लाइब्रेरीमा पत्रिका हेर्न गएँ, एउटा पत्रिकामा सङ्गठनको केन्द्रीय अध्यक्ष देवेन्द्र पराजुलीले वक्तव्य जारी गर्नुभएको छापिएको रहेछ । त्यसमा उल्लेख भएको रहेछ कि दुश्मनका खुनी जल्लादहरूले २०५८ को फागुन २२

गते सङ्गठनका केन्द्रीय उपाध्यक्ष वेनोज अधिकारीलाई गिरफ्तार गरेर २४ गते हत्या गरेछन् । सुरुमा त यो समाचार पत्याउनै सकिएन, किनकि मेरो अन्तरमनले उहाँको शहादत भएको कुरा मान्न तैयार नै थिएन । तर पनि सत्य सत्य नै हुँदोरहेछ । क. वेनोजको रगतले (विराटनगरको) मोरङको धर्ती रंगिइसकेको रहेछ । त्यो समाचार पढिसकेपछि मेरो शरीरमा पसिना आउन थालेछ, अनायाशै मुट्ठीहरू कसिन पुगेछन् । मलाई वेसरी चिच्याउन मन लागेको थियो- क. वेनोज अमर रहून् ! त्यसपछि म पुस्तकालयवाट फर्किएँ, दिनभरि नै वेनोजजीसँग विताएका दिनहरू मानसपटलमा सिनेमाको दृश्यहरू झैं घुम्न थाले ।

अहिले मलाई मिति त याद छैन तर वेनोजजीसँग औपचारिक ढङ्गले चिनजान २०५३ साल मङ्सिरको दोश्रो हप्तातिर महेन्द्ररत्न क्याम्पस ताहाचालमा भएको थियो । हुन त त्योभन्दा पहिला पनि हाम्रो भेटघाट भएकै थियो तर अहिले धेरै सम्झना छैन । त्यतिखेर संयुक्त जनमोर्चा नेपालद्वारा आयोजित नेपाल वन्द कार्यक्रम सफल पार्न हामी विद्यार्थीहरू पनि जुटेका थियौं । गम्भीर मुद्रामा, काँधभरि पोष्टरहरू वोकेर वेनोजजी हलमा प्रवेश गर्नुभयो । अन्य नेता तथा कार्यकर्ता साथीहरूसमेत त्यहाँ जम्मा भैसक्नुभएको थियो । कार्यक्रमको निश्चित योजना वन्यो । अन्तमा बेनोजजीले पोष्टरहरू विभाजन गर्नु भयो, मैले सरस्वती क्याम्पसको जिम्मा परेको पोष्टर लिएँ र अलि कम गर्दिन वेनोजजीलाई भनें । त्यसपछि २००० पोष्टर टाँस्नुपर्नेछ, तपाईं कति कम भन्नु हुन्छ ? गम्भीर तथा निर्देशनको भावमा भन्नुभयो । त्यसपछि मैले आफू बिरामी भएको वताएँ, किनकि त्यस बेला म धेरै हिड्न नसक्ने भएको थिएँ । मेरो विरामी भन्ने शब्द मात्र मुखबाट के निस्केको थियो, उहाँले भन्नुभयो-पहिले नै किन भन्नुभएन त ? उहाँले अझै अगाडि भन्नुभयो- तपाईंलाई सहयोग गर्न केशवजी (तत्कालीन ताहाचल क्याम्पस अध्यक्ष, जो अहिले भद्रगोल जेलमा हुनुहुन्छ) जानुहुन्छ, चिन्ता गर्नुपर्दैन, मिलाएर गर्नुहोला । त्यसवेला उहाँ काठमाडौं जिल्ला समितिको सचिव हुनुहुन्थ्यो । मेरो मस्तिष्कमा उहाँले त्यसवेला नै एउटा आत्मीयता र नेतृत्व तथा अविभावकत्वको एउटा असल र गाढा छाप पार्नुभएको थियो, जुन आजसम्म नै ताजा छ । त्यसपछिका दिनहरूमा हामी साङ्गठानिक जीवनमा निरन्तर अगाडि बढ्ने क्रममा बेनोजजीको नेतृत्वमा अगाडि बढिनै रह्यौं । २०५४ सालको मङ्सिरमा सम्पन्न १४ औं जिल्ला सम्मेलनमा उहाँ अध्यक्षमा चुनिनुभयो । म पनि जिल्ला समितिको सदस्य थिएँ ती दिनहरूमा म काठमाडौं नयाँ वजारमा डेरा लिएर बस्थें । १४ औं राष्ट्रिय सम्मेलनको जोडतोडले तैयारी र प्रचार प्रसार भइरहेको थियो । अध्यक्ष कृष्णध्वज खड्का र महासचिव रामप्रसाद वन्जाडेलगायतका नेताहरूलाई प्रतिक्रियावादी (गठवन्धन) थापा सरकारले गिरफ्तार गरेको थियो, चौतर्फी दमन गरिएको थियो । मानौं अखिल (क्रान्तिकारी)ले डेरा कब्जा गर्न लागिरहेछ भनेर पुलिस परिचालन गरेको थियो । कामको व्यस्तताले हुनुपर्छ, थकित भएर वेनोजजी र देवेन्द्रजी (वर्तमान अध्यक्ष, तत्कालीन सचिव) कोठामा आउनुहुन्थ्यो । देवेन्द्रजीको काँधमा प्रायः झोला र बेनोजजीको हातमा प्रायः एउटा न एउटा पुस्तक हुन्थ्यो । देवेन्द्रजी र मेरो खुब कुराकानी चल्थ्यो, औपचारिक, अनौपचारिक सबैतिर वेनोजजी एकदम कम बोल्नुहुन्थ्यो । जब बोल्नुहुन्थ्यो

तव सतर्क पोजिसनमा भएझैं हुन्थें म, किनकि उहाँ विस्तारै वोल्नुहुथ्यो । अव के भन्नुहुन्छ भनेर पूरै ध्यान उहाँतिर केन्द्रित हुन्थ्यो । उहाँलाई जव मैले भेटें त्यसवेलादेखि नै अत्यन्त गम्भीर र मिजासिलो स्वभाव, साथीहरूलाई असाध्यै माया गर्ने, सहयोगी र अध्ययनशील पाएँ । उहाँ थोरै खाना खाने गर्नुहुन्थ्यो र दाल चाहिं खाँदै खानुहुँदैनथ्यो । जव हाँस्नु हुन्थ्यो, लामो हाँसो हाँस्नुहुन्थ्यो, भनौं एक क्रान्तिकारी योद्धामा हुनुपर्ने व्यक्तित्व झल्कन्थ्यो उहाँमा ।

१४ औं राष्ट्रिय सम्मेलनको वन्दसत्रमा हामी कीर्तिपुरको अडिटोरियम हलमा सँगै थियौं । वेनोजजीले काठमाडौंको तर्फवाट जीवन्त रिर्पोटिङ प्रस्तुत गरेर देशभरका प्रतिनिधिहरूको ध्यान तान्न सफल हुनुभएको थियो । १४ औं राष्ट्रिय सम्मेलनवाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएको थियो । २०५५ सालमा वेनोजजीलाई सरस्वती क्याम्पसमै सभापति उठाउने भनेर B.B.S. मा भर्ना गरियो । पछि हाम्रो माले अखिलसँग संयुक्त भएर चुनाव लड्ने सहमति भयो र उहाँ उठ्नुभएन । एक पटक शायद २०५३ सालतिर होला, नेपाल वन्दकै सिलसिलामा हामी वेनोजजीकै नेतृत्वमा कलङ्की चक्रपथतिर एउटा सेवोटेजमा गएका थियौं । वाहिर गेटमा पुलिसको भ्यान राखिएको थियो (प्रायः हामी क्याम्पसमा पुगेपछि गेटमा पुलिसका भ्यान आइ पुगिहाल्थ्यो) त्यतिकैमा वेनोजजी प्लाष्टिकका दुईवटा ठूला ठूला काला झोला दुवै हातमा वोकेर भित्र छिर्नुभयो र एउटा झोला मलाई दिनुभयो र कामको वारेमा वताउनुभयो । उहाँ गएपछि दुई जना साथीहरूले आश्चर्य मान्दै भन्नुभयो- 'वाफ रे वाफ, मानियो यस्तो धरपकडमा पनि यति सहज किसिमले वेनोजजी क्याम्पसमा हिंडिरहनुभएको छ ।' त्यस्तै ११ बजे बिहानको समय थियो त्यो ।


२०५५ सालको स्व.वि.यू. चुनावपछि फागुन २२ गतेको उपत्यका वन्दपछि प्रायः वेनोजजीसँग सँगै काम गरिएन । काम पर्दा कृष्णध्वज दाइले फोन गर्नुहुन्थ्यो किनकि त्यसवेला हाम्रो एकजना बुद्धिजीवी सङ्गठनका नेताको र मेरो डेरा सँगसँगै जस्तै थियो । फागुन २३ गते म निजी काममा काठमाडौं वाहिर गएर चैत्र ६ गते मात्र फर्कें, त्यसपछि वेनोजजी र मेरो बीचमा, मेरो नै असमझदारी भयो । छलफल गरियो, मेरा कुराहरू उहाँहरूलाई मन परेन होला त्यतिवेला, मलाई त्यस्तै लाग्छ, पछि त्यसले समस्या भएन । त्यसको केही दिनपछि ताहाचल क्याम्पसमा नै भेला भयो । त्यहाँ विभिन्न योजनाहरू निर्माण भए । त्यसपछिका पाँच महिना मेरो वेनोजजीसँग भेटघाट नै भएन । २०५७ सालको असारतिरको कुरा हो केन्द्रीय कार्यालयमा वेनोज, विपीन र म मात्रै थियौं । त्यतिबेला म त्रिचन्द्र क्याम्पसको सङ्गठनको कामको जिम्मा लिएर कार्यालयसँग को-अर्डिनेसन गरेर भेला प्रशिक्षण सह-इकाइहरू गठन गर्न जुटिरहेको थिएँ । वेनोजजीले भन्नुभयो- "जाऊँ हेमजी मः मः खाएर आऊँ ।" भोक लागिरहेको थियो, तीनै जना गएर मः मः खाएर कार्यालय फर्क्यौं । फर्कनसाथ वेनोजजीले वेञ्चमा वस्न इशारा गर्नुभयो र भन्नुभयो हेमजी ! मेरो कार्यक्षेत्र परिवर्तन भयो, म भोलि नै पूर्वतिर जाँदै छु, तपाइँले राम्रोसँग काम गर्नुहोला । मैले तपाईंलाई अगाडि निरन्तर वढिरहने र आन्दोलनमा लागिरहनुहुन्छ भन्ने आशा राखेको छु । हाम्रो एउटै उद्देश्य भएपछि त भेट भइहाल्छ । भ्यालीमा देवेन्द्रजी आउनुहुन्छ । (त्यसवेला वर्तमान अध्यक्ष

देवेन्द्रजी पोखरा हुनुहुन्थ्यो) मलाई थुप्रै सुझावहरू पनि दिनुभयो र भन्नुभयो, "विपीनहरू हुनुहुन्छ, मिलेर सङ्गठनलाई मजबुत बनाउनुहोला ।" पछि, उहाँ विराटनगर जानुभो। देवेन्द्रजी आउनुभो । पूर्ण पौड्याल पनि काठमाडौं आउनुभो, आन्दोलन सङ्घर्ष आदिमा व्यस्त भइयो । ऋतिक रोशन काण्डमा हामी जेल पनि परियो, काठमाडौंवाट ....सम्ममा नै केन्द्रीय समितिको वैठकवाट सचिव भइसक्नुभएको थियो । हाम्रो भेट मात्र कहिलेकाहीं त्यो पनि फोनमा मात्रै सीमित भयो ।

१५ औं राष्ट्रिय सम्मेलनको दौरानमा म साथीहरू लिएर असोज ८ गते विराटनगर गएँ, वसपार्कमा ओर्लने वित्तिकै फोन गरें, वेनोजजीले नै फोन उठाउनुभयो र महेन्द्र मोरङ्ग क्यम्पसमा पुग्ने गरी बाटो भन्नुभयो र हामी भेट भएर थोरै गफ गरेर हामी काठमाडौं फर्क्यौं । लाग्छ, त्यो नै वेनोजजीसँगको अन्तिम भेट थियो । प्यारो नेता, आदरणीय व्यक्तित्व गम्भीर योद्धा अब हाम्रोसामु भौतिक रूपले हुनुहुन्न । मलाई उहाँले भन्नुभएझैं मैले आफूले राम्रोसँग काम गर्न सकें सकिनँ । त्यो म अहिले अनुमान गर्न सक्दिनँ, जहाँसम्म अगाडि वढिरहने कुरा छ, सहिद वेनोजका शब्दहरू मेरा कानमा अझै पनि गुञ्जिरहेछन् । म आफूलाई उहाँले देखाउनुभएको वाटोमा सधैं लागिरहनेछु। मलाई यति भन्न मन लाग्छ, वेनोजजीका सपना पूरा गर्न उहाँले छोडेर जानुभएका बाँकी कामहरू फत्ते गर्न हामी अवश्य निरन्तर लागि रहनेछौं र हत्याको बदला अवश्य लिनेछौं । नेपाली वामपन्थी आन्दोलनमा भएको यस अपूरणीय क्षतिलाई ऊर्जामा बदल्न लागि रहनेछौं, आदरणीय वेनोज, लालसलाम □ कमरेड बेनोज अधिकारी अमर रहनुहुनेछ।



मुकुन्द न्यौपाने (सुशील)



चार पर्खालभित्रबाट वीर सहिद गीतालाई सम्झँदा

तत्कालीन अध्यक्ष, अनेरास्ववियू (क्रान्तिकारी), लम्जुङ

२०५६ पौष २० गते। दिनभरी महत्त्वपूर्ण छलफलमा जुटेर सुत्नको लागि हामी गाउँतिर लाग्यौं। सहकर्मी साथीको रेडियोले 'घटना र विचार' कार्यक्रमअन्तर्गत त्यस दिन कुनै समारोहमा गृहमन्त्रीले घोक्रो फुट्ने गरी जनयुद्धको विरुद्ध 'चिच्याहट' गरेको कुरा दिइरहेको थियो। त्यति सुनेरै कुनै सामान्य राजनैतिक गिदी भएकाले भन्न सक्थ्यो -'माओवादी पार्टीले फेरि कहाँ गतिलो दनक लगायो ?'

भोलिपल्ट विहानै एकजना साथीले भन्नुभयो -"वीवीसी सुन्नुभयो ? जुम्लाको रारालीहीमा सफल रेड, नौ प्रहरी क्वीट, गोरखा खनालथोकको जङ्गलमा एक महिलाको हत्या।" सोचें - 'सुकीदहको जवाफ रारालीहीबाट तर खनालथोक.....?' दुई दिनसम्म पेट पोलिरह्यो, फेरि को·पऱ्यो भनेर □ २३ गते दिउँसो हिंड्दा हिंड्दै खवर पाइयो गीता घिमिरे हुन् रे। उहाँलाई कत्ति पनि नचिनेको मान्छेले नामै किटेर फलानो रे भनेपछि पक्कै हो भन्ने लाग्यो। सुकेको मुखमा कपाकप रोटीका टुक्रा चेपेर हाँमी बाटो लाग्यौं। ती दाइले सुनाएको सही रहेछ। जिम्मेवार साथीहरू बेपत्ता बनाएको

आलो घाउमा खाटो वस्न नपाउँदै गोरखाले फेरि एक योद्धा गुमाएछ। जिल्ला समिति कोषाध्यक्ष गीता घिमिरेको शरीर आततायी राक्षसहरूले लुछेरै छोडेछन्। सहिदहरूको पङ्क्तिमा फेरि अर्को नारीरत्न कुँदिएछ।

हाम्रो भेट गत मङ्सिर २७ गते मात्र चितवनमा भएको थियो। भेट हुँदा मैले सम्भवतः घरकी कुनै नातेदार महिला होलिन् भन्ठानेथेँ। तर तत्काल सी.सी.एम. साथीसित भेट भएपछि हामी बाटो लाग्यौं र सँगै परेपछि थाहा भयो उहाँ त छिमेकी जिल्लाको विद्यार्थी नेतृ हुनुहुँदो रहेछ ! मैले उहाँबारे काटेको अड्कल सुनाएँ, उहाँ हाँस्नुभयो र पछि जिल्लाको आन्दोलनबारे कुराकानी गरिरह्यौं। त्यसपछि भेलासम्मको धेरै दिनहरू सँगै बितायौं।

राष्ट्रिय भेला सकेर फर्किने क्रममा हामी फेरि गोरखाली साथीहरूसँग पऱ्यौं। गोरखाको जमजमाउँदो विद्यार्थी आन्दोलनमा देखापरेको शून्यतालाई चिरेर आउने विद्यार्थी आन्दोलनको गीता घिमिरे एक सदस्य हुनुहुँदो रहेछ। क्रान्तिकारी विद्यार्थी आन्दोलन, जनयुद्ध, यी दुईबीचको अन्तरसम्बन्ध, प्राविधिक कठिनाइहरू आदिबारे राम्रो छलफल गर्दै महान् सहिदहरूको सपना साकार पार्न आ-आफ्नो क्षेत्रबाट अन्तसम्म लडिरहने कसम हामीले खायौं। राष्ट्रिय भेलामा एकमतले क्रान्तिकारी लाइन पारित भएकोमा हामी खुसी थियौं। ०५६ साललाई जनआन्दोलन वर्षको उचाइमा उठाउने भेलाको म्यान्डेटप्रति हामी पुनः कृतसङ्कल्पित बन्यौं र भोलिपल्ट हामी छुट्टियौं।

खुनी शासकहरू, प्रतिक्रियावादी कायरहरू जब वैचारिक युद्धमा हार खान्छन्, आफ्ना सबै घोषित मान्यताहरूको मुखौटो उघारी सङ्गीनले शासन जमाउँछन्, बारूद र गोलीले जनताउपर युद्धको कामना जारी गर्छन्। साँच्चै आज सत्ताले मानवअधिकार र कानुनलाई धोती लगाइदिएको छ। जनताको हत्या गरेर चेतनाको बत्ती छोप्न खोज्ने, इतिहासको गति थाम्न खोज्ने सैतानहरू हो, इतिहासमा पटक पटक स्पार्टाकसहरू ब्युँझिएको थाहा पाएका छैनौं ? सुहार्तोको पतन र इरानको आन्दोलन, अनि हिंजोको ०३६ साललाई भुसुक्कै विर्स्यौ ? तिनीहरूले आखिर निशस्त्र विद्यार्थीको हत्या गऱ्यौ होइन ? ठीक छ गर। गीताले जसरी अन्त्यसम्म लडिरहने वाचा गर्नुभएको थियो राइफलको गोलीले छाती छेडेपछि पनि राइफलको भन्दा चर्को आवाजमा अनेरास्ववियू (क्रान्तिकारी) जिन्दावाद ! भन्दै ढल्नुभयो र प्रमाणित गर्नुभयो क्रान्तिकारीहरूको बोलीमा निशानी हुन्छ, विचार शालीनता हुन्छ अनि जीवन्ततामा कुर्वानी भाव हुन्छ, सत्यप्रतिको। शासकहरू रगत चुस्दै गरून् अब हामी हाम्रो कलम अपमानित भएको चाहन्नौं, विद्यार्थी आन्दोलनमा देखिएका सम्झौतावादी कुडाकर्कटहरू मिल्काएर अब मैदानमा जानेछौं। शान्तिपूर्ण रूपमा लडिरहेका विद्यार्थीहरूमाथि जबर्जस्त युद्ध थोपार्छ भने हामी कायर बनेर हात झिक्ने छैनौं। इतिहास वीरहरूको हो, कातरहरूको होइन। चिनियाँ युवा विद्यार्थीहरूले हामीलाई इतिहासमा पाठ सिकाएका छन्, अब हामी त्यसको पीछा गर्नेछौं, जब विद्यार्थीहरूले विद्रोह बोल्नेछन्, अनि पूरा हुनेछ शासकहरूको 'प्रजातन्त्र' को शवयात्रा। तिनीहरूले पी.एन.बाट पाठ सिकेनन्, अब खोजिरहेछन् हामीबाट महत र अरू रारालीहीहरू। अब अभिसप्त आँसुहरूले आक्रोशको

दुन्दुभी वलेर डढेलो लगाउनेछन्, तिनका रक्तमुछेल जगल्टाहरूमा। तिनीहरू मारेर गल्लान तैपनि हामी मरेर थाक्नेछैनौं।

आज गीताको शहादतले सङ्गठनले केही क्षति भोग्नु परे पनि आन्दोलन अझै आकासिएर गइरहेको छ। अहिले पनि सङ्गठनको कामको सिलसिलामा जव म राइनासकोटको काखमा पुग्छु, म वेसीतिर फर्केर हेर्न सक्तिनँ। लमजुङको विद्यार्थी आन्दोलनका आधा इतिहास, सहिद राममणि भट्टराई रातो झण्डा उचालेर अनुहार रातै पार्दै चिच्याइरहे जस्तो लाग्छ, जमिनवाट सहिद शङ्कर थापाको रगतको आलो गन्ध आउँछ, उत्तरतिर हेर्छु केरावारीवाट मुक्ति न्यौपाने र नारायण उपाध्यायले सलाम चढाइरहेको जस्तो देख्छु, आँखा अगाडि उही खनालथोक, जहाँ गीता घिमिरेको रगत देख्छु र सोच्छु- साँच्चै युद्ध रक्तवीज हो, यो मृत्युमा जिउने गर्छ, अहिलेको अवस्थामा जनसमरवाट अलग-थलग कुनै क्रान्तिकारी आन्दोलनमा हुनै सक्दैन, युद्धले विभिन्न अङ्गवाट रगतको माग गर्छ, युद्धकै मागअनुसार गीताले रगत चढाउनुभयो, आवश्यक परे हामीले पनि दिनुपर्दछ, अव जसरी हुन्छ, विद्यालय क्याम्पसहरूलाई जनयुद्धका विश्वविद्यालयमा रूपान्तरित गर्नेपर्छ, म वस्न सक्तिनँ जुरूक्क उठ्छु प्रतिवद्धताका साथ वदलाका मुठ्ठी कस्छु म राममणि दाइले देखाएको वाटो हिड्नेछु, म गीताको पदचाप पछ्याउनेछु, पूर्वतिर नियाल्छु रक्ताम्य खनालथोकलाई रसिला आँखाले हेर्दै सलाम खनालथोक म तिमीलाई भेट्न आउनेछु।



जयराम पराजुली (रसिक)



प्रचारको काममा गुणात्मकता हासिल गरौं

तत्कालीन उपाध्यक्ष, अनेरास्ववियू (क्रान्तिकारी), सिन्धुपाल्चोक

"विश्व संचार जगतमा भएको अभूतपूर्व विकासले संसारलाई एउटा ग्लोवमा परिणत गरिदिएको छ।" *-अध्यक्ष क. प्रचण्ड।*

युद्ध पुँजीवादको युग हो, अझ युद्ध साम्राज्यवादको पनि युग हो। यो अवधिमा सूचना सञ्चारको अहम् भूमिका हुने गर्दछ। विश्वमा सूचना सञ्चार बेगर आज केही पनि नहुने स्थिति पैदा भएको छ। विज्ञानको क्षेत्रमा भएको अभूतपूर्व विकासलाई कतिपय पुंजीले मैमत्त भएको राष्ट्रहरुले आफ्नो व्यक्तिगत लगानी र प्रत्येक्ष पहलमा भएको हौवा पिटाउँदै त्यसलाई आफ्नो हित मुलुकी पेवाजस्तै गरी प्रयोग गरिरहेका छन्। एकातिर युद्ध साम्राज्यवादी अमेरिकाले यही विकासलाई प्रत्यक्ष आफ्नो हित अनुकूल प्रयोग गरेर सम्पूर्ण युद्ध सूचना सञ्चारको माध्यमबाट सञ्चालन गरेर सूचना साम्राज्य नै फैलाएको छ। अर्कोतर्फ आफ्नो असल हिमायति विश्वको निरंकुस फासिवादीहरुलाई समेत सञ्चारको भरमा उत्पीडित राष्ट्र र जनतामाथि हैकम जमाउन अभिप्रेरित गरिरहेको छ। यतिबेला संसार नै एउटा ग्लोवमा परिणत भइराखेको अवस्थामा विश्वको जुनसुकै उथलपुथलकारी घटनालाई हामी एउटा बन्द कोठाभित्र रहेर प्रत्यक्ष प्रसारणमार्फत् हेर्न सक्छौं। यस्तो अवस्थामा जुन खालको प्रचार गर्‍यो

विश्वका जनताको दिल दिमागमा त्यही प्रभाव पर्नु स्वाभाविक हुन्छ। त्यसकारण हामीले सञ्चार क्षेत्रमा भएको विकासलाई सही ढंगले सदुपयोग गरेर सत्य, तथ्य र यथार्थ घटना विवरणहरुलाई सम्प्रेषण गर्न रतिभर ढिलाई गर्नु हुँदैन।

फेरि हामी साम्राज्यवाद, विस्तारवाद र दलाल नोकरशाही तथा निरंकुश सामन्तवादलाई धूलो चटाउने उद्देश्य मुताविक सशक्त क्रान्तिकारी आन्दोलनको आँधिवेहरी सिर्जना गरिराखेका छौं। यो वेलामा क्रान्तिकारी प्रचारात्मक आन्दोलनको अग्रणी भूमिका हुने गर्दछ। विश्वको जुनसुकै न्यायपूर्ण आन्दोलनहरुमा क्रान्तिकारी प्रचारको भूमिकालाई कदापि कम आँक्न सकिदैन र भुलेर पनि कम आँक्ने चेष्टा गर्न सकिदैन। त्यसकारण आन्दोलनलाई सुचारु ढंगले अगाडि वढाउन आम जनतालाई सत्य, तथ्य, वास्तविक घटनाक्रमहरुवारे सु-सूचित गराउन र युद्ध साम्राज्यवादलाई रणभूमिमा पछार्न इतिहासले हामी क्रान्तिकारीहरुलाई विश्वास गरेर दिएको ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न हामीले यसको महत्त्वलाई ह्दयंगम गरी व्यवहारमा पूरा गर्न आवश्यक छ। यसैको सेरोफेरोमा रहेर क्रान्तिकारी प्रचारप्रसारको महत्व र आगामी अवस्थामा निर्वाह गर्नु पर्ने भूमिकाको वारेमा संक्षिप्त चर्चा गर्ने कोसिस गरिएको छ।

महत्त्वपूर्ण कार्य र भूमिका

चाहे जुनसुकै आन्दोलनमा र प्रतिक्रान्तिलाई रोक्नलाई पनि क्रान्तिकारी प्रचारप्रशारको अहं महत्व हुने गर्दछ। अहिलेसम्मका जनवादी-समाजवादी आन्दोलनहरु क्रान्तिकारी प्रचार-प्रसारविना निश्चित उद्देश्य पूरा गर्न नसकेको अवस्था हाम्रो सामु साक्षी छ। कार्ल मार्क्सले क्रान्तिकारी प्रचार-प्रसारलाई अगाडि वढाउन धेरै प्रयासहरु गर्नु भएको थियो। उहाँले क्रान्तिकारी जीवनको प्रारम्भकालदेखि नै जनपक्षीय पत्रिका 'न्यू राइनस जाईटुङ्ग' नामक पत्रिकामा आफ्नो धेरै महत्त्वपूर्ण समय खर्चनु भएको थियो। लेलिनले 'ईस्क्रा' नामक पत्रिका सम्पादनको काम गर्नुहुन्थ्यो भने माओले पनि आफ्नो क्रान्तिकारी जीवनकालमा मात्रै नभएर अन्य समयमा पनि पार्टी, गैह्रपार्टी प्रकाशनको क्षेत्रमा अमूल्य समय खर्चनु भएको थियो। त्यसैगरी नेपाली क्रान्तिको सन्दर्भमा पनि श्रद्धेय अध्यक्ष प्रचण्डले अमूल्य समय प्रचार-प्रसारको क्षेत्रमा खर्चनु भएको छ। यसरी पनि हामी भन्न सक्छौं कि विश्व उथलपुथलकारी आन्दोलनमा प्रचार कार्यको भूमिका कति धेरै हुंदोरहेछ। फेरि विश्वमा चलेका न्यायपूर्ण आन्दोलनहरुलाई अग्रगति दिन मात्र होइन क्रान्तिको साथसाथमा विकास हुने प्रतिक्रान्तिलाई परास्त गर्दै निरन्तर क्रान्तिकारी आन्दोलनको आँधिवेहरी श्रृष्टि गर्दै त्यसलाई विजयसम्म पुऱ्याउन समेत प्रचार-प्रसारको ठूलो महत्व हुने गर्दछ।

आज अमेरिकी साम्राज्यवाद विश्वमा सूचना-संचारको क्षेत्रमा वर्चस्व कायम गराउँदै दिन दहाडै उत्पीडित राष्ट्रहरुमा आफ्नो हैकमवादी साम्राज्य फैलाउन तल्लीन छ। कथित प्रचारवादी इतिहासको अन्त्य र विश्व व्यवस्थाको उदयको डंका पिट्दै विश्वभूमण्डलीकरणको दिशामा अगाडि वढिरहेको छ भने उसका असली दलालहरु साम्राज्यवादी स्वरमा स्वर मिलाउँदै आतंकवादको निर्मूल पार्ने वहाना बनाउँदै नेपालमा शासन चलाइरहेका छन्। उचित धरातलमा उभिएर सूचना सम्प्रेषण गर्न कतिपय

संचारकर्मीहरुलाई शाही सैन्य काशनका भरमा आतंकित वनाएका छन् । तर जनताका जनप्रिय संचार माध्यमहरुलाई अवैधानिक, आतंककारी इत्यादि वहानामा ठाडो हस्तक्षेप गरी कथित वहुदलीय प्रजातन्त्रको दुहाइ दिँदै बन्द गर्न वाध्य पारिरहेका छन् । अर्कोतर्फ सूचनाको प्रसार गर्ने वहानामा कतिपयलाई सिआइडी-सुराकी बनाइ पत्रकारको आवरणमा विना वर्दीधारी शाही फौजको जिम्मेवारी दिएर ओरालोतर्फ लागेको, सडेगलेको थोत्रो राजतन्त्रको पक्षमा गोयवल्स प्रचारवाजी गर्न उत्प्रेरित गरिरहेका छन् । यस्तो स्थितिमा हामी आम क्रान्तिकारीहरुले यसको उचित तवरले भण्डाफोर गर्दै न्यायपूर्ण आन्दोलन र अन्यायपूर्ण आन्दोलनबीचको भेदको वारेमा आम जनतालाई स्पष्ट गराउन, पार्टीको प्रचार गर्नुपर्ने आवश्यक नीति निर्णयहरुलाई जनतासम्म पुऱ्याउन विशेष जोड दिँदै प्रचार कार्यलाई अगाडि वढाउन पर्दछ । मुख्यतया क्रान्तिकारी प्रचारकर्मीहरुको काम क्रान्तिको हितमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा घटेका सत्य तथ्य अत्यन्तै सरलतम ढंगले जनताको आचरण सुहाउँदो तरिकाले प्रवाह गर्नु हो । फेरि क्रान्तिकारी पत्रकारहरुले यति मात्रै हाम्रो काम हो भनेर बुझ्ने गल्ती भने पटक्कै गर्नु हुँदैन । विशाल महासागरको बीचमा वारम्वार पौडिएर चौतर्फि प्रचारको कार्यलाई व्यवस्थित र युगसापेक्ष बनाएर लैजान सक्नु पर्छ । हामीहरु जनताको पक्षमा रहेर पत्रकारिता गर्नेहरुले जनतालाई गुरु मानेर जनतावाट नै सिक्ने ठूलो चाहना राख्नु पर्दछ । जब हामी मानवकर्मी बन्न सक्छौ तव मात्रै वास्तविक तवरले जनताको पक्षमा प्रचारप्रसार गर्न सक्छौं । जनताभन्दा वाहिर रहेर गरिने प्रचार त्यो वास्तविक प्रचार नभएर आत्मारक्षाको लागि गरिने कार्य बाहेक केही हुन सक्दैन । यतिबेलाको Ground Reality लाई सरसर्ति हेर्ने हो भने एकातर्फ जनपक्षीय पत्रिकाहरु र अर्कोतर्फ जनविरोधी पत्रकारहरुबीचमा भीषणतम् खालका टकरावहरु भैराखेका छन् । नेपाललगायत विश्वस्तरमा यतिबेला अमेरिकी साम्राज्यवादको भैराखेको छ । यस्तो अवस्थामा यसले सूचना साम्राज्यको रातो डलरको भरमा पत्रकारिता गर्ने जनविरोधीहरुलाई नांगेझार वनाउँदै जानुपर्ने हुन्छ । जसरी सर्वहारावर्गका महान् गुरु क. माओले भन्नु भएको छ- पत्रकारहरुका कलम सजीव, प्रष्ट र तिख्खर हुनु पर्दछ । किनभने कहिल्यै पनि मसिनो स्वरमा गुनगुनाउने कुरा भने कहिल्यै चपाउने गर्नु हुँदैन । भुत्ते बन्दुकले वैरीको रगत वगाउन सक्दैन ।

यसरी हामी क्रान्तिकारीहरुले न्यायको पक्षमा चलाउने कलम दृढता र नवीन खाले स्पष्टका साथ निरन्तर चलाउनु पर्ने हुन्छ । जनतालाई शिक्षा दिने तवरले जनताको हितसँग एकाकार भई सर्वहारावर्गीय विचारले ओतप्रोत भएर कलम चलाउनु पर्ने हुन्छ । श्रद्धेय क. प्रचण्डले भन्नुभए झैं- बन्दुक र कलमवीच घनिष्ठ सम्बन्ध हुन्छ । यसको मर्मवोधलाई युद्धकालिन पत्रकारले हमेशा जोड दिनु पर्दछ । अहिलेको अवस्थामा कतिपय पत्रकारहरुले पत्रकारिता स्वतन्त्र हुनु पर्दछ भनिरहेका छन् । वास्तवमा स्वतन्त्रता कहाँ र कसरी भइरहेको छ ? भन्ने कुरा पनि हामीले उचित तवरले बुझ्नु पर्दछ । साँच्चिनै स्वतन्त्रता कसैको दासतावाट पाइँदैन भनेर जसरी माओले भन्नु भएको छ, यसमा प्रचण्डले भन्नु भएझैं विद्रोहको अधिकारको संस्थागत विकास र निरन्तर क्रान्तिको प्रक्रियामा मात्रै जनताको स्वतन्त्रता सुनिश्चित रहेको छ भन्ने मान्यताको

आधारमा हामीले पत्रकारिता क्षेत्रको स्वतन्त्रताको प्रक्रियालाई वढाउनु पर्ने हुन्छ । यो भिषण युद्धको वेलामा जो कोहीले वर्गनिरपेक्ष भएर पत्रकारिता क्षेत्रको कामलाई अगाडि वढाउन सकिदैन । फेरि कुनै पनि पत्रकारिता संचालन गर्दा वर्गीय पक्षधरतालाई नअंगाली कदापि कामलाई अगाडि वढाउन सकिदैन । त्यसकारण हामीले गर्ने पत्रकारिता प्रचारका कामहरु वर्गीय हितको आधारमा संचालन गर्नमा जो कोहीले वर्गनिरपेक्ष र स्वतन्त्रताको नारा थपे पनि अन्ततः आफ्नो वर्गको हितमा पत्रकारिताको क्षेत्र अगाडि वढिराखेको छ। यो सूचना साम्राज्यको हितमा चाहेर पनि वर्गीय निरपेक्षतामा आधारित पत्रकारिता गर्न सम्भव छैन । हामीले आजको सूचना संचार र साम्राज्यवादी भू-मण्डलीकरणको वेलामा साम्राज्यवादलाई परास्त गर्न र आफ्नो कार्यलाई विस्तार गर्न Cyber war को माध्यमवाट मात्रै सूचना सञ्चारको कामलाई अगाडि वढाउन सक्छौं । त्यो स्तरमा विकास गर्नु पर्ने हाम्रो यतिवेलाको दायित्व वन्न पुगेको छ। त्यसकारण युद्धस्तरमा क्रान्तिकारी पत्रकारहरुको दक्षताको विकास गर्न सकेको अवस्थामा मात्रै cyber war लाई अगाडि वढाउन सक्छौं । हिजोको काम गरेको अनुभव, शैली अव पुरानो भइसकेको छ। हामी युद्धको विकाससँगै यतिवेला हाइटेकको प्रयोग गरिरहेका छौं । हाइटेक भनेको विकासको चरम अभिव्यक्ति हो । त्यसकारण लोटेक कामलाई प्राथमिकता दिँदै वर्तमान अवस्थामा प्रयोग भइराखेको हाइटेकलाई जोड दिनु पर्दछ । त्यसको लागि आफ्नो काममा निपूर्णता हासिल गर्न आजको इतिहासको माग र वर्तमानको आवश्यकता हो । माओले भन्नु भएझैं घिसेपिटे लेखन शैलीको विरोध गर भन्ने मान्यताको आधारमा उहाँको महान् भनाइहरुलाई मर्मवोधका साथ आत्मासाथ गरेर जीवन व्यवहारमा लागु गर्नु पर्दछ । साथै दुश्मनले गरेको प्रचार युद्ध, फैलाएको मनोवैज्ञानिक आतंक र भूमण्डलिकृत भ्रमलाई चिर्न सूचना र सञ्चारको भूमिकालाई नयाँ र प्रभावकारी ढंगले परिचालित गर्नु हामी पत्रकारको कतव्य हुन आउँछ ।

त्यसकारण हर क्षेत्रका कामलाई पारस्पारिक सहयोगको माध्यमवाट निरन्तरता दिने कोशिस गर्नु पर्दछ । यी कामहरु एक आपसमा अन्तरसम्वन्धित र अविभाज्यात्मक हुने गर्दछ। यही सापेक्षतामा यसलाई वुझ्नु पर्ने हुन्छ। लडाईंमा क्रान्तिकारी पत्रकारहरु पहिलो दर्शक हुने गर्दछन् अर्थात् आधी युद्ध प्रचारको माध्यामबाट पूरा गर्नु पर्ने हुन्छ। त्यसकारण बिशुद्ध पत्रकारिताको माध्यमवाट हामीले हाम्रो कार्यभार पूरा गर्न संभव छैन । युद्ध स्तरमा पत्रकारितालाई वुझ्नको लागि क्रान्तिकारी मार्क्सवादको आधारमा विचारलाई अग्रस्थानमा राखेर पूरा गर्न हरहम्मेसा प्रयास गर्नु पर्ने हुन्छ। हामी सबै क्रान्तिकारीहरुले लेनिनको उक्त भनाईलाई कदापि बिर्सने भूलसम्म गर्नु हुँदैन । तबमात्र हामीले पहिलो दर्शकको भूमिकालाई पनि पूरा गर्न सक्छौं र आधीयुद्ध सर्वहारा वर्गीय जनताको र मालेमावादी सच्चा वैज्ञानिक विचारको अधारमा पूरा गर्न सक्छौं ।

अर्को कुरा हामीमा 'पुनः सँस्कार'को आवश्यकता छ। पुनः सँस्कारको प्रक्रियामा अगाडि वढेर जनतावाट सिक्ने र जनतालाई सिकाउने प्रक्रियाले मात्रै हाम्रो उद्देश्य मुताबिकको कार्य पूरा हुनेछ।

अर्कोतर्फ नेपाली संचार जगत्मा यतिबेला मिलिटरी सँस्कृतिको बोलवाल दिन दुगुना र रात चौगुनाको गतिले विकास हुँदैछ। आफूलाई अब्बल दर्जाको पत्रकार

वताउने कतिपय पत्रकारहरुले वास्तविकतालाई वास्तविकतामा अर्थात् वुझ्न नसकेर शाही सुरक्षा फौजद्वारा पूर्व तयारी समाचारलाई आधार मानेर कथित साम्राज्यवादी रातो डलरको आशामा सत्यतथ्य र वास्तविक समाचारको श्रोत आम उत्पीडित जनसमुदाय र हामी वर्गीय मुक्ति आन्दोलन गरिरहेका आमूल परिवर्तनकर्मी शक्तिविरुद्ध कपोतकल्पीत भ्रामक समाचार संप्रेषण गरेर हामी र जताको वीचमा विशाल चीनिया पर्खाल खडा गर्ने दुस्पयत्न गरिरहेका छन् भने राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवादका हिंस्रक जर्जवुस र निरंकुश हिटलरका नायकहरुको भनाइलाई वास्तविंक आधार मानेर हाम्रो विरुद्ध आवरणमा पत्रकार (विनावर्दीका सुरक्षाफौज) वनेर रक्षा भइराखेका छन्। उनीहरुको वास्तविकताको पर्दाफास अव मालेवाद र प्रचण्डपथको वैज्ञानिक विचार र २१ औं शताव्दीमा जनवादको विकासले प्रचार क्षेत्रमा गरेका अकल्पनीय विकास र तोकेका सीमा अधिकार क्षेत्रलाई सही ढंगले आत्मसात गरेर मात्रै उनीहरुलाई नाङ्गेझार पारी जनताको अगाडि उनीहरुको वास्तविक अनुहारलाई दिनको घामझैं छर्लङ्ग पार्न सक्छौं। त्यो स्तरमा विकास गर्न हामीले प्रचण्डपथको विकासले गरेको २१ औं शताव्दीमा जनवादको विकासलाई बुझेर २१ औं शताव्दीको विकाससँगै कुममा कुम जोडेर आउने प्रतिक्रान्तिलाई समेत सही विचारको आधारमा पराजित गरेर प्रचारको माध्यामवाट साम्राज्यवाद, सामन्तवाद र प्रतिक्रान्तिलाई परास्त गर्दै क्रान्तिलाई विजयको शिखरमा पुऱ्याउन क्रान्तिकारी पत्रकारहरुले अति महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। जसरी अहिले विद्यमान विश्वमा भइराखेको असत्य, अवास्तविक, कपोतकल्पीत र भ्रामक गोयवल्स प्रचारले मध्यममार्गी तत्कामा जुन खालको भ्रम सिर्जना गरेको छ, यसलाई समेत वास्तविक तवरले सो वर्गमा परेको भ्रमलाई चिर्न विशेष जोड दिंदै अगाडि वढ्नु पर्ने हुन्छ।

अन्तमा वर्तमान विश्वमा जनपक्षीय पत्रकारिताले सूचना साम्राज्यवादका विरुद्ध खडा हुनु पर्दैन। यसको अर्थ साम्राज्यवादविरोधी जनसत्ताहरुको पक्षमा खडा हुनु पनि हो। अर्को शव्दमा, पत्रकारिता जनताको पक्षमा र जनबिरोधी सत्ताको विरुद्ध खडा हुँदै अध्यक्ष प्रचण्डले भन्नु भएझैं- 'वैचारिक स्तरमा र पत्रकारिता क्षेत्रमा कलात्मक ढंगले विकास'को मर्मवोधलाई हृदयङ्गम गर्दै जान सकेको खण्डमा अवश्य पनि हाम्रो कार्यमा आएका सबै गतिरोध पन्छ्याउन सक्छौं। हामीले कहिल्यै पनि हिम्मत हार्नु हुँदैन, हाम्रो दिमागलाई वोधो होइन विलक्षण वनाउनु पर्छ। यदि हामी हजारौं टुक्रामा काटिन तयार हुन्छौं भने हामीले जस्तोसुकै वादशाहलाई पनि घोडावाट खसाल्न सक्छौं। यही कुरालाई आत्मसाथ गरौं, जस्तोसुकै कठिनाइका वावजुद पनि हामी क्रान्तिकारीहरुको भविष्य उज्ज्वल छ। मालेमावाद र प्रचण्डपथको विचारमा दृढतापूर्वक अग्रसर रहँदै आफ्ना हरेक कामहरुमा गुणात्मकता हाँसिल गरौं, सोही विचारभित्र हाम्रो विजय अन्तरनिहित छ, यसैमा आत्मगौरव गरौं।

२५ भाद्र ०६१



लोकेन्द्रप्रकाश गिरी (चिरपरिचित)



बुवा चन्द्रप्रकाश गिरी र आमा मनसरा गिरीको कोखबाट ०३१ माघमा सल्यान जिल्ला, कालागाउँ-५, थदरामा लोकेन्द्रप्रकाश गिरी (चिरपरिचित)को जन्म भएको हो । प्राविस्तरको शिक्षा कालागाउँको थदरा प्राविबाट हाँसिल गरेर छिमेकी जिल्ला रुकुमको चौरजाहारीस्थित माविबाट एसएलसी पास गर्नुभयो । यसैगरी चौरजहारी स्थिति उमाविबाट प्रविणता प्रमाणपत्र तहको शिक्षा आर्जन गर्नुभएको थियो । विद्यार्थीकालमा वहाँको खासै राजनैतिक सक्रियता नरहेतापनि ०४६ सालको राजनीतिक परिवर्तसँगै उहाँ आफ्नै सहयोगी राजकुमार शर्मा र गुरु शशिराम कार्कीद्वारा प्रभावित र संगठित हुनुभएको उहाँका संस्मरणहरूवाट स्पष्ट हुन्छ । औपचारिक रूपमा उहाँ ०४६ चैत्रमा अनेरास्ववियू (छैठौं)मा संगठित हुनुभएको थियो । उहाँ ०५३ सालमा सम्पन्न अनेरास्ववियू (क्रान्तिकारी)को तेश्रो जिल्ला सम्मेलनबाट जिल्ला समिति सदस्यमा निर्वाचित हुनुभयो । २०५६ मा नेकपा (माओवादी) जिल्ला समिति सल्यानको सदस्यसमेत भएर पार्टीको जिम्मालाई पूरा गर्ने क्रममा जनप्रतिरोध अभियानको कमाण्ड गरेर गएकोवेला सुर्खेतको मैनतडा झ्याक्रेघारीमा सेल्टरमा बसीरहेको समयमा सिआइडीमार्फत पुलिसले घर घेराहाली ०५६ चैत्र २१ गते अनेरास्ववियू (क्रान्तिकारी), जिल्ला समिति सल्यानका कोषाध्यक्ष तिलक कुमाई, जिसस क. मोहन पुनलगायत पाँच जनाको सामूहिक हत्या गरेको थियो । उहाँले सोही समयमा दुश्मनको पिस्तोल खोसेर एकजना जल्लादकै सफाया पनि गर्नुभएको थियो । हाल उहाँका बुवा, आमा, जीवनसंगीनी, एक छोरा सूर्यप्रकाश, दाजु तथा बृद्ध हजुरआमा हुनुहुन्छ ।

सम्मेलन सफलताको शुभकामना

सम्मेलनको अध्यक्षता गरिरहनु भएका अध्यक्ष ज्यू !

छैठौ जिल्ला सम्मेलनलाई भव्यरुपमा सफल पार्न जिल्लाका प्रत्येक टोल, इकाइ, एरिया तथा आम सल्यानी शोषित पीडित विद्यार्थी समुदायको अगुवाई गर्दै आउनु भएका विद्यार्थी मित्रहरु ! साथै जनयुद्धको क्रममा दुश्मनको गोलीवाट शहादत प्राप्त गर्नुभएका दिलवहादुर रम्तेल, दिलमाया लामा, खड्कबहादुर केसी, ज्ञानेन्द्र गिरीलगायत थुप्रै विद्यार्थी योद्धाहरुका प्रत्येक थोपा रगतबाट सयौं रक्तविजहरु भएर आउनु भएका प्रिय प्रतिनिधि, पर्यवेक्षक साथीहरु ! सम्मेलन सफलताको शुभकामना पेश गर्दछु विभिन्न जिल्लाबाट पाल्नु भएका अतिथि मित्रहरु ! सम्मेलन सफलताको कामना गर्दै विभिन्न जनवर्गीय संगठनवाट पाल्नु भएका अतिथि महानुभावहरु !

सर्वप्रथम अनेरास्ववियू (क्रान्तिकारी) भूपू जिल्ला सदस्य सल्यानको तर्फवाट र स्वयं मेरो तर्फवाट हार्दिक क्रान्तिकारी अभिवादन ।

आम शोषित-पीडित नेपाली जनताहरुको मुक्तिको खातिर सञ्चालित जनयुद्धको क्रममा पुरानो अध्यायको अन्तेष्टिको घोषणासँगै नयाँ अध्यायको थालनी गरी स्वर्णीम अक्षरहरुले इतिहासको पाना रंगाउन पुग्नुभएका आठ दर्जनभन्दा वढी आदरणीय सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जलीका साथै रातो सलाम गर्दछु र आदरणीय सहिदहरुका शोकसन्नप्त परिवारहरुप्रति समवेदना दिंदै शोकलाई शक्तिमा बदल्न विनम्र आग्रह गर्दछु ।

प्रिय प्रतिनिधि पर्यवेक्षक साथीहरु !

पाँचौ जिल्ला सम्मेलन भएको दुई वर्ष दुई महिनापछि सल्यानी धर्तीमा छैठौं जिल्ला सम्मेलन हुन गइरहेको छ । अर्धभूमिगत रुपमा हुन गइरहेको छैठौं जिल्ला सम्मेलनको ऐतिहासिक महत्व रहने कुरा स्पष्ट छ । यो सम्मेलन यस्तो घडीमा हुन गइराखेको छ कि आज जिल्ला तथा देशवासीहरु प्रत्येक गाउँ वस्तीहरु क्रान्तिका नयाँ गीत गुञ्जाउँदै जुरुक्क उठिरहेका छन् । सिङ्गो देश आज युद्धमय भएको छ । प्रत्येक विद्यालयका भित्ताहरु "आमूल परिवर्तन आम जनइच्छा, सवैका लागि सर्वसुलभ र वैज्ञानिक शिक्षा" मूल नारामा केन्द्रित रहेर सहिदहरुको रगतले सिर्जित थुप्रै नाराहरुले रंगिएका छन् । सहिदको रगतले लतपतिएको कलम र तारा अंकित रातो झण्डालाई झण्डोतलन गर्दै प्रत्येक टोल, प्राविदेखि कलेजसम्मका लाखौं विद्यार्थीहरु मुक्ति या मुत्युको कसम खाँदै आन्दोलित भइरहेका छन् भने अर्कोतिर वर्तमान खुनी, राक्षसी हत्यारो सरकारले माओवादीका नाममा निर्दोष ११ वर्षीय दिलबहादुर रम्तेलदेखि ७० वर्षीया बृद्धा किसान

वरदान रोका र नेपाली जनयुद्धका कमाण्डरहरु तीर्थ गौतम, दौलत घर्तीसम्मको हत्या गरिसकेको छ। कैयौं आमा, दिदी-वहिनीहरु पाखण्डी, व्यभिचारीहरुबाट वलात्कृत भइरहेकी छन्। सयौंको धनमाल लुटिएको छ। यसरी हेर्दा सिजका वस्तीहरु, शारदा र कुमाखका पाखाहरु प्रतिक्रियावादी पुलिस सेनाको नाङ्गो मार्चपास तथा दमनले घायल भएका छन्। पश्चिममा भेरी, पूर्वमा माडी-त्रिशुली नदीहरु रगतले रक्ताम्यै पारिएका छन्। वेथानको भूमि रगतका टाटाले रंगिएको छ। आज क्रान्तिकारी योद्धाहरु गाउँ-गाउँमा सिआइडी, जाली फटाहा, सामन्त, दलालका छातीमा वन्दुकको धुँवा मडारिंदै छन्। क्रान्तिकारी योद्धाहरुको हातवाट छुटेको वमको धमकाले प्रतिक्रियावादीहरुका क्याम्पहरु गाउँदेखि सिंहदरवार हुँदै दिल्ली दरवार, ह्वाइटहाउससम्म थर्कमान पारिरहेको छ भने यही झोंकमा भाडाका सिपाहीहरु नूनको सोझो भन्ने उक्तिलाई चरितार्थ गर्दै क्रान्तिकारी आत्माको हत्या गर्न गाउँ-गाउँमा धुइधुइती खोजिरहेका छन्। यस्तो संगीनमय घडीमा सम्मेलन हुन गइरहेको छ। यस अर्थमा सम्मेलनको ऐतिहासिक महत्व रहने छ।

प्रिय मित्रहरु !

देश निर्माणको मूल आधार, वौद्धिक जगत् शिक्षा क्षेत्रमा भएको अराजकता, शैक्षिक वेरोजगारीको मुख्य कारक तत्व भनेको विद्यमान राज्यव्यवस्था नै हो। राज्यव्यवस्था वर्गीय तथा शोषक वर्गको भएकाले त्यसअन्तर्गत निर्मित शिक्षा प्रणाली पनि शोषक वर्गका छोराछोरीहरुको पेवा नै हुने गर्दछ। आज निजी स्कूलको बढ्दो कारणले सरकारी विद्यालयहरुको शैक्षिक स्तर, विद्यालय व्यवस्थापन भौतिक सामग्रीको व्यवस्थापन एकदमै गिर्दो अवस्थामा गइराखेको छ। पुँजीपतिहरुका छोराछोरीहरुले अलि सुधारिएको विदेशी तालिम प्राप्त शिक्षकहरुले युक्त निजी स्कूलमा पढ्ने गर्दछन्। उता गरीवका छोराछोरीहरुले जीर्ण अवस्थामा रहेका त्यही सरकारी स्कूलमा पनि पढ्न पाइराखेका छैनन्। वर्तमान व्यवस्थाअन्तर्गत वन्ने सरकारहरुले दस कक्षासम्म निःशुल्कको द्वाङ फुकिरहेको छ। तर वार्षिक रुपमा एकचोटी चक्रवर्ती फि लिने कार्य गरी विद्यार्थीहरु र उनका अभिभावकहरुका आँखामा छारो हाल्ने काम गरिरहेको छ। परिवारमा आएको गरीबी, बेरोजगारीको कारणले आज भावी देश निर्माणकर्ता- बालक शिक्षाको ज्योतिबाट बञ्चित नै छ। तर उसलाई पढ्ने घरायसी वातावरण मिलाउन यस व्यवस्थाअन्तर्गत बनेका र बन्ने कुनै पनि सरकारको नजरसम्म गएको छैन। अर्कोतिर राष्ट्रियताको अस्मिता लुटिएको छ। देशमा महंगी, भ्रष्टाचारले हिमशिखर छोएको छ। जनतन्त्र, जनजीवीकाका सवालहरु गम्भीर भएर खडा भएका छन्। 'शिक्षा दान होइन अधिकार हो' भन्ने मान्यतालाई आत्मसात गर्दै व्यवहारिक, वैज्ञानिक, रोजगारमूलक शिक्षा वा नयाँ जनवादी शिक्षा जसले शैक्षिक जगतलाई वास्तविक बौद्धिक जगतमा स्थापित गर्ने छ। उक्त शिक्षा प्रणाली नयाँ जनवादी व्यवस्थाबाट मात्र हुने भएकोले नयाँ जनवादी व्यवस्था प्राप्तिको लागि नेपालमा २०५२ फागुन १ गतेदेखि नेकपा (माओवादी) द्वारा सञ्चालित महान् जनयुद्धलाई नैतिक, भौतिक रुपमा सहयोग समर्थन गर्दै निरन्तर अगाडि बढ्न आवश्यक छ।

प्रिय ! दिलमाया, ज्ञानेन्द्रका रक्तवीजहरु !

जसरी आज व्यापकता र तीव्रताका साथ इतिहासको छोटै अवधिमा आम सल्यानी शोषित-पीडित विद्यार्थीहरुकहाँ अनेरास्ववियू (क्रान्तिकारी) भाङ्गिन सफल भएको छ। यो गर्वको विषय हो । यसरी मुस्कुराइरहेको सल्यानी क्रान्तिकारी विद्यार्थी आन्दोलनले अझै कैयौं भेलहरु तर्नुपर्ने छ, कैयौ सिंढीहरु चढ्नुपर्ने छ, कैयौं खोल्साहरु पार गर्नुपर्ने छ । अनि मात्र शिखरको चुचुरामा पुग्न सफल हुनेछौं । यसका लागि हरकठिनाइका दस्तावेजहरुमा हस्ताक्षर गर्ने आँट वोकेको नेतृत्व चयन उक्त सम्मेलनले गर्ने छ। शिक्षा क्षेत्रमा आमूल परिवर्तनका लागि त्यो दिशातिर उन्मुख सल्यानी विद्यार्थीहरुलाई राहत दिनेखालका सुधारात्मक कार्यक्रमको कार्ययोजना पनि सल्यानी विशिष्टतामा वनाई तत्काल कार्यान्वयनमा जानेछ। जसले सिङ्गो जनयुद्धलाई टेवा पुऱ्याउने छ। सम्मेलनको भव्य सफलता नै भावी अल्पकालीन र दीर्घकालीन कार्ययोजना वनाउनमा अभिव्यक्त हुनेछ । सहिदका सपनाहरु त्यही अर्थमा साकार हुँदै जानेछन्, सहिदहरुप्रतिको सच्चा सम्मान पनि त्यही ठहरिनेछ ।

अन्तमा नेपाली विद्यार्थी आन्दोलनको संशोधनवादी धार जो आज नाङ्गो प्रतिक्रियावादमा पतन भइसकेको छ, जसले आज आम शोषित-पीडित विद्यार्थीहरुलाई भ्रमित पारिरहेको छ, त्यसका विरुद्ध सम्झौताहीन निर्मम संघर्ष गर्दै सचेत क्रान्तिकारीहरुलाई गोलवन्द गर्ने, परिचालन गर्ने र चनाखो तुल्याउने कार्य पनि अनेरास्ववियू (क्रान्तिकारी) को विशेष ध्यान जानेछ भन्दै सम्मेलन सफलताको शुभकामना सन्देश दिंदै विदा हुन्छु ।

६ असार ०६४



कमलकुमार एसी



आमा गंगा अधिकारी र बुवा रामबहादुर अधिकारीका जेठा छोराको रूपमा कमल एसीको जन्म ०३३ कार्तिक २० गते तनहुँको मिलुङ्गे, घलेछापमा भएको थियो । गाउँकै विद्यालयबाट एसएलसी उत्तीर्ण गरी उहाँ उच्च शिक्षा अध्ययनका लागि काठमाडौ आउनुभयो । अस्कल क्याम्पसमा अध्ययनसँगै अखिल (क्रान्तिकारी)मा सङ्गठित भएर काम गर्न थाल्नुभएका क. कमल ०५५ को स्ववियू निर्वाचनमा सदस्य पदमा निर्वाचित हुनुभयो । उहाँ ०५६ मा इकाई अध्यक्ष, ०५७ मा काठमाडौं जिल्ला सदस्य, ०५८ मा जिल्ला उपाध्यक्ष हुँदै ०५९ मा कार्यवाहक अध्यक्ष हुनुभयो । आन्दोलनको आवश्यक्तालाई पूरा गर्न अघि बढ्दै जाने क्रममा नुवाकोटमा ०५९ असोज १५ गते शाहीसेनाद्वारा गिरफ्तार गरी उहाँको हत्या गरियो ।

राज्य आतङ्क र विज्ञान तथा प्रविधिका विद्यार्थीहरु

मुलुक राज्यआतङ्क, शैक्षिक विकृति र विसंगति एवम् सीमा अतिक्रमण, महङ्गी र भ्रष्टाचारलगायतका सयौं समस्याहरूले ग्रस्त छ। कतिवेला को मारिने, वेपत्ता पारिने, वलात्कृत हुने एवम् गिरफ्तार हुने हो, कुन बेला शिक्षामा पूर्ण नियोजन हुने एवम् राष्ट्रियता विदेशीको चङ्गुलम फस्ने हो र महङ्गी चौतर्फी रूपमा वढ्ने हो ? त्यसको कुनै लेखाजोखा छैन। यसखालको समस्याले राष्ट्र आक्रान्त वनेको छ। यसवेला हामी विज्ञान तथा प्रविधिका विद्यार्थीहरू पनि आक्रान्त वन्नु अस्वाभाविक होइन। तर पनि यस खालको स्थितिमा हामीले सचेत पहलकासाथ गरिएको जनताको मुक्ति आन्दोलनको सेवा गर्दै राज्यआतङ्कको प्रतिरोधमा विज्ञान तथा प्रविधिको नयाँ-नयाँ खोजहरू पत्ता लगाउनु अत्यावश्यक देखिन्छ। त्यसैले यो लेखमा राज्यआतङ्क, विज्ञान तथा प्राविधिक शिक्षा के हो ? किन समाजमा सम्पूर्ण तह र तप्काका नागरिकहरूसँगै विज्ञान तथा प्रविधिहरू पनि राज्यआतङ्कको चपेटामा पर्दै आएका छन् ? र यसवाट मुक्ति प्राप्त गर्न के गर्नुपर्छ ? भन्ने कुरालाई सङ्क्षेपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ।

सर्वप्रथम राज्यआतङ्क भनेको के हो त ? राज्यले निर्दोष जनतामाथि गर्ने हिंसा, दमन र आतङ्क नै राज्यआतङ्क हो। आज राज्य सञ्चालन गर्ने नाममा फासिष्ट काङ्ग्रेसी सरकारले १५ सय भन्दाबढी नेपाली जनताको रगत पिइसकेको छ, सयौंलाई वेपत्ता पारिएको छ, हाजारौंलाई जेल तथा हिरासतमा राखिएको छ एवम् सयौं आमा, दिदी-बहिनीलाई बलात्कार गरी हत्या गर्नुको साथै लाखौं जानतालाई वारेण्ट जारी गरी घर छोड्न वाध्य पारिएको छ। यतिवेला यस खालका क्रियाकलापहरूले सम्पूर्ण तह र तप्काका नागरिकहरूलाई फासिष्ट सरकारप्रति तीव्र घृणा र आक्रोश उत्पन्न गराएको छ। यस पृष्ठभूमिमा हामी विज्ञान तथा प्रविधिका विद्यार्थीहरू घृणा र आक्रोशले भरिएका छौं।

विज्ञान तथा प्रविधि शिक्षा भनेको के हो त ? भौतिक विषयको तत्व, सिद्धान्त आदिको प्रयोगात्मक, विवेचना गरिएको शास्त्रको अध्ययन जसले पूरातनको अन्त्य एवम् नूतन निर्माणको दिशा अवलम्वन गर्छ, त्यो नै विज्ञान र प्रविधि शिक्षा हो। यसरी राज्यआतङ्क र विज्ञान तथा प्रविधि शिक्षा एक अर्काका प्रतिनिधिमूलक प्रतिस्पर्धी विषय हुन्। त्यसैले विज्ञान र प्रबिधि शिक्षा राज्यआतङ्कको बिरुद्धमा गरिने प्रतिरोध सङ्घर्षको मूलप्रवाह हो भन्दा केही फरक नपर्ला।

आजको युग विज्ञान तथा प्रविधिको युग हो। तर आज हाम्रो देशमा हामीले अध्ययन एवम् अध्यापन गरेका विषयहरू विज्ञान तथा प्रविधिसँग असुहाउँदा छन् या मध्ययुगीन खालका ? निश्चय नै अहिले हामीलाई मध्ययुगीन खालको शिक्षा दिइएको छ। जसले राज्यआतङ्क, सीमा अतिक्रमण, हत्या, दमन, बलात्कारलगायतका पूरातन सँस्कृतिको पक्षपोषण गर्दछ, यो विज्ञान तथा प्रविधिका विद्यार्थीहरू साथै देश, जनताप्रति उत्तरदायी जनसमुदायमाथि लादिएको राज्यआतङ्क नै हो।

विज्ञान तथा प्रविधिका विद्यार्थीहरू अन्य नागरिकभन्दा सापेक्षिक रूपमा गतिशील, लगनशील, जिज्ञासु तथा केही गरौं भन्ने भावनाले ओतप्रोत हुन्छन्। विज्ञान तथा प्रविधिका विद्यार्थीको यसखालको भावनाले गर्दा वर्तमान संरचनाका वा अन्य विगतका मुठ्ठीभरका शोषकहरू जनतालाई वैज्ञानिक (विकासवादी, व्यवहारिक)शिक्षा दिन हिच्किचाउँछन् र राष्ट्रिय आवश्यकता, जनताको चेतनास्तर, जीवनस्तर उकासिने खालको शिक्षा नदिएर आफ्नो खुट्टामा आफैं वञ्चरो हान्ने दुस्साहस उनीहरू गर्दैछन्। त्यसमाथि पनि विज्ञान प्रविधिक शिक्षा जसले पुरानो विकृति, विसङ्गतिहरूलाई बढार्ने र नयाँ व्यवहारिक शिक्षाप्रतिको चाहनालाई उजागर गर्छ। वर्तमान संरचना र विगतका शोषकहरू जुन शिक्षाले आमजनता एवम् विद्यार्थीहरूलाई राष्ट्रियता, जनतन्त्र र आफ्नो दायित्वप्रति सचेत बनाउँछ, त्यस्तो शिक्षालाई सदैव पछाडि पार्न चाहन्छन् र पार्दै आएका छन्। नेपालको इतिहासलाई पनि एकपल्ट पल्टाएर हेर्ने हो भने राणा शासनकालमा दिइएको शिक्षा जसले जनतालाई गुलामी पार्ने पाठ सिकाउँदथ्यो, त्यसको विरोधमा विद्यार्थीहरूले 'जयतु सँस्कृतम्' नामको सङ्गठित आन्दोलन गरेका थिए, त्यसबाट शिक्षामा केही सुधारका ढोका खोलिए पनि त्यस पछाडिका सरकारहरूले शिक्षामा रहेका विकृति र विसङ्गतिहरूलाई हटाउनुको सट्टा दिनप्रतिदिन शैक्षिक विसङ्गतिहरूलाई अगाडि बढाउँदै लगेपछि विद्यार्थीहरू आन्दोलित हुनु स्वभाविक थियो। त्यसखालको आन्दोलनले त्यतिवेलाका शोषकहरूलाई शिक्षामा विज्ञान तथा प्रविधि विषय वा केही हदको वैज्ञानिक शिक्षा दिन बाध्य भए। तर उनीहरूले विज्ञान तथा प्रविधि शिक्षालाई अगाडि बढाउन चाहेनन्। विज्ञान तथा प्रविधिको हामी विद्यार्थीहरूसँग भएको देश र राष्ट्रप्रतिको जिज्ञासु र सचेत सोंचले गर्दा फासिष्ट सरकारले अझसम्म पनि विज्ञान तथा प्रविधि शिक्षामा आवश्यक पर्ने खालका सामग्री उपलब्ध गराएको छैन। जस्तो कि विज्ञान तथा प्रविधिका विद्यार्थीहरूलाई अत्यावश्यक पर्ने Venire calipers, Micrometer, Screw gauze, Newton's ring, Potentiometer, Microscope, Telescope को त के कुरा गर्ने ? Test tube सम्मका सामनहरू पनि पर्याप्त मात्रामा उपलब्ध नगराउनु फासिष्ट सरकार विज्ञान र प्रविधि शिक्षामाथि थोपारिएको राज्यआतङ्कको ज्वलन्त प्रमाण हो। आज विद्यार्थीहरूलाई कसरी धेरै नम्बर ल्याउने भन्ने एउटा असन्तुलित प्रतिस्पर्धामा उतार्दै विज्ञान तथा प्रविधिका विद्यार्थीहरूलाई प्रयोगात्मक शिक्षावाट विमुख बनाउँदै लगेको छ। जस्तो कि कृषि क्याम्पसमा अध्यानरत विद्यार्थी जो नेपाल जस्तो कृषिप्रधान राष्ट्रको लागि अति आवश्यक छन्, ती विद्यार्थीहरूलाई दिइएको केवल सैद्धान्तिक शिक्षाले गर्दा आज अधिकांश विद्यार्थी साथीहरू कृषि बीऊसमेत नचिन्ने स्थितिमा छन्। त्यतिमात्र होइन,

हामी इन्जिनियरिङलगायतको क्षेत्रमा एघार सय भन्दावढी प्राविधिकहरूलाई बेकम्मा वन्न बाध्य पारी विदेशी प्राविधिकहरूलाई स्वदेशमा रोजगारी दिनु वर्तमान फासिष्ट सरकारको निकृष्ट कार्य हो। यतिमात्र नभएर, एमवीवीएस गरिसकेका डाक्टरहरूले पेट दुख्दा टाउको दुखेको औषधि दिने स्थिति र एक्सरे पनि राम्रो हेर्न नसक्ने स्थिति सिर्जना फासिष्ट सरकारहरू विगतदेखि वर्तमानसम्म जिम्मेवार छन्। यसरी हामीलाई प्रयोगात्मक शिक्षाबाट बञ्चित गराउनुको उद्देश्य विज्ञान तथा प्रविधि शिक्षाका लगनशील एवम् जिज्ञासु विद्यार्थीहरूलाई राष्ट्र र जनताका समस्यावाट टाढा राख्नु र देशलाई अझ ठूलो नरसंहारमा पुऱ्याउनु हाम्रो राष्ट्रियतालाई विदेशीको पञ्जामा पार्ने दुस्साहस नै हो। यस खालका तथ्यहरूलाई तुरून्त बुझी गलत सोंचाईका आधारमा अघि बढेको सरकारलाई आम देशभक्त, प्रगतिशीलहरूसँग एकाकार हुँदै हामी विज्ञान तथा प्रविधिका विद्यार्थीरूले वज्रमुक्का प्रहार गर्नु अति नै आवश्यक देखिन्छ।

विगतकालमा पनि विज्ञान र प्रबिधि शिक्षा प्राप्ति एवम् राष्ट्र र जनताको न्यायपूर्ण आन्दोलनलाई सहयोग गर्ने सिलसिलामा मुलुकका विज्ञान र प्रबिधिका विद्यार्थीहरूले ठूलो योगदान रहेको छ । यसको सानो उदाहरणको रूपमा ०३६ सालको आन्दोलनमा होस् वा ०४६ सालको जनआन्दोलन अथवा ०५२ सालपछिका दिनहरूमा क्रमबद्ध रूपमा विज्ञान तथा प्रविधिका विद्यार्थीहरू निरन्तर रूपमा आन्दोलनमा समाहित हुँदै आइरहेका छौं। विगतका सुधारात्मक आन्दोलन ०३६ र ०४६ बाट नेपाली जनताले एवम् विज्ञान तथा प्रविधिका विद्यार्थीले गरेका आशाहरू निराशामा परिणत मात्र नभई राष्ट्र र जनताको स्थिति दिनप्रतिदिन नाजुक हुँदै गएको परिवेशमा सचेत विज्ञान तथा प्रविधिका विद्यार्थीहरूले ०५२ देखि सुरु भएको मुक्त आन्दोलनलाई सहयोग पुऱ्याउनु पर्ने टड्कारो आवश्यकता देखिन्छ र हामी विज्ञान तथा प्रबिधिका विद्यार्थीले हामीले सिकेका ज्ञान र सिपको कुराहरू देश र जनताको मुक्तिको खातिर बढेको आन्दोलनमा लगानी गर्नुपर्छ। विज्ञान तथा प्रविधि शिक्षा प्रत्यक्ष रूपमा राष्ट्र, जनताप्रति उत्तरदायित्वपूर्ण हुनुपर्छ। यसको लागि विज्ञान तथा प्रविधि शिक्षा, जनस्वास्थ्य, कलकारखानालगायतका आधुनिक खेतीप्रणाली र नयाँ-नयाँ ऊर्जाशक्तीको विकास गर्नुपर्छ । यसको साथै जलस्रोतको धनी देश नेपालले जलविद्युत उत्पादन गर्ने लगायतका अत्यावश्यक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ। यिनै कुरालाई समष्टिगत गर्ने सिलसिलामा क. माओ नेपाली बुद्धिजीवीहरूसँग भन्नुहुन्छ- "सामान्यतया इन्जिनियरिङमा विशिष्टता हाँसिल गरेका इन्जिनियरहरू राम्रा छन् किनभने उनीहरू वास्तविकतासँग जोडिएका छन्, वैज्ञानिकहरू, शुद्ध वैज्ञानिकहरूको स्थिति खराब छ तर तिनीहरू पनि कला विषयहरूमा बिशिष्टता हाँसिल गरिरहेका बुद्धिजीवीहरूभन्दा राम्रा हुन्छन्, कला विषयहरू वास्तविकताबाट पूर्णरूपले अलग्गिएका छन्। इतिहास, दर्शनशास्त्र र अर्थशास्त्रका विद्यार्थीहरूलाई वास्तविकताको कुनै चासो छैन, उनीहरू यस संसारका सवैभन्दा अनपढ छन्।" माओको यस भनाइवाट के पनि बुझ्नुपर्छ भने विज्ञान तथा प्रविधि शिक्षा राष्ट्र र जनताको सवैभन्दा घनिष्ट शिक्षा हो र हुनुपर्छ। आजसम्म पनि फासिष्ट सत्ताले विज्ञान र प्रविधि शिक्षालाई सौतेलो व्यवहार गर्दै आइरहेको छ र गर्ने निश्चित छ। त्यसैले यति वेला विज्ञान र प्रविधिका हामी विद्यार्थीहरूले राष्ट्र र जनतामाथि गरिएको

राज्यआतङ्कको प्रतिरोध सङ्घर्षसँग विज्ञान र प्रविधि शिक्षामाथि गरिएको राज्यआतङ्क संश्लेषण गर्न अत्यन्त ढिलो भैसकेको यस अवस्थामा विज्ञान र प्रविधिका हामी विद्यार्थीहरूले 'डाक्डर, इन्जिनियर वन्नु' र 'जनयुद्धमा लामवद्ध हुनु' लाई एक अर्काको परिपूरकको रूपमा अगाडि वढाउनुपर्छ र प्रधान कुरा वर्गसङ्घर्ष हो भन्ने कुरा किमार्थ भुल्नुहुँदैन। जनता एवम् विज्ञान तथा प्रविधिका विद्यार्थीहरूलाई छक्काउने दुष्प्रयासको रूपमा खोलिएको RONAST वर्गीय र Scientific Culture को अभावमा रोगी संस्था वनेको छ। यस परिप्रेक्ष्यमा हामीले RONAST लाई जन्म दिने संस्था राज्यआतङ्क, राष्ट्रप्रतिको असंवेदनशीलतालगायतका चीजहरूलाई जम्मा गर्दै महारोगी बनेको तथ्यलाई भने भुल्नुहुँदैन।

विज्ञान तथा प्रविधिका हामी विद्यार्थीहरूको Strong dedication, Honestyness sincerity जस्ता गुणहरू जसले मनवलाई सवल वनाउँछ, राष्ट्रको वर्तमान परिस्थितिमा वर्गीय सङ्घर्षमा जोड्दै मुक्तियुद्धमा सहभागी वन्नको निम्ति डाक्टर, इन्जिनियर, पाइलट वन्न वा मुक्तियुद्धमा लामवद्ध भई त्यहींवाट डाक्टर इन्जिनियर वन्न अन्यलाई डाक्टर, इन्जिनियर वन्ने आधार तयार गर्नुपर्छ। तर वर्तमानको यस परिवेशमा हामी कसैले पनि डाक्टर इन्जिनियर वनेर केही झिनामसिना काम गर्दैमा देशमा आमूल परिवर्तन हुन सक्तैन, केवल जनताको दुश्मन र जनताको रगत पसिनाको अंशियार वन्नु मात्र हुन जान्छ। त्यसैले हामी विज्ञान तथा प्रविधिका विद्यार्थीहरूले आ-आफ्नै क्षेत्रवाट सक्ने कार्य निश्चित मान्छेको अप्रेसन गर्ने होइन कि राष्ट्रलाई लगाइएको रोग अप्रेसन गर्न आ-आफ्नै क्षेत्रवाट सहभागी वन्दै 'मुक्तियुद्ध एवम् प्रतिरोध सङ्घर्षमा सहभागी भएर यो थोत्रो, गलिसकेको आर्थिक, राजनीतिक संरचनाको अन्त्य गर्दै नयाँ उन्नत संरचनाको आन्दोलनमा सहभागी वनी जनवादी शिक्षा प्राप्त गरेपछि मात्र विज्ञान तथा प्रविधि शिक्षामा भएको राज्यआतङ्कको अन्त्य हुन्छ र विज्ञान तथा प्रविधि शिक्षाले गुणात्मकता प्राप्त गर्न सक्छ भन्ने कुरालाई हृदयङ्गम गर्दै सहिद सोमवहादुर थापालगायत देश, जनता र विद्यार्थी हकहितको निम्ति बलिदान दिने सहिदहरूले देखाएको बाटोमा निरन्तर अगाडि वढ्नु आवश्यक छ।



ऋषि रेग्मी (राकेश)



ऋषि रेग्मी (क. राकेश) को जन्म ०४१ पौष १४ गते केराबारी-४, गोरखामा पिता जगदिश्वर रेग्मी र माता कमला रेग्मीको कोखबाट प्रथम सन्तानको रूपमा भएको थियो । पछि उहाँको परिवार बसाई सरी भरतपुर नगरपालिका-७, कृष्णपुर चितवनमा आएको थियो । उहाँ गाउँकै नारायणी माविबाट प्राथमिक शिक्षा हाँसिल गर्दै गर्दा अखिल (क्रान्तिकारी) इकाई समितिमा आबद्ध हुनु भएको थियो । सप्तगण्डकी क्याम्पसमा आइकमसम्मको औपचारिक अध्ययन गर्नु भएका क. रेग्मी माओवादी जनयुद्धको मर्मलाई मनन गरी ०६० जेठ १० गते पूर्णकालीन कार्यकर्ता हुनु भएको थियो । सांगठनिक जिम्मेवारी सम्हाल्ने क्रममा उहाँ तत्कालीन जिल्ला सदस्य हुनुहुन्थ्यो । उहाँलाई ०६१ बैशाख ३१ गते वीरेन्द्रनगर-६, पाखिबासमा शाहीसेनाले घेराहाली गोलीहानेर निर्ममतापूर्वक हत्या गरेको थियो ।

लाल सलाम कमरेड !

अन्त्यहीन अन्त्यका आलेख लिएर
विद्रोह र क्रान्तिका लाल किल्लाहरुमा
सम्वोधन गर्न आउने वाचा बाँधेर जान्छु।
एकता र राष्ट्रवादी जनवादी मोर्चा वनाउन
सुधारका स्वरुपहरुलाई अघि लगाएर
लाल झण्डा फहराउँदै युद्ध मैदानमा
हौसला भर्न आउने प्रतिज्ञा गरेर जान्छु।
प्रतिक्रियावादी, सामन्तवादी, साम्राज्यवादीको
योजनाहरुलाई आगो लगाउन
तूफानिएर, लाखौंलाख भोका र नाङ्गाहरुको
नेतृत्व गर्न आउने वाचा बाँधेर जान्छु।
मजदुरको पसिना, गरीब किसानका खेतखेतमा
कहिले उन्नती भएर कहिले लहलह फलेको अन्न भएर
मुक्तिकामी जनसंग्रामलाई
सफल पार्न युद्धकिल्ला खन्न आउने
तपस्या गरेर जान्छु।
जनवादी-साम्यवादी संरचनामा
विद्यार्थी मुक्तिका प्रतिद्वन्दिता र गुटवन्दी
फोड्न नौलो आवरण भएर आउने वाचा गर्छु।
क्रान्तिकारी आमूल परिवर्तनलाई आत्मसात् गर्न
विनाशकारी युद्धको अन्त्य गर्न
परिवर्तनको ज्वाला भएर
विजय उत्सव मनाउन वस्तिबस्तिमा
दीयो लिएर आउने प्रतिज्ञा गर्छु।
सहयोद्धा कमरेड, लाल सलाम !



युद्धप्रकाश रायमाझी (विमल)



०३८ बैशाख २७ गते च्याँख्ले गाउँ, भीमखोरी गाविस-९, काभ्रेमा बुवा लोकबहादुर रायमाझी र आमा तिर्थकुमारी रायमाझीको कोखबाट युद्धप्रकाश रायमाझीको जन्म भएको हो । परिवारमा उहाँ चार दाजुभाइमध्ये र तीन दिदीबहिनीहरू मध्ये कान्छो हुनुहुन्थ्यो । उहाँले पाटन मावि पाटनढोका, कुशेश्वर मावि दुम्जा, सिन्धुली, मंगलटार काभ्रेलगायतका थुप्रै माविमा स्थानान्तरण हुँदै गर्दा पाँगा मावि, पाँगा काठमाडौंबाट प्रबेशिका परीक्षा उत्तीर्ण गर्नु भयो । उहाँले उच्च शिक्षाको अध्ययन महेन्द्र रत्न क्याम्पस ताहाचल, काठमाडौंबाट सुरू भएको थियो । अध्ययनकै क्रममा विद्यार्थी आन्दोलनमा सरिक हुनुभएका शहीद विमल अनेरास्ववियू (क्रान्तिकारी) काठमाडौं र ललितपुर जिल्लामा क्रियाशील रहँदारहँदै जनमुक्ति सेनामा क्रियाशील हुनु भएको थियो । आन्दोलनकै क्रममा ०५८ मंसिर २६ गते आन्तरिक दुर्घटनामा परी उहाँको शहादत भएको थियो । उहाँ लेखन साहित्यको क्षेत्रमा पनि रूची राख्नु हुन्थ्यो । उहाँको 'कलमको हत्या' नामक कविता संग्रह प्रकाशित भएको छ ।

प्यारो शहीद

लालुपातेको रंगभित्र
तिम्रो रगत, तिम्रो आस्थाको अग्राख देख्छु म
लालीगुराँसका पोथ्राहरुमा, थुँगाहरुमा
तिम्रो स्वाभिमानी पाउँछु म
त्यसैले,
मेरो प्रिय वर्गीय मित्र
मेरो प्यारो सहयोद्ध
लालुपाते फुल्ने माटो तिम्रो हो
लालीगुराँस फक्रने माटो तिम्रो हो
यो माटो, यी पाखाहरु सदैब तिम्रै हुन्
त्यसैले, ती मुक्त क्षेत्र भएका छन्
र, मुक्त क्षेत्रकै रुपमा रहिरहने छन्
किनभने,
तिम्रो कथा
तिम्रो देशको
लालुपाते र लालीगुराँसमा लेखिएर सुरक्षित छन्
यो माटो तिम्रो पसिनाले भिजेको छ
यो माटोमा तिम्रो पसिनाको गन्ध छ
यी पाखाहरु तिम्रो रगतले रंगिएका छन्
यी फूलहरु तिम्रो विकल्प बनेर फुलेका छन् ।
पौरखी हातहरु तिम्रो सम्मानमा
मुट्ठी कसेर उठेका छन्
परिक्रमी ज्यानहरु, विद्रोही आत्माहरु
हत्यारा तानाशाहहरुसँग सम्पूर्ण हिसाब चुक्ता गर्न
तिम्रो बाटोमा पंक्तिबद्ध भएर उभिएका छन्
नौलो जनवादी क्रान्ति - जिन्दावादको नारा
घन्काई रहेछन् ।




राममणि भट्टराई (प्रकाश)



राममणि भट्टराईको जन्म ०१८ चैत्र २७ गते कास्की जिल्ला हंशपुर-७ मा बुवा नन्दराज भट्टराई र आमा मनमायाँ भट्टराईको कोखबाट भएको हो । उहाँको स-परिवार ०१३ सालमा बसाँई सरेर लमजुङ जिल्ला भोर्लेटार गाविस वडा नं. चारमा बसोवास गर्दै आउनु भयो । इसानेश्वर उ.मा.वि. भोर्लेटारबाट औपचारिक शिक्षाको सुरुवात गर्नु भएका भट्टराई विद्यालय जीवनबाटै अनेरास्ववियूमा संगठित भई विद्यार्थी आन्दोलनमा क्रियाशील हुनुभयो । यसै क्रममा उहाँले ०४२ सालमा करिब एक वर्ष जेल जीवन बिताउनु भयो । जेल मुक्तपश्चात् पृथ्वीनारायण क्याम्पस पोखराबाट अध्ययनसँगै आन्दोलनलाई निरन्तरता दिनुभयो । ०४६ सालको जनआन्दोलनको पूर्वसंघारमा पोखराबाट पुनः गिरफ्तार हुनुभयो र चैत्र २६ गते मुक्त हुनुभयो । विद्यार्थी आन्दोलनमा केन्द्रीय सचिवको जिम्मेवारी समेत बहन गर्नु भएका भट्टराईले ०४६ सालको जनआन्दोलनपश्चात् पार्टी जिल्ला सदस्यको जिम्मेवारी लिएर लमजुङ्ग जिल्लामा खट्नु भयो । ०५४ सालबाट जनयुद्धमा पूर्णकालीन भएर क्रान्तिमा होमिनु भएका उहाँलाई गोर्खा जाने क्रममा लमजुङ चक्रतिर्थ गा.वि.स.को टिमुरे गाउँमा प्रहरीले गिरफ्तार गरी चरम यातनासहित १२ घण्टा पछि ०५५ साल पौष १३ गते गोली हानी हत्या गरेको थियो । उहाँका दुई छोराहरू दिपक भट्टराई र दिपेश भट्टराई छन् भने श्रीमती सरस्वती भट्टराईलाई पनि शाहीसेनाले क्यम्पमा लगी महिनौंसम्म यातना दिएका थिए ।

कमल भुजेल (किरण)




कमल भुजेलको जन्म कास्की जिल्ला सिद्ध गा.वि.स. वडा नं. ८ नेपालपाखामा बुवा खड्गबहादुर भुजेल र आमा देवकी भुजेलको कोखबाट वि.सं. ०३२ साल असोज. २५ गते भएको थियो । ४ दाजुभाई मध्ये कान्छो कमल कक्षा ८ मा पढ्दै गर्दा देखि अनेरास्ववियुको सदस्यबाट राजनीति सुरु गर्नुभयो । उहाँ विद्यार्थी केन्द्रीय सदस्य हुँदै माओवादी पार्टीका उपब्यूरो सदस्यको जिम्मेवारी वहन गर्दै जाने क्रममा शाहीसेनाको कब्जामा पर्नुभयो । उहाँलाई सैनिक शिविरमा चरम यातनाकासाथ हत्या गरी भिडन्तमा मारिएको प्रचार गरियो । क. कमलले आन्दोलनकै क्रममा सुमित्रा घिमिरेसँग विवाह गर्नु भएको थियो भने उहाँको हत्या लगतै श्रीमती सुमित्रालाई पनि कास्की कारागारबाट निकालेर हत्या गरियो । हाल उहाँको एक छोरी रहेकी छन् ।

ऋषि घिमिरे (विजय)



वि. सं. ०३० कार्तिक ५ गते प्यूठान जिल्लाको तिराम, आमडाँडामा बुवा छविलाल घिमिरे तथा आमा सविता घिमिरेको कोखबाट ऋषि घिमिरेको जन्म भएको थियो । उहाँले प्राथमिक, निम्नमाध्यामिक तथा माध्यामि तहको शिक्षा गणेश मावि तिरामबाट प्राप्त गर्नु भएको थियो भने उच्च शिक्षा भने महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंजबाट प्राप्त गर्नु भएको थियो । उहाँ विद्यालयतहबाटै क्रान्तिकारी आन्दोलनमा संगठित भएका काम गर्न थाल्नु भएको थियो । विद्यार्थी आन्दोलनको आबश्यकताले उहाँ ०५४ सालदेखि पूर्णकालीन हुनु भएको थियो । क. विजय बाँके बर्दियाको क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्व गरेर अगाडि बढ्दै गर्दा ०५४ मंसिरमा काठमाडौंमा सम्पन्न चौधौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य तथा ०५८ असोजमा विराटनगरमा सम्पन्न पन्ध्रौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सचिवालय सदस्यमा निर्वाचित भएर पश्चिम कमाण्ड अन्तरगत रहेर काम गर्दै आउनु भएको थियो । यस्तै उहाँ तत्कालीन जिल्ला पार्टी सदस्य पनि हुनुहुन्थ्यो । उहाँ संगठनिक कामको सिलसिलामा नेपालगंजमा रहेको बेला ०५८ चैत्र २४ गते शाही सेनाले गिरफ्तार गरी बर्दियाको जंगलमा लगी गोली हानेर निर्मम हत्या गरेको थियो । हाल उहाँका जेठा दाजु झपेन्द्र शर्मा प्यूठान माओवादी नेतृत्वमा हुनुहुन्छ साथै माहिला दाजु क. पावेल पहिलो डिभिजन भिसि हुनुहुन्छ भने कान्छो भाइ दिपेन्द्र पनि जनमुक्ति सेनाको चौथो डिभिजन अन्तरगतका कमाण्डर हुनुहुन्छ ।

प्रितकुमार मोक्तान (हिम)



०३८ भदौ १५ गते बुवा कृष्णबहादुर मोक्तान र आमा कृष्णमाया मोक्तानको कोखबाट हाँडिखोला-१, चकरी, मकवानपुरमा प्रितकुमार मोक्तानको जन्म भएको थियो । स्नातक तहमा अध्ययनरत प्रित ०५४ सालबाट क्रान्तिकारी विद्यार्थी आन्दोलनमा लाग्नु भएको थियो । क्रान्तिको आवश्यकताअनुसार उहाँ ०५७ सालबाट पूर्णकालीन हुनुभएको थियो । क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्व गर्नेक्रममा उहाँ अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय समिति सदस्य तथा नेकपा (माओवादी) मकवानपुर जिल्ला समिति सदस्यसम्म हुनु भएको थियो । उहाँलाई ०६० बैशाख ६ गते दोस्रो वार्ताकालको युद्धविरामको अवस्थाका मसाल जुलुस सकेर फर्कदै गर्दा सिभिल ड्रेसमा आएका शाहीसेनाले अपहरणपश्चात् टाउको काटी हत्या गरी हेटौडा - ७, कर्रा खोलामा फालेको थियो । साथमा जिल्ला सदस्य भुपेन्द्र तिमल्सेनालाई पनि हत्या गरिएको थियो । उहाँहरुको लास अपहरणको तीन दिनपश्चात् फेला परेको थियो ।

कृष्ण चौधरी (रक्तिम)



०३६ सालमा बुवा गोपाल चौधरी तथा आमा फुयाद चौधरीको कोखबाट बर्दिया जिल्ला, मोतिपुर-७ सटहरियामा कृष्ण चौधरीको जन्म भएको थियो । ०४७ सालमा विद्यालय अध्ययनकै क्रममा इकाइस्तरबाट विद्यार्थी आन्दोलनमा लाग्नु भएका क. रक्तिम ०५२ सालमा महेन्द्र बहुमुखी क्याम्पस इकाई कमिटी सदस्यहुँदै ०५६ मा विद्यार्थी जिल्ला सदस्य तथा ०५७ मा जिल्लाको कार्यबाहक अध्यक्ष हुनु भएको थियो । आन्दोलनकै क्रममा उहाँ ०५५ साल चैत्र २६ गते नेपालगञ्जमा कोठाबाटै गिरफ्तारीमा परी तीन महिना वेपत्ताको स्थितिमा पारिएको थियो र नौ महिनापछि मुक्त हुनु भएको थियो । यस्तै ०५७ माघमा पुनः गिरफ्तारमा परी ०५८ असोजमा मुक्त हुनुभएको थियो । आन्दोलनको आवश्यकताअनुसार उहाँ ०५६ सालमा पूर्णकालीन हुनुभएको थियो । उहाँ ०५८ मा सम्पन्न विद्यार्थीको पन्ध्रौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएको थियो । आन्दोलनकै क्रममा पार्टीको जिल्ला सदस्यसम्मको जिम्मेवारी सम्हाल्नु भएका क. कृष्ण चौधरी केन्द्रीय सदस्य जानकी चौधरीसँगै बाँके टिटिहिरा गाविस थपुवा गाउँबाट हत्यारो तत्कालीन शाही सेनाले गिरफ्तार गरी हालसम्म वेपत्ता पारेको छ । हाल उहाँलाई पार्टीले सहिद घोषणा गरिसकेको छ ।

जानकी चौधरी (अर्चना)



०३८ साल असोज १ गते बर्दिया जिल्ला, महम्मदपुर गाविस-९ मा बुवा कृष्णप्रसाद चौधरी तथा आमा गुन्यानी चौधरीको कोखबाट जानकी चौधरी जन्मिनु भएको हो (हाल उहाँकी आमा वेपत्ता हुनुहुन्छ) । कक्षा आठसम्मको औपचारिक अध्ययन गर्नु भएकी क. जानकीले ०५३ सालबाटै औपचारिक राजनीतिक यात्रारम्भ गर्दा ०५३ मा स्कूल इकाई समिति सदस्य, ०५४ मा एरिया कमिटी सदस्य हुँदै ०५६ मा जिल्ला सदस्य हुनुभएको थियो । आन्दोलनको मर्म र आवश्यकतालाई मध्यनजर गरी उहाँ ०५६ सालमा पूर्णकालीन हुनुभएको थियो । बर्दिया क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई गतिदिने क्रममा उहाँ ०५८ सालमा जिल्ला अध्यक्षको जिम्मेवारीमा रही सिंगो जिल्लाको आन्दोलनको नेतृत्व गर्नु भएको थियो । त्यस्तै उहाँले ०५८ मा जिल्ला पार्टीको सदस्यको जिम्मेवारी पनि पाउनु भएको थियो । ०५८ सालमा सम्पन्न विद्यार्थीको पन्ध्रौ राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनु भएको थियो । ०५९ वैशाख १० गते बाँकेको टिटिहिरा गाविस, थपुवा गाउँबाट तत्कालीन हत्यारो शाही सेनाले गिरफ्तार गरी हालसम्म वेपत्ताको स्थितिमा राखेको छ । हाल उहाँलाई पार्टीले सहिद घोषणा गरिसकेको छ ।

टिकाराम गौतम



टिकाराम गौतमको जन्म रूपन्देही जिल्लाको देवदह गाविसमा पिता देवीलाल गौतम र आमा जमुना गौतमको कोखबाट ०३५ साल पौष ६ गते भएको थियो । निम्न वर्गीय परिवारमा जन्मेका गौतमले प्रारम्भिक शिक्षा गाउँमा नै सुरु गरेपनि माध्यामिक तहको शिक्षा बुटवलस्थित ज्ञानोदय रात्री माविमा अध्ययन गरी ०५० सालमा एसएलसी उत्तीर्ण गर्नुभयो । त्यसपछि बुटबल बहुमुखी क्याम्पसमा कानुन विषय लिई प्रमाणपत्र तहको अध्ययन सुरु गर्नुभयो ।

माध्यामिक विद्यालयमा अध्ययन गर्दा नै विद्यार्थी राजनीतिमा रुची राख्ने टिकाराम गौतमले ०५० सालमा अनेरास्ववियू (क्रान्तिकारी)मा आबद्ध हुनुभएको थियो । क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्व गर्नेक्रममा जिल्लाका बिभिन्न तहमा जिम्मेवारी बहन गर्दै ०५४ सालमा अनेरास्ववियू (क्रान्तिकारी) को १४ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो साथै ०५८ को १५ औं राष्ट्रिय सम्मेलनबाट सचिवालय सदस्यमा निर्वाचित हुनुभयो । उहाँले विद्यार्थी आन्दोलनको साथसाथै ०५३ सालमा पार्टीको क्रियाशील सदस्यता साथै ०५७ मा पार्टीको जिल्ला सदस्युहुँदै ०५९ मा रुपन्देही जिल्ला पार्टी सेक्रेटरीको जिम्मेवारीमा रहेर पनि काम गर्नु भएको थियो । ०५८ असारमा उहाँको बिवाह सुनगाभा पोखरेलसँग सम्पन्न भयो । देशमा संकटकाल लागिरहेको सन्दर्भमा आफ्नै कार्यक्षेत्र रुपन्देहीको बेलभरियामा घेरामा परी घेरा तोड्ने क्रममा ०५९ बैशाख २९ गते गते उहाँमाथि पछाडिबाट शाहीसेनाहरुले अन्धाधुन्द गोली चलाए र हत्या गरे । सोही समयमा उहाँको साथमा रहनु भएका अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य क. गणेश ढकाललाई पनि हत्या गरिएको थियो ।

दिलबहादुर रम्तेल



दिलबहादुर रम्तेल जनयुद्धका प्रथम सहिद हुनुहुन्छ । उहाँको जन्म गोरखा जिल्लाको पान्दुङ गाविसमा ०४२ कार्तिक १४ गते भएको थियो । उहाँका पिताको नाम सेते रम्तेल हो । उहाँले स्थानीय ब्रह्मचारिणी निमाविमा कक्षा चारमा पढ्दै हुनुहुन्थ्यो । ०५२ साल फागुन १४ गते ब्रह्मचारिणी निमाविमा शान्तिपूर्ण ढंगले पठनपाठन भइरहेको थियो । त्यसैबेला कक्षा कोठामा पढाइरहेका शिक्षक वीरबहादर गुरुङलाई बाहिर निकाली पुलिसहरूले लछारपछार, कुटपिट र गालिगलौज गर्दै गिरफ्तार गर्ने प्रयास गरे । विद्यार्थीहरूले यो अन्याय सहन सकेनन् र त्यसको प्रतिरोध गरे । त्यही प्रतिरोधमा पुलिसको गोलीप्रहारबाट दिलबहादुर रम्तेलको हत्या गरियो । ११ वर्षको कलिलो उमेरमै उहाँले सहादत प्राप्त गर्नुभयो ।

महेन्द्र श्रेष्ठ- सिन्धुली


जन्म
०२६ असार २६



शहादत
०५५ असोज ४

भू.पू. केन्द्रीय सदस्य

पसिन्द्र पटेल- रौतहट



तत्कालीन केन्द्रीय सदस्य

सम्झना चौधरी - मोरङ

जन्म
०४२ माघ ३



शहादत
०६२ फागुन २२

तत्कालीन केन्द्रीय सदस्य

शरद अवस्थी- कञ्चनपुर

जन्म
०३७ असार २०



शहादत
०६२ साउन २३

भू.पू. केन्द्रीय सदस्य

खण्ड-२

वेपत्ता योद्धाहरूका रचनाहरू

पूर्णप्रसाद पौडेल (विश्वास)



पूर्ण पौडेलको जन्म वि.सं. ०३१ कार्तिक ११ गते बुबा गंगाप्रसाद पौडेल र आमा मोतीमायाको कोखबाट चितवनमा भएको हो । कास्की जिल्ला पोखरा उप-महानगरपालिका-८, नयाँबजार स्थायी ठेगाना भएका निडर र साहसी स्वभावका क. पूर्ण सानै उमेरदेखि कम्युनिष्ट विचारधाराबाट प्रभावित हुँदै अन्याय र अत्याचारको बिरूद्ध लड्दै आउनुभयो । ०४० सालबाटै विद्यार्थी सङ्गठनमा आबद्ध भई पञ्चायती व्यवस्थाको बिरूद्ध आन्दोलनमा सहभागी हुनुभएकै कारण रामशाह माविमा नौ कक्षामा अध्ययन गर्दै गर्दा पञ्चायती भक्त प्र.अ. पुरूषोत्तम सोतीद्वारा उहाँ र उहाँका दाजुलाई निस्कासन गरिएको थियो । अध्ययनको क्रममा ०४५ मा तनहुँको मित्र माविमा भर्ना भई उहाँकै सक्रियतामा अनेरास्ववियूको नामबाट पुस्तकालय स्थापना गर्नुभयो । पछि ०४६ मा कास्की जिल्ला समितिमा जोडिएर सक्रिय हुनुभयो र ०४८ मा नेकपा एकताकेन्द्रको पार्टी सदस्य हुनुभयो । ०४९ मा अनेरास्ववियूको कास्की जिल्ला अध्यक्ष भई विद्यार्थी मोर्चामा सक्रिय भूमिका निर्वाह गर्दै जाँदा ०५२ मा अनेरास्ववियू (क्रान्तिकारी) को तेह्रौं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । सङ्गठनको आवश्यकताअनुसार उहाँ ०५५ बाट बाग्लुङ्ग र म्याग्दीमा रही महत्वपूर्ण भूमिका पूरा गर्दै आउनुभयो । ०५७ मा महासचिव हुनुभएपश्चात् काठमाडौंमा रहेर विद्यार्थी आन्दोलनको नेतृत्व गर्दै आउनुभयो र आन्दोलनको क्रममा पटक-पटक गिरफ्तारी र यातना भोग्दै आउनुभयो । यसरी देश र जनताको लागि अगाडि बढ्दै जाँदा ०५९ बैशाख १३ गते राती १० बजे कथित सुरक्षा फौजद्वारा अन्य साथीहरूसँगै गिरफ्तार गरी हालसम्म बेपत्ता पारिएको छ ।

क्रान्तिकारीहरुको पक्षमा तीव्र ध्रुवीकरणको प्रक्रिया जारी छ

○ वर्तमान राष्ट्रिय परिस्थितिलाई कसरी हेरिरहनुभएको छ ?

प्रतिक्रियावादी राज्यसत्ताको तीव्र विघटन र जनसत्ताको तीव्र विकास एवम् क्रान्तिकारी ध्रुवीकरण नै अहिलेको समग्र विषयवस्तुको केन्द्र हो। यही स्थितिमा अहिले, लामो समयदेखि सीमित, मुट्ठीभर लुटेराहरूले एकछत्र रूपले आफू र आफ्नो वर्गका लागि शासनसत्ता चलाइरहेकोमा ०५२ साल फागुन १ गतेदेखि सुरु भएको जनयुद्धले उत्पीडित जनताले आफ्नो भाग्यको फैसला कसैको दया र मायाले नभई आफैं उठेर गर्नुपर्दछ र संसार उत्पीडितवर्गको नै हो भन्ने सन्देश दिएको छ। शोषक र शोषितवर्गका बीच चलेको तीव्र वर्गसङ्घर्षले नयाँ उचाइमा पुगेर नयाँ शिरावाट टक्कर लिइरहेको छ। प्रतिक्रियावादी राज्यसत्ताको राजनीतिक र फौजी सत्ता सीमित रूपमा प्रत्येक जिल्लाको सदरमुकाम र केन्द्रको राजधानीमा मात्रै सीमित हुनपुगेको छ भने उसको अन्तिम र जगेडा शक्तिको रूपमा रहेको सेना पनि रोल्पाको होलेरीमा उत्रिएपछि शर्मनाक पराजय भोग्न बाध्य भएको छ। उदीयमान शक्तिको रूपमा नेकपा (माओवादी) देखापरेको छ भने सम्पूर्ण संसदीय पार्टीहरू तीव्र विघटन, असन्तोष, कुण्ठा र हीनताले ग्रस्त भएका छन्। पुरानो सत्ता पुरानै तरिकाले चल्नै नसक्ने स्थिति देखिएपछि साम्राज्यवाद र विस्तारवादले आफ्नो गन्हाएको, अत्यन्तै अलोकप्रिय र जनतावाट पूर्णरूपमा तिरस्कृत अनुदारवादी गुटको ठाउँमा तुलनात्मक रूपले उदारवादी गुटलाई सत्ताको कुर्सीमा राखेर आफ्नो सत्तामा आएको चरम सङ्कटलाई केही समयका लागि भए पनि हल गर्ने अन्तिम प्रयत्न गरिरहेको छ। अहिले पछिल्लो चरणमा सत्तासङ्कटलाई हल गर्न वार्ताको नाटक गरिरहेको छ। समग्रमा भन्नुपर्दा कथित प्रजातन्त्रको नाममा आएको फासीवादी संसदीय व्यवस्थाको पतनावस्था र यसका चालकहरूको अन्धकारमय भविष्य तथा जनताको सत्ताको रूपमा विकास भएको जनसत्ताको र यसका पक्षपाती नेकपा (माओवादी)लगायत सम्पूर्ण जनपक्षीय शक्तिहरूको उज्ज्वल भविष्य नै अहिलेको यथार्थ अवस्था हो। यो वाहेकका मध्यमवर्गीय गुटहरू केही समयपश्चात् या त फासीवादी कित्ता या त जनवादी कित्तामा ध्रुवीकृत हुने देखिन्छ। यसैको परिणामस्वरूप आर्थिक, राजनैतिक, सांस्कृतिकलगायत हरेक क्षेत्रमा द्वैध सत्ताको स्थिति हो। 'राज्यसत्तावाहेक सवै कुरा भ्रम हो' भनेझैं द्वैध सत्ताको भीषण टक्करमा हरेक चीजहरू यही विषयवाट केन्द्रित तथा निर्देशित हुने गर्दछन्। कसैको मनोगत आग्रह र पूर्वाग्रहले यो विषयलाई कटाउन चाहेर पनि सक्ने देखिँदैन।

अहिलेको अवस्थामा युद्धविराम र वार्ता प्रसङ्गलाई कसरी हेरिरहनुभएको छ ?

प्रतिक्रियावादी राज्यसत्ताका ठेकेदारहरू वार्तामा आउन बाध्य हुनु वस्तुतः जनयुद्ध र जनताको विजयको द्योतक हो । विश्वमा भएका जातीय, राष्ट्रिय तथा जनमुक्ति आन्दोलनका क्रममा वार्ताहरू हुने गरेका छन् । युद्धविराम दुवै पक्षले घोषणा गरेको देखिए तापनि यसमा फेरि पनि जनताको विजय भएको छ ! जनताको अजेय शक्तिका अगाडि घुँडा टेकेर युद्धविराम गर्न प्रतिक्रियावादी शक्ति तयार भएर आए पनि यसको अन्तर्यमा भीषण लडाइँको लागि आन्तरिक तयारी गरिरहेको गन्ध आएको छ । चाहे वार्ताबाट होस् वा सङ्घर्षबाट, जहाँ कहीं पनि न्याय र सत्यको नै विजय हुने निश्चित छ । साम्राज्यवादी तथा विस्तारवादी शक्तिहरूले आफ्नो अनुहार तथा अलोकप्रिय पात्र गिरिजामार्फत् फासीवादी सत्तालाई बचाउन गरेको प्रयत्न नकामसिद्ध भएको छ । केही समय भए पनि यही सडेगलेको व्यवस्थालाई आफ्नो उदारवादी नोकरलाई तेर्स्याएर बचाउने प्रयत्न अनुरूप देउवा गुट आएको देखिन्छ । यदि देउवा गुटले गिरिजा जसरी नै दमनको माध्यमबाट 'हल'गर्न खोज्ने किसिमले स्थितिलाई अगाडि बढाएमा त्यो भयङ्कर प्रलयकारी हुने निश्चित छ । जनताले अन्तिम लडाइँ लड्नेछन् र इतिहासमा उठ्नै नसक्ने गरी प्रतिक्रियावादी राज्यशक्ति र यसका चालकहरू बढारिनेछन् । सरकार अझै पनि जनविरोधी ऐन-कानुन खारेज गर्नुको सट्टा संसदबाट पास गराइरहेको छ । ठाउँ-ठाउँमा सेना र पुलिसले छापा मार्ने तथा अदालतले छोडिदिएका बन्दीहरूलाई पुनः समात्नेजस्ता प्रक्रियालाई अगाडि बढाएर वार्ता भाँड्न देशी-विदेशी प्रतिक्रियावादीहरूको चालमा सरकारले आफ्नो ताल मिलाएको देखिएको छ । जहाँसम्म हाम्रो सङ्गठनको प्रश्न छ, हामी वार्ताबाट समस्याको समाधान होस् भन्ने पक्षमा छौं । तर, वार्तामा जनघाती काम कुनै पनि पक्षबाट भयो भने त्यो हाम्रा लागि स्वीकार्य विषय हुनेछैन । हाम्रो लागि आन्दोलनको बाटो खुल्ला छ ।

शिक्षा क्षेत्रका समस्याहरूलाई लिएर तपाईंहरूको सङ्गठनले दुईपटक सप्ताहव्यापी हड्ताल तथा बजेटमा शिक्षाका लागि उचित रकमको व्यवस्था बिनियोजन नगरिनुका विरुद्ध एकदिने साङ्केतिक हड्ताल पनि गर्नुभयो । यी आन्दोलनहरूबाट कस्ता उपलब्धिहरू हात लागे त ? आगामी दिनमा कसरी अघि बढ्ने सोंचमा हुनुहुन्छ ?

नेपाली विद्यार्थी आन्दोलनमा देखापरेको क्रान्तिकारी आन्दोलनको संश्लेषित अभिव्यक्तिका रूपमा हाम्रो आन्दोलन अघि बढिरहेको छ । विद्यार्थी आन्दोलनलाई हरदम स-साना मसिना चीजहरूमा सीमित गर्न खोज्ने विचार र प्रवृत्तिलाई परास्त गर्दै वर्गसङ्घर्षको सापेक्षिक अभिव्यक्तिका रूपमा सप्ताहव्यापी हड्ताल भएको छ । हाम्रो हड्तालले सरकारी तथा निजी विद्यालयहरूमा गरी लगभग ७० लाख विद्यार्थीहरूलाई प्रत्यक्षतः प्रभाव पारेको छ भने अर्कोतर्फ शिक्षक, कर्मचारी, अभिभावक हुँदै देशभित्र र विदेशमा समेत हाम्रो सङ्गठन, नेतृत्व र नीति स्थापित भएको छ । विकल्पविहीन रूपमा हाम्रो सङ्गठनलाई यो आन्दोलनले उभ्याइदिएको छ । वर्तमान शिक्षाप्रणालीका कथित ठेकेदारहरूलाई समेत सामान्य टालटुले तरिकाले शैक्षिक जगत् अगाडि बढ्न

सक्तैन भन्ने चेतनावोध गराउन सफल हुनुका साथै जनताको आँखामा छारो हाल्नै पनि कथित आयोगहरू बनाउन सरकार विवश भयो। हाम्रो आन्दोलनकै परिणामस्वरूप नयाँ वोडिङ स्कूलहरू खोल्न रोक लगाइयो। कैयौं ठाउँहरूका वोर्डिङहरूमा शुल्क घटाइएको छ, सरकारी विद्यालयमा निःशुल्क बनाउन सकिएको छ, अनिवार्य संस्कृत शिक्षाको खारेजी, कथित राष्ट्रिय गानको वहिष्कार आदि सङ्घर्षकै उपलब्धी हुन्। अहिले विद्यालयमा अनियमितता गर्नेदेखि लिएर जनविरोधी पाठ्यक्रम बनाउनेसम्म सवैको निदहराम भएको छ। मूलतः विद्यार्थी हक-हित र अधिकारका लागि जुझारु आन्दोलन गर्ने एक मात्र सङ्गठनको रूपमा हाम्रो सङ्गठन स्थापित हुनुका साथै सम्पूर्ण विद्यार्थी सङ्गठनहरू, शिक्षक सङ्घ सङ्गठन, प्याब्सन, एनप्याब्सन र शिक्षा मन्त्रालयका पदाधिकारीहरूलाई हाम्रा मागहरू 'ठीक छन्' भन्ने पार्न सकिएको छ। अब ती पूरा नभएका मागहरू पूरा गराउनतिर केन्द्रित हुनु जरुरी छ। तिनै मागहरू पूरा गराउन हामीले पुनः एकातिर आन्दोलनको घोषणा गर्दै छौं भने अर्कोतिर राष्ट्रिय सम्मेलनलाई आन्दोलनकै रूपमा सम्पन्न गर्न गइरहेका छौं। लाखौं विद्यार्थीहरूलाई उरालेर हामी सरकारलाई दवाव दिई माग पूरा गराउन लगाउनेछौं।

O अखिल (क्रान्तिकारी)ले स्ववियूलाई कसरी लिएको छ ? यसको भूमिका कस्तो हुनुपर्दछ ?

स्ववियूको इतिहास भनेको सङ्घर्षको इतिहास हो। स्ववियूको पृष्ठभूमि सत्ताविरोधी रहिआएको छ। तसर्थ, सत्ताका तावेदारहरूलाई नसियत दिने संस्थाको रूपमा आम विद्यार्थीलगायत शैक्षिक जगतका समस्याहरू हल गर्ने औजारको रूपमा हामीले स्ववियूलाई लिएका छौं। विद्यार्थी हकहित र अधिकारका साथै राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विरुद्ध हुने हरेक षड्यन्त्र, घात र प्रतिघातका बिरुद्ध जुझारु र सम्झौताहीन सङ्घर्षको नेतृत्व गर्दै कयौं रचनात्मक कामहरूमा स्ववियूको भूमिकालाई ढाल्नुपर्दछ भन्ने हामीले सोचेका छौं।

O जति पनि स्ववियूहरू छन्, के तिनीहरू सही ढङ्गले सञ्चालन भएका छन् त ?

उम्कनै नसक्नेगरी संसदीय आहालमा फसेका राजनीतिक पार्टीहरूका जनवर्गीय सङ्गठनको रूपमा रहेका विद्यार्थी सङ्गठनहरूले स्ववियूलाई भ्रष्टाचार र गुण्डागर्दीको अखडाका रूपमा प्रयोग गरिरहेका छन्। आमविद्यार्थीहरूले विभिन्न नामधारी संसदीय चौघेराभित्रका विद्यार्थी सङ्गठनहरूलाई राम्रोसँग चिनिसकेका छन्। त्यसैको परिणामस्वरूप अहिले ती सबै विद्यार्थी सङ्गठनहरूबाट वाक्क-दिक्क हुँदै लाखौं विद्यार्थीहरू अखिल (क्रान्तिकारी)मा गोलवन्द भएका छन्। स्ववियूलाई अहिले कुनै व्यक्तिलाई मन्त्री वा सांसद् बनाउन, जँड्याहाहरूको अखडा वनाउन, भ्रष्टाचारको अखडा बनाउन जसरी विभिन्न संसदीय पार्टीहरूले प्रयोग गरिरहेका छन्, वास्तवमा त्यो उनीहरूकै निमित्त घातक हुने देखिन्छ। साथै, उनीहरूकै तीव्र विघटन हुने र क्रान्तिकारीहरूको पक्षमा तीव्र ध्रुवीकरण हुने पक्कापक्की छ।

○ अखिल (क्रान्तिकारी) को १५ औं राष्ट्रिय सम्मेलन कहाँ, कहिले र कसरी सम्पन्न हुँदैं छ र यसको विशेष महत्व चाहिं केमा छ त ?

हामीले 'फासीवादी सत्ता र शिक्षाप्रणालीका विरुद्ध जुझारु आन्दोलन, जनगणतन्त्रको पक्षमा १५ औं राष्ट्रिय सम्मेलन !' भन्ने मूल नाराकासाथ ०५८ असोज ८-१२ सम्म काठमाण्डौमा १५ औं राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेका छौं। हाम्रो सम्मेलनमा ७५ वटै जिल्लाबाट प्रतिनिधित्व हुने निश्चितप्रायः छ। हाम्रो सम्मेलनको उद्घाटन ८ गते लाखौं विद्यार्थीको वीचमा हुनेछ भने सांस्कृतिक कार्यक्रम, रक्तदान, बन्द-सत्र र घोषणासभा गरी कार्यक्रम सम्पन्न हुनेछ। सम्मेलनमा देशभित्र र बाहिरका भाइचारा तथा अतिथि विद्यार्थी सङ्गठनहरूलाई बोलाइनेछ। सम्मेलनमा नेपाली विद्यार्थी आन्दोलनको संश्लेषित अभिव्यक्ति हुने नै छ। त्यो बाहेक ०५२ साल फागुन १ पश्चात् हाम्रो सङ्गठनले प्राप्त गरेका उपलब्धि र क्षति, दमन र प्रतिरोधजस्ता अनेकौं पक्ष र पाटाहरूको संश्लेषणसहित भावी नयाँ योजना र त्यसलाई कुशलतापूर्वक अगाडि बढाउने कुशल नेतृत्वको समेत चयन गर्ने हुनाले यसको राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्व स्वतः प्रस्ट छ। सम्मेलनका लागि प्रत्येक जिल्लामा प्रचार-प्रसार, आर्थिक सङ्कलन, वैचारिक तयारी, प्रचारसामग्रीहरूको प्रकाशन, व्यवस्थापन पक्ष आदि विविध कामहरू लगभग पूरा हुन लागेको देखिन्छ। साथसाथै अहिले हामी राष्ट्रभरी जिल्ला सम्मेलन हुन बाँकी रहेका जिल्लाहरूमा सम्मेलन सम्पन्न गर्दै अगाडि बढेका छौं।

○ अन्तमा, यस प्रकाशनमार्फत् थप केही भन्न चाहनुहुन्छ कि ?

स्ववियूद्वारा प्रकाशित यस प्रकाशन साँचो अर्थमा उत्पीडित जनताका छोराछोरीहरूका लागि वैचारिक अस्त्र बन्न सफल होस् र यसले एउटा वैज्ञानिक र निर्विकल्प बाटो विद्यार्थीसहित हरेक तह र तप्काका जनतालाई देखाउन सकोस् भन्दै यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

मनोहरा बहुमुखी क्याम्पस स्ववियुको मुखपत्र 'नवसिर्जना'बाट



विपीन भण्डारी (किशोर)



विपीन भण्डारीको जन्म सल्यान जिल्ला थारमारे गाविस वडा नं. चार वागचौरमा वि.सं. ०३७ पौष २३ गते भएको हो । उहाँकी आमा शान्ता भण्डारी र बुबा एकराज भण्डारी हुनुहुन्छ । इमान्दार, साहसी एवम् प्रतिभाशाली विपिनले बिएसम्मको औपचारिक शिक्षा सरस्वती क्याम्पसबाट पूरा गर्नुभयो । ०५० देखि नै विद्यार्थी राजनीतिमा सक्रिय हुँदै आउनुभएका विपिन बालकुमारी मावि, ललितपुरमा अनेरास्ववियू (क्रान्तिकारी) इकाई अध्यक्ष हुँदै ०५४ मा काठमाडौं जिल्ला अध्यक्ष हुनुभयो । यसै क्रममा ०५४ मा अस्कल क्याम्पसबाट गिरफ्तारीमा परी एक महिना हिरासतमा बिताउनुभयो । ०५४ मै अस्कल स्ववियू सह-सचिवमा निर्वाचित हुनुभयो भने ०५८ को १५ औं राष्ट्रिय सम्मेलनबाट अनेरास्ववियू (क्रान्तिकारी)को केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । सोही समयमा नेकपा (माओवादी) जिल्ला सचिवालय सदस्य रही काम गर्दै आउनुभयो । पार्टी र सङ्गठनमार्फत् क्रान्तिको अभिभारा पूरा गर्दै जाने क्रममा उहाँलाई शाहीसेनाले ०५९ असार तीन गते काठमाडौंको सुकेधाराबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको छ ।

प्रतिरोध सङ्घर्षको गौरवपूर्ण इतिहास बोकेको अस्कल

नेपाली जनआन्दोलनको इतिहास नेपाली विद्यार्थीहरूको वीरता र सौर्यले अङ्कित रहेको छ। जव-जव मुलुक अन्यौल, दिशाहीन र सङ्कटग्रस्त वन्न पुग्छ तव-तव विद्यार्थीहरू सचेततापूर्वक आन्दोलनमा उत्रदै आएका छन्। नेपाली विद्यार्थी अन्दोलनको स्वर्णिम इतिहासवाट हामी बुझ्न र जान्न सक्छौं, नेपाली विद्यार्थी आन्दोलन साम्रज्यवाद, प्रतिक्रियावाद, संशोधनवाद र अवसरवादका विरूद्ध अटुट सङ्घर्ष गर्दै कठिन र चुनौतीपूर्ण वाटाहरूवाट अगाडि वढ्दै शासकहरूलाई विद्यार्थीसामु झुक्न वाध्य पारेका छन्। यसरी सञ्चालन गरिएका आन्दोलनको अग्रपङ्क्तिको मोर्चामा रहेर शासकहरूलाई हैरान परेशान गर्दै उनीहरूको आँखाका कसिङ्गर र आमविद्यार्थी तथा जनसमुदायको आँखाको नानी वन्दै आमविद्यार्थीहरूको साथ सङ्गठित आन्दोलन गर्नेहरूको बीचमा अस्कलका विद्यार्थी अग्रणी देखा पर्दछन्। सदैव यथास्थितिवाद र सुधारवादका विरुद्ध आक्रमण गर्दै प्रगतिको आकांक्षा वोक्ने दृढ शक्ति वन्दै आएका क्रान्तिकारी विद्यार्थीहरूको थलो हो अस्कल। विज्ञान र प्रविधि पढ्ने यहाँका विद्यार्थी, अस्कल स्थापनाकालदेखि नै वैज्ञानिक, रोजगारमूलक शिक्षाको साथै न्याय, स्वतन्त्रता, समानता र प्रगतिको पक्षमा उभिएका थिए। चाहे ०३६ सालको ऐतिहासिक आन्दोलनमा र ०४६ सालको जनआन्दोलनमा होस् वा ०५२ सालपछिका दिनहरूका होस्, सरकारी हस्तक्षेपका विरुद्ध प्रतिरोधपूर्ण सङ्घर्षकासाथ आन्दोलनलाई उचाई हासिल गराउन महत्वपूर्ण भूमिका खेलेको छ।

२०३६ सालको ऐतिहासिक आन्दोलन र त्यसपछिका घटनाक्रम

निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध आमजनताको मन उकुसमुकुस भइरहेको वेलामा २०३५ साल चैत २२ (4th April, 1997) मा पाकिस्तानको सैनिक शासक जियाउल हकले त्यहाँका लोकप्रिय नेता जुल्फिकर अली भुट्टोलाई फाँसी दिएको विरोधमा नेपाली विद्यार्थीहरूले २४ चैतमा पाकिस्तानी दुतावासमा विरोध-पत्र दिन जाने निर्णय गरे। यही निर्णयअनुसार २४ गते त्रि-चन्द्र क्याम्पसमा सामन्य आमसभा गरेर विद्यार्थीहरू मौन जुलुसको रूपमा लैनचौरतिर अगाडि वढे तर त्यसवाट सरकार अत्तालिएर उक्त जुलुसमाथि हस्तक्षेप गर्‍यो, थुप्रैलाई घाइते वनायो र गिरफ्तार गर्‍यो। यसवाट विद्यार्थीको आक्रोस झन् थपियो र आमहड्‌ताल र प्रदर्शनहरू अगाडि वढ्दै

गए। मुख्य रूपमा पाकिस्तानी दुतावास जान लागेको जुलुसमाथिको सरकारी हस्तक्षेपको निष्पक्ष छानविन गर्न आयोग गठन, गिरफ्तार गरिएकालाई रिहा गराउनु पर्ने, मण्डले सङ्गठनको खारेजी र स्ववियूको वैधानिकतालगायतका २६ सूत्रीय मागलाई सशक्त कार्यक्रमकासाथ अगाडि वढाइए सम्पूर्ण कार्यक्रमहरू सफलतापूर्वक अगाडि वढिरहेका सन्दर्भमा अस्कल क्यम्पसमा २०३६ साल वैशाख ९ गते विद्यार्थीहरूको आमसभा राखियो। उक्त आमसभा हजारौं विद्यार्थीको माझ सञ्चालन भइरहेको वेला आफ्नै विरोधको आवाज सुन्न नसकी तत्कालीन निरङ्कुश सरकारको भरौटे गुण्डा (मण्डले) र सशस्त्र प्रहरीहरूले हमला गरे। उक्त शान्तिपूर्ण कार्यक्रममाथि अन्धाधुन्द ढङ्गले अश्रुग्याँस र लाठीचार्ज गर्न थाले। विद्यार्थीहरूले पनि केही समय दृढ प्रतिरोध गरे र अन्तमा प्रहरीले आफ्नो शक्ति बढाई अस्कल छात्रावास आफ्नो कब्जामा लियो। छात्रावासमा रहेका विद्यार्थीहरूलाई छात्रवासका हल र झ्यालहरूबाट तल फाल्ने कामहरू गरे। तीन सय जनाभन्दा बढीलाई घाइते बनायो र तीन जानाको त्यहीं हत्या गऱ्यो। त्यहाँ रहेका सामानहरू ऐना, सिसा, क्यासेट, रेडियो फुटाउने र घडी, औंठी, रूपैयाँ आदि सामानहरू लुट्ने जस्ता घृणित कामहरूसमेत गरे। विद्यार्थीहरू र प्रहरीको वीच कैयौं ठाउँहरूमा दोहोरो सङ्घर्षहरू भए। गिरफ्तार गर्दै कैयौंलाई वर्वर यातनासाथ हिरासतमा राखियो र बर्वर दमन र वीरतापूर्ण प्रतिरोधको क्रममा छात्रावासको आँगन विद्यार्थीहरूको रगतले रातै भएको थियो। त्यक्रममा अस्कलका विद्यार्थीहरूलाई आम जनताले पनि अपार माया, श्रद्धा र समर्थन गरिरहेका थिए। कतिपय महानुभावले ५० औं जनालाई आफ्नो घरमा लुकाए । कतिपय महिलाहरूले रक्ताम्य भएका विद्यार्थीहरूको टाउकोमा आफ्नो साडी च्यातेर पट्टी बाँधिदिए। अस्कलमा भएको यो घटनामा विद्यार्थीहरूको वहादुरीपूर्ण सङ्घर्ष र अन्य तहका जनताको त्यसमा समर्थनले सङ्घर्षशील एकताको नयाँ अङ्कुरण गरेको थियो। त्यसकारण प्रत्येक वर्ष यही घटनाको सम्झनामा अस्कलका विद्यार्थीहरूले बैशाख नौ गतेलाई 'अस्कल डे'का रूपमा मनाउँदै आएका छन्। अस्कलमा घटेको उक्त घटनाले सम्पूर्ण क्याम्पसका विद्यार्थीहरूलगायत जनतामा एउटा सङ्घर्षको ज्वारभाटा ल्यायो। पञ्चेहरूभित्रै पनि अन्तर्विरोध चर्काइदियो र उनीहरू पनि अस्कलकाण्डको न्यायिक जाँचको माग गर्न बाध्य भए। करिव एक महिनाको भीषण प्रतिरोध आन्दोलनपछि उक्त सङ्घर्ष समितिका कथित नेताहरू वलवहादुर के.सी. (ने.वि.संघ), शरणविक्रम मल्ल (प्रगतिशील) र कैलाश कार्की (नेराविफे)ले जेठ सात गते शाही आयोगसँग सम्झौता गरेर आन्दोलनलाई धोका दिए। प्रतिक्रियावादीसँग आत्मसमर्पण र सङ्घर्षप्रति गद्दारी गरे। त्यस प्रकारको गद्दारीका विरुद्ध आमविद्यार्थी पुनः जुरमुराएर जेठ नौ गते अस्कलमा आमसभाको आयोजना गरे। उक्त आमसभामा दुई जना गद्दारहरू शरणविक्रम मल्ल र वलवहादुर के.सी.लाई उपस्थित गराइयो (तर कैलाश कार्की भाग्न सफल भयो)। आम जनसमुदायले ती गद्दारहरूलाई स्पष्टीकरण लिंदै जनताका आँखामा छारो हाल्न खोज्नेलाई पर्दाफास गर्ने निचोडमा पुग्दै तिनीहरूलाई मुखमा कालोमोसो पोती जुत्ताको माला लगाई बोरा ओढाएर ठेलागाढामा राखी सहर घुमाउन लगियो। अस्कलबाट सुरु भएको उक्त जुलुशमा ५० औं हजारको उपस्थिति थियो। जुलुस न्यूरोड

गेटमा आइपुग्दा पुलिसले अश्रुग्याँस, लाठी प्रयोग गर्दै हस्तक्षेप गऱ्यो। आफ्नो ज्यू-ज्यानको वाजी लगाएर सङ्घर्षको मैदानमा उत्रिसकेका लडाकु जनताहरूले पनि पुलिस र सेनाको विरुद्धमा प्रतिरोध गरे। घण्टौंसम्मको दोहोरो प्रतिरोधपछि सेनाले गोली चलायो र कैयौं जनताहरू घाइते भए कतिपयको तत्काल मृत्यु भयो। त्यसपछि काठमाण्डौं उपत्यकाभरी नै सैनिक कर्फ्यू लगाइयो। जनताहरूको वीरतापूर्ण सङ्घर्षदेखि आत्तिएर देशका शासकहरूले रातारात विदेशी साम्राज्यवादीहरूलाई गुहारी उनीहरूकै मिलेमतोमा आन्दोलनलाई दवाउन २०३६ जेठ १० गते जनमत सङ्ग्रहको घोषणा गरे। निर्विकल्प भनिने पञ्चायती व्यवस्थालाई विकल्पको रूपमा वहुदललाई अघि सारी एक कदम पछाडि हट्न पञ्चायती शासक वाध्य भयो। जेठ १० गतेको घोषणापछि केही विद्यार्थीहरूका माग पनि पूरा भए। त्यसलाई न्यायप्रेमी विद्यार्थीहरूले सीमित उपलब्धिका रूपमा लिएका छन्। यहाँनेर हामीले के वुझ्नु पर्छ भने उक्त सीमित उपलब्धिको पछाडि बैशाख ९ र जेठ ९ गतेको अस्कलमा प्रतिरोधपूर्ण सङ्घर्ष महत्वपूर्ण स्थानमा रहन सफल भएको छ।

त्यसभन्दा पछिका दिनहरूमा पनि अस्कलमा आन्दोलन अग्रस्थानमै रह्यो। २०४२ सालमा पनि विद्यार्थीहरू सडकमा उत्रिएका थिए तर उक्त आन्दोलनले कुनै दिशा हासिल गर्न सकेन र २०४५ सालको अन्तिमवाट विद्यार्थी आन्दोलनले गति पाउन थाल्यो। २०४५ साल चैत्र १० गतेबाट भारतीय विस्तारवादले नेपाललाई आर्थिक नाकावन्दी गरेपछि तत्कालीन अ.ने.रा.स्व.वि.यू.का तीन पक्ष (पाँचौंवाहेक) मिली वनेको को-अर्डिनेशन कमिटीले चैत्र १८ गते त्रि-चन्द्र कलेजमा विशाल विरोधसभा गरी भारतीय राजदूतावासमा विरोध-पत्र प्रस्तुत गरे। चैत्र २० गते सम्पूर्ण क्याम्पसका हजारौं हजार विद्यार्थीहरू बिहानैदेखि सडकमा उत्री विरोध प्रदर्शन गरे। दिउँसो ल क्याम्पसमा भेला भई विरोध प्रदर्शन गर्दै १२ बजेको समयमा अस्कल आइपुग्दा फासिष्ट पञ्चायती सरकारका पुलिसहरूले चौतर्फी रूपबाट आक्रमण गरे। अस्कल क्याम्पसमा ठूलो भीडन्त भयो। विद्यार्थीहरू घेरा तोड्दै भिड्दै त्रि-चन्द्रको सभामा सहभागी बने। सयौं विद्यार्थी गिरफ्तार भए। दोहोरो भिडन्त चलिनै रह्यो। यसमा अस्कलले उल्लेखनीय भूमिका निर्वाह गऱ्यो। आमहड्ताल, जुलुस प्रदर्शन आदि सम्पूर्ण सङ्घर्षको रूपहरूमा अस्कलका विद्यार्थीहरूले उत्साहपूर्ण सहभागिता देखाए। २०४६ साल फागुन ८ गतेको नेपाल बन्द, १३ गतेको जुलुस र प्रहरीसँगको भिडन्त, चैत्र १ गतेको नेपाल बन्द, छ गते पञ्चायती पुत्ला जलाउने कार्यक्रममा अस्कलका विद्यार्थी अग्रिम पङ्क्तिमा रहन सफल भए। यसैगरी चैत्र ६ गते अस्कलका क्याम्पस प्रमुखले प्रहरी हस्तक्षेपका विरूद्ध तीन दिन क्याम्पस बन्द गर्ने विरोध-पत्र त्रि.वि.वि.मा दिनाले त्यहाँका विद्यार्थीको चाहना, रूची र जुझारूपनालाई स्पष्टसँग बुझ्न सकिन्छ।

२०४६ चैत्र १२ गते अस्कल क्याम्पसमा विद्यार्थीहरूले राखेको सभा र जुलुसमाथि प्रहरी हस्तक्षेप हुँदा दोहोरो भिडन्त भएको थियो। उक्त भिडन्तमा पनि विद्यार्थीहरूले राइफलबाट सुसज्जित प्रहरीहरूसँग ढुंगाका भरमा प्रतिरोध गरेका थिए। त्यसपछि १३ र १५ गते पनि क्याम्पसमा सभा, जुलुस भइरहयो र त्यहाँबाट सयौं विद्यार्थीहरू गिरफ्तार भए। त्यसपछिको निर्णायक मोड (१७-२४) मा पनि सशक्त सहभागिता,

त्यहाँका विद्यार्थीहरूले प्रदर्शन गरे, चैत्र २४ गते राजा महेन्द्रको शालिकमाथि चढेर जुत्ताको माला लगाई राजदण्ड भाँच्ने र टाउको भाँच्ने क्रान्तिकारी योद्धा अस्कलका विद्यार्थी भएको कुरा पनि उक्त जुलुसमा सहभागीहरूवाट सुन्न पाइन्छ (तर उक्त घटनाको आधिकारिक प्रमाण भने छैन)।

२०५२ सालपछिको स्थिति

२०५२ सालवाट देशमा आन्दोलन र सङ्घर्षका स्वरूपहरू परिवर्तन भएपछि वा सशस्त्र आन्दोलनको सुरुवातवाट देशका सम्पूर्ण क्रान्तिकारी युवाहरूमा नयाँ जोश, जाँगर र उत्साह थपिएको महसुस भएको छ। राजनैतिक निराशाले एक हदसम्म विद्यार्थी र जनतामा पारेको प्रभावलाई त्यसपछिका दिनमा जुन उत्साह थपिएको छ, त्यसको अपवाद अस्कल रहेको छैन। स्वभाविक रूपमा अस्कलका क्रान्तिप्रेमी, आन्दोलन र सङ्घर्षप्रेमी विद्यार्थी त्यसप्रति सहानुभूति राख्ने, नैतिक समर्थन गर्ने क्रम गुणात्मक रूपमा वृद्धि भयो। २०५२ सालदेखि यता भएका शिक्षण संस्था हड्ताल, उपत्यका वन्द, नेपाल वन्द, चक्का जाम, अर्थात् विद्यार्थी हक-हित र अधिकारको साथै देश र जनताको पक्षमा भएको हरेक आन्दोलनको सक्रिय सहभागिता रहेको छ। जसले गर्दा अस्कल, शासकहरूको आँखामा कसिङ्गरको रूपमा देखिन थाल्यो। ०५२-५५ सालतिर दमन अभियानकै अर्को अङ्गको रूपमा ने.वि. संघलाई गुण्डागर्दीमा उतारी न्यायप्रेमी विद्यार्थीमाथि आफ्नो दबाब कायम गर्न खोज्यो। २०५५ मंसिरको अन्तिम हप्तातिर ने.वि. संघको गोरखाका पूर्व नेता (स्थानीय गुण्डा नायक) श्याम सुन्दर श्रेष्ठको हत्याले ने.वि. संघ उग्ररूपमा देखा पर्दै उक्त हत्याको विरोधमा एक दिन सम्पूर्ण शिक्षण संस्था वन्दको आह्वान गऱ्यो। उक्त दिन यस अस्कल क्याम्पसका विद्यार्थीहरूले क्याम्पसमा आफ्नो पढाइलाई शुचारू वनाए। त्यपछि अझ उग्र भएको उपत्यकाभरिका गुण्डा जमातलगायतका सरकारी भिजिलान्तेहरूको प्रतिरोध गरी अस्कलको गरीमालाई अझ उँचो बनाए। त्यसलाई सहन नसकी तत्कालीन सरकारको ठाडो आदेशमा २०५५ पुस २ गते बिहान ५:४५ वजे अस्कल छात्रावासमा सम्पूर्ण विद्यार्थीहरू सुतिरहेको अवसर पारेर सयौंको सङ्ख्यामा रहेका दंगा प्रहरीले हस्तक्षेप गरी एक सय १६ जना विद्यार्थीहरूलाई गिरफ्तार गर्नुका साथै ५० औंलाई घाइते बनायो। विद्यार्थीहरूका रूपैयाँ, घडी लुट्नेलगायत हजारौं मूल्य बराबरको धनमालको क्षति गरायो। यसरी विद्यार्थीहरू सुतिरहेको मौका छोपी गिरफ्तार गर्ने, यातना दिने कुराको विरोध गर्दै त्यस घटनापश्चात् हजारौं विद्यार्थीहरूले जुलुस प्रदर्शन आमसभा, चक्काजाम जस्ता कार्यक्रमबाट प्रतिरोध गरे। त्यहाँका विद्यार्थीले दिउँसो गरिने सरकारी हस्तक्षेपको सहज प्रतिरोध गर्ने सम्भावनावाट भयग्रस्त भई सरकारले राती हस्तक्षेप गर्ने गरेको छ।

विशेषत: २०५२ सालपश्चात् आम रूपमा हुने विद्यार्थीमाथिको शोषण, दमन र उत्पीडनको विरोधमा आवाज उठाउने, सङ्घर्ष गर्ने कुरामा अखिल (क्रान्तिकारी) नेतृत्व स्थानमा छ। चाहे त्यो वैचारिक योजनामा होस् वा भौतिक योजनामा। २०५६ पौष ६-९ मा वीरगञ्जमा भएको अखिल (क्रान्तिकारी) को राष्ट्रिय भेलाले प्रतिरोध

सङ्घर्षलाई प्राथमिकताकासाथ क्रियात्मक नाराका रूपमा अगाडि वढाएको छ। २०५६ मंसिर अन्तिममा पृथ्वीनारायण क्याम्पस पोखराको प्रतिरोध, इलाम, झापा, सुर्खेत, काठमाडौं, चितवनलगायतका जिल्लाहरूका जिल्ला सम्मेलन र स्वागत कार्यक्रममा भएको प्रतिरोध आन्दोलन उल्लेखनीय छ। ०३६ सालमा अस्कलले देखाएको प्रतिरोध आन्दोलनको दिशालाई अखिल (क्रान्तिकारी)ले उच्च मूल्याङ्कन एवम् कदर गर्दै आफ्नो रणनीति प्रतिरोध आन्दोलनअनुरूप वनाएको छ। राष्ट्रिय भेलाले संकल्पको रूपमा प्रतिरोध आन्दोलनलाई अघि वढाउँदै पारित गरेको मूल नारा यस प्रकार छ - 'शैक्षिक विसंगति, जनहत्या र राष्ट्रघात विरुद्ध प्रतिरोध आन्दोलन, जनवादी शिक्षाको अभ्यास सहित विशाल र लडाकु सङ्गठन।'

अब अखिल (क्रान्तिकारी)ले विद्यार्थीको प्रतिरोधलाई विष्फोटमा बदल्न आफ्ना योजनाहरू बनाइरहेको छ। ०३६ र ०४६ सालको स्थिति हालको स्थितिसँग तुलना गर्ने हो भने धेरै भिन्नता पाइन्छ। दुश्मनको अथवा प्रतिक्रियावादी सरकारको दमन अभियान पनि गुणात्मक रूपमा बढिरहेको छ। जनताले चलाएको न्यायपूर्ण आन्दोलनलाई तहस-नहस पार्नको लागि प्रतिक्रियावादी सत्ताले राजनैतिक रूपमा 'भ्रम छर र फुट पार', फौजी रूपमा 'घेरा हाल र सखाप पार'को नीति अन्तरगत भीषण दमन अभियान सञ्चालन गर्दै आएको छ। ग्रामीण इलाकाहरूलाई घेराबन्दी गरी सयौंको सङ्ख्यामा हत्यारो दल गाउँमा पसी निर्दोष र निहत्था जनताको हत्या गर्ने, महिलाको अस्मिता लुट्ने, नाङ्गो पारी गाउँ घुमाउने, सामूहिक वलात्कार गरी हत्या गर्ने, राजनेताहरूको हत्या गर्ने, जनताको सम्पत्ति लुट्ने, गाउँ वस्तीहरूमा आगो लगाउने, क्रुरतापूर्वक तड्पाई-तड्पाई मार्ने र टाउको काटी झोलामा वोकेर हिंड्ने, स्कूलमा पढ्न गएका विद्यार्थी तथा शिक्षक, घाँस दाउरा, मेलापात गएका महिलाहरू, खेतवारीमा काम गरीरहेका किसान, घरमा वसिरहेका शिक्षक तथा विद्यार्थीलगायतका जनसमुदायको हत्या गर्ने, विद्यालयको अभिभावक भेला तथा विवाहमा जान लागेको जन्तीहरू, घर गोठ-आँगनमा बसिरहेका जनसमुदाय, सांस्कृतिक कार्यक्रम हेरिरहेका जनसमुदाय, सांस्कृतिक कलाकारहरूको सामूहिक हत्या गर्ने जस्ता अत्यन्तै नीच र घृणित हत्या अभियानहरू चलाइरहेको छ। काठमाण्डौं जस्तो ठाउँवाट दिनदहाडै डकैती शैलीमा नागरिकहरूलाई बेपत्ता पार्ने गरेको छ।

दुश्मनको दमन अभियान तीव्रताका साथ विकास हुँदा न्यायप्रेमी विद्यार्थीहरूको काँधमा त्यही तीव्रतामा दायित्वहरू थपिएका छन्। प्रतिक्रियावादीहरूले चलाएको 'भ्रम छर र फुट पार' का विरूद्ध 'भ्रमको घेरा तोड र प्रतिरोध गर' को नीतिअनुसार त्याग, वलिदान र उत्सर्गको साथमा भीषण प्रतिरोध आन्दोलनको आश्यकताको महशुस भएको छ। हालसम्म उक्त आन्दोलनलाई घनीभूत रूपमा ग्रामीण इलाकाहरूले चलाइरहेका छन्। तर अबका दिनमा शहरिया प्रतिरोध आन्दोलनको खाँचो छ। त्यसकारण काठमाडौंलगायतका शहरी क्षेत्र अब आन्दोलनमय हुन आवश्यक छ। २०३६ साल र २०५६ मा देखाएको वहादुरी अस्कलले अबका दिनमा अझ परिस्कृत र विकसित रूपमा आन्दोलनका मैदानमा देखाउन आवश्यक छ।

मुख्य रूपमा अस्कलमा रहेका स्थानीय स्तरका गुण्डागर्दीको समस्या, अपर्याप्त भौतिक सुविधा, शिक्षक र कक्षा सञ्चालनका समस्यालाई स्थानीय सङ्घर्षको माध्यमबाट हल गरिनुपर्छ त्यसका लागि अस्कलका विद्यार्थीहरूले आफ्नो क्षमताको प्रदर्शन गर्नुपर्ने आवश्यक भएको छ। त्यस्तै राष्ट्रिय रूपमा जनहत्या, राष्ट्रघात महङ्गी, शैक्षिक विसङ्गति, निजीकरण र व्यापारीकरणलगायतको तमाम समस्याहरूका विरुद्ध पनि अस्कल आन्दोलनको मैदानमा होमिनु पर्ने बेला आएको छ।

आन्दोलनमा सहभागी हुने कुरामा अस्कल गुणात्मक क्षमता विकासका साथसाथै अग्रपङ्क्तिमा रहने छ भन्ने हाम्रो विश्वास छ। किनभने अस्कलको छात्रावासको आँगनमा ०३६ सालमा बगेको रगत अझै आलै छ। ०४६ सालमा आफ्नो सहयात्री, सहपाठी साथीलाई भौतिकरूपमा अफूबाट अलग गराएको अनुभव छ अस्कलसँग। ०५५-०५६ सालमा छात्रावासको प्रहरी हस्तक्षेपमा पारिएका आफ्नै शरीरका नील डामहरूले दुख्न छाडेका छैनन्। एउटा अत्यन्तै मिलनशार, जुझारू र लडाकु विद्यार्थी नेता सहिद सोमबहादुर थापाको त्याग र दृढता छ अझै अस्कलसँग। यी तमाम शक्तिहरूको साथमा अस्कल नयाँ दायित्वबोधका साथ आन्दोलनको आँधीबेहरीमा होमिन कम्मर कसिरहेको छ।



भ्रम र वास्तविकताहरु

क्रान्ति र प्रतिक्रान्तिवीचको भीषण टकरावसँगै हाल देशको राजनीति अगाडि वढिरहेको छ । जनयुद्धको साढे छ वर्षको समयसँगै नयाँ-नयाँ उचाइ ग्रहण गर्दै नेपाली भूमिमा सर्वहारावर्गको राज्यसत्ताका भ्रूणहरूको विकास भइरहेको छ र सुनौला सम्भावनाका ढोकाहरू खुल्दै गएका छन् । हजारौं नेपाल आमाका सर्वोत्तम छोरा छोरीहरूको वलिदान, करोडौं जनताको अटल आस्था, विश्वास र सहानुभूतिसहित लाखौं वीर योद्धाहरू, जनयुद्धलाई विजयको शिखरमा पुऱ्याउन दृढ रहेका छन् जसको फलस्वरूप देशका कयौं भू-भागहरूवाट प्रतिक्रियावादी सत्ताका रक्षक दरवारिया सेनाहरू पछिहट्न वाध्य भएका छन् । यसरी जनताको शक्तिवाट झापड खाएर राष्ट्रभरी तिरष्कृत हुँदै आएको प्रतिक्रियावादी सरकार हाल साम्राज्यवादी सहयोगको आशामा आफ्नो लुटको व्यवस्था टिकाउने सपनामा मनका लड्डु खाई आत्मसन्तुष्टी प्राप्त गरिहेको छ । भित्री हृदयदेखि जनताको अजेय शक्तिवाट हार खाने स्थितिलाई वुझिसकेको दरवारिया सेनाले आफूलाई प्रचारमा अत्यन्त शक्तिशाली भन्दै विभिन्नखाले भ्रमको खेती गरिरहेको छ । जसवाट शहरिया क्षेत्रमा रहेका जनतलाई भ्रमको केही असर परेको हुन पनि सक्दछ ।

यहाँ हामीले वुझ्नुपर्ने कुरा के छ भने यसरी हत्यारो सेनाले भ्रम छर्नुमा आफूभित्रको सङ्कट र त्यसको प्रभाव विस्तार हुँदै जानु हो । मूलरूपमा जनयुद्धको प्रारम्भदेखि नै एउटा भ्रम निरन्तर रूपमा प्रचारित हुँदै आएको छ कि माओवादी पार्टीभित्र तीव्र र अस्वस्थ अन्तरसङ्घर्ष छ र फुटको सङ्घारमा पुगेको छ । यसमा पात्रहरू भने उनीहरूले बदलिरहेका छन् । कहिले प्रचण्ड र वावुरामवीचको विवाद, कहिले प्रचण्ड, वाबुराम, किरण र वादलसँगको विवाद त, कहिले राजनीतिक पक्ष र फौजी पक्षबीचको विवाद आदि । यसरी कृत्रिम रूपमा अफू संलग्न नरहेको र आफूलाई जानकारी नभएको पार्टीभित्रको विवादवारे प्रचार गर्नुमा कुनै तुकविनाका दुईवटा स्वार्थ रहेका छन् । एउटा साँच्चै फुट भैहाले आफ्नो लुटलाई जारी राख्न पाइने स्थिति र अर्को भनेको आफूभित्रको चरम फुटलाई ढाकछोप गर्ने भद्दा प्रयास हो । दरवारभित्र रहेको चरम विवाद लुकाउन दरवारले धेरै प्रयास गऱ्यो । त्यसैमा उसले पनि माओवादीभित्रको विवादको हल्लालाई वढाउने वातावरण बनायो । तर, अन्ततः उनीहरूले आफ्नो फुट लुकाउन सकेनन् र परिणाम ०५८ जेष्ठ १९ ले देखायो । त्यस्तै दरबार संसदबीचको विवाद पनि लुकाउने थुप्रै प्रयास भए तर त्यसको परिणामका अंशहरू हाल (०५९ जेठ) देखिदै छन् । यसरी आफूभित्र रहेका

विसङ्गती र विकृतिहरूलाई लुकाउन ती विसङ्गतीहरू माओवादीभित्र रहेको भनेर प्रचार गर्दै छन् ।

सरकार माओवादी बीच वार्ता भइरहेको वेला वार्ता विथोल्ने कार्यमा सिङ्गो दरवारिया सेनाहरू लागे । एकिकृत विकास कार्यक्रमको नाममा गाउँ-गाउँमा आतङ्क सिर्जना भयो । स्याङ्जा, गोरखामा माओवादी कार्यकर्ताको हत्या गरियो । देशका विभिन्न भागमा वार्ताकै अवधिमा सेनाको निर्देशनमा व्यापक गिरफ्तारी भयो । काठमाडौंमा रहेको अनेरास्ववियू (क्रान्तिकारी)को केन्द्रीय कार्यालयमाथि हस्तक्षप भयो । कार्यालयमा रहेका नेता कार्यकर्ताका गिरफ्तारी र कार्यालय सामग्रीहरू तोफोड भए । वार्ता टोलीका नेता अग्नि सापकोटालगायतलाई गिरफ्तार गरी अनावश्यक आतङ्क सिर्जना गरियो । जिल्ला-जिल्लामा भएका आमसभा विथोल्ने धेरै प्रयास भए । काठमाडौंमा हुने भनिएको असोज ५ गतेको आमसभा र अनेरास्ववियू (क्रान्तिकारी)को राष्ट्रिय सम्मेलन गर्न नदीन सम्पूर्ण जुलुस, सभा निषेध गर्न लगाइयो । यति हुँदाहुँदै पनि वार्तावाट जनताका पक्षमा थोरै भए पनि उपलब्धी लिने विश्वासका साथ माओवादी पार्टीले धैर्यता गऱ्यो । तर, वार्तालाई पनि सकारात्मक दिशामा एक कदम पनि अगाडि नवढाउने र उल्टै सेनाद्वारा भीषण दमनको योजना वनाइरहेको स्थिति बुझेपछि माओवादी पार्टी वार्तावाट फर्कियो र अझै के पनि भनिरहेको थियो भने वार्ता र संवादवाट समस्याको समाधान निकाल्न तयार छौं र यसका लागि सरकारबाट इमान्दारीपूर्वक पहल गर्नुपर्दछ तर प्रचार के भयो भने 'हठात रूपमा माओवादीले वार्ता त्यागे', 'धोकेवाज', 'विश्वासघाती' आदि भनियो । के वार्तामा बोलाएर भित्रभित्रै सैनिक दमनको योजना वनाउँदै ५० औं हजार जनताको नरसंहार गर्ने योजनामा लागेको हत्यारो दरवारिया सेना चाहिं इमान्दार, विश्वासिलो ! अनि जो वार्तावाट समस्याको निकासको पक्षमा छौं भनिरहेका छन् त्यो चाहिं धोकेवाज ! विरालोलाई झ्याल, ढोका थुनेर मार्न खोजेपछि विरालोले घाटी समाउँछ भन्ने कथा सरकारले पढेको थिएन । त्यसैका परिणाम हुन् दाङ, अछाम, गामलगायतका घटनाहरू ।

माओवादी पार्टीमा लागेपछि छोड्न पाइँदैन र लाग्दा पनि जवर्जस्ती लगाइन्छ भन्ने प्रचार सरकारी रेडियो, टिभीमा सुनिन्छ । अहिलेसम्म कुनै यस्तो उदाहरण हामीले देखेका छैनौं कि माओवादीले जवर्जस्ती आफूसँग लगेर हिंडाएका छन् भन्ने । के जवर्जस्ती हिंडाएको मान्छेले आफ्नो सवभन्दा महत्वपूर्ण भौतिक शरीर अरूको लागि त्याग्न सक्छ ? सहिदको पङ्क्तिमा उभिने कुरालाई स्वीकार्न सक्छ ? निश्चय पनि यो सम्भव हुन सक्दैन । कसैले पनि कसैको दवावमा, करकापमा, लोभलालचका आधारमा क्रान्तिको वाटोमा होमिन सक्दैन । यो उसको वैयत्तिक स्वतन्त्रता हो । आफ्नो रुचिविना क्रान्तिमा, युद्धमा लागिरहनुपर्छ भन्ने छैन । वर्गसङ्घर्ष, जनमुक्ति क्रान्तिमा सहभागी हुन विचार चाहिन्छ । वरु ठीक उल्टो हत्यारो शाहीसेनाभित्र भने जवर्जस्ती लगाउनेदेखि आफ्नो इच्छामा छोड्न नपाउने हुने गरेको छ । दवाव, लोभ, लालच, करकाप, प्रतिष्ठा आदि कुराहरू भने हत्यारो शाहीसेनाको गुटभित्र हुने गर्छन् । हाल कसैले एउटा उदाहरण दिन सक्छ ? कि शाहीसेना प्रहरीभित्रका विभिन्न दर्जाका सेना प्रहरीले विभिन्न वहानामा दिएको हजारौं राजीनामाका पत्रहरू कुनै स्वीकृत भएका

छन् ? अपवादमा शाह, राणावाहेक कसैको पनि राजीनामा स्वीकृत भएका छैनन्। जसको कारण शाहीसेना, पुलिसमा कार्यरत थुप्रै मान्छेहरू विदेशमा कामदारको रूपमा उडिसकेका छन्। जसका प्रमाणहरू काठमाडौंका वैदेशिक रोजगारसम्वन्धी कार्यालयहरूका फाइलमा रहेका छन्। उता माओवादीभित्र भने कोही पूर्णकालीन कार्यकर्ताले अव म सक्दिनँ, विविध समस्या आइपरे भनेको खण्डमा अल्पकालीन कार्यकर्ता, शुभचिन्तक, समर्थक भएर वसेको आफ्नो व्यवहारिक जीवन, घरव्यवहार सम्हालेर वसेका कयौं उदाहरण सम्पूर्ण जनताका अगाडि नै रहेका छन्। अरू सामान्य घटनाको त कुरै छोडौं एउटा विशिष्ट उदाहरण नै लिऔं, क्रान्तिवाट डराएर, भागेर, जनयुद्धप्रति विषवमन गर्दै हिंडेका पुष्कर गौतम, भरत दहालमार्काका मान्छेहरूलाई पनि माओवादी पार्टीका सेनाले जनयुद्ध छोडेको आधारमा कारवाही गरेको हामी कसैले सुनेका छैनौं र त्यही आधारमा मात्रै कारवाही भयो होला भनेर सोंच्न सकिने स्थिति पनि छैन। तर शाहीसेना, प्रहरीको जागिर छोडेर तिनका जवानहरूले स्वेच्छाले सामान्य जीवन निर्वाह गर्न किन पाइरहेका छैनन् र किन राजीनामा स्वीकृत भएको छैन ? काठमाडौं आएका सेना-पुलिसहरू किन सैनिक र प्रहरीका हिरासतमा आफ्नो ज्यान जाने त्रास वोकर लुकिरहेका छन् ? यी तमाम प्रश्नहरूले भनिरहेका छन् कि जवर्जस्ती युद्धमा कसले लगिरहेको छ ?

'माओवादीहरूसँग भएको भिडन्तमा थुप्रै माओवादीहरू मारिए तर उनीहरुले मारिएका आफ्ना साथीहरूको टाउको काटेको हुनाले सनाखत हुन सकेन, घाइते माओवादीलाई उनीहरूकै साथीहरूले टाउको काटेर मारे' लगायतका समाचारहरू शाहीसेनाको सुगा रेडियो, टिभीले भन्ने गरेका छन्। यसको पनि यथार्थतिर जाने हो भने ठीक उल्टो स्थिति रहेको छ। माओवादीले त आफ्ना घाइते साथीहरूको उपचारको निम्ति सवै उपायहरू अपनाई निको वनाएका धेरै उदाहरण र प्रमाणहरू छन्। उल्टो हत्यारो सेनाभित्र भने आफ्नै साथीहरूको हत्या गरेका प्रशस्त उदाहरणहरू छन्। जेठ १९ गतेको घटनाकावेला कति सेनाहरू मारिए आफ्नै सेनाद्वारा ? दोलखाको मेजरलाई कसले माऱ्यो ? शाहीसेनाले तथ्य र स्पष्ट उत्तर दिन सक्छ ? कति सेनाहरू युद्धमा नजाने र सामान्य जीवन निर्वाह गर्छु भन्दा सैनिक हिरासतमा रहेका छन् ? वास्तविक तथ्याङ्क सार्वजनिक गर्न सक्छ शाहीसेनाले ? शाहीसेनाभित्र अनुशासन र सामूहिक भाव ज्यादै नगन्य छ। शाहीसेनाकै अफिसर र जवानहरू माओवादीलाई सूचना पुऱ्याइरहेका छन् भन्ने कुराहरू वजारमा नै छन्।

'व्यक्ति हत्याको राजनीति माओवादीले गरेका छन्' भन्ने शाहीसेनाका सुगाहरू गाइरहेका छन्। हत्यारो राजनीति त सरकारले गरिहेको छ, हत्या, आतङ्क र त्रासको आधारमा सत्ता टिकाउने प्रयास गरिरहेको छ। हामीले सुनेअनुसार माओवादीले कुनै एक व्यक्तिमाथि भौतिक कारवाही गर्दा धेरै चरण पार गरेर गर्दछन्। जस्तो चिठी, चेतावनी आदि। त्यसपछि पनि नमानेमा र अन्य माओवादीको हत्यामा संलग्न भएमा त्यस्तालाई मृत्युदण्ड दिन्छन्। जसले गर्दा ऊ एक जनाको मृत्युवाट दर्जनौं क्रान्तिकारीहरूको सुरक्षा हुन सकोस्। तर, सरकारले त सामान्य मानिसहरूलाई मारिरहेको छ। उपत्यका वाहिरको कुरै छाडौं, भित्रै पनि चागलमा फागु खेलिरहेका मान्छेलाई सेनाले गोली हानी हत्या गऱ्यो। थानकोटमा लाटो मान्छेलाई आफूसँग

जिस्किएको निहुँमा मा-यो । टोखामा सामान्य किसान कान्छा डङ्गोल नामका मानिस सेना आएको देखेर डराएको भरमा ३/४ दिनको यातनापश्चात् मारियो । देशभरिको कुरा गर्ने हो भने कालिकोटमा बाटो खनिरहेका, धादिङ्ग खोलामा माछा मारिरहेका गाउँलेहरूलाई माओवादी भएको आशङ्कामा हत्या गरियो । दाङमा त्रिखण्डी मागेको भरमा ११ जना किसानको एकै चिहान भयो । हाम्रै सङ्गठनका केन्द्रीय सचिवालय सदस्य ऋषि घिमिरे, भू.पू. उपाध्यक्ष ज्ञामप्रसाद चालिसेलाई गिरफ्तार गरेको महिनादिनपछि हत्या गरियो । चीनियाँ काजी, अनिश शाक्य, दिलवहादुर रम्तेललगायतका विद्यार्थीहरूको हत्या किन र कसले ग-यो ? यी लगायतका तमाम घटनाहरूले व्यक्ति हत्याद्वारा लुटको तन्त्र टिकाइराख्नमा को लागिपरेको छ भन्ने कुरा प्रस्टसँग बुझ्न सकिन्छ ।

आफ्नो ढङ्गले स्वतन्त्र विश्लेषण गरेको आधारमा काठमाडौंबाट पत्रकार श्याम श्रेष्ठ, गोपाल बुढाथोकीलगायतकालाई आतङ्कित बनाएका घटना जनताले देखेका छैनन् ? गिरिजाहरूले जनाएको सानो विरोधलाई दबाउन त अनेकौं भ्रष्टाचारको वहानामा जेल हाल्ने धम्की आएका छन् भने जनताको स्थिति कस्तो होला सहज ढङ्गले बुझ्न सकिन्छ । हत्यारो सेनाले गरेको विश्लेषणमा आफ्नै स्वबिवेक प्रयोग गर्ने छुट यहाँ बुद्धिजीवीले पाएका छैनन् । ती तमामखाले आतङ्कका दृष्टान्तहरूलाई प्रत्येक्ष रूपमा भोगिरहेका आफूलाई बुद्धिजीवी, केही जानेबुझेका भन्न मन पराउनेहरू धेरैले आतङ्कको सिर्जना माओवादीबाट होइन सरकार, शाहीसेनाबाट भइहेको छ भन्न चाहेर पनि पाइराखेका छैनन् । त्यसमा पनि एउटै कारण छ हत्यारो शाहीसेनाको श्वेतआतङ्क । माओवादीले आफ्नो गल्ती कमजोरी औंल्याउने छुट पत्रकारलगायत जनसमुदायलाई दिएको छ तर सरकार आफ्नो गल्ती, कमजोरी औंल्याउनेलाई दण्ड र सजाय दिन उद्यत् छ । माओवादीले चाहने हो भने काठमाडौंबाट माओवादीबिरुद्ध विष वमन गर्ने युवराज घिमिरे, देवप्रकाश त्रिपाठी, प्रभुनारायण बस्नेतमार्कालाई कारवाही गर्न कुनै आइतवार पर्खनुपर्दैन । तर, कुरो त्यसो होइन । नागरिक समाजलाई आलोचना गर्न, फरक मत राख्न दिनुपर्छ । यदि कोही पूर्वाग्रही, गलत नियतकासाथ चर्को आलोचना गर्छ भने पनि ऊसँग छलफल, बहस गरेर विषयवस्तुबारे समाधान निकाल्ने दिशामा प्रयास गर्नु नै माओवादी नीति हो । तर, युद्धको समयमा दुश्मनको काखमा बसेर प्रहार गर्नेहरू भने अपवाद हुन सक्छन् । मूलतः हत्या, आतङ्कको बिल्ला सरकारले माओवादीलाई लगाइदिए पनि यो बिल्ला सरकार आफ्नै लागि खुबै सुहाउने खालको छ ।

महिला मुक्तिको नारा दिएर महिलालाई 'यौन दासी' बनाएको आरोप सरकारद्वारा माओवादीमाथि छ । वास्तविकता कस्तो छ त भन्ने जान्न चाहने जोसुकैले पनि बुझ्ला कि माओवादी पार्टीभित्र महिला पुरुष एक अर्काप्रति सम्मानसहित समानरूपमा अगाडि बढेका छन् । वर्गीय रूपमा एकताको अनुभूति भएपछि, जीवन र मरणलाई जनताको मुक्तिको निम्ति प्रदान गरेकाहरूको भावनात्मक एकताको परिभाषालाई प्रतिक्रियावादीहरूले यौनबाहेकको ढङ्गले नबुझ्नु स्वाभाविक पनि हो । किनभने प्रतिक्रियावादीहरू महिलाई यौनदासी सरहको मान्यता दिइरहेका छन् । ती राजनैतिक नेताहरू हुन् वा सेना प्रहरीमा रहेका भिजिलान्तेहरू हुन् । तिनीहरू माओवादी

पार्टीभित्र पनि कपाली, पर्खालमन्त्रीलगायतको खोजी गर्न सक्छन् तर त्यसमा कुनै सङ्केत नपाएर झुटको प्रचार गर्दै हिंडिरहेका छन् । गोरखाका कमला भट्टलगायतका हजारौं जनमुक्ति आन्दोलनमा सहभागी महिलाहरूलाई हत्यारो सेना पुलिसहरूले वलात्कार गरेर हत्या गरे । यस्तो इतिहासको पानामा अपराधी ठहरिएका सेना र प्रहरीका भिजिलान्तेहरू बढुवा भइरहेका छन् । अझै तिनै वलात्कारीहरू माओवादीलाई महिलाहरूमाथि दुर्व्यवहार गर्ने भन्ने आरोप लगाउन कत्तिको सुहाउँछ ?

मुक्ति या मृत्युको कसम खाएर जनताका निम्ति आफ्नो जीवन दिएर हिंडेका वीर योद्धाहरूलाई विभिन्नखाले आरोप लगाएर अग्रपङ्क्तिका पाइलाहरू छेक्ने दुष्प्रयास प्रतिक्रियावादी सत्ताका भाटहरूवाट हुने क्रम तीव्र भइरहेको छ । त्यसै क्रममा क्रान्तिकारी कित्तामा रहेर युद्ध गरेका केही मान्छेहरू दुश्मनको कब्जामा परेपछि गद्दार भएर निस्किएका पनि छन् । ती गद्दारहरू हिजोका दिनमा आफ्नो जीवनको वाजी लगाएका थिए अनि मृत्युलाई अङ्गालेका थिए । तर अहिले दुश्मनसँग जीवनको भीक्षा मागिरहेका छन् । यहाँ उनीहरूले नवुझेको कुरा के हो भने यदि ती मान्छेहरूले दुश्मनसँग नझुकी मृत्युलाई अङ्गालेको भए सहिदहरूको कोटीमा रहेर सम्मान पाउँथे होला । तर, अब भने दुश्मनसँग ती गद्दारी गर्नेहरूले गद्दारको उपमासहितको कीरा फट्याङ्ग्राको मृत्यु पाउनेछन् । क्रान्तिकारी विचार ढल्न नदिएमा अधिकतम रूपमा दुश्मनको गोली खाँदै सहिद हुन सकिन्छ । तर, आफ्नो विचार विक्री गरेर गद्दारी गरेमा जनताको हातबाट गोली खाँदै, गद्दार हुनुपर्दछ ।

राजा वीरेन्द्रको वंश बिनाश गरेर करोडौंको लुट गर्ने हत्यारो सेनाको पहराभित्र रहेका ज्ञानेन्द्र पारस गुटले करोडौं जनताको बीचमा न्यायपूर्ण सङ्घर्ष सफलतापूर्वक चलाइरहेका क्रान्तिकारी योद्धाहरूलाई लुटेराको आरोप लगाउनुमा कुनै तुक छैन । दुई करोड नेपालीलाई आतङ्ककारी भन्दै आफ्नो सानो गिरोहलाई प्रजातन्त्र र राष्ट्रवादी भएको ढोंग रचिरहेको छ र आफ्नो सानो गिरोहद्वारा हत्यारो सेनाको बलमा दमन गरिरहेको छ । दमनकै रूपमा आफू संरक्षित रेडियो, टिभी, पत्रपत्रिकामार्फत् गोयबल्सकै शैलीमा भ्रमका थुप्राहरू बनाइरहेका छन् । जनयुद्धले जतिजति फौजी सफलताहरू हासिल गर्दै गइरहेका छन्, त्यही स्तरमा भ्रमको सहारा लिन वर्तमान सरकार बाध्य छ । उसको प्रचारमा मात्रै आधिपत्य बाँकी रहेको स्थिति विद्यमान छ । एकपछि अर्को मोर्चाहरूवाट परास्त हुँदै जाँदा उसका भ्रमका थुप्राहरू पनि क्रमशः ढल्दै जानुपर्नेछ । दुई करोड नेपालीको सहयोग र समर्थनबाट सात वर्षको अवधिसम्म अगाडि बढेको जनयुद्धको वेगलाई कसैले रोक्न सक्ने स्थिति छैन । तथापि रोक्ने प्रयासहरू त भएका छन् तर ती निरर्थक हुनेछन् । मर्नेबेलामा कमिलाले पखेटा निकालेर उडौंलाझैं गर्छ । त्यस्तै अमेरिकी साम्राज्यवादले पनि आफ्नो पतनलाई निम्त्याउँदै दादागिरीलाई बढाएको छ । नेपालमा सामन्ती र साम्राज्यवादीहरूको ठिमाहा सन्तान वर्तमान शासकले आफ्नो अन्त्यको बेलामा पनि खुबै शक्ति आर्जन गरेको नाटक गरिरहेको छ । ती सब उनीहरूका भ्रमहरू हुन् । दुनियाँमा कुनै पनि शक्तिहरू जनताको अगाडि टिकेका छैनन् । नेपाल त्यसको अपवाद हुन सक्दैन । बाटो जतिसुकै कठिन भए तापनि जनताको जित सुनिश्चित छ ।



ज्ञानेन्द्र त्रिपाठी (अविनाश)



ज्ञानेन्द्र त्रिपाठीको जन्म चितवन जिल्ला, हालको रत्ननगर नगरपालिका वडा नं.- १३, जयमङ्गलामा वि.सं. ०२५ जेठ २४ गते भएको हो । उहाँका बाबु डोलराज त्रिपाठी र आमा भगवती त्रिपाठी हुनुहुन्छ । दुई दाजुभाइमध्ये कान्छो त्रिपाठीको ०५७ मा शर्मिला पन्त त्रिपाठीसँग विवाह सम्पन्न भएको थियो । हाल उहाँकी एक छ वर्षीय छोरी चुनौती त्रिपाठी हुनुहुन्छ । उहाँले स्थानीय पञ्चकन्या मावि रत्ननगरबाट विद्यालय शिक्षा पूरा गरी बीरेन्द्र बहुमुखी क्याम्पस चितवनबाट ०४९/०५० स्नातक पूरा गर्नुभयो । डिग्री अध्ययनको लागि पिएन क्याम्पस पोखरा पुग्नु भएका त्रिपाठी एमए अर्थशास्त्रको अध्ययनसँगै ०५१ मा स्ववियू सदस्य र अनेरास्ववियु प्राक अध्यक्ष हुनुभयो । अध्ययनकै सिलसिलामा त्रिवि कीर्तिपुर आएपश्चत् ०५३ मा संगठनको इकाइ अध्यक्ष हुनुभएका त्रिपाठी ०५४ मा एमाले बिभाजन भएपछि माले अखिलको राष्ट्रिय परिषद् सदस्य र ०५६ मा १४ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य हुनुभयो । उहाँ १५ औं राष्ट्रिय सम्मेलन आयोजक समितिबाट शैक्षिक बिभाग प्रमुख हुनुभएको थियो भने ०५८ सालमा माले पार्टीको काठमाडौं जिल्ला सदस्य हुनुभएको थियो । लगत्तै ०५८ भाद्रमा माले अखिलबाट बहुमतसहित विद्रोह गरी अखिल (क्रान्तिकारी) मा एकता भएपछि एकताको १५ औं राष्ट्रिय सम्मेलनबाट सचिवालय सदस्य एवं शैक्षिक बिभाग प्रमुख हुनुभयो । उहाँलाई ०६० असोज ९ गते कर्णेल राजु बस्नेतको कमाण्डमा भैरवनाथ गणबाट आएको शाहीसेनाको टोलीले मिनभवन शान्तिनगर गेट, काठमाडौंबाट पक्राउ गरी हालसम्म बेपत्ता पारेको छ ।

विचार र जनविद्रोहलाई बन्देज गर्नखोज्नु असम्भव कुरा हो*

विचार र जनविद्रोहलाई थुनछेक गरी वन्देज लगाउन खोज्नु असम्भव कुरा हो। यस्ता खाले दुस्प्रयासहरू इतिहासका विभिन्न कालखण्डलाई दुनियाँभरी अनेकौं रूप र शैलीमा भएका छन् तर ती सवै पूर्ण असफल भएका मात्र होइनन् यस्ता प्रयासहरू आफै धूलोमा मिलेका छन् र तिनका काला अनुहारहरूलाई इतिहासले उत्खनन् गर्नुपरेको छ। यदि नयाँ वैज्ञानिक र प्रगतिशील विचारहरू तथा अन्याय, दमन, शोषण विरुद्धका विद्रोहहरू रोकेर रोकिदा हुन् त संसार अहिलेको अवस्थामा आइपुगेको नै हुने थिएन। यदि यस्तो हुथ्यो भने दासप्रथा कायमै रहेको हुन्थ्यो, प्राचीन साम्राज्यहरू रहिरहेकै हुन्थे र कम्तिमा पनि आजको अमेरिका र भारत व्रिटिस साम्राज्यको बुटमुनी च्यापिएका हुने थिए। पृथ्वी अझै चेप्टो छ भन्ने मान्यता रहिरहेको हुने थियो। डार्विन, न्यूटन र कार्ल मार्क्सहरू जन्मने थिएनन्। त्यसैले वास्तविकता के हो भने गुणात्मक प्रगतिशील परिवर्तन र अग्रगति एउटा शाश्वत् नियम हो, जसलाई कुनै अवरोधका पर्खालले छेक्न सक्दैन।

हामीले आफ्नो देश, आफ्नो विश्वविद्यालय र आफ्ना प्राज्ञहरूमाझ वैचारिक छलफल र अन्तरक्रिया गर्ने कुरालाई सर्वथा महत्व दिएका छौं। सहमति र विवादका विशेषताहरू अनेक हुन सक्छन् तर तिनवाट भागेर होइन घनीभूत छलफल गरेर मात्रै सही निष्कर्षमा पुग्न सकिन्छ। त्यस क्रममा नै सही विचारले गलत र भ्रामक विचारलाई विस्थापित गर्नेछ र त्यही सिलसिलामा सही पक्ष अझ माझिने, सहीभित्रका कमजोर पक्ष सच्चिने र उत्तम विचार स्थापित हुन सक्छ। सत्य एउटा मात्रै भए पनि त्यसबारे भ्रम रहँदासम्म फरक-फरक तर्कहरू आइरहन्छन्। त्यसैले यो क्रम लामो र निरन्तर हुन सक्छ। हामी यस्तै खुला छलफल र अन्तरक्रियाको निम्ति प्रयासरत छौं। हाम्रो यो प्रकाशन यसै सिलसिलाको एक प्रयास हो। यसमा साथ दिनुहुने प्राज्ञहरू, शिक्षकहरू तथा राजनीतिक नेताहरूप्रति हामी आभारी छौं र भविष्यमा पनि हामी यस्तै निरन्तर सहयोगको आशा राख्दछौं।

छलफल वास्तविक तथ्यको आधारमा गर्नु आवश्यक छ। जस्तैः तीसौं हजारको सङ्ख्यामा रहेका सार्वजनिक विद्यालयहरू कसले ध्वस्त पारिरहेको छ भन्ने कुरा एसएलसीको नतिजा हेरेर बहस गरौं। विश्वविद्यालयको अवस्था पनि त्यही दिशामा अघि वढिरहेको यथार्थ छदै छ। दर्जनौं पुराना उद्योगधन्दाहरू र सँस्थाहरू बन्द भएर

देशको अर्थतन्त्र चौपट हुनुमा को दोषी छ ? छलफल गरौं । नून नपाएर तड्पिएको डोल्पा, हुम्ला र जाजरकोटवारे वहस गरौं । जीवनजल नपाएर भ्काडापखालाले ज्यान गुमाउनपर्ने अवस्थाको हाम्रो स्वास्थ्य प्रणाली र संरचनावारे चर्चा गरौं । अनि वल्ल थाहा हुन्छ हाम्रा भौतिक पूर्वाधार र विकासका संरचना ध्वस्त कसले पारेको छ भन्ने कुरा । नेपाली जनतालाई अभ्कै पनि 'माओवादीका कारणले टाइफाइड र औलो फैलिएको' दोष लगाएर छुटकारा पाउनु अव असम्भव छ । त्यस्तै जनताको आमहत्या, वलात्कार र लुट कसले गरिरहेको छ, त्यसका तथ्यहरूको आधारमा खोजविन हुनु पर्छ ।

हामी पत्रकार, मानवअधिकारवादी र राजनीतिक नेताहरू सत्य तथ्यको खोजविन गर्न ती ग्रामीण वस्तीमा पुग्ने आँट कति गरेका छौं ? त्यसो गर्न हामीलाई के कुराले छेकिरहेको छ ? वास्तविकताको नजिक नपुगिकन हामीले कसरी निष्पक्ष विचार दिन सक्छौं ? मुख्य प्रशन त यी हुन् । जनताका अधिकारहरू एक पछि अर्को खोसिदै लगिएको वर्तमान घटनाक्रमले प्रजातन्त्र समाप्त कसले पारिरहेको छ ? के प्रस्ट छैन र ! मौजुदा संसद्ले वर्तमान परिस्थितिको ठोस निकासको लागि पहल नगरेर पहिलो पटक सङ्कटकाल अनुमोदन गरेर भारी गुण लगाउँदा पनि बच्न सकेन, दोस्रो पटक सङ्कटकाल अनुमोदनमा अवरोध खडा गरेवापत । संसद् विघटन हुनुको तात्पर्य त्यो भन्दा सजिलो संसद्को खोजी हुनु हो । त्यसैले अव हुने मध्यावधी निर्वाचन र त्यसको निर्माण गर्ने संसद् कस्तो होला सहजै अनुमान गर्न सकिन्छ ।

त्यसैले अव वास्तविक निकासको निम्ति अग्रगामी न्यूनतम बुँदाहरुका आधारमा आम नेपाली जनताको सर्वपरी सहभागितासहित अगाडि वढ्ने कुरा अहिलेको हाम्रो जमिनको यथार्थता (Ground Realty)मा आधारित बृहत् र साभ्का आवश्यकता हो ।

* *त्रिविबाट प्रकाशित समसामयिक पत्रिका प्राज्ञिक संसार, ०५८ को सम्पादकीय*



विश्वविद्यालयमा हामीले गुरुपूर्णिमा यसरी मनायौं

आज म असाध्यै खुसी छु किनकि जीवनमा पहिलोपटक गुरु पूर्णिमाकै दिन अत्यन्त आदरभावका साथ आज एकजना गुरुलाई भेट्न गएँ। उहाँ हुनुहुन्छ त्रिभुवन विश्वविद्यालयका ८७ वर्षीय वरिष्ठ प्रध्यापक डा. तारापद चौधरी। बिहान सात वजेपछि जव म कतै हिंड्दै थिएँ, नेपाल टेलिभिजनको समाचार सुनें कि आज गुरु पूर्णिमा हो र आजका दिन शिष्यहरूले आफ्ना गुरुहरूलाई सम्मन गर्ने दिन हो। अनि मेरो दिमागमा तारापद चौधरीको यति चाँडै याद आयो मैले आफ्नो कामलाई तुरुन्तै वदलेर चौधरी सरकोमा जाने निधो गरें। समय मिलाएर उहाँले नौ वजेतिर आउन भन्नुभयो, आफ्ना साथीहरूलाई फूलको गुच्छा तयार गर्न भनें र म चाहिं एकजना साथी लिएर केही फलफूल र मीठाई किन्न लागें।

डा. तारापद चौधरी नेपालको प्राज्ञिक क्षेत्रमा र खासगरी त्रिविको सन्दर्भमा उहाँले गर्नुभएको त्यागपूर्ण योगदानको कारणले सुपरिचित हुनुहुन्छ। त्रिविमा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र जस्ता विषयका अध्यापनमा उहाँको प्रत्यक्ष योगदान छ। अहिले नेपालमा भएको सबैजसो अर्थविद्हरू, कतिपय मन्त्रीहरू, सांसद्हरू र प्रशासनिक क्षेत्रका वरिष्ठ व्यक्तित्वहरू एक जमानाका उहाँका विद्यार्थी थिए। मैले विश्वविद्यालय प्रवेश गरेको वर्षदेखि नै उहाँको बारेमा धेरै सुनें। आफू अर्थशास्त्रकै विद्यार्थी भए पनि उहाँले क्लास लिन छाडिसक्नुभएकोले मैले प्रत्यक्षरूपमै उहाँको विद्यार्थी बन्न पाइन। तर उहाँको वारे मैले जति थाहा पाउँदै गएँ त्यति उहाँप्रतिको मेरो झुकाव बढ्दै गयो र मैले उहाँलाई आत्मैदेखि सम्मान गर्न थालें। यही कारणले गर्दा नै मेरो मनमा एउटा तीव्र इच्छा जाग्यो कि विद्यार्थीहरूकै तर्फवाट एउटा सार्वजनिक समारोहको आयोजना गरेर उहाँलाई अभिनन्दन गर्नुपर्छ, सम्मान गर्नुपर्छ। जव यिनै कुराहरू मेरो मनमा थिए र म उपयुक्त समयको पर्खाइमा थिएँ, पोहोर साल यसैताका उहाँ अचानक अस्वस्थ हुनुभयो। यो सुनेर म अति दुःखी भएँ अझ अस्पतालमा भर्ना हुँदा पनि उहाँको स्वास्थ्यमा सुधार आउन नसक्दा अति चिन्तित भएँ। केही दिनपछि अस्पतालबाट डिस्चार्ज भएपछि बल्ल मेरो साहस आयो कि अब मेरो इच्छा पूरा हुने भयो। तर यो त्यति सजिलो थिएन किनकि एकातिर उहाँ अझै स्वस्थ्य भइसक्नुभएको थिएन भने अर्कातिर आफ्नो गुणगान गाएको उहाँ मन पराउनुहुन्नथ्यो। त्यसैले मैले प्रस्ताव नै राखे पनि स्वीकार्नु हुन्छ कि हुन्न होला भन्ने द्वीविधा छँदै थियो। तर म वढी आशावादी

थिएँ किनकि उहाँले विद्यार्थीलाई असाध्यै माया गर्नुहुन्छ भन्ने मैले सुनेको थिएँ। नभन्दै हो रहेछ, उहाँले मेरो प्रस्ताव स्वीकार्नुभयो। यो पोहोर सालको कुरा हो। २०५५ मंसिर ९ गते तत्कालीन सभामुखलाई प्रमुख अतिथि वनाएर हामीले एउटा भव्य अभिनन्दन समारोहको आयोजना गऱ्यौं। त्यो दिन उहाँ असाध्यै खुसी देखिनुहुन्थ्यो। त्यसैले अस्वस्थताका वावजुद पनि उहाँ कार्यक्रम अवधिभर पूरै वस्नुभयो। त्यतिवेला उहाँलाई ज्वरो पनि आइरहेको थियो र राम्रोसँग उभिन पनि सक्नुहुन्थेन। अझ अचम्मको कुरा त के भयो भने अस्वस्थताको कारणले उहाँलाई केही विचार आफू वसेकै ठाउँबाट राख्न अनुरोध गर्दै माइक दिएपछि त्यसलाई अस्वीकार गर्दै आफू मञ्चमै गएर उभिएर वोल्ने वताउनुभयो। उहाँ आफै उभिन त सक्नुहुन्थेन, त्यसैले उहाँलाई हामीले सहारा दियौं अनि उहाँले मञ्चमा नै उभिएर वोल्नुभयो। त्यतिवेला कार्यक्रममा उपस्थित सवै प्राध्यापक, विद्यार्थीहरू भावविह्वल भएका थिए। वल्ल मैले वुझें कि चौधरी सर कहिल्यै नथाक्ने व्यक्ति हुनुहुँदोरहेछ भनेर।

अध्ययन, त्याग, अनुशासन, कामप्रतिको लगनशीलता र सादा जीवनशैली जस्ता कुरामा उहाँ एउटा धरोहर हुनुहुन्छ। यस्ता सवै महत्वपूर्ण पक्षहरूको संगम एकै व्यक्तिमा पाइनु दुर्लभ कुरो हो। यी विषयवस्तुका सन्दर्भमा उहाँको चर्चा गर्ने कुनै शव्दावली नै छैन कि जस्तो लाग्छ। सन् १९१२ मा भारतको तत्कालीन पश्चिम वङ्गालको पुरुलिया जिल्लामा जन्मनुभएका तारापद चौधरीले जीवनमा अनेकौं हण्डर र दुःखका दिन झेल्नुभएको छ। हामीले धेरै सिद्धान्त र आदर्शका गफ सुनेका छौं तर ती सवैलाई परिपालन गरेको सिङ्गो प्रमाण अत्यन्त दुर्लभ छ। तिनै दुर्लभ अनुभवहरूको संगालो नै उहाँको वास्तविक जीवन हो। उहाँको अतित सुन्दा कुनै उपन्यासको पात्र जस्तो लाग्छ तर उहाँ हाम्रो माझ जीवनका उत्तरार्द्ध दिनहरू बिताइरहनुभएको छ। उहाँलाई नेपाल र नेपाली कति प्यारो लाग्छ भने पोहोर सालसम्म वर्षको एक पटक आफन्तहरू भेट्न कलकत्ता जाने गर्नुहुन्थ्यो तर अहिलेदेखि छाड्नुभएको छ किनकि उहाँलाई डर छ कि कतै आफ्नो जीवनको अन्तिम क्षण नेपाल बाहिर नहोस्। यही आफ्नो मेहनत र पसिनाले फुलाएका फूलहरूबीच नै आफ्ना बाँकी दिन बितोस् भन्ने उहाँको चाहना छ। उहाँ आफ्ना छोराछोरीलाई छाडेर टाढा जान चाहनुहुन्न किनकि उहाँ अविवाहित हुनुहुन्छ र नेपालमा उहाँले पढाएका सबै विद्यार्थीहरू नै उहाँका छोराछोरी हुन्।

तारापद चौधरी सरलाई आज विहान त्रिविको कीर्तिपुरस्थित एउटा सामान्य दुई कोठे प्राध्यापक आवास गृहमा हामीले भेट्यौं जहाँ उहाँ एक्लै वस्ने गर्नुहुन्छ। उहाँलाई साँझ विहान खाना पकाइदिन र अन्य कामको निम्ति अर्थशास्त्र केन्द्रीय विभागको एउटा पियनको व्यवस्था गरिदिएको छ। उहाँले आफ्नो आर्जनवाट लाखौं रूपैयाका कोषहरू खडा गर्नुभएको छ। जसवाट विद्यार्थी र अनुसन्धानकर्ताहरू लाभान्वीत छन् तर उहाँ अति सामान्य जीवनशैलीमा बाँच्नुभएको छ। उहाँले त्रिविबाट अहिलेसम्म आफ्नो तलव लिनुभएको छैन र त्यो सबैलाई त्यस्तै कोषहरूमा जम्मा गर्नुभएको छ। जो नेपाली विद्यार्थीहरूका लागि नै प्रयोग हुनेछ र उहाँले हामीलाई दिनुमात्र भएको छ। हामीवाट केही लिनुभएको छैन। त्यसैले उहाँ गुरुहरूको पनि गुरु हुनुहुन्छ,

आदरणीय र अनुकरणीय हुनुहुन्छ। आज हामीलाई उहाँले एक घण्टा जति समय दिनुभयो। हामी पाँच जना गएका थियौं। हामीले दिएका फूलका गुच्छा, मिठाई र फलफूल उहाँले उभिएर लिनुभयो। एक घण्टासम्म अहिलेसम्मका सवैभन्दा कान्छा विद्यार्थीहरूसँग अनेकौं दुःख-सुखका शब्दहरू पोख्नुभयो। अतित सम्झनुभयो, पहिलेका आफ्ना केही विद्यार्थीहरूका नाम लिनुभयो र वर्तमानलाई पनि कोट्याउनुभयो। मलाई त्यतिवेला असाध्यै दुःख लाग्यो जव उहाँ भन्दै हुनुहुन्थ्यो कि आफ्नो कोठामा फोन छैन, म आफ्नो कोठामा एउटा फोन राख्न चाहन्छु ताकि 'मलाई कुनै अप्ठ्यारो पऱ्यो भने कसैलाई खवर गर्न सकौं किनकि म हिंडेर टाढा जान सक्दिनँ' अझ उहाँ थप्दै हुनुहुन्थ्यो- "दिउँसो त मलाई आवश्यक छैन, खाली राती मात्रै हो। किनकि निवासमा म राती एक्लै हुन्छु।" मैले सोचें कि कस्तो विडम्वना ! आज उहाँका विद्यार्थीहरू देश चलाइरहेका छन् अनि उहाँको चाहिं यो उमेरमा, एक्लो जीवनमा यति साह्रो समस्या झेलिराख्नुभएको छ। यस्तै त हो यहाँको चलन, कोहीलाई कसैको वास्ता छैन। समय वितेपछि मात्र सम्मानको दिन पर्खीवसेका होलान्।

साँच्चै, आज म खुसी छु किनकि जीवनमा पहिलो पटक गुरु पूर्णिमाकै दिन चौधरी सर जस्तो गुरुलाई आत्मैदेखि सम्मान गर्न पाएको छु। एकैसाथ दुईवटा काम गर्न पाएको छु- पहिलो, आफूले मान्नुपर्ने सवै गुरुहरूको प्रतीकात्मक रूपमा एकजना गुरुलाई सम्मान गरेर सवैलाई सम्मान गरेको अनुभूति पाएँ। दोस्रो, उहाँलाई भेट्न जान नभ्याएका उहाँका हजारौं व्यस्त शिष्यहरूको प्रतिनिधित्व गर्न पाएँ। निस्कनेवेला ढोकावाट हामीलाई विदा गर्दै चौधरी सर भन्दै हुनुहुन्थ्यो- आउँदो सालपनि आजकै जस्तो होस्, तपाईहरूसँग भेटघाट गर्न पाइयोस्।



दिलबहादुर राई (प्रविण)



दिलबहादुर राईको जन्म ओखलढुङ्गाको रुम्जाटार, चार्खुमा बुबा उदय राई र आमा उमा राईको कोखबाट ०३१ फागुन २८ गते भएको थियो । अनेरास्ववियू (पाँचौं) बाट राजनीति थाल्नुभएका राईले ०४६ को जनआन्दोलनमा महत्वपूर्ण भूमिका खेल्नुभएको थियो । उहाँले गाउँकै विद्यालयबाट अध्ययन सुरुवातगरेर ०४८ मा श्री खरिखोला मावि जुभिङ, सोलुखुम्बुबाट टेष्ट परीक्षा उत्तीर्ण गर्नुभएपश्चात् सोही स्कूलमै केही समय अध्यापन गर्नुभएको थियो । ०४९ सालमा एसएलसी गरेर उच्च शिक्षा आर्जनार्थ त्रि-चन्द्र कलेज, काठमाडौंमा विज्ञान विषय लिएर पढ्न थाल्नुभयो । सोही समयमा उहाँ अनेरास्ववियु प्रा.क. अध्यक्ष हुनुभयो । औपचारिक रुपमा एमबिएसम्मको अध्ययन पूरा गरी आन्दोलनमा समर्पित भएर जाने क्रममा उहाँ ०५३ मा प्ररायू सङ्घ जिल्ला सदस्य हुनुभयो । उहाँ ०५४ मा एमाले विभाजन भएपछि गठित मालेनिकट प्ररायूसंघ बाग्मतीमा क्रियाशीलहुँदै ०५५ मा बाग्मती अञ्चल समितिको अध्यक्षमा निर्वाचित हुनुभयो ।

माले पनि विसर्जनवादी र दक्षिणपन्थी खाडलमा भासिएपछि उहाँ ०५६ सालमा माओवादी आन्दोलनमा प्रवेश गर्नुभएलगत्तै अनेरास्ववियू (क्रान्तिकारी), काठमाडौं सदस्यहुँदै अगाडि बढ्ने क्रममा पार्टीको पनि जिल्ला सदस्य हुनुभयो । उहाँ ०५८ असोजमा सम्पन्न संगठनको १५ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । क्रान्तिले सुम्पेको जिम्मेवारीलाई पूरा गर्दै अगाडि बढ्ने क्रममा ०५९ असार ३ गते काठमाडौंको सुकेधाराबाट सई विजयप्रताप र रुद्रबहादुरको कमाण्डमा रहेको कथित युनिफाइट कमाण्डका फौजले उहाँलगायत विपिन भण्डारी र कविराज गौतमलाई अपहरण गरी बालाजु प्रहरी चौकीमा पुऱ्याएर सोही दिन बेलुका सोह्रखुट्टे प्रहरी चौकीमा लगी १५ दिनसम्म अत्यन्तै यातनाका साथ राखेको थाहा लागेको भए तापनि त्यसपश्चात् हालसम्म उहाँको स्थिति अज्ञात छ ।

यथास्थितिवाद र संशोधनवादको पर्खाललाई नाघौं

विद्यार्थी समुदाय समाजको सवैभन्दा सचेत, ऊर्जाशील, गतिशील, सिर्जनशील र विद्रोही स्वभावका, जोंशिला र जहिले पनि नयाँ-नयाँ कुराहरूको पक्षमा, नयाँ अविष्कारको पक्षमा अनि नयाँ-नयाँ परिवर्तनको पक्षमा आफूलाई उभ्याउने वर्ग हो। यो वर्ग पुराना मान्यता, सँस्कार र प्रवृत्तिका विरुद्ध निर्मम भएर देखा पर्दछ। त्यसैले यो समुदाय वास्तवमा कुनै पनि समाज वा देशको एउटा भरपर्दो र विश्वासिलो आधार शक्ति हो। यही तथ्यलाई मध्यनजर राखेर आजको जटिल परिस्थितिमा हामी युवा विद्यार्थीहरूले वहन गर्नुपर्ने दायित्व र खेल्नुपर्ने भूमिकाको सवालमा यो लेख केन्द्रित गरिएको छ।

माथि नै उल्लेख गरिसकियो कि वास्तवमा विद्यार्थीहरू परिवर्तनको पक्षमा आफूलाई सधैं उभ्याउने गर्दछन्। यही तथ्यलाई मध्यनजर राखेर विद्यार्थीहरूलाई सङ्गठित गरेर सही दिशा निश्चित गर्दै एउटा महान् लक्ष्यप्राप्तिका लागि विगत इतिहासमा खासगरी वामपन्थी विद्यार्थीहरूले एउटा महत्वपूर्ण कदम चालेको हामी पाउँदछौं। ०२२ सालभन्दा अगाडिको वामपन्थी विद्यार्थी आन्दोलन वा गैह्रवामपन्थी विद्यार्थी आन्दोलनको चर्चा यस लेखमा गरिएको छैन। ०२२ सालमा जब अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनको स्थापना भयो, तब उसले आफ्नो अभिष्टलाई यसरी अगाडि प्रस्तुत गऱ्यो। अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियनको आफ्नो अभीष्ट वा लक्ष्य भनेको वैज्ञानिक, रोजगारमूलक, व्यवहारिक एवम् जनवादी शिक्षा प्राप्तिका लागि निरन्तर सङ्घर्ष गर्नु अनि आमूल सामाजिक परिवर्तनको आन्दोलनलाई प्रत्यक्षरूपमा सहयोग पुऱ्याउँदै त्यसमा निरन्तर संलग्न रहनु हो। यही महान् लक्ष्य वोकेर विद्यार्थी समुदायबीचमा क्रियाशील अखिल छोटो समयमा नै नेपाली विद्यार्थीहरू वीचमा लोकप्रिय र स्थापित वन्नपुग्यो। तर, ०१९ सालमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टीको तेस्रो राष्ट्रिय महाधिवेशनपश्चात् देखापरेको गुटबन्दी र विखण्डनका कारण त्यसको प्रत्यक्ष असर अखिलमा पनि पर्न गयो र गुटबन्दीको चपेटाबाट आक्रान्त बन्दै विभिन्न गुट-उपगुटहरूमा विभाजित बन्नपुग्यो। अखिलभित्र प्रतिनिधित्व गर्ने विभिन्न कम्युनिष्ट गुटहरूका नेता वा कार्यकर्ताका कारण अखिल विखण्डित भएको थियो र थोरै समयमा आम नेपाली विद्यार्थीमाझ स्थापित र लोकप्रिय बनेको सङ्गठन अत्यन्त कमजोर वनेर मात्र अस्तित्वमा देखा परेको थियो।

खासगरी ०१२ सालमा रायमाझी कम्युनिष्ट पार्टीको नेतृत्वतहमा पुगेपछि कम्युनिष्ट पार्टी संशोधनवादको डरलाग्दो रोगले ग्रस्त वन्न पुगेको थियो। त्यसवेलाका प्राय: सम्पूर्ण कम्युनिष्ट नेताहरूमा रूपमा फरक तर सारमा एउटै प्रकारको संशोधनवादको भाइरसले प्रवेश गरेको थियो र त्यो भाइरसले गुणात्मक रूपमा विकास गरिरहेको थियो। जसको परिणाम ०१९ सालपछाडि उग्ररूपमा देखापर्‍यो र कम्युनिष्ट पार्टी समेत अनेकौं टुक्रा (गुट)हरूमा विखण्डित वन्यो। यही कारण तत्कालीन अवस्थामा अखिलमा पनि कम्युनिष्ट पार्टीमा देखापरेको संशोधनवादको रोग देखापर्‍यो र अखिल पनि विभिन्न गुटहरूमा विभाजित वन्दै आमविद्यार्थीहरूको हकहित र अधिकारका कुरा, वैज्ञानिक, रोजगारमूलक, व्यवहारिक एवम् जनवादी शिक्षाका कुरा अनि आमूल सामाजिक परिवर्तनका कुराहरूलाई एकातिर पन्छाएर संशोधनवादको सिर्जनात्मक प्रयोग र विकासमा रुमल्लिन थाल्यो। जसका कारण अखिलका बिभिन्न गुटहरूले आफ्नो स्थापनाकालको समयमा वनाएको प्रस्थानविन्दुलाई बिर्सेर आफू मात्र क्रान्तिकारी भएको दावी गर्दै प्राय: सवै गुटहरू संशोधनवादका प्रवक्ता बनिरहेका थिए। यही क्रमवाट अगाडि बढ्दै जाँदा ०३६ सालमा भएको विद्यार्थी आन्दोलनले एउटा ऐतिहासिक स्थान हासिल गरे तापनि त्यो आन्दोलन अन्तत: सुधारवादी आन्दोलन मात्र थियो। त्यो आन्दोलनले नेपाली जनतामा एउटा परिवर्तनको तरङ्ग सिर्जना गरे तापनि आखिरमा वहुदल वा निर्दल कुन आवश्यक हो भन्ने षड्यन्त्रपूर्ण निर्वाचनभन्दा अगाडि पाइला वढाउन सकेन। तरपनि ०२८ पछाडि कम्युनिष्ट आन्दोलनमा देखापरेको ध्रुवीकरणको प्रक्रियाले अखिलमा पनि ध्रुवीकरणको प्रक्रिया अगाडि बढिरहेको थियो। यसमा पनि ०३५ सालमा गठित नेकपा(माले) र त्यससँग सम्वन्धित अखिल(पाँचौं) एकातिरबाट अगाडि वढेका थिए भने अर्कोतर्फ नेकपा(चौम) र त्यससँग सम्वन्धित अखिल(छैठौं) अगाडि बढिरहेका थिए। यसमा नेकपा(माले) र त्योसँग सम्वन्धित अखिल (पाँचौं) क्रान्तिकारी पृष्ठभूमिवाट जन्मिएर क्रमश: संशोधनवादको दिशावाट गुज्रिँदै गैरहेका थिए भने नेकपा(चौम) र त्यससँग सम्वन्धित अखिल (छैठौं) सारसङ्ग्रहवादी कित्तामा रुमल्लिइरहेका थिए। यसवीचमा चौम पनि पुन: विभाजन भई नेकपा (मसाल) बन्यो र त्यससँग सम्वन्धित अखिलको पनि त्यही रूप देखापर्‍यो। फेरि नेकपा (मसाल) पनि सारसङ्ग्रहवादी कित्तावाट सारमा छद्म संशोधनवादको बाटोवाट अगाडि बढ्दै जाँदा त्यो पनि विभाजित बनी नेकपा(मशाल)को गठन र त्यससँग सम्बन्धित अखिलको निर्माण अनि त्यो शक्ति सारसङ्ग्रहवादी एवम् छद्मसंशोधनवादी विरासतवाट अगाडि वढेर क्रमश: क्रान्तिकारीकरणको दिशातर्फ अघि वढिरहेको थियो।

यसरी नेपाली विद्यार्थी आन्दोलनमा, खासगरी अखिलमा देखापरेको 'फुट' र संशोधनवादको डरलाग्दो रोगले विद्यार्थी आन्दोलनलाई माथि उल्लेखित मुख्यत: दुईवटा प्रवृत्तिमा ल्याएर छोडिदियो र यही क्रमबाट नेपाली विद्यार्थी आन्दोलन अगाडि बढ्न थाल्यो। अर्कोतिर वीचमा अन्य खालका प्रवृत्ति वोकेका विद्यार्थी आन्दोलनको नेतृत्वकर्ताहरू पनि देखिए तापनि त्यति महत्वपूर्ण भने होइनन् र चर्चा गर्नु पर्ने आवश्यक छ भन्ने लाग्दैन। यसै क्रममा २०४६ सालको आन्दोलनको सिर्जना भयो र त्यसले पञ्चायती तानाशाही व्यवस्थाको अन्त्य र पुँजीवादी संसदीय, बहुदलीय

व्यवस्थाको स्थापना भयो। जुन व्यवस्था रूपमा फरक देखिए पनि सारमा पञ्चायती व्यवस्थाकै अङ्गको रूपमा कायम भयो र छ। ०४६ को परिवर्तन(सुधारात्मक) पछि विभिन्न गुट-उपगुटमा विभाजित कम्युनिष्ट पार्टीहरूमा तीव्र ध्रुवीकरणको प्रक्रिया अगाडि वढ्यो र एउटा नेकपा (एमाले) र अर्को नेकपा (एकताकेन्द्र)को रूपमा ध्रुवीकरणको संश्लेषित रूप वन्नपुग्यो। जसरी कम्युनिष्ट पार्टीमा एकिकरणको प्रक्रिया अगाडि वढे, त्यही रूपमा अखिलहरूवीचमा पनि एकीकरणको प्रक्रिया अगाडि वढ्न थाले। त्यसमध्ये अघिल्लो कम्युनिष्ट पार्टी संशोधनवादको कित्तामा अगाडि वढ्दै मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक प्रयोगको नारा अलाप्दै राजतन्त्रात्मक वहुदलीय संसदीय व्यवस्थाको एउटा विश्वासिलो रखवालाको रूपमा आफूलाई उभ्याउँदै अगाडि वढ्यो भने दोस्रो शक्ति राजतन्त्रात्मक वहुदलीय संसदीय व्यवस्थाको भण्डाफोर गर्दै संसद्‌मा भाग लिएर जनतालाई सचेत वनाउने अभियानमा संलग्न वन्यो। यसरी यी दुई मुख्य कम्युनिष्ट पार्टीहरू अगाडि वढिसकेपश्चात् तिनीहरूसँग सम्वन्धित विद्यार्थी सङ्गठनहरू पनि सोही वमोजिम अगाडि वढेको हामी पाउँदछौं।

यसरी एउटा शक्ति संशोधनवादको कित्तावाट अगाडि वढ्दै जाँदा क्रमश: विसर्जनवाद र प्रतिक्रियावादको कित्तावाट गुज्रिएको हामी पाउँदछौं भने अर्को शक्ति सारसङ्ग्रहवादी एवम् छद्मसंशोधनवादी कित्ताको विरासतवाट फड्को मारेर क्रमश: क्रान्तिकारी रूपान्तरणको दिशावाट अगाडि वढेको देखिन्छ। यस्तो परिस्थितिमा कम्युनिष्ट शक्तिहरू र सम्वन्धित विद्यार्थी सङ्गठनहरूपनि एउटा संशोधनवादको वाटोवाट क्रमश: विसर्जनवाद एवम् प्रतिक्रियावादको बाटोबाट तीव्र ढङ्गले अगाडि वढिरहेको देखिन्छ। अझ भन्ने हो भने नेकपा (एमाले)को ०४९ सालमा सम्पन्न पाँचौं महाधिवेशनद्वारा पारित मार्क्सवाद-लेनिनवादको सिर्जनात्मक रूप वहुदलीय जनवादको राजनीतिक कार्यक्रमले त मार्क्सवादको आधारभूत पक्षहरूलाई समेत परित्याग गरिसकेपश्चात् त्यो शक्ति संशोधनवादको चरम अवस्थावाट अगाडि बढिरहेको छ र त्योसँग सम्वन्धित अखिल पनि विद्यार्थी समुदायलाई वहुदलीय जनवादको लक्ष्य प्राप्तिका खातिर परिचालन गर्ने नाममा संशोधनवादको रछ्यानमा नराम्ररी जाकिन पुगेको छ। यसरी क्रान्तिकारी पृष्ठभूमिवाट अगाडि वढेको शक्ति संशोधनवादको रछ्यानमा जाकिन पुग्यो भने अर्को सारसङ्ग्रहवादी एवम् छद्मसंशोधनवादी पृष्ठभूमिवाट अगाडि वढेको शक्ति क्रमश: क्रान्तिकारी दिशातर्फ रूपान्तरित हुँदै अगाडि वढ्यो। संसदीय व्यवस्थाको क्रममा देखा परेको सङ्कट र त्यसले जनताको पक्षमा केही पनि गर्न नसकेपश्चात् ०५१ सालमा भएको मध्यावधि निर्वाचनमा नेकपा (एकताकेन्द्र)सँग सम्वन्धित संयुक्त जनमोर्चा नेपालले भाग नलिएपश्चात् के कुरा घामजत्तिकै छर्लङ्ग हुनपुग्यो भने संसदीय व्यवस्था भनेको वास्तवमा लेनिनले भन्नुभएझैं 'खसीको टाउको झुण्ड्याएर कुकुरको मासु वेच्ने थलो' होअनि बुर्जुवाहरूको गफ गर्ने अखडा मात्र हो। जहाँवाट जनता र राष्ट्रका समस्याहरूको समाधान हुन सक्दैन। यसैकारणले पनि नेकपा (एकताकेन्द्र) क्रमश: क्रान्तिकारी रूपान्तरणको दिशावाट अगाडि वढ्दै नेकपा (माओवादी)मा छलाङ्ग हान्यो र रूपमा मात्रै होइन, सारमा पनि मालेमावादको वास्तविक आत्मालाई पकडेर क्रान्तिकारी राजनैतिक एवम् सैद्धान्तिक कार्यदिशा तय गरी रूपान्तराणको

प्रक्रियावाट अगाडि वढ्यो। जसको परिणाम २०५२ साल फागुन १ देखि मालेमावादको सिर्जनात्मक प्रयोग गर्दै नेपाली जनक्रान्ति सम्पन्न गर्न योजनावद्ध रूपमा जनयुद्धको सुरुवात गऱ्यो र हालसम्म आइपुग्दा यसले राजनैतिक रूपमा प्रचण्डपथको ऐतिहासिक उचाइ हासिल गऱ्यो भने फौजी रूपमा दुनै, नौमुले, रूकुमकोट हुँदै होलेरीको ऐतिहासिक उचाइ हासिल गऱ्यो। यही क्रममा तत्कालीन एकताकेन्द्रसँग सम्वन्धित अखिलले पनि आफ्नो रूपमा गुणात्मक रूपान्तरण गर्दै नीति तथा कार्यक्रममा पनि मालेमावादको वास्तविक सारतत्वलाई ठीक ढङ्गले पक्डदै नेपाली क्रान्तिलाई प्रत्यक्ष सहयोग पुऱ्याउन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)को रूपबाट नेपाली विद्यार्थीहरूबीच क्रियाशील हुन थाल्यो। अझ ०२२ सालमा स्थापित हुँदा जुन प्रस्थानविन्दुहरूको निर्धारण गरिएको थियो, तिनलाई अझ व्यवस्थित र स्पष्ट पार्दै अखिल (क्रान्तिकारी)ले आफूलाई सङ्घर्षमा होमेको छ।

अखिल (क्रान्तिकारी) वास्तवमा एउटा कम्युनिष्ट जनसङ्गठन हो र यो मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथमा आधारित छ। अखिल (क्रान्तिकारी) विद्यार्थी जनसमुदायका लागि मात्र होइन, आम शोषित-पीडित सर्वहाराहरूको पक्षमा समेत सङ्घर्षशील छ। आज विद्यार्थी समुदायका बीचमा हिजोको संशोधनवादको जरावाट उम्रिएर हुर्किएका माले, एमाले अखिलहरू आमूल परिवर्तनको पक्षमा होइन, वैज्ञानिक, व्यवहारिक, रोजगारमूलक एवम् जनवादी शिक्षाको पक्षमा होइन, यथास्थितिवादको पक्षमा उभिएर अन्ततः प्रतिक्रियावादी शक्तिहरूको सत्तालाई टिकाउने र उनीहरूको अशल सेवक बन्ने प्रक्रियावाट गुज्रिरहेका छन्। गुटगत मानसिकताका कारण आफ्नो अस्तित्वरक्षाका खातिर सत्य र साँचो पक्षलाई समेत आँखा चिम्लिएर उनीहरू आज वहुदलीय जनवादको संशोधनवादी, विसर्जनवादी झन्डा बोकेर विद्यार्थी समुदायलाई यथास्थितिवादको पक्षमा उभ्याउने दुस्साहस गरिरहेका छन्। जुन दुस्साहस कदापि पूरा हुनेछैन। उल्टो उनीहरूको धरातल डग्मगाएको छ। खुश्चेभपन्थी संशोधनवादको झन्डा बोकेर विद्यार्थी समुदायको आम समस्या हल हुनेछैनन्। वहुदलीय जनवादको संशोधनवादी झन्डाले नेपाली जनवादी क्रान्तिको नेतृत्व गर्नेछैन। बहुदलीय जनवादी झन्डा त ०५८ जेठ २२ गते नासलचोकमा ज्ञानेन्द्रको खुट्टामा दाम(भेटी) बनेर ढलिसकेको छ। यो स्थितिमा आम इमान्दार विद्यार्थीहरूले सोंच्नै पर्छ र क्रान्तिकारी रूपान्तरणको दिशालाई ठीक ढङ्गले पकड्दै आमूल परिवर्तनकारी सङ्घर्षमा होम्न सक्नुपर्दछ।

आजको सच्चा र सिर्जनशील मार्क्सवाद भनेको प्रचण्डपथ हो। जुन ०५७ फागुनमा नेकपा (माओवादी) को दोस्रो ऐतिहासिक सम्मेलनले संश्लेषण गरेर कार्यान्वयनमा लगेको छ र त्यसवाट समेत ऐतिहासिक सफलताहरू हात लागेका छन्। नेपाली जनवादी क्रान्ति अझ मूर्त बन्दै अगाडि बढिरहेको छ। मालेमावादको सिर्जनात्मक प्रयोगका क्रममा जन्मेको प्रचण्डपथले नै वास्तवमा हेरक तह र तप्काका जनसमुदायलाई मुक्ति दिनेछ। यसैकारण हामी क्रान्तिकारी विद्यार्थीहरूले यतिबेला ज्ञानेन्द्रको पाउमा झुक्ने वहुदलीय जनवादको खुश्चेभपन्थी संशोधनवादी झन्डालाई फ्याँकेर नेपाली क्रान्तिलाई मात्र होइन, विश्वक्रान्तिलाई समेत दिशा निर्देशन गर्न

सक्षम प्रचण्डपथको झन्डा गर्वका साथ, दह्रो हिम्मत कसेर विवेकशील भई उचाल्नुपर्दछ। माले, एमाले अखिलको यथास्थितिवादी एवम् संशोधनवादी पर्खाललाई चकनाचुर पार्दै त्यसलाई नाघौं र क्रान्तिकारी ध्रुवीकरणको दिशामा एकजुट वन्दै अखिल (क्रान्तिकारी)मा समाहित वनौं।

यस वाटोवाट मात्र आमविद्यार्थी जगत्को मुक्ति हुनेछ। त्यसकारण पनि नेपाली वर्गसङ्घर्षले हासिल गरेको यो उच्च रूपलाई अझ अगाडि वढाउन हामी जनता विद्रोही, ऊर्जाशील, परिवतर्नकारी, गतिशील र सिर्जनशील शक्ति मालेमावाद र प्रचण्डपथको महान् झन्डा वोकेर ती दुई हजारभन्दा वढी महान् सपूत, सहिदहरूले देखाएको वाटोमा अगाडि वढौं। हाम्रो विजय सुनिश्चित छ र त्यो विजयले मात्र शोषित-पीडित जनसमुदाय एवम् विद्यार्थीहरूको लक्ष्य प्राप्त हुनेछ। अन्यथा, हाम्रो मुक्ति एउटा काल्पनिक कथा मात्र वन्नेछ। त्यसैले क्रान्ति र अग्रगतिको झन्डा वोकेर लक्ष्यसम्म पुग्न यथास्थितिवाद र संशोधनवादको पर्खाल नाघौं।



दैनिकी

आज हाम्रो कार्यक्षेत्रतर्फ प्रस्थान गर्ने दिन । मैले क. प्रशान्तसँग ठीक ११:०० वजे लगनखेलमा भेट्ने समय मिलाई सकेको छु । अनि क. महेन्द्र र मीनासँग चापागाउँमा भेट्ने समय मिलाएको छु । म विहानदेखि यात्राको बारेमा विविध कोणवाट सोंचिरहेको छु । आफ्नै कोठामा करिव ८:४५ बजे खाना खाएँ । कोठामा खाना काकीले तयार गरिदिनु भयो । त्यसपछि ९:१५ बजे म कोठाबाट काकीसँग एक महिनापछि मात्र भेट हुने कुरा वताएर विदा लिएर यात्रामा निस्किएँ ।

चावहिलबाट माइक्रोवस चढेर म सोझै लगनखेल हान्निएँ । १०:०० बजे नै म लगनखेल पुगें । त्यहाँ पुगेर क. प्रशान्तलाई पेजर गरें । उहाँले आफू १०:३० बजे लगनखेल आइपुग्ने जानकारी दिनुभयो । त्यसपछि केही पत्र-पत्रिकाहरु लिएर हेर्न थालें । त्यही बीचमा क. उत्तमसँग भेट भयो । उहाँसँग हात मिलाउने कामभन्दा अरु केही भएन । उहाँ पत्रिका लिएर हिंडिहाल्नु भयो । ११:३० वजे प्रशान्त कमरेड आएपछि हामी ११:१५ बजे चापागाउँको लागि गाडीबाट प्रस्थान भयौं । करिब ११:४५ बजे चापागाउँमा पुगिसकेपश्चात् क. मीना र क. महेन्द्रको प्रतिक्षामा हामी रह्यौं । उहाँहरु करिव १२:३० बजेमात्र त्यहाँ आइपुग्नु भयो । हामीले गर्विला अनि दर्विला हातहरु मिलायौं । अनि यात्रातर्फ लाग्यौं, एउटा उद्देश्य बोकेर, एउटा जोंशपूर्ण उमंग बोकेर अनि एउटा निश्चित लक्ष्य लिएर ।

विविध विषयमा छलफल कुराकानी गर्दै हामी चारजना राजनैतिक कार्यकर्ताहरु क्रमशः अगाडि बढ्यौं । कहिले को अगाडि त कहिले को अगाडि गर्दै हामी तेर्सो हिंडिसकेर क्रमशः छम्पीको उकालोहुँदै देवीचौरको उकालो लाग्यौं । हामी दुश्मनका चनाखा नजरहरुलाई छल्दै अलिक घुमाउरो बाटोलाई रोजेर जंगलको बीचबाट हिंडिरह्यौं । निकैमाथि (देवीचौरमाथि) आएर हामीले किनेर ल्याएको बिस्कुट खाजाको रुपमा खायौं । त्यसपछि आजको गन्तव्य स्थानलाई जसरी पनि भेट्ने ध्येयका साथ हामी लगातार हिंडिरह्यौं ।

भट्टेडाँडाको लेकाली जंगलमा कुहिरोसँग लुकामारी खेल्दै अगाडि बढ्यौं । त्यो जंगलबीचको यात्रा मलाई निकै रमणीय र प्रिय लाग्यो । त्यो जंगलबीचको यात्रा अवधिले मलाई आजभन्दा झण्डै १२ वर्ष अगाडिको सोलुखुम्बुको स्मरण गराइदियो । त्यो जंगलको प्रकृति झण्डै सोलुखुम्वुको जंगलको जस्तै थियो । त्यही भएको कारण पनि मलाई आजको यात्रा प्रीय र रमणीय लाग्नु स्वभाविक थियो । त्यो जंगलको यात्रा अवधीमा हामी फेरि क्रमशः ओह्रालो झर्न लाग्यौं र भट्टेडाँडाको भञ्ज्याङ्मा झऱ्यौं । हामी फटाफट अगाडि दलचौकीको बाटोलाई समातेर अगाडि बढ्यौं र अलिक अगाडि वढेपछि दलचौकी गाविसका उपाध्यक्ष कमरेडसँग भेट भयो । उहाँ हाम्रो पार्टीमा

आवद्ध भइसक्नु भएको रहेछ । उहाँसँग हाम्रो यात्रा उद्देश्यवारे कुराकानी गरिसकेर विदा भएर नयाँ खनिएको मोटर वाटोवाट हामी क्रमशः दम्साइलो ओह्रालो झर्न लाग्यौं । हामी वारीपट्टी हिंडिरहँदा पारीपट्टी भट्टे चौकी प्रष्ट आमनेसामने देखिन्थ्यो । तरपनि हामीहरुले कुनै परवाह नगरी लगातार अगाडि वढ्यौं । वीच वाटोमा विभिन्न पेशा र जीवनस्तरका जनताहरुसँग भेट भइरहन्थ्यो र अझ क. प्रशान्तले चिनेका धेरै मानिसहरु भेटिन्थे । हामी लगातार अगाडि वढ्ने क्रममा झाँक्रीडाँडा आएपश्चात् सोझै ओह्रालो झऱ्यौं । तल ठोस्ने खोला झरेर हामीले पानी पियौं । ठोस्ने खोला (ठोट्ने खोला), यो नामले मलाई मेरो जन्मस्थान र त्यसको एकापट्टी रहेको खोलाको स्मरण गराइदियो । जहाँ म मेरो वाल्यकालमा पौडी खेल्न, माछा मार्न जान्थें र अधिकांश फुर्सदको समय म र मेरा साथीहरु त्यही खोलासँग मितेरी लगाएर उहीसँग खेलेर विताउँथ्यौं । त्यस्तै छ आज भेटिएको ठोस्ने खोला । हेर्दाखेरी उस्तै प्रकृतिको नभए तापनि खोल चाहिं हो । जुन खोलको नामले वा त्यहाँ पुग्दा म एकैछिनमा मेरो जन्मस्थान र मेरो वाल्यकालमा हराउन पुगें । कल्पनाको मीठो रंगीन दुनियाँमा हराएर मेरो जन्मस्थानलाई गम्ल्याङ्ग अंगाल्न पुगें र मेरो वाल्यकाललाई मीठो कल्पनामा सजाउन पुगें ।

ठोस्ने खोलको तिरैतिर हामी लगातार ओह्रालो लाग्यौं । निकै तल झरी सकेपश्चात् हामी केही उकालो चढेर फेरि तेर्सियौं । निकै अगाडि वढीसकेपछि फेरि अफ्ठेरो चट्टानी वाटोवाट ओह्रालो झऱ्यौं । क. मीनालाई हिंड्न अलिक समस्या आइपरेको थियो । हामीहरु एकअर्कालाई समात्दै तल खोलामा झऱ्यौं । खोलामा झरेर हामीले पानी पियौं । त्यो त्यही ठोस्ने खोला र टुंगन खोलाको मिलान विन्दु थियो । यतिबेला करिब अँध्यारो भइसकेको थियो । हामी क्रमशः अगाडि वढेर झोलुंगे पुल तरेर उकालो लाग्यौं । यो आजको अन्तिम उकालो थियो । यो पार गरिसकेपश्चात् हामी आजको सेल्टरमा पुग्थ्यौं । लगातार उकालो ठँसठँस कन्दै उक्लिरह्यौं । कहिले उभिदै त कहिले विसाउँदै अनि कहिले पानी पिउँदै लगातार उकालो उक्लिरह्यौं । तर सेल्टरमा हामीले भेट्नु पर्ने जिम्मेवार कमरेड भने हुनुहुन्नथ्यो । तरपनि उहाँकी भाउजु, श्रीमती र बहिनी हुनु भएको कारण हामीलाई कुनै समस्या चाहिं भएन । परिवारका सदस्यहरु र उहाँहरुको एक जना पाहुनासँग हामीले कुराकानी गऱ्यौं र करिब १०:०० वजे खाना तयार भएपछि खाना खायौं । खाना खानासाथ हामी सुत्न ओच्छ्यानमा गयौं । आज हामी निकै थाकेका थियौं, फेरि आज यात्राको पहिलो दिन पनि थियो । त्यसैले खाना खानासाथ हामी ओच्छ्यानमा पल्टिहाल्यौं र तुरुन्त निदाइहाल्यौं ।

हामी एउटै लक्ष्य र उद्देश्य वोकेका यात्रीहरु हौं । हामी वर्गीय स्वार्थले वाँधिएका प्राणीहरु हौं । हामी एउटै विचार र दर्शनले निर्देशित मानवयन्त्र हौं । हाम्रो आफ्नो छुट्टै व्यक्तिगत स्वार्थ छैन, लक्ष्य छैन, उद्देश्य छैन । हामी त मालेमावाद र प्रचण्डपथलाई शिरोधार्य गरेर नेपाली जनवादी क्रान्तिलाई सहयोग गर्न हिंडेका समरका यात्री हौं । हामी दुश्मनका हर चुनौतीहरुलाई चिर्दै अगाडि वढ्न तयार छौं । हामी यो यात्रामा सरिक भइरहँदा एउटै मुटु लिएर एउटै शरीरमा रक्तसंचार गराउँदै अगाडि वढिरहेका छौं ।

हाम्रा भावना एउटै छन्, स्वार्थ एउटै छन् लक्ष्य र उद्देश्य एउटै छन् । त्यसैले हामी सँगै मर्ने र सँगै जिउने सपथ खाएर हाम्रो गौरवशाली पार्टीको हर निर्देशन र निर्णयलाई व्यवहारमा लागु गर्न एउटा जोंश र उत्साहका साथ अगाडि वढिरहेका छौं । सहिदले छोडेर जानु भएका अधुरा सपनाहरुलाई पूरा गर्ने दिशामा अगाडि वढिरहेका छौं। त्यसैले हामी भन्छौं- हामी सँगै जिउँछौं र सँगै मर्छौं । अन्त्यमा मालेमावाद र प्रचण्डपथको वैज्ञानिक मार्गमा दृढतापूर्वक, हिम्मतसाथ हिंड्ने प्रणसहित उद्घोष गर्छौं -

संसारभरका मजदुरहरु - एक होऔं !

मालेमावाद र प्रचण्डपथ - जिन्दावाद !

हाम्रो गौरवशाली पार्टी नेकपा (माओवादी) - जिन्दावाद !

महान् अमर वीर सहिदहरु - लाल सलाम !

अध्यक्ष क. प्रचण्डको कुशल, सक्षम र अविछिन्न नेतृत्व - निरन्तर रहिरहोस् !

महान् जनयुद्ध - जिन्दावाद !

२३ मंसिर ०५८



नवीन राई



नेपालका शासकहरूको पूर्वाग्रहपूर्ण व्यवहारको कारणले विकास निर्माणको क्षेत्रमा ज्यादै पछाडि परेका माझकिरातको भोजपुर जिल्लाअन्तर्गत दिल्पानागी - ६ खोँटाङ्मा बुवा रणबहादुर राई र आमा गंगामाया राईको कोखबाट नवीन राईको जन्म ०३२ साल पौष २८ भएको हो । आमा र बुवा दुबै गुमाइसक्नुभएका राईका एक दाजु, एक दिदी र एक भाइ छन् । गाउँकै शारदा प्राविबाट कक्षा पाँचसम्म र चण्डेश्वरी निमाविबाट कक्षा सातसम्मको शिक्षा लिनुभएका राईले अन्नपूर्ण माविबाट ०४८ सालमा एसएलसी उत्तीर्ण गर्नुभएको थियो । उच्च शिक्षाको क्रममा ताहाचल क्याम्पस काठमाडौबाट एमएडसम्मको अध्ययन गर्नुभएका नवीनले ०४९ देखि अखिल पाँचौबाट सक्रिय राजनीतिको सुरुवात गर्नुभयो । ०५१ देखि ०५३ सम्म स्ववियू सह-सचिव, ०५३ देखि ०५५ सम्म स्ववियू सभापतिको जिम्मेवारीसमेत वहन गर्नुभएका राई ०५६ साल भदौमा स्थापना भएको किरात राई विद्यार्थी सङ्घको संस्थापक अध्यक्ष तथा प्रथम राष्ट्रिय सम्मेलनद्वारा सर्वसम्मत चुनिनुभएका केन्द्रीय कार्य समितिका अध्यक्ष हुनुभएको थियो । उहाँ एमाले विभाजनपछि माले निकट अखिलमा क्रियाशील रहनुभयो । अन्तमा एमाले र माले दुवै संशोधनवादी आहालबाट माथि उठ्न नसकेपछि कृष्ण केसी, हिमाल शर्माको नेतृत्वमा विद्रोह गरी ०५८ असोजमा अखिल (क्रान्किारी) मा एकताबद्ध हुनुभयो र असोजमा सम्पन्न अखिल (क्रान्तिकारी) को एकताको १५ औं राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभयो । उहाँलाई ०५९ वैशाख १३ गते संगठनका महासचिव पूर्ण पौडेल लगायतका साथीहरूसँगै शाहीसेनाले गिरफ्तार गरी बेपत्ता पार ेको छ ।

आदिवासीहरुको साझा संयन्त्रलाई सशक्त र गतिशील बनाउनुपर्छ*

○ अध्यक्षज्यू, किरात राई विद्यार्थी सङ्घको संस्थापक अध्यक्ष र प्रथम राष्ट्रिय सम्मेलनद्वारा पनि अध्यक्षमा सर्वसम्मत रूपमा चुनिनुभयो । कस्तो अनुभव भइरहेको छ ?

किराँत राई विद्यार्थी सङ्घ किराँत राई विद्यार्थीको साझा, स्वतन्त्र, सामुदायिक र लोकप्रिय सङ्गठन पनि हो । यसले आफ्नो स्थापनाकालदेखि अनेकौं गतिविधिहरूको सञ्चालन गरेको छ । जनजाति विद्यार्थीहरूको बीचमा आफ्नो उपस्थितिलाई सार्थक र प्रभावकारी बनाइरहेको छ । जसको कारणले यो सङ्गठन राई विद्यार्थीहरूको बीचमा मात्र नभएर अन्य जनजाति विद्यार्थीहरूको बीचमा समेत स्थापित बनेको छ । यस्तो गौरवपूर्ण सङ्गठनको अध्यक्षमा चुनिनु निश्चय नै खुसीको कुरा हो । अझ यो सङ्गठनको संस्थापक अध्यक्ष बन्ने सौभाग्य पाएको छु । यस्तो अवस्थामा गौरव र खुसी दुवैको अनुभूति भइरहेको छ र स्वभाविक पनि हो । यद्यपि थुप्रै चुनौतीहरू, अप्ठ्याराहरू, पदीय जिम्मेवारीहरू छन् । त्यसलाई इमान्दारितापूर्वक पूरा गर्न नसकिने हो कि ? भन्ने कुराले अलिक बढी चिन्तित पनि छु ।

○ राष्ट्रिय सम्मेलनको लागि सम्पूर्ण व्यवस्थापन कसरी गर्नुभयो ?

हाम्रो सङ्गठन विधिवत् रूपमा स्थापना भएको १५ महिनाको अवधिमा राष्ट्रिय सम्मेलनको आयोजना गर्‍यौं । सङ्गठनको जीवनमा १५ महिना ज्यादै छिटो अवधि हो । अनुभवको कमीलगायतका अरू धेरै कमजोरीहरू थिए । त्यसैले राष्ट्रिय सम्मेलनलाई सम्पन्न गर्ने कुरा चुनौतीपूर्ण थियो । थुप्रै अप्ठ्याराहरू र प्रतिकूलताहरू थिए । यद्यपि सङ्गठनमा सङ्गठित साथीहरू अरू शुभेच्छुक मित्रहरू अहोरात्र सम्मेलनको प्रचार-प्रसार, आर्थिक सङ्कलन र व्यवस्थापनको काममा जुट्नुभयो । उपत्यकामा घनीभूत ढङ्गले प्रचार-प्रसार भएको थियो । मातहत कमिटीलाई तोकिएको दायित्वअनुसार आर्थिक सहयोग धेरै ठाउँहरूबाट उपलब्ध भयो । विभिन्न पेशा, तह र तप्काका व्यक्तिहरूले आर्थिक, भौतिक र नैतिक सहयोग पुर्‍याउनुभयो । जसको कारणले प्रतिकूलतालाई सहज बनाउन सफल भयौं । राष्ट्रिय सम्मेलनलाई भव्यतापूर्वक सम्पन्न गर्न सक्यौं ।

❍ *विभिन्न जनजातीय सङ्गठनहरू निर्माण हुँदै गइरहेका छन् । यस्ता सङ्गठनहरूप्रति सङ्कीर्णता र साम्प्रदायिकताको आरोप लगाउने गरिएको छ, यसमा तपाईंको धारणा?*

वहुत जायज प्रश्न उठाउनुभयो । ०४६ सालको जनआन्दोलनपछि विभिन्न जनजातीय सङ्घसंस्थाहरू स्थापना हुँदै आफ्नो क्षेत्रमा क्रियाशील वन्दै आइरहेका छन् । ०४६ सालको जनआन्दोलनपछि नेपाली जनताहरूले अपेक्षा गरेका न्यूनतम कुराहरू पनि पूरा हुन सकेन । पञ्चायतकाल र अहिलेको व्यवस्थामा आदिवासी जनजातिहरूको समस्या जस्ताको त्यस्तै रहेको छ । किरात राई समुदायको मात्रै होइन, प्रायजसो सवै जनजातिहरूको वहुमूल्य भाषा, धर्म, सँस्कृति दिनानुदिन समाप्तितिर उन्मुख भइरहेको छ । यस्तो अवस्थामा युवा विद्यार्थीहरूको महत्वपूर्ण दायित्व वहुमूल्य भाषा, धर्म र संस्कृतिलाई संरक्षण गर्नु पनि हो । त्यसकारण यो दायित्वलाई पूरा गर्नको लागि किरात राई विद्यार्थी सङ्घको स्थापना गरेका छौं । प्रजातन्त्रको पुनर्वहाली भएको ११ वर्ष वितिसक्दा पनि जातीय, धार्मिक, भाषिक र सांस्कृतिक क्षेत्रमा चरम असमानता रहेको छ । असमानातको कुरा उठाउँदा, अन्यायको विरुद्ध आवाज उठाउँदा साम्प्रदायिक भनेर आरोप लगाउनुको कुनै औचित्य छ ? कुनै युक्तिसङ्गत कुरा हो यो ? होइन वरु भाषिक अधिकारको कुरा उठाउँदा, मानवअधिकारको कुरा उठाउँदा कसैले साम्प्रदायिक भन्छ भने त्यो चाहिँ साम्प्रदायिकताको पराकाष्ठा हो ।

❍ *किरात राई यायोक्खा र किरात राई विद्यार्थी सङ्घबीचको सम्बन्धको बारेमा केही बताइदिनोस् न ।*

किराँत राई यायोक्खा ६-७ लाख किरात राईहरूको नेतृत्वदायी संस्था हो । किरात राईहरूकाबीचमा आपसी एकता, सद्भाव र हार्दिकताको विकास गराउने काम यायोक्खाले गरिरहेको छ । समाप्तितर्फ उन्मुख भइरहेको किरात राईहरूको वहुमूल्य गहनाहरू भाषा, धर्म र सँस्कृतिको संरक्षण गर्ने, त्यसलाई संस्थागत गर्ने काम यायोक्खाले गर्नुपर्दछ भने हाम्रो सङ्गठन किरात राई विद्यार्थी सङ्घको लक्षित समूह पनि राई समुदाय नै हुन् । राई समुदायका विद्यार्थीहरू हुन् । हामी हाम्रो समुदायका जातीय पहिचान दिने आधारहरू सङ्कटतर्फ उन्मुख भइरहेकोप्रति पनि सचेत छौं । त्यसकारण मूलभूत मुद्दाहरूमा यायोक्खासँग हाम्रो मतैक्यता रहेको छ । यायोक्खाले सञ्चालन गरेका हरेक गतिविधिहरूको, अभियानहरूको हामी सहयोगी हौं । तर, यथार्थ के हो भने यायोक्खा केन्द्रीय कार्य समितिसँग राम्रो समन्वय हुन सकेको छैन । अझ यायोक्खाले अभिभावकको भूमिका निर्वाह गर्नुपर्दथ्यो त्यसो हुन सकेको छैन । यद्यपि मोफसलका जिल्लाहरू जस्तो- सुनसरी, धनकुटा, इलाममा राम्रो गाइडेन्स गरिरहनुभएको छ । त्यहाँका पदाधिकारीहरूले र विद्यार्थीहरूले पनि धेरै गतिविधिहरूमा राम्रो सहयोग गरिरहनुभएको छ । यस्तो किसिमको समन्वय केन्द्रमा पनि हुन आवश्यक छ र त्यसको निम्ति हाम्रोतर्फबाट आवश्यक पहल भइरहेको छ ।

❍ **७-८ वर्ष अघि स्थापना भएको राई विद्यार्थी सङ्घले आर्थिक अनियमिता गरेको बाहिर आइरहेको छ नि ?**

यो चर्चा मैले पनि सुनेको छु । यद्यपि यथार्थ कुरा के हो यकिन थाहा छैन । यदि यो सत्य हो भने राम्रो प्रवृत्ति होइन । यद्यपि हिजोका विद्यार्थी खराव थिए, आज र

भोलिका विद्यार्थी पनि खराव हुन्छन् भन्नु त अधिभूतवादी सोंचाइ हो। सङ्कीर्ण सोंचाइ हो। युवा विद्यार्थीहरू जोसँग अनेकौं सकारात्मक सम्भावनाहरू छन्। उनीहरूको निम्ति यो अवस्था भनेको अत्यन्त मूल्यवान् समय पनि हो। यस्तो अवस्थामा हामीहरू हाम्रो राई समुदायका भाषा सँस्कृतिप्रति सचेतना फैलाउने अभियानमा लागिरहेका छौं। अनेकौं समस्या अप्ठ्याराहरूको वावजुद पनि इमान्दारीतापूर्वक क्रियाशील वनिरहेका छौं। यस्तो वेलामा अनावश्यक शङ्का गर्नु राम्रो होइन। आफैंमात्र राम्रो र असल छु, अरूहरू नराम्रा, खराब र वेइमान हुन् भन्नु आत्मकेन्द्रित हो।

○ अरू जनजातीय विद्यार्थी सङ्गठनहरूसँग कत्तिको समायोजन भइरहेको छ ?

हाम्रो समुदायका बहुमूल्य गहनाहरू भाषा, धर्म र सँस्कृति तथा मौलिक परम्पराहरू दिनानुदिन लोपोन्मुख भइरहेको छ। त्यसकारण सचेत युवा विद्यार्थीहरूले त्यसप्रति पनि सचेतना फैलाउन जरुरी छ। त्यो काममा हामीहरू लागिरहेका छौं। साथै हामीसँग साझा सवालहरू छन्, जसको कारणले हामीहरू एउटा ध्रुवमा, एउटा सङ्गठनमा सङ्गठित हुनु आवश्यक छ। हाम्रा आवाजहरूलाई सामूहिक ढङ्गले गुन्जायमान र वलशाली वनाउनुपर्दछ। यही कुरालाई हृदयङ्गम गर्दै सवै जनजाति विद्यार्थीहरूको साझा सङ्गठनको रूपमा नेपाली आदिवासी जनजाति विद्यार्थी सङ्घको निर्माण गरिसकेका छौं र आगामी चैत्रको २८ र २९ गते काठमाडौंमा यसको राष्ट्रिय भेलाको आयोजना गर्दैछौं। त्यही भेलामा मुलुकभरिका जनजाति विद्यार्थीहरूको वीचमा गम्भीर छलफल गर्नेछौं र हाम्रो कार्यदिशा, कार्यभार र आगामी कार्ययोजनाहरू निर्माण गर्नेछौं। अहिले हामी त्यही राष्ट्रिय भेलालाई भव्यतापूर्वक सफल बनाउनको लागि क्रियाशील बनिरहेका छौं।

○ अध्यक्षज्यूले साझा मुद्दाहरू र समस्याहरू छन् भन्नुभयो। यसको बारेमा अन्य राजनीतिक विद्यार्थी सङ्गठनहरूसँग कत्तिको छलफल गरिरहनुभएको छ ?

अहिले पनि आम नेपाली विद्यार्थीहरूका अनेकौं साझा मुद्दाहरू छन, समस्याहरू छन् र जनजातीय विद्यार्थीहरूको छुट्टै साझा समस्याहरू पनि छन्। त्यसकारण यी मुद्दाहरूमा राजनीतिक पार्टीहरूसँग एफिलिएटेड विद्यार्थी सङ्गठनका नेताहरूसँग छलफल चलाइरहेका छौं। उहाँहरूको ज्यादै सकारात्मक दृष्टिकोण छ। एउटा अन्तरक्रिया कार्यक्रम पनि गरेका थियौं। त्यो अन्तरक्रिया कार्यक्रममा पनि सङ्गठनहरुले जनजातीय विद्यार्थीहरूका समस्याहरूप्रति स्पष्ट दृष्टिकोण राख्नुभयो। अनिवार्य संस्कृत शिक्षाको खारेजीलगायतका विषयहरु हाम्रा साझा मुद्दा हुन्। अहिले हामी अनेरास्ववियू, अनेरास्वयू (क्रान्तिकारी), छैठौं, ०२२, अनेरास्ववियु, नेविसङ्घ, राप्रविसङ्घलगायतका अन्य सवै विद्यार्थी सङ्गठनहरूसँग एउटा साझा मोर्चा निर्माण गरेर संयुक्त विद्यार्थी आन्दोलन सञ्चालन गर्ने प्रयत्नमा लागिरहेका छौं। त्यसको प्रारम्भिक चरणको कुराकानी सुरु भएको छ।

अन्त्यमा केही भन्नु छ ?

उत्तरजी ! तपाईंलाई थाहा छ कि हामी १८ महिना अघिदेखि किराविसङ्घमा सङ्गठित भएर लागिरहेका छौं । यो महत्त्वपूर्ण अभियान हो । तर, धेरै साथीहरूले यसलाई वुझ्न सकिरहनुभएको छैन । राजनीतिक पार्टी र तिनका नेताहरूले सिर्जना गरेको विकृति र विसङ्गतिको कारणले हाम्रो संस्थाप्रति पनि विश्वास भरोसा नहुन सक्छ साथीहरूलाई । तर पनि हामी प्रतिवद्धताकासाथ लागिरहेका छौं । साथीहरूले थुप्रैवेला भोक, तिर्खा, थकाई केही पनि नभनिकन निरन्तर काममा जुट्नुभएको छ । हाम्रो संस्थाको काममा हामीमा अलि वढी जिम्मेवारीहरू पनि छन् । समाजको सचेत र ऊर्जाशील उमेर भएको समुदाय हो हाम्रो । त्यसकारण यस्तो अवस्थामा आफ्नो जिम्मेवारीलाई पूरा गर्नका लागि एकपटक सवै साथीहरू लागौं । किरात राई विद्यार्थी सङ्घलाई सवै राई विद्यार्थी साथीहरूको अझ लोकप्रिय र साझा सङ्गठनको रूपमा स्थापित गराउनका लागि सवै साथीहरूको साथ सहयोग हुनेछ । बुद्धिजीवी अभिभावकहरूको सरसल्लाह, सुझाव र सहयोग हुनेछ भन्ने विश्वास लिएको छु । त्यसका लागि सवै पक्षसँग हार्दिक अपील गर्दछु । धन्यवाद !

किरावि सङ्घको मुखपत्र, चुलाम, वर्ष १ अङ्क २ मा प्रकाशित अन्तर्वार्ता



मन्तव्य*

विद्यार्थी समुदाय सचेत उर्जाशील उमेर र जागरुक पनि हुने भएकोले यो शक्ति सामाजिक परिवर्तनको वाहकको रुपमा स्थापित वनेको छ र इतिहासका विभिन्न कालखण्डहरुमा प्रतिक्रियावादी राज्यसत्ताको कारणले अति प्रतिकूल वनेको संगीन घडीहरुमा पनि उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको स्वाभिमानी यो समुदाय वर्तमान अवस्थामा समेत सत्ताको छिनाझम्टीले उपेक्षित र आक्रान्त वनिरहेको छ । वढ्दो शैक्षिक बेरोजगारी, योग्यता, क्षमता र लगनशीलताको कदर गर्नुको सट्टा खिल्ली उडाउने जस्ता अत्यन्त घृणित प्रवृत्ति व्याप्त रहेको छ । जसको कारणले विद्यार्थी समुदायको भविष्य अन्धकार हुने भयले नैराश्यता, उदाशिनता र हिनताबोधको शिकार हुनु परिरहेको छ । मुलुकको सचेत, जागरुक र गतिशील युवा विद्यार्थी शक्तिमा देखा परेको यो उदासिनताको हुरीले व्यक्ति आफू मात्रै होइन सिंगो समाज र राष्ट्रलाई नै प्रभावित पार्दछ । राज्यको लागि आवश्यक पर्ने विभिन्न क्षेत्रका दक्ष जनशक्तिहरुको उत्पादन तथा उनीहरुको सम्मान र प्रोत्साहनलाई स्थापित गर्नुको सट्टा उल्टो चाकरी र चाप्लुसीलाई संस्थागत गर्न थालिएको छ । शैक्षिक अराजकता, नैराश्यता र उदासिनतालाई चिरेर शैक्षिक उन्नयन र सामाजिक अग्रगतिको बाटोमा युवा पंक्तिलाई

हिंडाउनु आजको आवश्यकता हो। अहिले शैक्षिक क्षेत्र अनिश्चित्ता, अव्यवस्था र अन्यौलतावाट ग्रसित बनिरहेको छ। शिक्षा मानवीय समानता तथा चेतनाको अन्तरदृष्टिकरणको महत्त्वपूर्ण श्रोत वन्नुको सट्टा उच्च शिक्षा हाम्रो देशको सन्दर्भमा वर्गविभेदकारी र गिनीपिग वन्नुवाहेक अन्य केही हुन नसकिरहेको सर्वत्र महसुस भइरहेको छ।

स्वतन्त्र विद्यार्थी यूनियन नेपाली विद्यार्थीहरुको त्याग, तपस्या र वलिदानीपूर्ण संघर्षको परिणामस्वरुप स्थापित आम विद्यार्थीहरुको साझा, स्वतन्त्र र वैधानिक संस्था हो। स्वतन्त्र विद्यार्थी यूनियनको मञ्चलाई माध्यम बनाएर सचेत र गतिशील नेपाली विद्यार्थी समुदायले इतिहासका विभिन्न कालखण्डहरुमा अनेकौं प्रतिकुलताहरुको वावजुद पनि सतिशालझैं ठिंग उभिदै परिणाममुखी संघर्षहरु गर्दै अगाडि वढ्ने दौरानमा स्ववियूले एउटा गरिमामय इतिहास कायम गरेको छ। स्वतन्त्र विद्यार्थी यूनियनको माध्यमबाट नेपाली विद्यार्थी समुदायले प्राप्त गरेको यिनै मूल्य, मान्यता र आदर्शलाई आत्मसाथ गर्दै गत २०५३ फागुन १४ गतेको स्ववियू निर्वाचनवाट निर्वाचित हाम्रो स्ववियू विद्यार्थी साथीहरुको विविध समस्याहरुसँग जुध्दै आइरहेको छ। विद्यार्थी समुदायसँग प्रत्यक्ष सरोकार राख्ने महत्त्वपूर्ण सवालहरुमा हामीले सदैव प्रष्टरुपले विद्यार्थीहरुको अभिमत जाहेर गरिरहेका छौं। तपाईं साथीहरुको साथ-सहयोग पाएकै कारणले हामीले सञ्चालन गरेको कुनै पनि आन्दोलनको मोर्चाबाट पिठ्यूँ फर्काएर हिंड्नु परेन। वरु विद्यार्थी शक्तिको अगाडि क्याम्पस प्रशासन घुँडा टेक्न बाध्य हुनु पऱ्यो। जुन कुरा सवै साथीहरुलाई जगजाहेर नै छ।

अन्त्यमा, उच्च शिक्षा प्राप्त गर्ने उत्कट अभिलाषा बोकेर देशका विभिन्न ठाउँहरुबाट हाम्रो यस क्याम्पसमा अध्ययन गर्न तपाईं साथीहरु आउनु भएको छ, यस सन्दर्भमा तपाईंहरु सबैलाई स्वतन्त्र विद्यार्थी यूनियनको तर्फबाट हार्दिक स्वागत गर्दै तपाईंहरुको उत्तरोत्तर प्रगति तथा उज्ज्वल शैक्षिक भविष्यको कामना गर्दछु।

ताहाचल क्याम्पस, स्ववियूको प्रकाशनलाई दिएको मन्तव्य



चतुर्मान राजवंशी (श्याम)

जन्म
२०२३ साल
हल्दीवारी-२, झापा



वेपत्ता
२०५९ पुस १३
भारतको सिलगुढीवाट
गिरफ्तार

भूतपूर्व केन्द्रीय सदस्य

चिठ्ठी

मित्र के.पी.जी सर्वप्रथम न्यानो अभिवादन दिन चाहन्छु । म जल्लादहरुको फन्दामा भए पनि मित्र दुःखसुख थाति राख्दै आजका दिनसम्म त जिन्दा नै रहेको छु । सायद अब पनि फेरि हामी दुवैजना सँगै वसेर गफगाफ गर्ने त कल्पनासम्म पनि नहुने भयो । गद्दारहरुले तपाई हामीलाई अन्त्य गर्न ठूलो कोशिस गरेका छन् । यो कुरा कहिल्यै पनि नभुल्नु होला । मेरो त हाल यस्तै भइगयो । आज धेरै लामो समयपश्चात् पहिलो सम्पर्क तपाईसँग हो । मेरो घर परिवार, साथीहरु सवैलाई भनिदिनु होला । हामी धेरै जना छौं, व्यारेकभित्र थुनिएर वसेका । आजसम्म कोहीसँग पनि सम्पर्क भएको छैन । हामी त यसै पार्टी र क्रान्तिको निमित्त वलिदान दिन तयार छौं । तपाइंहरुले पनि हाम्रो मृत्युलाई भुल्नु हुने छैन भन्दै आजलाई सानो सहयोगको अपेक्षा राख्दै विदा हुन चाहन्छु । मित्र □ एउटा ज्याकेट र हजार पाँच, छ जति पठाइदिनु होला सवै सेना हाम्रा दुश्मन रहेनछन्, कोही कोही त मित्र नै रहेछन् । सरले पत्र लिएर आउनु हुन्छ र सम्पूर्ण कुरा उहाँलाई भन्नु होला । उहाँ हाम्रो मित्र हुनुहुन्छ ।

१८ मंसिर, २०६०

उही साथी
चतुर्मान, वटुक दल गुल्म



माधव नेपाल (अखिल)



आमा तुलसीमाया नेपालको कोखबाट कुभिण्डे-७, सिन्धुपाल्चोकमा माधव नेपाल (अखिल)को जन्म भएको हो । एसएलसीसम्मको औपचारिक शिक्षा हासिल गर्नु भएका क. अखिल विद्यालय कालदेखि नै क्रान्तिकारी विद्यार्थी आन्दोलनमा सरिक भएर महत्वपूर्ण भूमिका निभाउनु भएको थियो । सिन्धुपाल्चोकको क्रान्तिकारी विद्यार्थी आन्दोलनलाई उचाई दिने क्रममा उहाँ ०६० बैशाखमा सम्पन्न संगठनको ११ औं जिल्ला सम्मेलनबाट जिल्ला अध्यक्षमा निर्वाचित हुनु भयो भने यसैक्रममा उहाँ पार्टीको जिल्ला सदस्य हुनु भएको थियो । संगठनकै कामको सिलसिलामा काठमाडौं ज्याठामा रहेको बेला उहाँलाई ०६० कार्तिक २८ गते हत्यारो शाहीसेनाले गिरफ्तार गरी हालसम्म वेपत्ता पारेको छ । उहाँका दाजु प्रेम नेपाल पनि सहिद हुनु भएको छ । हाल उहाँको परिवारमा बुवा, आमालगायत दाजु शीवप्रसाद नेपाल, भाउजु लक्ष्मी नेपाल, काका तारानाथ नेपाल तथा भतिजा-भतिजीहरु शासकवर्गसँग उहाँको सास या लासको माग गर्दै सामन्तवादको मलामीको पर्खाइमा बसिरहनु भएको छ ।

सिन्धुको विद्यार्थी आन्दोलन एक चर्चा

नेपाली क्रान्तिकारी विद्यार्थी आन्दोलनको नेतृत्व गर्दै अगाडि बढेको हाम्रो गौरवशाली संगठन अनेरास्ववियू (क्रान्तिकारी) बुर्जुवा शिक्षा प्रणालीको विकल्पमा नयाँ जनवादी शिक्षा प्रणालीको स्थापनार्थ निरन्तर रुपमा संघर्ष गर्दै आइरहेको छ। क्रान्तिकारी आन्दोनलको प्रेरणा 'चेतना'को संवाहक शक्तिको रुपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने शक्ति युवा शक्ति नै रहेको कुरा स्पष्ट भइसकेको सर्वविदितै छ। त्यसैले हामी सचेत विद्यार्थी राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका सवालमा सञ्चालित जुनसुकै आन्दोलनमा सक्रिय सहभागितासहित सेवा गरे मात्र आफ्नो उज्ज्वल भविष्य रहन सक्छ। त्यसैले नेपाली इतिहासमा अन्यायको विरुद्धमा न्यायको आवाज घन्काउँदै निरन्तर अगाडि बढेको युवा शक्ति नै हामी पाउँदछौं। आफ्नो जन्मकालदेखि नै बीचबीचमा फुटेकाहरुलाई जोड्दै दह्रोसाथ क्रान्तिकारी लाइनलाई पक्डदै युवा विद्यार्थीहरुले १०४ वर्षीय लामो जहानियाँ राणा शासन, पञ्चायती निरंकुश शासनको अन्त्य गर्दै र बहुदलीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी सत्ता र यसभित्र प्राप्त हुने नयाँ जनवादी शिक्षा प्राप्त गर्ने ध्येय र उद्देश्यका साथ हरेक आन्दोलनको अग्रिम पंक्तिमा रहेर आन्दोलनको सुरुदेखि अन्त्यसम्म महत्त्वपूर्ण र उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ। यतिवेला हामीले विगतको इतिहासबाट पाठ सिक्दै वर्तमानमा आन्दोलनलाई अझै शसक्त बनाउँदै उज्ज्वल भविष्य निर्माण गर्नतिर लम्किनु पर्ने स्थिति पैदा भएको छ। त्यसैले यो लेखबाट सिन्धुको विद्यार्थी आन्दोलनको बारेमा संक्षिप्त चर्चा गर्न खोजिएको छ।

सिन्धुपाल्चोकको विद्यार्थी आन्दोलन यहाँसम्म आइपुग्दा धेरै आरोहअवरोह पार गर्दै अगाडि बढिरहेको छ। भिन्न-भिन्न समयमा क्रान्तिकारी आन्दोलन र जुझारु नेतृत्व दिँदै अगाडि बढेको सिन्धुपाल्चोकको विद्यार्थी आन्दोलन जहानियाँ राणा शासनको समयमा पनि राणाका प्रतिनिधि, सामन्त, जमिन्दार र घुसखोरीतन्त्रको विरोध गर्दै अगाडि बढेको थियो। 'विद्रोह गर्नु अधिकार हो' भन्ने मान्यतालाई मध्यनजर गर्दै पञ्चायती शासकहरुले चेलीहरुमाथि गरेको अत्याचार, किसानहरुमाथि गरेको अन्याय र विद्यार्थीहरुका खोसिएका हक, अधिकारहरुलाई जोड्दै जुझारु आन्दोलन उठान गरेको थियो। त्यसलाई अझै निरन्तरता दिन जिल्लामा ०३६ सालदेखि संगठित रुपमा अझ भीषण आन्दोलनको सुरुवात भयो। प्रतिक्रियावादी शासकहरुको आँखा छल्दै विभिन्न समयमा सम्मेलनहरु गर्दै नीति, योजनाहरुलाई फेर्दै सही लाइनलाई दह्रोसँग पक्डदै गयो। विद्यार्थी समुदायको चरित्र विद्रोही, गतिशील र परिवर्तनउन्मुख हुने

भएकोले उनीहरु यथास्थितिमा सीमित रहन सक्दैनन् । आफ्नो वर्चश्व अझै कायम छ भन्ने, समाजका मानिसहरुलाई थिचोमिचो गर्ने, 'फुटाऊ र राज गर' भन्ने नीति लिएका राणाका मतियारहरुले आफ्नो स्वार्थ पूरा गर्नका निमित्त केही त्यस्ता मान्छेहरुलाई किन्न सफल भए । अन्याय भएको सहन नसक्ने विद्रोही होनहार र गतिशील योद्धाहरुले गरेको विरोधलाई उनीहरु सहन नसकी भाडामा विकेका टट्टुहरुलाई योजना वनाएर दिए । त्यस्ता व्यक्तिहरुले गुण्डा लगाएर एक अथक क्रान्तिकारी नेता क. नीरवहादुर गुरुङको २०४५ कार्तिक ३ गते हत्या गरे । त्यो हत्या सिन्धुपाल्चोकका विद्यार्थी कसैलाई पनि सह्य हुन सकेन । सो हत्याको विरोध ठाउँ-ठाउँवाट, गाउँगाउँवाट झनै एकपछि अर्को विद्रोहको रुपमा सुरु भयो र हत्याको व्यापक भण्डाफोर भयो । त्यसबाट उनीहरु झुक्न वाध्य भए । सामन्तवाद र साम्राज्यवाद विरोधी सम्पूर्ण विद्यार्थी समुदायलाई एकै ठाउँमा गोलबन्द गर्दै एकीकृत, विशाल र सुदृढ क्रान्तिकारी विद्यार्थी संगठन निर्माण गर्ने उद्देश्यकासाथ हाम्रो संगठन विगतदेखि नै अन्य विद्यार्थी संगठनसँग एकता गर्दै यो स्थितिसम्म आइपुगेको छ । २०४७ सालमा केन्द्रमा भएको चार विद्यार्थी संगठनवीचको एकतापछि जिल्लामा पनि दुई विद्यार्थी संगठनबीच एकता भएको थियो ।

हाम्रो संगठन संघर्षको मैदानमा जन्मियो । संघर्षका नयाँ मोर्चाहरुमा सामेल हुँदै हुर्कियो । युद्धको छालमय गतिसँगै विकास हुँदै आफूलाई परिपक्वरुपमा दुनियाँका सामु उभ्याएको छ । जुनसुकै देशको क्रान्तिकारी आन्दोलनमा पनि युवा विद्यार्थीहरुको महत्त्वपूर्ण भूमिका रहँदै आएको हुन्छ । त्यस्तै नेपाली जनयुद्धको सुरुवातको लागि पनि झनै अग्रणी स्थानमा विद्यार्थीहरु रहेका छन् । त्यस्तै नेपाली जनयुद्धको सुरुवातको लागि पनि विद्यार्थी संगठनले अग्रणी भूमिका खेल्यो । 'युवा विद्यार्थीहरु भावी समाजका सञ्चालक हुन्' भनेझैं विगतका विद्यार्थी नेतृत्वहरु एकाध पलायन र यथास्थितिमा रहे पनि अधिकांश नेतृत्वहरु अहिले पार्टीको लिडरको रुपमा स्थापित हुनुहुन्छ । त्यसले माथिको उक्तिलाई प्रष्ट पारेको छ । वर्तमानमा विद्यार्थीहरुले अझै ठूला कार्यभारहरु वहन गर्नु र अझ सशक्त रुपमा आफूलाई नेपाली जनयुद्धसँग गाँस्दै सबै प्रकारका गलत प्रवृत्तिका विरुद्ध जुझ्दै आफ्नो वर्गदृष्टिकोणलाई तिखार्दै इमान्दारीपूर्वक नेपाली समाज परिवर्तनका खातिर लागिरहनु नै प्रमुख दायित्व हुन्छ । यसलाई मध्यनजर राख्दै सिन्धुको विद्यार्थी आन्दोलनले गति लिएको छ । जव देशमा ०५२ फागुन १ गतेबाट जनयुद्धको सुरुवात भयो त्यो सँगसँगै संगठन, संघर्ष र क्रान्तिकारी स्पिरिडलाई पक्डदै अगाडि बढिरहेको छ । आन्दोलनकै क्रममा वलिदान गर्ने दर्जनौं सपूतहरु जन्मिए भने आन्दोलनबाट टाढिएर त्यसको विरुद्धमा लाग्नेहरु पनि रहे । तत्कालीन जिल्ला सचिव भूपेन्द्र कार्कीले सर्वहारा वर्गीय आन्दोलनका विरुद्ध आर्थिक लोभमा फसेर चार जना होनहार योद्धाहरुको हत्या गर्ने काम गर्‍यो भने क्रान्तिकारी युवाहरुको स्प्रिड र रगतको वदलाभाव झनै तिखारिएर आक्रोसित हुँदै गयो । जिल्लाको सन्दर्भमा अन्य विद्यार्थी संगठनको तुलनामा संगठन, संघर्ष र विद्यार्थी हक, अधिकारका लागि लड्ने एक मात्र जुझारु र संगठित विद्यार्थी संगठनको रुपमा स्थापित भयो । वुर्जुवा शिक्षा प्रणालीलाई चोटिलो प्रहार गर्दै निरन्तर क्रान्तिको पक्षमा लागिरह्यो । हाम्रो संगठनले हाँसिल गर्दै गएको यो पहिचान र उपलब्धी सम्पूर्ण विद्यार्थी र आम जनसुदायको विजय र सफलताको आधार बन्दै गएको छ ।

महान् एवं गौरवशाली पार्टी नेकपा (माओवादी)को नेतृत्वमा चलिरहेको नेपाली जनयुद्धको विकास नयाँ-नयाँ उचाइवाट उठ्दै अहिले एउटा ऐतिहासिक मोडमा उभिएको छ। पार्टीको त्यो उचाइलाई पक्डदै हाम्रो विद्यार्थी संगठनले पनि शैक्षिक अधिकार र अन्यायको विरुद्धमा निरन्तर संघर्षलाई केन्द्रित गर्दै पार्टीको त्यो अपेक्षालाई पूरा गर्दै बढेको छ। फासिष्ट, सत्ताधारीहरुले नेपाली जनताका छोराछोरीलाई शिक्षा होइन दमन, हत्या, लुट, वलात्कार गर्ने नीति लिएर अगाडि वढिरहेका छन् भने नेपाली आमाका छोराछोरी चाहिं आफ्नो अभिष्ट लक्ष्य नयाँ जनवादी शिक्षा प्राप्त गर्नका निमित्त दुश्मनका दमन, हत्या, लुट र वलात्कारको विरुद्धमा निरन्तर युद्धमोर्चामा डटिरहेका छन्। कुनै पनि सभ्य र समुन्नत समाज निर्माणको आधार भनेको शिक्षा हो, त्यसैले शिक्षा नभएको समाज अन्धो हुन्छ। त्यस्तै सिन्धुपाल्चोक पनि 'वत्तीमुनिको अँध्यारो' भनेझैं राजधानीको नजिकै भएर पनि शिक्षा क्षेत्रमा त्यति उन्नती भएको पाईदैन। त्यसैले सिन्धुपाल्चोकको विद्यार्थी आन्दोलन शैक्षिक क्षेत्रमा नै केन्द्रित रह्यो। ०५७ मा केन्द्रीय समितिले घोषणा गरेको चार सूत्रीय आन्दोलन जिल्लामा लागू गर्ने सिलसिलामा हाम्रो जिल्लाको अहिलेसम्म भएको आन्दोलनमध्येको वढी उपलब्धी भएको पाइन्छ। त्यतिवेला जिल्लाका एकाध विद्यालयबाहेक प्रायः सबै विद्यालयहरुमा भर्ना फि फिर्ता, अनिवार्य सँस्कृत शिक्षा खारेजी, स्तुतीवादी राष्ट्रिय गानको खारेजी तथा निजीकरण र व्यापारीकरण विरोधी आन्दोलनले पूर्ण सफलता हाँसिल गऱ्यो। त्यो नै विद्यार्थी समुदायको मुख्य उपलब्धी हो। यो आन्दोलनलाई सफलतामा पुऱ्याउनको निमित्त बेलाबेलामा सरकारी विद्यालय, वोर्डिङ विद्यालय र शिक्षा कार्यालयमा मागपत्र वुझाउने, चेतावनी पत्र दिदै अझै आन्दोलनलाई केन्द्रित गरेर सफलतातिर डोरिएको देख्दा शिक्षाका व्यापारीहरु छटपटिने गर्दथे भने जनता र विद्यार्थीहरु अपार खुशी हुँदै आन्दोलनलाई ऐक्यवद्धता जाहेर गर्दै अगाडि वढेका थिए। विद्यार्थी आन्दोलन अगाडि बढेको देखेर अत्तालिएका शासकहरु नेपाली जनयुद्धको विकासले त झनै आत्तिए। त्यसैले ०५८ मंसिर ११ बाट देशमा संकटकाल घोषणा गरी शाहीसेना परिचालन गरे। अन्यायको बिरुद्धमा आवाज उठाउने सबैलाई आतंककारी घोषणा गरी दिनहुँजसो एक दर्जनको हाराहारीमा नेपाली जनताका सर्वोत्तम छोराछोरीको हत्या गर्ने काम गरे। देशमा आतङ्कको सिर्जना गरे। तर, के लाग्थ्यो र ? जे गरे पनि नेपाली जनता त्यसबाट कहिल्यै झुकेनन्, पछि हटेनन् झनै तीव्रताकासाथ अगाडि वढे। परिस्थितिबस तत्कालीन समयमा विद्यार्थी आन्दोलन तीब्रताकासाथ अगाडि बढ्न सकेन तर पनि विद्यार्थी नेता; कार्यकर्ताको पंक्ति भने पार्टीसँगै एकाकार भई दुश्मनका विरुद्ध निरन्तर डटिरहे। जिल्लाको सन्दर्भमा तत्कालीन जिल्ला सदस्यद्वय दीपक पराजुली र रामजी भुजेलको वीरतापूर्ण शहादत भयो भने अर्का जिल्ला सचिवालय सदस्य पदम गिरीलाई प्रशासनले किनेर सिआइडी वनाउन सफल भयो र ऊ जनताको घरघरमा गएर दुःख दिने, पिट्ने, धम्काउने विशेषतः पार्टी लिडरलाई नै फसाउने योजनातिर लागेको हुँदा उसलाई पार्टीले सफाया गऱ्यो।

भीषण लडाईंको समयमा कुशल नेतृत्व र संगठनको निरन्तरताको कडी बुझ्नेहरु कडाइकासाथ दुःखकष्ट उठाउँदै अडिग भएर संगठनमा लागि रहे। संकटकालकै

वीचवीचमा विभिन्न विद्यालयमा भ्रष्ट, वलात्कारी शिक्षकहरुको कारवाहीलाई निरन्तरता दियो । कहिल्यै पनि आफ्नो वर्ग र आफ्नो लक्ष्यलाई छुटाएन, पक्डिरह्यो । 'जहाँ दमन त्यहाँ प्रतिरोध हुन्छ' भनेझैं सिन्धुपाल्चोकमा विद्यार्थीमाथिको दमनलाई चिर्नका निमित्त दुश्मनलाई चुनौति दिंदै संगठनले जिल्लाको सदरमुकाम चौतारामा ११ औं जिल्ला सम्मेलनको आयोजना गऱ्यो र दुश्मनलाई धूलो चटाउँदै आफ्नो शक्ति देखाइदियो । उनीहरुले संकटकालको वेलामा जतिसुकै भ्रमपूर्ण समाचारहरु प्रशारण गरे पनि त्यो असत्य भएको कुरा सबैका सामु छर्लङ्ग भयो ।

त्यसपछि नयाँ नीति र योजना निर्माण गर्दै आन्तरिक रुपमा संगठनलाई सुदृढ गर्दै, वर्तमानसम्म आइपुग्दा सिन्धुपाल्चोकमा उल्लेखनीय कामहरु भए । शैक्षिक माफियाहरुलाई संघर्षको मैदानबाटै कठोर सजाय दिनु पर्छ, त्यो नै क्रान्तिकारीहरुको दायित्व हुनेछ । त्यसैले सिन्धुपाल्चोकको हकमा अनेरास्ववियू (क्रान्तिकारी) सवैको आँखाको नानी र आस्थाको धरोहरको रुपमा स्थापित हुन पुगेको छ । यसरी स्थापित क्रान्तिकारी संगठनमा आबद्ध भई आफ्नो जीवनभन्दा पनि प्यारो राष्ट्रको स्वाधीनता र जनताको मुक्तिका लागि कलम र तारा अंकित रक्तरंजित झण्डा वोकेर यसलाई अझ नयाँ उचाइमा उठाउनको निम्ति लामबद्ध भइरहनु विद्यार्थी समुदायको प्रमुख दायित्व हुनेछ ।

यसरी विद्यार्थी आन्दोलनको सुरुवातदेखि नै जिल्लामा राणा र काजीहरुको दमन थिचोमिचो, अन्याय अत्याचारको विरुद्ध लड्दै आएका सिन्धुपाल्चोकका विद्यार्थीहरु झनै वीरतापूर्ण इतिहास कायम गर्नतिर लागिरहेका छन् । यहाँसम्म आइपुग्दा सिन्धुपाल्चोकले केही क्षति वेहोर्नु परेको छ भने वढी उपलब्धी हासिल गरेको छ । क्षति र उपलब्धीलाई समायोजन गर्दै आफ्नो विरुद्धमा भएका विभिन्नखाले खराव तत्वहरुसँग लड्दै लडाईंको मोर्चाबाट हासिल गरेको उपलब्धीलाई जोगाउँदै प्रतिक्रियावादी सत्ताले जतिसुकै दमन गरे पनि त्यसको विरुद्ध लड्नु नै आम विद्यार्थी समुदायको दायित्व हुनेछ । तसर्थ आदरणीय नेपाली आमाका वीर सपूतहरुले देखाएको बाटोमा सिन्धुपाल्चोकका विद्यार्थीहरु निरन्तर लागिरने छ । नेपालमा चलिरहेको वर्गीय मुक्ति आन्दोलनमा शसक्त रुपमा लाग्दै युगीन आवश्यकतालाई पूरा गर्न सशस्त्र विद्रोहका निमित्त हजारौं विद्यार्थीलाई लामबद्ध गर्नु पर्दछ । वर्तमान समस्याको निकास गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको चुनाव हो र त्यसका निमित्त सबैलाई आ-आफ्नो ठाउँबाट सचेत बनाउने जिम्मेवारी विद्यार्थी समुदायको काँधमा आएको छ । विद्यार्थी समुदायको हक, हित र अधिकारको ग्यारेण्टी उदीयमान नयाँ सत्ताले मात्र गर्ने छ । उज्ज्वल भविष्य निर्माणका लागि अभिभावक, विद्यार्थी, शिक्षकलगायत सवै लागिपरौं, वाटो जतिसुकै कठिन भए पनि जीत सुनिश्चित छ ।



पुष्पराज बस्नेत (सागर)



पुष्पको जन्म ०३४ मंसिर २१ गते आमा चन्द्रकुमारी र बुबा भीमबहादुर बस्नेतको माइलो छोराका रूपमा झापा जिल्ला दमक नगरपालिका वडा नं. एक मा भएको थियो । स्नातकसम्मको औपचारिक शिक्षा रत्नराज्यलक्ष्मी क्याम्पसबाट पूरा गर्नुभएका क. पुष्पले सोही क्याम्पसबाट अखिल (क्रान्तिकारी) इकाई अध्यक्षहुँदै आ□नो राजनीतिक यात्रा सुरु गर्नुभयो । उहाँ ०५६ मा अखिल (क्रान्तिकारी) काठमाडौं जिल्ला सह-सचिव हुनुभयो र कामको सिलसिलामा ०५७ माघ २९ गते पक्राउ परी सर्वोच्च अदालतको आदेशबाट २०५९ चैत्र ११ गते रिहा हुनुभयो । पार्टीका विभिन्न मोर्चामा काम गर्ने क्रममा उहाँ ०६० बैशाखदेखि नेकपा (माओवादी) को नारायणी-वागमती प्रचार विभागको सदस्य हुनुभयो । कामकै दौरानमा ०६० मङ्सिर १९ गते कालिमाटी चोकमा हिडिरहेको अवस्थामा उहाँलाई सेनाको कर्णेल राजु बस्नेत (भैरवनाथका गणपति)को टोलीले पक्राउ गरी हालसम्म बेपत्ता पारेको छ । उहाँका दुई भाइमध्ये वीरेन्द्र हाल (२७ महिनापछि) रिहा हुनु भएको छ भने धीरेन्द्र हालसम्म बेपत्ता हुनुहुन्छ ।

क्रान्तिकारी बलिदान एक सैद्धान्तिक विवेचना

'सर्वहारा वर्गीय अन्तर्राष्ट्रिय प्रतिनिधि, विश्वसमाजवादी क्रान्तिका अविस्मरणीय नेताहरूको रगतले यो जीवनमरणको सङ्घर्षमा श्रमिक जनताको झनै विशालतालाई अझ स्पातिलो बनाउनेछ। अनि यो सङ्घर्ष अन्ततः विजयी बन्ने छ।' - क. लेनिन।

"हजारौं हजार सहिदहरूले जनताको हितका निम्ति आफ्नो जीवन वीरतापूर्ण बलिदान गरेका छन्। हामी तिनको झण्डालाई माथि उचालौं र तिनको रगतले गाढा भएको माटोमा अघि बढौं। संसारका जनता हो साहसी बन, जुट्ने आँट गर, अप्ठ्याराहरूदेखि नडराऊ र छालझैं अघि बढ्दै जाऊ। त्यसो भए सारा संसार निश्चय नै जनताको हुनेछ। सबै किसिमका राक्षसहरूलाई निर्मूल पारिनेछ।"

-माओत्से तुङ्ग।

हामीले हाम्रा सारा चीजहरू, मानवीय चेतनासमेत समाजबाट व्यापक अर्थमा सामाजिक सत्ताबाट प्राप्त गरेका छौं। हामी सामाजिक प्राणी हौं। तसर्थ हामीले आफ्नो सम्पूर्ण जीवन न्याय र समानतायुक्त सबैभन्दा सभ्य र समुन्नत समाज निर्माणका खातिर अर्थात् महान् साम्यवादी समाजको लक्ष्य प्राप्तिको खातिर समर्पित गर्नुपर्दछ। प्रकृति र पशुसँगको भीषण सङ्घर्षको बीचबाट विकसित मानवजीवनको पहिचान नै सङ्घर्ष हो। सङ्घर्षबाट हामी कहिल्यै अलग रहन सक्दैनौं। सङ्घर्षबाट अलग रहेर हामी सर्वोकृष्ट मानव प्राणीको रूपमा रहेको आफ्नो पहिचान गुमाउन पुगेका छौं। क्रान्तिकारी सङ्घर्षमा रहेसम्म हामी कहिल्यै मर्ने र नासिने छैनौं। त्यस्तो सङ्घर्षबाट विमुख भएमा हामी जिउँदो लासभन्दा अरू केही रहन्नौं। मानवजीवनको वास्तविक मूल्यबोध के हो त ? हामी बलिदान किन गर्दैनौं ? भन्ने जस्ता प्रश्नहरूको उत्तर खोज्ने सिलसिलामा यहाँ क्रान्तिकारी बलिदानका विविध पक्षका विषयमा छोटो चर्चा गरिनेछ। क्रान्तिकारी बलिदान इतिहासमा यसको स्थान सारा मानवीय उत्पीडन विरुद्ध उत्पीडितवर्ग र जातिको मुक्ति, उन्नति र प्रगतिको लागि सञ्चालित सबैखाले न्यायपूर्ण आन्दोलनमा आफूलाई पूर्णरूपले समर्पित गर्नु आफ्ना सारा निजी स्वार्थहरू परित्याग गरी सामाजिक स्वार्थको लागि लाग्नु, सामूहिक सम्पतिको विकासका खातिर निजी सम्पत्तिको ध्वंसको मार्गमा लम्कनु र महान् साम्यवादी समाज निर्माणको दिशामा अघिबढ्ने क्रममा आवश्यक पर्दा आफ्नो सर्वोच्च सम्पत्ति मानवजीवनसमेत उत्सर्ग गर्न सक्नु नै क्रान्तिकारी बलिदान हो।

आज नेपाली जनयुद्धका क्रममा प्रदर्शित वीरता र वलिदानले संसारभरि सर्वहारा क्रान्तिको पक्षमा विशाल तरंग सिर्जना गरेको छ। विश्वसाम्राज्यवादलाई समेत निर्मम ढङ्गले लल्कारिरहेको छ। नेपाललाई अहिले माओवादी वीर योद्धाको देशको रूपमा चिन्ने गरिएको छ। संसारभरका क्रान्तिकारीहरूलाई यसले प्रतिरोध सङ्घर्ष अघि वढाउन ठूलो प्रेरणा र ऊर्जा प्रदान गरेको छ। विश्व रंगमञ्चमा चेतनाको नयाँ लहर प्रवाहित गरेको छ र यसले क्रान्ति विज्ञानको सिर्जनशील प्रयोगमार्फत् थप मात्रात्मक विकाससमेत गरेको छ। दुई सत्ता, दुई सेना, अर्थतन्त्र र दुई संस्कृति रणनैतिक सन्तुलनको अवस्थामा टकराइरहेका छन्। यो क्रान्तिको अमूल्य उपलव्धि क. सुरेश वाग्ले, रामवृक्ष यादव, रीतवहादुर खड्का, कृष्ण सेनलगायत झण्डै पचपन्न सय महान् सन्ततिका वलिदानको ऊर्जा र प्रेरणावाट नै सम्भव भएको हो।

महान् रुसी अक्टोवर क्रान्तिमार्फत् निर्मित विशाल सोभियत समाजवादी सत्ताको जग दशौं लाख वोल्सेभिकहरूको वलिदानको ऊर्जाविना कल्पना पनि गर्न सकिदैनथ्यो। त्यसैगरी चिनियाँ जनताले गरेको वीरतापूर्ण वलिदानविना जनवादी सत्ताको (तत्कालीन) सम्भावना पनि थिएन। यी र यस्ता अन्य वलिदानीपूर्ण सङ्घर्षको वलले सामन्तवादी साम्राज्यवादी लुटेराहरूको खुनी पाखण्डी चरित्रलाई उदांगो मात्र पारेन, सर्वहारा क्रान्तिकारीहरूको अपराजेयता र आश्चर्यजनक प्रतिरोधी क्षमताको पुष्टिसमेत गरिदिएको छ। तिनै घनघोर सङ्घर्षको वीचवाट शोषित, पीडित, श्रमिक जनता र सर्वहारावर्गको सङ्घर्ष र मुक्तिको वैज्ञानिक सिद्धान्त- मार्क्सवाद, लेनिनवाद, माओवाद विकास भएको छ। स्पार्टाकसको नेतृत्वमा भएको दास विद्रोहले नै इतिहासमा पहिलो उच्च वलिदानीपूर्ण सङ्घर्षको रूपमा आफूलाई दर्ज गरेको छ। पूरै रोमन साम्राज्यवादलाई नै तहसनहस पार्ने गरी फैलिएको उक्त दास विद्रोहका क्रममा झण्डै छ हजार दासहरूलाई रोमका गल्ली र सडकहरूमा झुण्डाएर मारिएको थियो। स्पार्टाकसलाई टुक्रा-टुक्रा पारेर मारियो। दासहरुको ठूलो कत्लेआम गरियो तर पनि उक्त विद्रोह संसारभरि फैलियो। संसारभर अझ धेरै विद्रोह र वलिदान भए। अन्ततः दास समाजको विघटन भयो। दासहरूको वलिदानवाट प्राप्त ऊर्जा र प्रेरणाकै वलमा मानवसमाज एक फड्को अघि वढ्यो। त्यस्तै विद्रोह, वीरता र वलिदानको प्रेरणा र शिक्षाले अहिले संसारभरका क्रान्तिकारी सङ्घर्षहरू अगाडि वढिराखेका छन्।

वलिदान इतिहासको अपरिहार्य आवश्यकता

समाजमा वर्गहरू रहुन्जेल शोषकवर्गको विरुद्ध शोषितवर्गको विद्रोह र प्रतिरोध जारी रहन्छ। क्रान्तिकारी सिद्धान्तको मार्गदर्शनमा समाजको क्रान्तिकारी वर्गहरूको नेतृत्वमा उक्त प्रतिरोध सङ्घर्ष अगाडि वढ्दछ। समाजमा कुनै पनि सामाजिक क्रान्ति हिंसात्मक सशस्त्र सङ्घर्षविना सम्भव नभएको हुँदा ती क्रान्तिकारी आन्दोलनमा ठूलो वलिदान अनिवार्य वन्दछ। यो श्रृङ्खला समाजमा वर्गसङ्घर्ष कायम रहेसम्म नै जारी रहन्छ।

जीवन वलिदान हाम्रो निम्ति रहर नभएर ऐतिहासिक वाध्यता हो। माओ भन्नुहुन्छ- "जहाँसम्म हाम्रो इच्छाको कुरो हो, हामी एक दिनका लागि पनि लड्न चाहन्नौं। तर

परिस्थितिले हामीलाई लड्न वाध्य पार्छ भने हामी आखिरसम्म लडिरहन सक्छौं।" यसरी सामाजिक उत्पीडनले वाध्य पारेसम्म यस विरुद्धको प्रतिरोध अनिवार्य बन्दछ। प्रतिक्रियावादीहरूको अन्यायपूर्ण युद्धको विरुद्ध क्रान्तिकारीहरूको न्यायपूर्ण युद्ध अपरिहार्य हुन्छ। क्रान्तिको लक्ष्य प्राप्तिका लागि क्रान्तिकारी बलिदान एउटा वाध्यता बन्दछ। हामीले कहिल्यै बलिदान हुन नपर्ने अवस्था सिर्जना गर्नको निम्ति नै जीवन बलिदान गर्नुपरेको हो, जसरी कहिल्यै युद्ध नहुने अवस्था सिर्जना गर्न युद्ध गर्नुपरेको छ। वर्गविहीन समाजमा पुग्न वर्गसङ्घर्षमा सहभागी हुनुपरेको छ र राज्यविहीन अवस्थामा पुग्नका खातिर सर्वहारा अधिनायकत्व स्थापनापनार्थ लागिपर्नु परेको छ।

क्रान्तिकारी आन्दोलन सञ्चालन गर्नुलाई नै बलिदानको कारण ठान्नेहरू क्रान्तिकारी आन्दोलन रोक्नुपर्ने माग गर्दछन्। ताकि बलिदानको श्रृङ्खला रोकियोस्। उनीहरू के चाहन्छन् भने बहुमत क्रान्तिकारी समुदायलाई विद्रोह गरी युद्धमा जान वाध्य पार्ने र अल्पमत सत्तासीन हुनु हो। दोस्रो कुरा, पहिला हतियार तिनै उत्पीडकहरूले बहुसङ्ख्यक उत्पीडित जनताको विरुद्ध उठाएका हुन् र क्रान्तिकारीहरूले आत्मरक्षाको निम्ति मात्र जनतालाई सशस्त्र पार्ने प्रयास गरेका हुन्। आफ्नो लक्ष्य पूरा भएपछि उत्पीडितहरूले हतियार लिइरहने छैनन्। तेस्रो कुरा, के छ भने उत्पीडित जनताले हतियारबद्ध सङ्घर्ष नगर्दा बलिदानको श्रृङ्खला रोकिने होइन झन् बढेर जान्छ। उत्पीडक शासकहरूले नरसंहार गर्दैनन् भन्नु विल्कुल झुट हो। उत्पीडित जनतालाई सङ्घर्ष नगर्न सल्लाह दिनु भनेको गम्भीर धोका हो। शोषित-पीडित जनताले प्रतिरोध सङ्घर्ष नगर्नु भनेको नरभक्षी लुटेराहरूलाई आमनरसंहार गर्न अझ उक्साउनु र सजिलो पारिदिनु मात्र हो। जीवन बलिदान हुने भयले सङ्घर्ष नगर्दा झन् धेरै जीवनहरू व्यर्थमा बलिदान हुन्छन्। उनीहरूका सारा आर्थिक तथा राजनैतिक अधिकारहरू व्यर्थमा अल्पसङ्ख्यात्मक लुटेराहरूलाई अधिकार सम्पन्न बनाउन लुटतन्त्रलाई अझ मजबुत र व्यवस्थित बनाउन सहयोग पुऱ्याउन उत्पादनका सम्पूर्ण साधनहरूमा उनीहरूकै एकलौटी आधिपत्य कायम राखिराख्न तथा उत्पीडित जाति र वर्गलाई झन् ठूलो बर्वादिको खाडलमा जाक्ने प्रयोजनको लागि बलिदान हुन जान्छन्। सबैखाले राजनैतिक आर्थिक अधिकारहरू बलिदान गरेर स्वतन्त्रता उपयोग गर्न सक्ने अवस्थामा पुगेका उत्पीडित जनताहरू पशुझैं व्यवहार गरिने, किनबेच गरिने नरवधशालामा बली दिने हदसम्मको दर्दनाक अवस्था व्यहोर्न पुग्छन्।

नेपाली जनयद्धमा अहिलेसम्म लगभग एकहजार महिलाहरूको जीवन बलिदान भएको छ। तर त्यस बलिदानले महिला मुक्तिको आन्दोलनलाई ऐतिहासिक गरिमामय उचाइमा पुऱ्याएको मात्र होइन स्वयम् जनमुक्ति आन्दोलनलाई नै धेरै ठूलो टेवा, ऊर्जा र प्रेरणा प्रदान गरेको छ। महिलाहरूको जीवनस्तर धेरै माथि उठाएको छ। संसार थर्काउने खालका सबै खालका ठूला तथा साना फौजी कारवाहीहरूमा महिला कमरेडहरूको उल्लेख्य सहभागिता प्रदर्शित वीरता र बलिदानका कीर्तिमानहरूले सिङ्गो विश्वलाई सचेत तुल्याएको छ। महिलामाथि गिद्दे दृष्टि लगाउने र पाशविक व्यवहार गर्ने नरपिचासहरू माओवादी महिलाको नाम सुन्दै होस गुम हुन पुग्छन्। महिलाहरूप्रतिको सम्मान निकै उँचो भएको छ। यहीनेर हामीसँग तीतो यथार्थ के छ भने झण्डै दुईलाख

नेपाली महिलाहरू भारतका विभिन्न वेश्यालयहरूमा यौनदासीको रूपमा वेचिरहेका छन्। त्यत्रो ठूलो जीवनको वर्वादी भएको उनीहरू मृत प्रायः जीवन जिउन वाध्य भएका छन्। त्यति ठूलो मानवजीवनको वलिदान क्रान्तिकारी सङ्घर्ष गरेको कारण भएको हो वा नगरेका कारण ? सङ्घर्षका क्रममा भएको सानो वलिदानीको पनि कति ठूलो महत्व हुन्छ तर विनाप्रतिरोध सङ्घर्षको त्यत्रो ठूलो वलिदानीको मूल्य, उपलव्धि खोई त ? खाली वर्वादी र वेइज्जति मात्र। लुटेराहरूका लागि अझ अनुकूलताको वर्वादी गर्न अझ सजिलो स्थितिको सिर्जना मात्र भएको छ। स्वस्थ्य उपचारको अभावमा भोकमरीका कारण, गरिवीका कारण वलिदान हुनेहरूको तथ्याङ्क खोज्ने हो भने त स्थिति अझ भयावह र कहालीलाग्दो देखा पर्दछ।

विनासङ्घर्षको वलिदानले जनताको प्रतिरोध क्षमता झन् घटाउँछ भने योजनावद्ध क्रान्तिकारी सङ्र्घषका क्रममा भएका वलिदानले प्रतिरोध क्षमता वृद्धि गर्ने मात्र होइन, सिङ्गो मानवसमाजको विकासमा ठुलो ऊर्जा प्रदान गर्दछ। क्रान्तिकारी सङ्घर्षले वलिदानको श्रृङ्खला वढाउने होइन, अत्यधिक कम गर्दै जाने पनि हो। अन्ततः वलिदान नै हुन नसक्ने स्थिति सिर्जना गर्नेछ।

क्रान्तिकारी सिद्धान्त र क्रान्तिकारी बलिदानको अन्तरसम्वन्ध

क्रान्तिकारी सिद्धान्तविना सङ्घर्षमा जानु भनेको हतियारविना नै युद्धमा जानु सरह हो। आत्मघाती कदम उठाउनुजस्तै हो। यसले अन्ततः जनतालाई नै हानी पुऱ्याउँछ। मानवजातिका तमाम सङ्घर्ष, त्याग, वलिदानका जगमा, विगतका सफलता र असफलताका आधारमा, वर्तमानको कठोर क्रान्तिकारी व्यवहारको वलमा प्राप्त ज्ञानको सर्वोच्च संश्लेषण मार्क्सवाद-लेनिनवाद-माओवाद हो। यो नै क्रान्तिको सिद्धान्त र सङ्घर्षको विज्ञान हो। लडाइँको मुख्य हतियार हो। यसलाई आत्मसात् गरेर यसकै मार्गदर्शनमा क्रान्तिकारी आन्दोलन सञ्चालन गर्न नसके अनावश्यक वलिदान हुने मात्र होइन, आन्दोलन नै असफल हुने र भएको उच्च वलिदानसमेत खेर जाने हुन सक्छ। साथै उक्त क्रान्तिकारी सिद्धान्त लागू गर्ने र आन्दोलनको नेतृत्व गर्ने क्रान्तिकारी कम्युनिष्ट पार्टी अनिवार्य सर्त हो। नेतृत्वविहीन,असङ्गठित सङ्घर्षले सधैं अनावश्यक वलिदान निम्त्याउने गर्दछ। साथै उपलव्धिको रक्षा गर्ने नसक्ने वनाइदिन्छ र यसको फल अरूले नै प्राप्त गर्दछ। क्रान्तिलाई अघि बढाउन तथा विजयी वनाउन, अनावश्यक वलिदान कम गर्न र क्रान्तिकारी उपलव्धि रक्षा गर्न क्रान्तिकारी कम्युनिष्ट पार्टीमा सङ्गठित हुनु, क्रान्तिकारी सिद्धान्तले लैस हुनु र फौजीकृत हुनु जनसमुदायका लागि अनिवार्य आवश्यकता हो। क्रान्तिकारी सिद्धान्त सही नभए पनि अनावश्यक वलिदान हुनेछ। तर उक्त सिद्धान्त जतिसुकै सही भए पनि बलिदानलाई पूरै पन्छाउन सम्भव छैन। अनि बलिदान कम गर्ने नाममा सङ्घर्षवाट नै पछि हट्नु गम्भीर विचलन र श्रमिक जनताप्रतिको ठूलो विश्वासघात हो। क्रान्तिकारी सिद्धान्त सधैं नै भीषण रक्तपातपूर्ण सङ्घर्ष र ठूलाठूला वलिदानका वीचवाट नै विकास र विस्तार हुने गर्दछ। अनि यसैले कम वलिदानमा बढी उपलव्धिपूर्ण विजयी सङ्घर्ष गर्न सिकाउँछ।

अन्तमा, विगतदेखि वर्तमानसम्म ससांरभरी भइरहेका क्रान्तिकारी आन्दोलन र त्यसक्रममा प्रदर्शित त्याग, तपस्या, उत्सर्ग, वीरता र वलिदानले सिङ्गो मानव सभ्यतालाई, मानवीय चेतना र विज्ञानका सवै शाखाहरूलाई निकै माथिल्लोस्तरमा विकास गरेको छ । ती आन्दोलनहरूले उत्पीडित जनताका सङ्घर्षहरूलाई दमन गरेर कहिल्यै मास्न नसकिने अकाट्य तथ्य मात्र स्थापित गरेन बरु मुट्ठिभर लुटेराहरूको सत्ता विश्वरङ्गमञ्चबाट नै लोप गराएर भेदभाव, शोषणको अन्त्य अवश्यम्भावी भएको तथ्यसमेत वैज्ञानिक ढङ्गले सिद्ध गरेका छन् । त्यो समाज निर्माण गर्न सक्ने क्रान्तिकारी सर्वहारावर्गले आफ्नो ऐतिहासिक भूमिका पहिचान गरिसकेको छ । आफ्नो क्रान्तिको सिद्धान्त, मुक्तिको दर्शन र सङ्घर्षको विज्ञान प्राप्त गरिसकेको छ । आउनुहोस् यो एक्काइसौं शताब्दीलाई विश्वसर्वहारा क्रान्तिको शताब्दीमा फेरौं । त्यसका निम्ति पहिला नेपाली क्रान्तिलाई एक्काइसौं शताब्दीमा पहिलो अक्टोबर क्रान्तिको रूपमा विजयी बनाऔं र दक्षिण एसियाली सोभियत फेडेरेसन निर्माणको दिशामा अघि बढौं । त्यसका निम्ति अझ कठिन मोडहरू पार गर्न ठूलाठूला वलिदान गर्नका निम्ति आफू पनि तयार बनौं र अरूलाई पनि तयार पारौं । महान् क्रान्तिकारी जनयुद्धमा सहभागी बनौं ।



अर्जुन पोखरेल



थानापति-९, खनियाचौक नुवाकोटमा बुबा रामप्रसाद पोखरेल र आमा सावित्री पोखरेलको कोखबाट क. अर्जुन पोखरेलको जन्म भएको थियो। भैरवी मावि नुवाकोटबाट एसएलसी पास गर्नु भएका क. अर्जुन ग्रामीण आदर्श बहुमुखी क्याम्पस काठमाडौंमा उच्च शिक्षा अध्यनार्थ भर्ना हुनु भयो। उहाँ सोही क्याम्पसमा अध्ययन गर्दैगर्दा नै अखिल (क्रान्तिकारी)मा संगठित भएर काठमाडौं जिल्ला समिति सदस्य पनि हुनु भएको थियो। सांगठनिक आवश्यकताले गर्दा उहाँ ०५६ सालमा पूर्णकालीन सदस्य हुनु भएको थियो। ०५७ मा ग्रामीण आदर्श क्याम्पस, काठमाडौंमा स्ववियू उपसभापतिमा निर्वाचित हुनु भएको थियो। उहाँ नेकपा (माओवादी) पार्टी जिल्ला सदस्य पनि हुनु भएको थियो। उहाँलाई ०६० मङ्सिर १० गते काठमाडौं चावहिलबाट सङ्गठनको कामको सिलसिलामा रहेको बेला शाहीसेनाले पक्राउ गरी हालसम्म वेपत्ता पारेको छ। उहा□की बहिनी कौशिला पोखरेल पनि वेपत्ता पारिनु भएको छ र भाइ बैकुण्ठ पोखरेल सहिद हुनु भएको छ ।

दस जोड दुईले उब्जाएका समस्याहरु : एक चर्चा

शिक्षा ग्रहण गर्न पाउनु विद्यार्थीको नैसर्गिक अधिकार हो। कुनै पनि राज्यमा जन्मिसकेपछि सबै बालकलाई समयानुकूल शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो। कुनै पनि सरकार यो दायित्वबाट पन्छिन नैतिकताले दिँदैन। गुणस्तरीय, सर्वसुलभ, वैज्ञानिक र समयसापेक्ष शिक्षा आजको आवश्यकता हो। राष्ट्र विकासको मूल पूर्वाधारको रूपमा सबैले स्वीकारेको विषयवस्तु शिक्षा हो। शिक्षा नै अव्यवहारिक, गुणस्तरीय र निकम्मा भयो भने राष्ट्रको विकासका लागि चाहिने दक्ष जनशक्तिको निर्माण हुन सक्दैन। जसको फलस्वरूप देशमा रोग, भोक, गरिबी, अभाव, विकृति र विसङ्गतिले आक्रान्त हुन्छ। यस खालको जटिल र विकराल समस्यालाई समयमै गम्भीरतापूर्वक नसोच्ने हो भने भोलिको दिनमा यसले झनै ठूलो दुर्घटना निम्त्याउँछ।

हाल शिक्षा क्षेत्रमा सबैभन्दा ठूलो समस्याको रूपमा रहेको विषयवस्तु भनेको शिक्षाको निजीकरण र व्यापारीकरण हो। शिक्षामा भएको निजीकरणको कारणले गर्दा विद्यार्थी समुदायमा ठूलो मार परेको छ। हाल शिक्षाको निजीकरण नयाँ स्वरूप र आवरणमा देखापरेको छ र यसको मुख्य रूप हो १०+२ प्रणाली। १०+२ प्रणाली उच्चवर्गका लागि रहर, मध्यमवर्गका लागि बाध्यता र निम्नवर्गका लागि सत्यानाश साबित हुँदै गइरहेको छ। १०+२ नेपालको शिक्षा क्षेत्रमा पारेका विभिन्न नकारात्मक प्रभावहरूलाई प्रस्तुत लेखमा चर्चा गर्ने प्रयत्न गरिएको छ।

नीतिगत समस्या

नीतिगत रूपमा १०+२ विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रत्यक्ष निगरानीमा नेपालमा सञ्चालित छ। जसको कारण नेपालको शिक्षा नीतिमा विदेशी एजेन्टहरूको हालीमुहाली र बोलबाला कायम रहन पुगेको छ। प्राविधिक र आर्थिक सहयोगको नाममा जसरी विदेशी दातृराष्ट्रहरूले नेपालको शिक्षा नीतिमा अनावश्यक हस्तक्षेप गरिरहेका छन्, यसबाट के कुरा पुष्टि हुन्छ भने नेपाली शिक्षा नीति विदेशी दलाल (साम्राज्यवादी र विस्तारवादी)हरूको ठाडो निर्देशनमा सञ्चालित रहेको छ। यस प्रकारको शिक्षा नीतिको निर्माणमा यदि कुनै नेपालीको भूमिका छ भने त्यो पनि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले पत्याएका र तिनको जुठोपुरो चाट्ने लम्पट बुद्धिजीवीहरूको मात्र छ। हाल फासिष्ट सत्ताले २०६० सालसम्म कक्षा १०

लाई विस्तार गरेर कक्षा १२ सम्म पुऱ्याउने र कक्षा १२ को परीक्षालाई एस.एल.सी.को मान्यता दिने जुन खालको नीति ल्याएको छ, यो तमाम् विद्यार्थीहरूलाई उच्चशिक्षा हासिल गर्ने अवसरवाट वञ्चित गर्ने षड्यन्त्र मात्र हो भन्ने सवैले वुझ्नु आवश्यक छ। मूलतः १०+२ को नीति भनेको सत्ताधारीहरूले आफ्ना काला करतुतहरू ढाकछोप गरी तमाम् सचेत, क्रान्तिकारी, न्यायप्रेमी विद्यार्थीहरुको शक्तिलाई क्षयीकरण गरी विद्यालयमै अल्मल्याएर क्रान्तिको वाटोमा अवरोध पुऱ्याउने दुष्प्रयास मात्र हो। यसरी सत्ताधारीहरूले आफ्नो स्वार्थको स्वर्ग वचाइराख्न विदेशी दलालहरूले आफ्नो स्वार्थअनुसारको शिक्षानीति लादेर विश्वमा एकध्रुवीय शासन गर्न चाहने कुरा दिनको घामझैं छर्लङ्ग छ।

सांस्कृतिक समस्या

मुलतः नेपालको संस्कृतिमाथिको आक्रमण र पाश्चात्य छाडा सँस्कृतिको आगमनको प्रभाव जसरी युवावर्गमा प्रत्यक्षरूपले परेको छ, यसको मुख्य जड भनेको शिक्षामा भएको निजीकरण र व्यापारीकरण, अझ समग्रमा भन्दा त्यस्ता खालका निजी शिक्षण संस्थाले दिने शिक्षाको प्रभाव वुझिन्छ। त्यसमा पनि वर्षातको च्याउझैं खुलेका १०+२ मा भित्रिएका पाश्चात्य छाडा सँस्कृतिको कारणले ग्रस्त भएको शिक्षाको कारण नेपालको सांस्कृतिक पक्षमाथि ठाडो हस्तक्षेप भएको छ। त्यति मात्र नभएर उच्चशिक्षामा सहयोग र लगानीको नाममा जसरी डलर भित्रिने गरेको छ, त्यसले पनि नेपाली समाजमा दास मनोवृत्तिको कुसँस्कृतिले जरो गाड्न थालेको छ । १०+२ मा राखिएका सम्पूर्ण पाठ्यक्रमहरूले विदेशी कुसँस्कृतिको मात्र पक्षपोषण गरेको पाइन्छ। जसले गर्दा १०+२ ले नेपालको मौलिक सँस्कृतिमाथि हमला गर्दै पाश्चात्य यौनवादी छाडा सँस्कृति (कुसँस्कृति) को पक्षपोषण गरिरहेको छ। नेपाली युवावर्गलाई त्यस्ता विकृत सँस्कृतिप्रति लिप्त पार्दै शून्यवादी र अश्लील खालका विकृतिहरू फैलाएको पाइन्छ। विदेशी पाठ्यपुस्तकहरूको ठाडो नक्कल गरी तयार पारिएको पाठ्यक्रमलाई उनीहरूका विकृत सँस्कृतिको सन्देशवाहक सामग्रीको रूपमा राखेर नेपाली स्वभिमानी विद्वान्हरूको चेतनालाई समेत ठाडो चुनौती दिने काम गरिएको छ।

भौतिक समस्या

कक्षा दससम्मको सरकारी विद्यालय सञ्चालन गर्न नै धौ-धौ परिरहेको अवस्थामा ग्रामीण विद्यालयमा कसरी १०+२ सञ्चालन गर्ने ? आजको परिस्थितिमा यो प्रश्न सवैका सामु तेर्सिएको छ। "गाउँमै उच्च शिक्षा" भन्ने भ्रमपूर्ण नाराकासाथ गाउँ पसेका १०+२ वालाहरूले सोझासिधा अभिभावकहरूमा काफी भ्रम सिर्जना गरेका छन्। जीर्णरूपमा रहेका भवनहरू, पुस्तकालय, खेलमैदान र प्रयोगशालाजस्ता आधारभूत पक्षकै अभावमा ग्रामीण क्षेत्रका १०+२ वाला विद्यालयहरू बन्द हुन वाध्य भइरहेको यथार्थता तपाईं हाम्रासामु छर्लङ्ग नै छ। जव सत्ताधारीवर्गले प्रविणता प्रमाणपत्र तहलाई क्याम्पसबाट हटाउने र विद्यालयहरूमा १०+२ लागू गर्ने घोषणा गऱ्यो, त्यसपछि विद्यार्थी तथा अभिभावकहरू अन्यौलमा परे। क्याम्पसमा न्यूनतम् शुल्कमै

अधिकतम भौतिक सुविधा प्राप्त गर्नुपर्ने आवश्यकता र सम्भावना दुवै विद्यमान रहेको अवस्थावाट विद्यार्थीलाई बञ्चित गरी निजी क्षेत्रका व्यापारीहरूले सञ्चालन गरेका चर्को शुल्क तिरेर पनि सुविधाविहीन स्कुलमा शिक्षा ग्रहण गर्न विद्यार्थीहरूलाई वाध्य पार्ने काम गरिएको छ। यस्तो विकृतिपूर्ण अवस्थाले गर्दा विद्यार्थीहरू शिक्षाक्षेत्रवाट दिनदिनै वाहिरिनुपर्ने स्थिति हाम्रोसामु खडा भएको छ।

शैक्षिक समस्या

शिक्षा मूलतः राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय परिस्थितिसँग जुध्न सक्ने एवम् समयसापेक्ष हुनुपर्छ। राष्ट्रिय आवश्यकतालाई परिपूर्ति गर्ने खालको शिक्षा भएन भने, देशको माटो सुहाउँदो शिक्षा भएन भने त्यो देशका लागि कदापि फलदायी हुन सक्दैन। नेपालका शिक्षण संस्थाहरू निकम्मा र वेरोजगार उत्पादन गर्ने कारखानाको रूपमा मात्र स्थापित हुँदैछन्। यहाँका शिक्षण संस्थाहरू, त्यसमा पनि जुन तरिकाले प्रवीणता प्रमाण-पत्र तहलाई हटाएर जबर्जस्ती रूपमा १०+२ लागू गर्ने काम गरियो, त्यसले शिक्षा क्षेत्रमा झनै समस्या थोपरिदिएको छ। फासिष्ट सत्ताका दावेदारहरूले प्रवीणता प्रमाणपत्र तहलाई प्रत्यक्षरूपमै हटाउन चाहेका हुन् तर तत्काल यो सम्भव नदेखेपछि अप्रत्यक्ष रूपमा हटाउनका लागि विद्यालयस्तरको पाठ्यक्रमलाई परिवर्तनको नाममा १०+२ सँग मेल खाने गरी निकृष्ट ढङ्गबाट परिवर्तन गरिएको छ। स्नातक तहमा पनि १०+२ सँग मिल्ने गरी पाठ्यक्रमको निर्माण गरिएको छ। प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रमलाई एक्ल्याउने दुष्प्रयासहरू भएका छन्।

निजीकरणको समस्या

गुणस्तरीय शिक्षा दिने नाममा अभिभावक र विद्यार्थीलाई भ्रमजालमा पारेर यथास्थितिको पक्षपोषण गर्ने खालको शिक्षा प्रदान गरिरहेको प्रतिक्रियावादी सरकारले निजीकरणको नाममा कक्षा दसलाई विस्तार गरी १०+२ सञ्चालन गर्ने भने तापनि हाल शैक्षिक माफियाहरू माध्यमिक विद्यालय नखोलेर +२ मात्र खोल्दै आम विद्यार्थीवाट चर्को शुल्क असुलेर दिन दुईगुणा र रात चारगुणाका दरले कालो धन थुपारिरहेका छन्। हाल पूर्ववतरूपमा सञ्चालित निजी क्याम्पसहरूका नियमित कार्यक्रमहरूलाई विकृत पार्दै उनीहरूलाई समेत १०+२ सञ्चालन गर्न प्रोत्साहन गर्ने कार्य सरकारले गरिरहेको छ। यसले गर्दा पनि शिक्षा क्षेत्रमा समस्या परिरहेको छ। त्रि.वि.अन्तर्गत प्रवीणता प्रमाणपत्र तहमा न्यूनतम् मासिक शुल्कमा पढिरहेका विद्यार्थीलाई 'खाए खा नखाए घिच' भनेझैं जवर्जस्तीरूपमा महङ्गो शुल्क तिरी १०+२ मै पढ्न वाध्य पार्नेसमेत वातावरणको सिर्जना गरिएको छ। जसले गर्दा हाम्रो शिक्षाक्षेत्र दिनदिनै महङ्गो बन्दै गएको र निम्न आय भएकाहरूका लागि पहुँचभन्दा वाहिर रहेको छ। मुलतः १०+२ शिक्षा पाँच प्रतिशत शोषक सामन्तको हितमा रहेको र ९५ प्रतिशत शोषित-पीडित विद्यार्थीका लागि गलाको पासो सावित हुँदै गइरहेको यथार्थता दिनको घामझैं छर्लङ्ग छ।

उपसंहार

यिनै कारणहरूले गर्दा वर्तमान शिक्षाप्रणालीको मूलः सारतत्व सामन्तवाद तथा साम्राज्यवादी उत्पीडनमा आधारित, जनहित विरोधी, राष्ट्रघाती तथा अवैज्ञानिक, प्रतिक्रियावादी-वुर्जुवा शिक्षा प्रणाली हो। त्यसकै प्रतिरूपमा उभिएको १०+२ शिक्षा प्रणाली नेपालको वस्तुगत स्थितिमा निकम्मा सावित भइसकेको छ। शासकवर्गले निजी क्षेत्रमा सञ्चालित यस्ता खालका १०+२ शिक्षा पद्धतिलाई पूर्ण सरकारी अनुदानमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्छ। अन्यथा, १०+२ को पूर्ण खारेजीका लागि सम्पूर्ण तह र तप्कामा रहेका आमूल परिवर्तनकारी शोषित-पीडित विद्यार्थीहरू एक भएर सङ्घर्षको मैदानमा लामवद्ध हुनेछन्। त्यसका लागि शासकवर्ग समेत सचेत भएर वसे हुन्छ।



अशोक सुनार (अकेला)



अशोक सुनारको जन्म ०६० कार्तिक ५ गते खोप्लाङ गाविस गोरखामा भएको थियो । उहाँका बाबु डिलबहादुर वि.क. र आमा समुद्रा वि.क. हुनुहुन्छ । उहाँ साङ्गठानिक जिम्मेवारी सम्हाल्ने क्रममा अखिल (क्रान्तिकारी) काठमाठौं जिल्ला समिति सदस्य र दलित राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय सदस्य हुनुहुन्थ्यो । उहाँलाई काठमाडौंमा बाटोमा हिँड्दै गर्दा ०६० मङ्सिर ६ गते शाहीसेनाले अपहरण गरी हालसम्म बेपत्ता बनाएको छ ।

पहाडभन्दा गह्रौं मृत्युवरण गर्नेहरु

मान्छे, जन्मनु अनि मर्नु
यो त एक स्वभाविक प्रक्रिया हो तर,
देख्न सक्छौं पहाडभन्दा गह्रौं मृत्युवरण गर्नेहरू
मरेर पनि सदा-सदाको लागि बाँचिरहनेछन्
उत्पीडित जनसमुदायको ढुकढुकीमा
सुनौला अक्षरले कुँदिएका प्रतिमूर्तीहरू
मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, माओ हुँदै
फिडेल क्यास्ट्रो, चे ग्वेभारा भई संसारभर फैलनेहरू

पेरिस कम्युन, चिनियाँ सांस्कृतिक क्रान्ति हुँदै
नेपाली धर्तीमा सुरेश वाग्ले वनी जन्मनेहरू
दिलवहादुर, कमला, लली, तीर्थ, भीमसेन, शिवको
जिउँदो इतिहास वनाउनेहरू
रीतवहादुर, वेनोज अधिकारी वनी
सगरमाथाको शिर उँचो राख्नेहरू
वलिदानको ऊर्जा थप्नेहरू
अनि वीरताको गाथा लेख्नेहरू
सिर्जनात्मक मूल्यवोधसहित
स्वतन्त्रता र समानताको लागि
प्राण आहुति गर्नेहरू
श्रद्धाले शिर भ्रुकाउँछौं
गर्वले छाती फुलाउँछौं अनि,
तोप वनेर पड्कन तयार छौं
वर्ग बैरीविरुद्ध जाइलाग्ने
मृत्युभित्र जीवन देखिरहेछौं
प्रिय वीर सपूतहरू !
अनि, लामवद्ध भएर मुट्ठी कसेर भन्नेछौं
तिम्रा अधुरा सपना पूरा गर्नेछौं
फेरि भन्नेछौं यही नै हो क्रान्तिकारी वलिदान ! अर्कोतिर,
आफ्ना मूल्यहरूमथि विश्वास नहुनेहरू
जनतामा लुटको स्वर्ग चलाउनेहरू
जनताको रगतमा होली खेल्नेहरू
तिम्रो जीवन सधैं अँध्यारो र भ्रटारो जस्तो भइरहनेछन्
जीवनभरि बाटो नै काटिरहेछन्
जीवनका मूल्यहरू निर्धारित गर्न नसक्नेहरू
वत्तीमा पुतली भ्रुम्मिए सरी
आफ्नो शक्तिको वारम्वार परीक्षा गर्ने
कष्टप्रद प्रक्रिया गरिरहेछन्
परिणाम उसका अगाध मूल्यवान् भएका वस्तुहरू
सारा साराका लागि तुच्छ लागिरहेछन्
अनावश्यक रगतको खोलो बगाइरहेछन्
त्यसैले त एकपछि अर्को गर्दै
तिनका तासका महलहरू
चिताबाट खरानी उडेसरी
उडिरहेछन् उडिरहेछन्।



अन्जान विरहीको सम्झनामा

"यदि तिमी संसार फेर्न चाहन्छौ भने तिमीले हरेक यातनाका दस्तावेजहरूमा हस्ताक्षर गर्ने साहस गर्नुपर्दछ, चाहे तिम्रो भागमा मृत्यु किन नपरोस्।" - क. माओ

मानवले खचाखच भरिएको यो संसारमा एकचोटी इतिहासलाई फर्केर हेर्ने हो भने शदीयौंदेखि मानवजातिले भोगेको दुःख, कष्ट, यातना, शोषण, दमन, अन्धकारको शिकार र अत्याचारको पिल्साइबाट मानवजातिले छुटकारा पाउनको लागि सभ्यताका आधार नजान्दैदेखि सङ्घर्ष गर्न बाध्य पारियो। त्यसैले समाज विकासको क्रममा थुप्रै वलिदानका गाथाहरू इतिहासका पानामा सुनौला अक्षरहरूले अङ्कित हुन पुगेका छन्। मानवप्राणीलाई सर्वोत्कृष्ट प्राणीको रूपमा दोहोऱ्याउन सफल बनेका छन्। यस क्रममा विश्वभरका महान् सहिदहरू एवम् स्वतन्त्रताको लागि प्राणको आहुति दिनु हुने चे-ग्वेभारा, स्पार्टाकसको नाम नलिरहन सक्दैनौं।

आत्मैदेखि स्वीकार गरिएको चीजको लागि जीवनको आहुति दिनु परे पनि कुनै पर्वाह हुँदैन। जहानियाँ राणा शासनको अन्त्यको खातिर २००७ देखि ०१७ सालको सक्रिय राजतन्त्रको अवधिमा, ०१८ सालको नेपाली काङ्ग्रेसद्वारा गरिएको सङ्घर्षमा, झापा विद्रोह (२०२८) सालमा, सुखानी हत्याकाण्ड, ०४६ को जनआन्दोलन त्यसभन्दा अघि ०३६ मा भएको जनमतसङ्ग्रहको अवधिमा प्राण आहुति गर्नुहुने गंगालाल, दशरथ चन्द, शुक्रराज, धर्मभक्त, क्याप्टेन यज्ञबहादुर, भीममदत्त पन्त, ऋषि देवकोटा (आजाद) त्यसपछिका जनयुद्धको सुरुवातदेखि यहाँसम्मका यी कालखण्डमा नेपाली धर्तीले यस्ता थुप्रै वीर सपूतहरू जन्माएको छ, जसले राष्ट्र र राष्ट्रियताको लागि, उत्पीडितवर्ग र जनसमुदायको हितको खातिर हाँसीहाँसी प्राणको आहुति दिनुभयो। जसको प्रेरणाले नेपाली धर्तीमा जनयुद्ध आफ्नो लक्ष्य प्राप्तिको दिशामा एकपछि अर्को गम्भीर चुनौतीका वावजुद छलाङ्गको रूपमा अघि बढिरहेछ, तिनै वीर सपूतहरूमध्येकै एक क्रान्तिकारी योद्धा वुद्धि श्रेष्ठ (क. अन्जान विरही)लाई सम्झने प्रयास गर्दै छु।

गोरखा जिल्लाको वगुवा ४ रिठ्ठेपानी, मिलनवस्ती भन्ने गाउँमा जन्मनुभएका 'विरही' सानैदेखि पढाइमा अत्यन्त तेज हुनुहुन्थ्यो। पढाइमा अग्रस्थानमा रहने उहाँ गुरुहरूको नजरमा सधैं प्रिय रहनुभयो। त्यही प्रेरणाले उहाँ सानै उमेरमा सामाजिक सेवाको भावनाले जागृत रहनुभयो। यस क्रममा वालविकास, सेभ द चिल्ड्रेन, रेडक्रस, युवाक्लवलगायतका संस्थाहरूका स्थानीय निकायमा रहेर कुशलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्दै अगाडि वढ्नुभयो। यसै क्रममा पञ्चायतविरोधी आन्दोलनमा तानिनुभएका क. 'विरही' जनयुद्धको पहलपश्चात् क्रियाशील राजनीतिमा लाग्नुभयो। त्यस्तैमा केही असहमतिका कारण भारतमा जागिरे बुवाकहाँ जानुभयो। त्यहींवाट आन्दोलनलाई

सहयोग गरिरहनुभयो। केही समयको अन्तरालपछि "हाम्रो देशमा परेका विपत्तिहरू ज्यादै गम्भीर छन्, वैज्ञानिक तथ्यलाई सही रूपले अँगाल्न सके र जिम्मेवारीबोधको भावना लिएर अघि वढे मात्र हाम्रो देशलाई मुक्त गर्न सकिन्छ" भन्ने भावनासहित स्वदेश फर्की पुनः क्रियाशील राजनीतिमा लाग्नुभयो, पूर्णकालीन कार्यकर्ताको रूपमा।

उहाँ अत्यन्त कुसल राजनीतिज्ञका साथै सफल जनकलाकारसमेत हुनुहुन्थ्यो। त्यसो त अर्का आदरणीय सहिद क. शिव श्रेष्ठ (रक्तिम) (जसले ताकुकोट चौकी रेडको क्रममा शहादत प्राप्त गर्नुभएको थियो) को प्रेरणा र शिक्षावाट अघि वढ्नुभएका कलाकार विरहीमा उहाँको छाप अवश्य पाइन्थ्यो। हामी सम्मिलित कार्यक्रमहरूमा कार्यक्रम प्रस्तुत हुनु अगावै उहाँले प्रत्यक्ष रूपमा प्रस्तुतिलाई सफल वनाउनको लागि हामीलाई मद्दत गरी सहयोग गर्नुहुन्थ्यो।

२०५४ फागुनसम्म आइपुग्दा उहाँको नेतृत्वमा सँगै रहेर काम गर्ने अवसर मिल्न पुग्यो मलाई। सँगै हिंड्दा, सँगै रहँदाको समयमा याद छ- "म तीन वर्षमात्र वाँच्न पाएँ भने मेरो जनवादी साहित्यमा योगदान दिने उद्देश्य पूरा हुनेछ" भन्ने अभिव्यक्ति दिनुहुन्थ्यो । उहाँ सेल्टरमा रहँदाको समयमा त टिमका साथीहरूभन्दा केही पर रहेर साहित्यिक रचनामा लागिपर्ने, वाटोमा हिंड्दै गर्दासमेत केही समय अडिएरै पनि रचनामा लागिहाल्नुहुन्थ्यो। उहाँको शहादतपश्चात् 'अन्जान विरहीका कथाहरू' नामक पुस्तकसमेत प्रकाशित भइसकेको छ।

सहिद ओमबहादुर, तुलवहादुरको हत्या भएको कसिन्थोकको कलभर्ट भित्ता (जहाँ सहिदद्वयलाई अड्याई जथाभावी गोली हानियो। लाग्छ, ३९ ठाउँमा गोलीले प्वाल पारिएको थियो, पछि क. बुद्धि र म समेत सम्मिलित सर्वहारावर्गको सैन्य टुकडी पार्टीको जिम्मेवार नेतृ क. सीता शर्मालाई उक्त घटनास्थलको निरीक्षण भ्रमणमा सहभागी भएका थियौं) मा उक्त हत्याकाण्डको विरोधका साथै सहिदहरूको सम्मानमा आयोजित श्रद्धाञ्जली सभामा वाचन गर्नुभएको कविता, कविताको शव्द त मलाई अहिले याद भएन, तर पनि हामीलाई त्यतिबेला उहाँको वाचनशैली र कविताको भावले आक्रोशको ज्वाला ओकलिरहेको अनुभूति भइरहेथ्यो। उहाँ अत्यन्तै तिक्ष्ण स्वभावको व्यक्ति हुनुहुन्थ्यो। उक्त कार्यक्रम सुरु हुने समयसम्म कविता लेख्नुभएकै थिएन, कार्यक्रम चल्दै गर्दा नै कविता लेख्नुभयो। उहाँ सम्मिलित प्रायः सवै कार्यक्रमहरूमा केही न केही नयाँ रचना प्रस्तुत गर्नुहुन्थ्यो।

हरिश्चन्द्र श्रेष्ठ (रमेश), शिव श्रेष्ठ (रक्तिम), शान्ति श्रेष्ठ, तुलारामलगायतका आदरणीय सहिदहरूको जन्म दिने स्थानमा प्रहरी जल्लादहरूले छापा मार्ने, धरपकड गर्ने, खानतलासी गरी दुःख दिने काम गर्दथे। यसरी छापामार्ने क्रममा क. बुद्धिको घरमा रहेको सर्वहारावर्गका महान् गुरु क. मार्क्सको फोटोलाई देखाएर "यो तेरो पोइको फोटो किन राखेकी ?" भनी सोध्दा "के गर्छस् ? यो मेरो पोइको फोटो हो ल जे मनलाग्छ गर" भनी उहाँको आमाले गर्नुभएको प्रतिरोधको कुरा हाम्रा निम्ति विशेष उर्जाको विषय थियो । कार्यकर्ता भेटघाट कार्यक्रमअन्तर्गत हामीसँगै रहेर 'जनयुद्धमा संलग्न पारिवारिक सहयोग, प्रभावित व्यक्तित्व' विषयक अन्तक्रिया कार्यक्रममा उहाँको परिवारले आन्दोलनमा संलग्न भएर देखाएको उत्साह र उहाँको क्रियाशीलतासँगै परिवारमा देखिएको परिवर्तन आदिवारे वताउँदा उहाँ (क.सीता)समेत अचम्मित

हुनुभएको थियो। सोहीदिन वेलुकी स्थानीय वाल सङ्गठनको क्रियाशीलतामा जनवादी सांस्कृतिक कार्यक्रम, स्काउटसमेत प्रस्तुत गरिएको थियो।

"विशेष समयमा साहित्य-कला र सङ्गीतले समाज परिवर्तनको निम्ति राजनीतिकै सहायक भई काम गर्नु पर्छ, यद्यपि सँस्कृतिको आफ्नो स्वतन्त्र सत्ता हुन्छ" भन्ने लेनिनको उक्तिलाई मनन गर्ने उहाँ जिल्लास्थित 'अभियान सांस्कृतिक परिवार' मा सहयोगी रहनुभएको थियो। उहाँ अखिल नेपाल जनसांस्कृतिक संघको सम्मेलनमा सहभागी हुन जानुपर्ने भएकोले हामीहरू छुट्टिनुपर्ने भयो । हामीले कार्यक्रमपश्चात् सम्पर्क गर्नको लागि सम्पर्क स्थान मिलाई छुट्टियौं। हामीवीचको त्यही भेट नै अन्तिम भेट हुनगयो। ०५५ साल जेठ २० गते जब उहाँ पाँचजना सम्मिलित टिम देउराली ढोडेनी भन्ने ठाउँमा सेल्टरमा वसिरहेको स्थानमा घेरा हाली कब्जामा लिई यातना दिँदै फिनाम भन्ने स्थानमा पुऱ्याई निर्ममतापूर्वक हत्या गरियो।

यसरी एउटा होनहार व्यक्तित्वलाई गुमाउन पुग्यौं। उहाँको हत्यापश्चात् म उहाँको घरमा पुगेको थिएँ। उक्त भेटघाटको क्रममा आन्दोलनमा छोराको शहादतले प्रदान गरेको ऊर्जा आन्दोलनप्रतिको पूर्ण विश्वास, हार्दिकता, आन्दोलनलाई सही रूपमा हुर्काउन व्यक्त गर्नुभएको चिन्ता आदिबाट उहाँको परिवारमा भएको रूपान्तरणले थप प्रेरणा प्रदान गऱ्यो।

एउटा क्रान्तिकारी व्यक्तित्व, उत्साही युवक, कर्मठ लालसिपाही, सांस्कृतिक योद्धा, पार्टी पङ्क्तिभित्र र वाहिर उत्तिकै लोकप्रिय एवम् निष्ठावान् व्यक्तित्व आज हाम्रोसामु हुनुहुन्न । तर उहाँले दिनुभएको योगदान, देखाउनुभएको निष्ठा, सिकाउनुभएको पाठ र छाड्नुभएको अमीट छाप अझै हाम्रासामु ताजै छन्। यसरी अव हामी बाँचेकाहरूले 'मरेकाहरूवाट सिक्न नसके, बाँचेकाहरू मरेसरह हुन्छन्' भन्ने उक्तिलाई आत्मसात् गर्दै उहाँका अधुरा सपना पूरा गर्ने बाटोमा अघि बढिरहनु नै आफ्नो कर्तव्य ठान्नु आजको आवश्यकता हो र हामीले सधैं क्रान्तिकारी सपना देख्नै पर्छ। यसै अवसरमा,

प्रेरणाका पुञ्ज अन्जान
उत्पीडित जनसमुदायका ढुकढुकी
कुनै महान् पुस्तकभन्दा पनि महान्
महान् तिम्रो जीवनबाट
धेरै धेरै सिक्नुपर्नेछ मैले
मेरो सामान्य मस्तिष्कले
थाहा पाउनै सकेन त्यतिबेला
यहाँको अभाव खड्किरहनेछ भन्ने कुरा
अव सिक्नुपर्ने भइरहेछ।
उहाँको जीवनबाट, थुप्रै थुप्रै कुरा
अन्त्यमा, हार्दिक श्रद्धासुमन क. बुद्धि श्रेष्ठ (अन्जान विरहीमा)



धीरेन्द्र बस्नेत (विशाल)



धीरेन्द्र बस्नेतको जन्म ०४० माघ १६ गते आमा चन्द्रकुमारी र बुबा भीमबहादुर बस्नेतको कान्छो छोराका रूपमा झापा जिल्ला दमक नगरपालिका वडा नं. १ मा भएको थियो । आइएसम्मको शिक्षा पूरा गर्नुभएका धीरेन्द्र अखिल (क्रान्तिकारी) ललितपुर जिल्लाका तत्कालीन उपाध्यक्ष तथा पार्टी एरिया इन्चार्ज हुनुहुन्थ्यो । उहाँलाई २०६० मङ्सिर २८ गते कलङ्कीको एक होटलमा चिया पिउँदै गरेको बेला कर्णेल राजु बस्नेतको नेतृत्वमा आएको शाहीसेनाको जत्थाद्वारा पक्राउ गरी हालसम्म बेपत्ता पारिएको छ ।

साम्राज्यवाद र विश्वक्रान्ति

विषय-प्रवेश

बीसौं शताब्दी भीषण उथलपुथलको वीचबाट गुज्रियो। यसै शताब्दीको प्रारम्भमै (सन् १९००-१९०३ को आर्थिक सङ्कटबाट) प्रतिस्पर्धात्मक पुँजीवादी एकाधिकारी पुँजीवाद (साम्राज्यवाद)मा निर्णायक रूपले रूपान्तरण भयो र यही अवधिमा रूस, चीनलगायतका देशहरूमा समाजवाद स्थापना हुनुले यो कालखण्ड वर्गसङ्घर्षको भीषणताबाट गुज्रिएको कुरा स्पष्ट हुन्छ। सन् १९१७ मा रूसमा सम्पन्न 'महान् अक्टोबर क्रान्तिदेखि' सन् १९७६ मा चीनमा 'महान् सर्वहारा सांस्कृतिक क्रान्ति'को दुःखद् अन्त्य नहुन्जेल संसारभरका प्रतिक्रियावादी शासकहरूको साँच्चै नै निदहराम

भएको थियो। यो सय वर्षको अवधिमा क. माओले भन्नुभएझैं, 'साम्राज्यवादीहरूले ठूला-ठूला गड्वडी मच्चाए, असफल भए, फेरि गडवडी मच्चाए' यो प्रक्रिया चलिरह्यो। त्यस्तै जनताले पनि आफ्नो स्वभाव प्रकट गरिरहे अर्थात, 'सङ्घर्ष गरे, असफल भए, फेरि सङ्घर्ष गरे.........' आखिर यो प्रक्रिया पनि चलिरहेको छ।

वर्तमान साम्राज्यवादी विश्वमा पुंजीको चरम केन्द्रीकरणले त्यसको अनिवार्य शर्त सर्वहारावर्गको विशाल फौजलाई झन्भन्दा झन् मजवुत पारिरहेको छ। आज मुट्ठीभर एकाधिकारी पुंजीपतिहरूलाई आफ्नो लुटको शासन दिनप्रतिदिन सचेत विश्व जनसमुदायमाथि जवर्जस्त थोपर्न आधिकारिक मुस्किल परिरहेको छ। फलतः २१ औं शताब्दी २० औं र अघिल्ला शताब्दीहरूभन्दा भीषण कायापलट बीचबाट गुज्रनु अवश्यम्भावी छ। २० औं शताब्दीकै अन्तिम दशक र यही शताब्दीका प्रथम दुई वर्षले यो सम्भावनाको शानदार ढङ्गले उद्घाटन गरिसकेका छन्। आज एकातिर साम्राज्यवाद विद्यमान छ भने अर्कोतिर अन्तर्राष्ट्रिय सर्वहारावर्ग र संसारभरका उत्पीडित जनताहरू त्यसको भग्नावशेषमा विजयको अन्तिम झण्डा गाड्न "माओवाद"को बाटोबाट अघि वढिरहेका छन्।

महान् क. लेनिनले अक्टोबर क्रान्तिको पूर्वसन्ध्यामा तत्कालीन रूसी समाजको विश्लेषण गर्दै भन्नु भएको "तलका जनताले पुरानो तरिकाले बाँच्न अस्वीकार गर्दै छन् र माथिका व्यक्तिहरू पुरानै तरिकाले शासन गर्ने अवस्थामा छैनन्" भन्ने भनाइ आज विश्वव्यापी रूपमै लागू हुन्छ। त्यसैले आजको विश्वक्रान्तिमय वनिरहेको छ।

"साम्राज्यवाद र सर्वहारा क्रान्ति"को ऐतिहासिक विकासक्रम

प्रतिस्पर्धात्मक पुंजीवादले क. लेनिनका अनुसार पाँच आर्थिक लक्षणहरू १) उत्पादन र पुंजीको संकेन्द्रवाट एकाधिकारको सिर्जना....... जसले आर्थिक जीवनमा निर्णायक भूमिका खेलेको हुन्छ। २) "वित्तीय पुंजी" को आधारमा वित्तीय अल्पतन्त्रको सिर्जना ३) वस्तु निर्यातभन्दा फरक पुंजी-निर्यातले विशेष महत्त्वपूर्ण भूमिका लिन्छ, ४) अन्तर्राष्ट्रिय एकाधिकार पुंजीवादी सङ्घहरूको निर्माण हुन्छ, जसले विश्वलाई आपसमा बाँडचुँड गर्छन् र ५) विशालतम पुंजीवादी शक्तिहरूबीच सम्पूर्ण विश्वको विभाजन ("साम्राज्यवाद र पुंजीवादको चरम अवस्था" पृष्ठ १०७)सहित साम्राज्यवादी रूपधारण गर्‍यो। प्रतिस्पर्धात्मक पुंजीवादले एकाधिकारी चरित्र खास गरेर मुख्य-मुख्य तीन चरणहरू-१) सन् १८६०-१८७० खुल्ला प्रतियोगिताको विकासको सर्वोच्च चरण। यस चरणमा एकाधिकार कोपिलाहरूको रूपमा झण्डै देखा पर्नमात्र थालेका हुन्छन्। २) सन् १८७३ को सङ्कटपछि कार्टेलहरूको विकासको लामो अवधि सुरु हुन्छ। ३) १९ औं शताब्दीको अन्त्यतिरको तेजी र सन् १९००-१९०३ को सङ्कट। कार्टेलहरू सम्पूर्ण आर्थिक जीवनको एकआधार वन्न पुग्छन्। पुंजीवाद साम्राज्यवादमा परिणत हुन्छ।" (उही) अतः यो स्पष्ट हुन्छ कि साम्राज्यवाद पुंजीवादलाई निषेध गरेको कुनै नयाँ सामाजिक व्यवस्था नभएर "पुंजीवादकै चरम अवस्था हो।" साम्राज्यवादले पुंजीवादका आधारभूत अन्तर्विरोधहरूको हल गर्ने कुरा त परै जाओस्, ती अन्तर्विरोधलाई चरमोत्कर्षमा पुर्‍याइदियो साथै पुंजीवादलाई थप अन्तर्विरोधपूर्ण पनि बनाइदियो।

सामाज्यवादको विकास सँगसँगै सर्वहारावर्गको शक्तिमा पनि गुणात्मक रूपले विकास भयो। किनकि मजदुरहरू ठूल्ठूला उद्योगमा एकत्रित हुन पुगे भन्ने कयौंले उच्च प्रविधिका कारण रोजगार गुमाउनुपऱ्यो। परिणामस्वरूप उनीहरूले साम्राज्यवादका विरुद्ध भीषण धावा बोले। सुरुमा त यो सङ्घर्षको केन्द्रविन्दु पनि युरोप र अमेरिका नै वने। किनकि पुँजीवादको झैं साम्राज्यवादको पनि पहिला विकास त्यही नै भएको थियो।

प्रथम विश्वयुद्धको दौरानमा, जुनवेला आपसी टकरावका कारण साम्राज्यवादीहरूको शक्ति कमजोर भएको थियो, त्यही वेला सर्वहारावर्गले आफ्नो पहिलो सत्ता रूसमा स्थापना गऱ्यो। युरोपभर सर्वहारा क्रान्तिको लहर चल्यो। थुप्रै देशहरूमा समाजवादी राज्यसत्ता स्थापना भए। त्यस्तै दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५)कै दौरानमा अर्को विशाल देश चीनमा पनि सर्वहारावर्गको सत्ता स्थापना भयो। यसरी थुप्रै देशमा समाजवादी सत्ता निर्माण भए। सर्वहारा क्रान्तिकै गर्भभित्रवाट जन्मेको पुँजीवादी महागद्दारहरू खुश्चोभको नेतृत्वमा सन् १९५६ (पार्टीको २० औं महाअधिवेशनवाट)मा रूसमा र देङ्शाओ पिङ्को नेतृत्वमा चीनमा सन् १९७६ सम्पन्न प्रतिक्रान्तिकारी दुर्घटनाले साम्राज्यवादीहरूलाई निकै उत्साहित पारेको मूलतः अमेरिकी साम्राज्यवाद विश्वसामु आक्रामक ढङ्गले प्रस्तुत भयो। सन् १९८९ मा सोभियत सङ्घका विघटनपश्चात् अमेरिकी साम्राज्यवाद "एक ध्रुवीय विश्व"को नारा लिएर सिङ्गो विश्व लुट्न अझ क्रूर र पाशविक ढङ्गले प्रकट भयो। विश्वभरका साम्राज्यवादीहरूले आज अन्तर्राष्ट्रिय सर्वहारावर्ग र विश्वभरका उत्पीडित जनतालाई अझ सशक्त ढङ्गले उठ्न बाध्य गराइरहेका छन्। र, यो प्रक्रिया सिङ्गो साम्राज्यवादलाई माटोमा मिलाउने शक्ति निर्माणको दिशामा आश्चर्यजनकरूपले अति तीव्रताकासाथ अगाडि बढिरहेको छ।

आजको विश्व र क्रान्ति

आज संसार घटनाचक्रको विचित्र जटिलतावाट अगाडि वढिरहेको छ। तर आजको विश्वले पनि आफ्नो मूल प्रवृत्ति "साम्राज्यवाद र सर्वहारा क्रान्ति नै हो" भन्ने क. लेनिनको विश्लेषणलाई नै ग्रहण गरिरहेको छ। हामीले संसारका कुनै कुनामा घट्ने घटनालाई विद्यमान मानवसमाजको यही चरित्रमा सामान्यीकरण गर्न सकेको खण्डमा मात्रै हामी समकालीन विश्वमा क. लेनिनले सिकाउनुभएकै "ठोस परिस्थितिको ठोस विश्लेषण" गर्ने मार्क्सवादको 'जिउँदो जाग्दो आत्मा'लाई पक्डन सक्नेछौं। तव मात्र हामीले क. माओले भन्नु भएझैं "समकालीन विश्वको वर्गविश्लेषणमा आधारित र साम्राज्यवादलाई नष्ट गर्न सक्ने कार्यदिशा निर्माण गर्न सक्षम हुनेछौं।" ("महाविवाद"वाट, अनु: खगेन्द्र संग्रौला) हामी सचेत हुनैपर्छ कि यदि हामी घटनाचक्रलाई सतही पाराले हेर्छौं भने तिनले उघारेका सम्भावनाका ढोकाभित्र छिर्न पनि असमर्थ हुनेछौं। क. माओ के स्पष्ट पार्नुहुन्छ भने-"कसैले ठोस वर्गविश्लेषणलाई एकातिर पन्छाउँछ र खास-खास सतही घटनाचक्रलाई हचुवा ढङ्गले पक्डन्छ र मनोगत आधारहीन निष्कर्ष निकाल्छ भने ऊ अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको आम

कार्यदिशासम्वन्धी सही निष्कर्षहरूमा पुग्न सक्दैन। तर ऊ अनिवार्य रूपले मार्क्सवाद लेनिनवाद भन्दा एकदमै बेग्लै वाटोतिर मुन्टिनेछ। "(उही)

तसर्थ, सर्वप्रथम यो कुरा वुझ्न आवश्य छ कि, के हुन् त आजको विश्वका आधारभूत अन्तर्विरोधहरू ? आजको विश्वमा चार प्रकारका आधारभूत अन्तर्विरोधहरू विद्यमान छन् १) साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनतावीचको अन्तर्विरोध, २) श्रम र पुँजीको अन्तर्विरोधको रूपमा सर्वहारावर्ग र पुँजीपतिवर्गबीचको अन्तर्विरोध, ३) अन्तरसाम्राज्यवादी अन्तर्विरोध र ४) पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थावीचको अन्तर्विरोध। ('महान् अग्रगामी छलाङः इतिहासको अपरिहार्य आवश्यकता' वाट)

यी आधरभूत अन्तर्विरोधहरूमध्ये अघिल्ला तीन अन्तर्विरोधहरू विश्वव्यापीरूपमा सक्रिय छन्। अग्रजहरूले भन्नुभएझैं अनुभवहरूले पुष्टि गरेझैं विद्यमान विश्वका यी आधारभूत अन्तर्विरोधहरूमध्ये "साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनतावीचको अन्तर्विराध" नै प्रधान अन्तर्विरोध हो। समाजवादीहरूले विकासको प्राक्पुँजीवादी अवस्था रहेका देशका प्रतिक्रियावादी शासकहरूसँगको साँठगाँठमा औपनिवेशिकता र अर्ध-औपनिवेशिकता लादेर ती देशका जनताको निर्मम शोषणका बलमा आफ्नो लुटको स्वर्गलाई आज पनि सिङ्गौरी रहेका छन्। उनीहरूले "विश्व बैंक" र "अन्तर्राष्ट्रिय मुद्रा कोष" मार्फत् ती देशको अर्थतन्त्रलाई आफ्नो अङ्गझैं नियन्त्रणमा लिएका छन्। "वहुर्राष्ट्रिय कम्पनी" ती डप्फा हुन्, जसले आज "भूमण्डलीकरण" र "उदारीकरण" जस्ता साम्राज्यवादी महाअभियानहरूले सुगम र व्यवस्थित बनाएका शोषण र लुटलाई फत्ते गर्दछन्। "नेटो" त्यो गुट हो जसले साम्राज्यवादी स्वार्थका बाधकहरूमाथि हमला गर्दछ, जस्तो युगोस्लाभियामाथि। "संयुक्त राष्ट्र सङ्घ" त्यो वुख्याँचा हो, जसलाई साम्राज्यवादी महाअपराधहरूलाई कथित वैधानिकताको खोल ओढाउन प्रयोग गरिन्छ। अन्तर्राष्ट्रिय डाकाहरूको सरदार अमेरिकी साम्राज्यवाद आज यस्ता लुट, शोषण र हत्कण्डा मच्चाउन अग्रणी भूमिका निर्माण गर्दै आएको छ।

आज साम्राज्यवादी भूमण्डलीय लूट र शोषणका कारण तेस्रो विश्वले चर्को सङ्कटको सामना गर्नु परिरहेको छ। सुडान, इथोपिया आदि मुलुकका करोडौं जनताले डरलाग्दो भोकमरीको शिकार हुनु परिरहेको छ।

लामो समयदेखि अमेरिकी, बेलायती वहुर्राष्ट्रिय कम्पनीद्वारा चुसिँदै र तिनको ऋण- एडेटको पेरेज (नोवेल पुरस्कार विजेता अर्थशास्त्री) को भाषामा "आर्थिक आतङ्कवाद" वाट पिल्सिँदै आएका अर्जेन्टिना, व्राजिल, कोलम्बिया, पेरूलगायतका ल्याटिन अमेरिकी मुलुकहरू भयानक सङ्कटको भुमरीमा परेका छन्। सन् २००१-२००२ को अर्जेन्टिनी सङ्कट यसको केन्द्रीकृत अभिव्यक्ति हो।

विश्वका ७० प्रतिशत गरीबहरूको बसोवास रहेको एसियाको आफ्नै पीडा छ। इन्डोनेसिया, फिलिपिन्सलगायतका दक्षिण-पूर्वी एशियाली मुलुकहरू, दक्षिण एसियाली मुलुकहरू, अफगानिस्तान लगायतका मध्यएसियाली मुलुकहरू र इराक, इरानलगायतका पश्चिम-एसियाली मुलुकहरू जुन कठिनभन्दा कठिन परिस्थितिबाट गुज्रिरहेका छन्, त्यो सवै साम्राज्यवादी लुट, शोषण र हस्तक्षेपकै परिणाम हो। इराकमाथिको अन्यायपूर्ण अमेरिकी-बेलायती आक्रमण यो अन्तर्विरोधको केन्द्रिकृत अभिव्यक्ति हो।

आज साम्राज्यवादी भूमण्डलीय शोषणका कारण विश्वका एक अर्वभन्दा वढी मानिस निरपेक्ष गरिवीको रेखामुनि धकेलिएका छन् जो दैनिक एक अमेरिकी डलर (रु. ७८) भन्दा कम आर्जन गर्दछन् भने तीन अर्वभन्दा वढी मानिस भयानक गरिवीको शिकार भएका छन् जो दैनिक दुई अमेरिकी डलर (रु.१५६) भन्दा कम आर्जन गर्दछन्। संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) का अनुसार गएको ४२ वर्ष (सन् १९६०-२००२) मा संसारका सवभन्दा धनीहरू (विश्व जनसङ्ख्याको २० प्रतिशत) मा संसारका सवभन्दा गरिवहरू (विश्व जनसङ्ख्या को २० प्रतिशत) वीच विश्व आम्दानीका हिस्साको अनुपात ३०:१ वाट वढेर ७४:१ पुगेको छ। वास्तवमा विश्व आज दक्षिण अफ्रिकाका राष्ट्रपति थावो एम्वेकिको स्वीकारोक्तिझैं "गरिवीको समुन्द्रले घेरिएको सम्पत्तिको टापु वनेको छ।" (दिगो विकाससम्वन्धी जोहनेस्वर्ग सम्मेलनमा स्वागत भाषण) तर अर्को सुखद् सत्य, जुन उनले भन्ने हिम्मत गरेनन् त्यो के हो भने 'गरिवीको समुन्द्रले' सम्पत्तिको टापु विरुद्ध भीषण धावा वोल्न थालिसकेका छन्। नेपाल, पेरू, भारत, टर्की, फिलिपिन्स आदि देशहरूमा भइरहेको माओवादी जनयुद्धको घनीभूत विकास तथा उत्पीडित राष्ट्रहरूमा चलिरहेका राष्ट्रिय मुक्ति आन्दोलनहरू यसका उत्कृष्ट उदाहरण हुन्।

त्यस्तै आज पुंजी र श्रमवीचको अन्तर्विरोध यति गहिराइमा पुगेको छ कि अव सर्वहारावर्गले सशक्त धक्का दिनासाथ पुँजीका केन्द्रहरू ढले भने पनि त्यो कुनै आश्चर्यको विषय हुनेछैन। सन् १९९७ मा थाइल्याण्डलाई केन्द्र वनाएर गएका वित्तीय भूकम्पले टोकियो, मस्को, वर्लिनदेखि लिएर वासिङ्टनसम्मलाई हल्लाइदिएको थियो। यो वित्त सङ्कटको महाजालवाट न त फिलिपिन्स वच्यो न इण्डोनेसिया नै। थाइल्याण्ड, जापान, दक्षिण कोरिया, मलेसिया आदि देशहरूमा युवा बेरोजगारी ज्यामितीय आकारमा बढ्नुले हामी सहजै एशियाको पुँजीवादी सङ्कटलाई बुझ्न सक्दछौं। अन्तर्राष्ट्रिय श्रमिक सङ्गठन (ILO) का अनुसार सन् २०१० सम्ममा एशिया प्रशान्त क्षेत्रमा युवा वेरोजगार सङ्ख्या एक अर्व वीस करोड पुग्दै छ।

युरोपमा समेत यो समस्या दिनप्रतिदिन बढिरहेको छ। केही महिना अघिमात्र फ्रान्समा मजदुर सङ्ख्या कटौती गर्ने सरकारी निर्णयका विरुद्ध पाँच लाख मजदुरहरू हड्तालमा उत्रिए। जर्मनी त झन् बेरोजगार उत्पादन गर्ने कारखाना नै भएको छ, जहाँ पाँच करोडभन्दा बढी मानिसहरू बेरोजगार छन्। वेरोजगारी समस्या सवभन्दा विकराल रूपमा रूसमा देखापरेको छ।

लुटको सम्पत्ति थुपारेको अमेरिकामै आज एकातिर दुई करोडभन्दा बढी जनता निरपेक्ष गरिवीको रेखामुनि धकेलिएका छन् भने अर्कातिर ४० अर्व ७० करोड (३१ खर्व ७४ अर्व ६० करोड) को पुँजीमा नियन्त्रण कायम गरेको विल गेट्सजस्ता मुट्ठीभर एकाधिकारी पुँजीपतिहरूले त्यहाँको अर्थतन्त्रमाथि नियन्त्रण कायम गरेका छन्।

मूलतः साम्राज्यवादी मुलुकहरूमा विद्यमान यो अन्तर्विरोधको हल समाजवादी क्रान्तिसँगै हुनेछ। हालसालै इराक आक्रमणका विरुद्ध सवा करोड जनताले जुन प्रदर्शन गरे, त्यो केवल अमेरिकी दादागिरीको विरुद्धमात्र नभएर सैन्य हस्तक्षेपकै विरुद्ध उत्रिएको छ।

आज मध्यपूर्व त्यो रणनीतिक महत्त्वको क्षेत्र बनेको छ। जसको पुनःविभाजनको प्रश्नलाई लिएर साम्राज्यवादीहरूबीच चलिरहेको बौलठ्ठीपूर्ण सङ्घर्षले संसारलाई दिनप्रतिदिन विश्वयुद्धको नजिक लगिरहेको छ। यदि अन्तरसाम्राज्यवादी स्वार्थ टकराव विश्वयुद्धको रूपमा प्रकट भइहाल्यो भने हाम्रो अगाडि अनुकूल परिस्थिति खडा हुनेछ जुन लेनिनले हामीलाई सिकाउनुभएको छ अर्थात् हामीले "विश्वयुद्धलाई विश्वक्रान्तिमा रूपान्तरण" गर्नुपर्नेछ।

विद्यमान मानवसमाजका यी तमाम् आधारभूत अन्तर्विरोधहरूको अन्तिम फैसला साम्राज्यवादी मुलुकहरूमा समाजवादी क्रान्ति र उत्पीडित राष्ट्रहरूमा राष्ट्रिय जनवादी क्रान्तिबाट मात्र सम्भव छ। त्यसैले क. माओले भन्नुभएझैं 'आजको विश्वको मूल प्रवृत्ति क्रान्ति' नै हो। साम्राज्यवादी भूमण्डलीय शोषणले आज आश्चर्यजनक तीव्रताकासाथ विश्वका साढे चार अर्ब जनता र अधिकांश भू-भागमा क्रान्तिको निम्ति वस्तुगत परिस्थिति परिपक्व पारिरहेको छ। प्रचण्डपथले त्यसलाई 'महान् अग्रगामी छलाङ..........' दस्तावेजको रूपमा संश्लेषण गरिसकेको छ।

नयाँ अन्तर्राष्ट्रिय निर्माणको अपरिहार्यता र रिमको भूमिका

वास्तवमा कुनै पनि महान् क्रान्ति स्वतस्फूर्तः रूपमा भएको विस्फोट होइन। त्यो त वस्तुगत आवश्यकता र सचेत प्रयत्नको योग हो। हाम्रा अग्रजहरूले सिकाउनुभएको छ कि क्रान्तिकारी सिद्धान्तले लैस भएको क्रान्तिकारी सङ्गठनबेगर कुनै पनि क्रान्ति सम्पन्न गर्नु असम्भव छ। तसर्थ, सर्वहारावर्गले आफ्नो काँधमा आइपरेको विश्व क्रान्तिको जिम्मेवारी निर्वाह गर्न सोही तहको सङ्गठन निर्माण गर्नु अपरिहार्य छ। जसको मार्गदर्शक सिद्धान्त अहिलेसम्मको सबैभन्दा उन्नत र श्रेष्ठ विज्ञान मार्क्सवाद-लेनिनवाद-माओवाद हुनैपर्छ। माओवादले देखाएको विकासको शिखर बाटो "महान् सर्वहारा सांस्कृतिक क्रान्ति" बाट हामी अगाडि बढ्नुपर्छ।

आज साम्राज्यवादीहरू तथाकथित आतङ्कवाद विरुद्धको युद्धको नाममा शान्तिको धुँवाको पर्दाभित्र ठूल्ठूला युद्धका योजनाहरू कोरिरहेको बेला उनीहरूको सैन्य रणनीतिलाई चकनाचुर पार्न अग्रजहरूको शिक्षालाई हामी आ-आफ्नो धरातलबाट मालेमावादप्रति इमान्दार रहँदै सङ्घर्ष र सङ्गठनहरूको निर्माण र विकास गर्दै नयाँ (चौथो) इन्टरनेसनल खडा गर्ने योजनाबाट मात्र आत्मसाथ गर्न सक्नेछौं। साँच्चै हामीले क.गोन्जालोले भन्नुभएझैं "अघिल्तिरका लामा-लामा वर्षहरूको बारेमा सोचविचार गर्नैपर्दछ।"

वर्तमान विश्वमा विश्व क्रान्तिलाई विजयसम्म पुऱ्याउनका लागि समाजवादी क्रान्ति र राष्ट्रिय जनवादी क्रान्तिलाई एक-अर्कामा विलय गराउनुपर्ने लेनिनवादी मान्यता, जसलाई लेनिनले यसरी स्पष्ट पार्नु भएको छ- "पुँजीविरोधी आफ्नो सङ्घर्षमा युरोप र अमेरिकाका मजदुरहरू पुँजीद्वारा उत्पीडित करोडौं औपनिवेशिक दासहरूप्रति घनिष्ट र पूर्ण रूपले एकताबद्ध नभएमा विकसित मुलुकहरूको क्रान्तिकारी आन्दोलन साँच्चै नै धोखामात्र हुनेछ।" -'अन्तर्राष्ट्रिय मजदुर और कम्युनिष्ट आन्दोलन, पृष्ठ-३८२' लाई मूर्तता प्रदान गर्न पनि नयाँ इन्टरनेसनलको अनिवार्यता छ।

भूमण्डलीकरण र उदारीकरणजस्ता लुटका साम्राज्यवादी महाअभियानहरूको गर्भ र मालेमावादको आलोकमा जन्मिएको "क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन" रिम सर्वहारावर्गको त्यो सङ्गठन हो, जुन अध्यक्ष क. प्रचण्डको शब्दमा 'नयाँ अन्तर्राष्ट्रिय निर्माणको लक्ष्य राखेको अन्तर्राष्ट्रिय भ्रुण केन्द्र जस्तो छ।' रिमले माओवादको प्रयोग, विकास र यसलाई सङ्गठनहरूको विस्तार, क्रान्तिकारी सङ्घर्षहरूको प्रचार तथा विभिन्नखाले भड्कावहरूवाट कम्युनिष्ट आन्दोलनलाई वचाउन निर्वाह गर्दै आएको ऐतिहासिक भूमिकाले आज क्रान्तिको रक्षा र विकासको प्रश्न "रिम"को रक्षा र विकास गर्नु भनेको मालेमावादप्रति पूर्ण इमान्दार वन्दै आफ्नो धरातलवाट साम्राज्यवाद, विश्व प्रतिक्रियावाद र संशोधनवादका विरुद्ध तीनै शास्त्रीय स्तरहरू- विचारधारात्मक आर्थिक र राजनीतिकवाट लडाइँ छेड्नु नै हो। यो नै आजका क्रान्तिकारीहरूको काँधमा इतिहासले सुम्पेको महान् कार्यभार हो।

सर्वहारा अन्तर्राष्ट्रियवाद - जिन्दावाद !


विश्व क्रान्ति - जिन्दावाद !

मार्क्सवाद-लेनिनवाद-माओवाद र प्रचण्डपथ - जिन्दावाद !

भद्रवन्दी गृह, २०५९। १२ ।९ गते।



सिएन ढुङ्गाना- सुनसरी



जन्म
२०३२ साल

बेपत्ता
०६० भाद्र ५
काठमाडौं

तत्कालीन केन्द्रीय सदस्य

देवहरि रिजाल- सुनसरी




जन्म
२०३३ साल

बेपत्ता
०५९ भाद्र ५
सुनसरी

तत्कालीन केन्द्रीय सदस्य

दिपेन्द्र पन्त- गोरखा

जन्म
२०३६ साल



बेपत्ता
०६० असोज १६
काठमाडौं

तत्कालीन केन्द्रीय सदस्य

गोकुल निरौला- इलाम



तत्कालीन केन्द्रीय सदस्य

कटक साङपाङ- इलाम

जन्म
२०३१ साल



बेपत्ता
०५८ माघ १
इलाम

तत्कालीन केन्द्रीय सदस्य

निर्दल शाह- सिराहा



तत्कालीन केन्द्रीय सदस्य

आफ्नो क्रान्तिकारी जीवनका महत्त्वपूर्ण क्षणहरूमा उहाँहरूले प्रदर्शन गर्नु भएका उदात्त व्यवहार र विचारहरू हाम्रा लागि महत्त्वपूर्ण उत्प्रेरणा र उर्जा बन्दछन् । यतिमात्र होइन, महान् सहिदहरू हाम्रा गौरवपूर्ण विभूति हुन् भने उहाँहरूका विचारधारात्मक रचनाहरू गौरवपूर्ण ग्रन्थ । नेपाली जनक्रान्तिको एउटा अभिन्न र महत्त्वपूर्ण मोर्चाको भूमिका निर्वाह गर्दै आएको विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी) केन्द्रीय प्रकाशन विभागद्वारा नेपाली जनक्रान्ति मुख्यतः महान् जनयुद्धका क्रममा उच्च शहादत प्राप्त गर्ने महान् सहिद तथा वेपत्ता योद्धाहरूको रचना संग्रह **अजम्वरी हस्ताक्षर** प्रकाशित गरेको छ, यसले निश्चय नै क्रान्तिका सबै सहयात्री मुक्ति र प्रगतिकामी जनसमुदायलाई हर्षित, गर्वित बनाएको छ ।

पोष्टबहादुर बोगटी (दिवाकर)

नेपाली जनवादी क्रान्तिलाई उचाइमा पुऱ्याउन महान् उद्देश्यका साथ २०५२ फागुनबाट सुरू भएको महान् जनयुद्धको क्रममा हजारौं जनताले त्याग, बलिदान र जीवनलाई उत्सर्ग गरेका छन् । जुन श्रृङ्खलामा हजारौं हजार वेपत्ता, त्यतिनै संख्यामा सहिद, यातना र बलात्कारका वास्तविकता छन् । उहाँहरूका त्याग, बलिदान र उत्सर्गका आधारस्तम्भमा नै देश आज युगान्तकारी परिवर्तनको संघारमा उभिएको छ ।

शर्मिला त्रिपाठी

इतिहासका ती अजम्वरी कीर्तिमानहरू, ती गौरवपूर्ण बलिदानहरू र ती अदम्य साहसका गाथाहरू एकै ठाउँमा जम्मा गर्दैछौं, पढ्ने र पढाउने अभियानमा संलग्न गराउँछौं र सहिद कहिल्यै मर्दैनन् बरू युगयुग बाँचिरहन्छन्, वेपत्ता कहिल्यै हराउँदैनन् बरू सधैं आदर्श बनेर वस्तीहरूमा उभिन्छन् भन्ने मूल्यबोध संस्थागत गर्दैछौं । यसैको एउटा आयम आदरणीय सहिद र वेपत्ता योद्धाहरूको आफ्नै हस्ताक्षर संग्रह **अजम्वरी हस्ताक्षर** हो ।

लेखनाथ न्यौपाने

मूल्य
व्यक्तिगत रू. ८०/-
संस्थागत रू. ३००/-



design: aakriti graphics, # 01-4424756